tansen trust

तानसेन गुठीको वार्षिक प्रकाशन

# चिनारी

३०औं वार्षिक भेला २०७९



तानसेन दरबार परिसरमा अवस्थित नवनिर्मित निशान मन्दिर

We wish
all the
best for the
30th
Annual
Gathering
of
Tansen Guthi
2079











GOKARNA FOREST
RESORT

# हार्दिक बधाई तथा शुभकामना !

तानसेन गुठी
काठमाडौं, नेपाल
स्थापित २०५०



सन्तोष लाल श्रेष्ठ
नगर प्रमुख

स्थानीय निर्वाचन २०७९ बाट निर्वाचित तानसेन नगरपलिकाका प्रमुख, उप-प्रमुख लगायत सम्पूर्ण जनप्रतिनिधिहरूमा हार्दिक बधाई तथा सफल कार्यकालका लागि शुभकामना व्यक्त गर्दछौं ।



प्रतिक्षा सिंजाली
उप-प्रमुख



सुनिल कुमार बस्याल
१ नं. वडा अध्यक्ष



महेश्वर श्रेष्ठ
२ नं. वडा अध्यक्ष



बाबु राम शाक्य
३ नं. वडा अध्यक्ष



हेमन्तराज शाक्य
४ नं. वडा अध्यक्ष



राम बहादुर रावल
५ नं. वडा अध्यक्ष



सागर मान महर्जन
६ नं. वडा अध्यक्ष



प्रदिप खनाल
७ नं. वडा अध्यक्ष



सोमनाथ अर्याल
८ नं. वडा अध्यक्ष



राजेश कुमार अर्याल
९ नं. वडा अध्यक्ष



हिम लाल पंगेनी
१० नं. वडा अध्यक्ष



यादव सिहं कार्की
११ नं. वडा अध्यक्ष



मेजर सिंह के.सी.
१२ नं. वडा अध्यक्ष



टुक प्रसाद भट्टराई
१३ नं. वडा अध्यक्ष



शोभाखर भट्टराई
१४ नं. वडा अध्यक्ष

**निलम गोंगल श्रेष्ठ**
अध्यक्ष तथा तानसेन गुठी परिवार, काठमाडौं

# गुठी गतिविधि










Programs
B.E. Computer (48)
B.E. Electronics, Communication & Information (48)
B.E. Civil (96)
B. Architecture (48)
B.Sc. CSIT (48)
BCA (35)
HIMALAYA COLLEGE OF ENGINEERING
(Affiliated to Tribhuvan University)
G.P.O. Box: 24726, Chyasal, Lalitpur, Nepal
Tel: 977-1-5540555, 5554536, 5554227, 5554287, 5554297
E-mail: info@hcoe.edu.np, Website: www.hcoe.edu.np


Best Wishes for the
30th Annual Gathering of TANSEN GUTHI 2079
MEDRIK PHARMACEUTICALS PVT. LTD.
Khairahani-2, Chainpur, Chitwan, Nepal
CHAIRMAN
Dr. Ukesh Shrestha
DIRECTOR
Dinesh Prasad Pradhan, Badri Prasad Shrestha, Santosh Gopal Lacoul



CAS
CAS TOTAL SOLUTIONS
MOSES
HM Solutions
CAS AGROTECH
CAS TOTAL SOLUTIONS
CAS Trading House Pvt. Ltd.
P.O.Box: 2932, CAS Building
Tel: 01-4530858/59, New Plaza, Putalisadak, Kathmandu, Nepal
www.cas.com.np




करकट्टी पश्चात
१० गुणा
सम्म प्रतिफल
कुमारी धनवृद्धि
INDIVIDUAL
FIXED DEPOSIT
PREMIUM
9X
१९ वर्ष, ९ महिना ९ दिन
10X
२० वर्ष, ९ महिना ८ दिन
7X
१७ वर्ष, ६ महिना ७ दिन
8X
१८ वर्ष, ८ महिना ८ दिन
6X
१५ वर्ष, ८ महिना ५ दिन
5X
१४ वर्ष, १ महिना १५ दिन
2X
५ वर्ष, ११ महिना
4X
१२ वर्ष
3X
९ वर्ष, ७ महिना
Insurance Partner
NECO
विशेषताहरु :

जि.प्र.का.द.नं.८०।०५१।०५२ पान नं.३०१५८६२१८

# चिनारी

वर्ष : ३० अंक : २७ २०७९ भाद्र १८, शनिबार

**तानसेन गुठी**

काठमाडौं (स्थापित : २०५०)

## ३० औं वार्षिक भेला - २०७९





प्रकाशक:

**तानसेन गुठी** काठमाडौं

सम्पर्क कार्यालय :

४३० कुलेश्वर आवास सडक, कुलेश्वर आवास क्षेत्र, वडा नं. १४, काठमाडौं
फोन: ४२७८३६७, ४२८७२४७,
Email: tansenguthi@gmail.com,
Web: www.tansenguthi.org

डिजाइन तथा मुद्रण व्यवस्थापन :

एम एस माउस
अद्वैत मार्ग, फोन: ४२१५५६
Email: meromouse@gmail.com


आवरण फोटो :
पाल्पा दरबार स्क्वायरमा रहेको निशान मन्दिर, यसको परिसरमा रहेको बाटिका र पाल्पाली करुवा

## चिनारी प्रकाशन समिति

### सल्लाहकार



निलम गोंगल (श्रेष्ठ)
अध्यक्ष



सर्जु मान लिगल
नि. अध्यक्ष



हेमन्तराज कोलाक्षपती
पूर्व अध्यक्ष



गृहमान सिंह
पूर्व अध्यक्ष



हिमाल कसजु
पूर्व अध्यक्ष



शान्ता शाक्य
पूर्व अध्यक्ष

### प्रधान सम्पादक



जयन्ती श्रेष्ठ

### सम्पादन सहायक



प्रमी श्रेष्ठ

### सम्पादन सदस्य



विनय श्रेष्ठ

### विज्ञापन संकलन उपसमिति



जीवन ज्योति बज्राचार्य
संयोजक



मनिस श्रेष्ठ
सदस्य

## सल्लाहकारहरू


मि.सु. नारायण प्रसाद श्रेष्ठ
९७४१०५९९७०


डा. मोहन मान सैंजू
९७४१०३९९१६


ई. शंकर कृष्ण मल्ल
९८४९६२७३९७


क्या. रवीन्द्र प्रसाद प्रधान
९८४९४८२३३८


श्री वनमाली प्रसाद लाकौल
९८४१९०५४३४


प्रा. डा. पुष्पा श्रेष्ठ
९८४९५२४५५७


श्री शोभा श्रेष्ठ
९८१८२३२८५०


श्री पृथ्वीराज लिगल
९८५१०७८५७२


प्रा.डा. विनोद प्रसाद श्रेष्ठ
९८५१०९३७२२

## पूर्व अध्यक्षहरू र उहाँहरूको कार्यकाल


प्रा. डा. श्री विनोद कुमार श्रेष्ठ
२०५०/५१ - ०५१/५२
९८४९७६४९७२


श्री लक्ष्मण प्रसाद श्रेष्ठ
२०५२/५३ - ०५३/५४ - ०५४/५५
९८५१०७२७८९


श्री हेमन्त राज कोलाक्षपती
तदर्थ: ०४९/१२/२७ - ०५०/५/५
०५५/५६ - ०५६/५७
९८५१०२३०८७


स्व. ज्ञानुमान मल्ल
०५७/५८ - ०५८/५९


स्व. श्यामसुन्दर लाल कक्षपती
२०५९/६० - ०६०/६१


ई. श्री विधान चन्द्र राजभण्डारी
२०६१/६२ - ०६२/६३
९८४१३०३३७४


ई. श्री करुणा गोविन्द श्रेष्ठ
२०६३/६४ - ०६४/६५
९८५१०८५४४२


श्री गृहमान सिंह
२०६५/६६ - ०६६/६७
९८४१३६०१३०


श्री शरण रत्न शाक्य
०६७/६८ - ०६८/६९
९८४१७८९१७०


श्री हिमाल कसजू
०६९/७० - ०७०/७१
९८५१०८२६१०


श्री अनुप लाल कक्षपती
०७१/७२ - ०७२/७३
९८५१०२४७४०


श्री शान्ता शाक्य
०७३/७४ - ०७४/७५
९८४१५२७०५८


श्री सर्जु मान लिगल
०७५/७६ - ०७७/७८
९८५१०७३४२५

# कार्यसमितिका पदाधिकारीहरू



**श्री निलम गोंगल (श्रेष्ठ)**
अध्यक्ष (नाय:)
९८४१७८१३७२



**श्री प्रमी श्रेष्ठ**
उपाध्यक्ष (न्वकु)
९८५१०७५५००



**श्री विनय शाक्य**
सचिव (छ्याञ्जे)
९८४९२५२९११



**श्री जीवन ज्योति बज्राचार्य**
कोषाध्यक्ष (दाँभरी)
९८४१२३८३४४



**श्री मनिस श्रेष्ठ**
सह–सचिव (ल्यू छ्याञ्जे)
९८५११३०३२९



**श्री राजु प्रधान**
सह–कोषाध्यक्ष (ल्यू दाँभरी)
९८५१०३०८९२



**श्री सुबोध लाल श्रेष्ठ**
सदस्य (दुज:)
९८५१०३६९२१



**श्री कविकृष्ण अमात्य**
सदस्य (दुज:)
९८४१२५४४३८



**डा.ई. सुरेन्द्र श्रेष्ठ**
सदस्य (दुज:)
९८५११९८७१३



**श्री ऐश्वर्यमान वैश्यत**
सदस्य (दुज:)
९८४१३८५४९३



**श्री उषा सिंह**
सदस्य (दुज:)
९८४१५३९५६४

## तानसेन गुठी काठमाडौं, तानसेन शाखा


श्री केदार लाल श्रेष्ठ
सल्लाहकार
९७४७०२३२१९


श्री सन्तोष लाल श्रेष्ठ
सल्लाहकार
९८५७०६०३५३


श्री सरजु लाल बज्राचार्य
पूर्व अध्यक्ष
९८४७०२९५९९


श्री दिलबहादुर शाक्य
पूर्व अध्यक्ष
९८४७०२९३९४


स्व. गोपाल प्रसाद श्रेष्ठ
पूर्व अध्यक्ष


श्री सुशील प्रसाद प्रधान
अध्यक्ष
९८५७०६०२००


श्री राजेश्वर उदय
नि. अध्यक्ष
९८४७०२९२४५


श्री शकुन्तला बज्राचार्य
वरिष्ठ उपाध्यक्ष
९८४७०२८०३२


श्री दीपेन्द्र मान थैब
उपाध्यक्ष
९८४७०२९६५९


श्री विनय राज बज्राचार्य
सचिव
९८४७०४३२४४


श्री सञ्जय राज शाक्य
कोषाध्यक्ष
९८४७०२९५१३


श्री सन्ध्या शाक्य
सह-सचिव
९८०४४७००५१


श्री भूगोल बैंजू श्रेष्ठ
सदस्य
९८५७०६०१११


श्री किशोर दर्शन बज्राचार्य
सदस्य
९८४७०२९१५९


श्री बसन्त लाल बज्राचार्य
सदस्य
९८५७०६००७०


श्री मधु दयाल सैंजू
सदस्य
९८४७०२९४२२

## तानसेन गुठी काठमाडौं, बुटवल शाखा


श्री अर्जुन मान सैंजू
अध्यक्ष


श्री निर्मल प्र. लाकौल
नि. अध्यक्ष


श्री केदार प्र. श्रेष्ठ
उपाध्यक्ष


श्री सुरेन्द्र मुनि शाक्य
सचिव


श्री मुकेश मान श्रेष्ठ
कोषाध्यक्ष


श्री उपेन्द्र मान श्रेष्ठ
सह-सचिव


श्री रंजन कसजू
सह-कोषाध्यक्ष


श्री सुरेश रत्न बज्राचार्य
सदस्य


श्री अमूल्य मान थैब
सदस्य


श्री अमोद श्रेष्ठ
सदस्य


श्री सुनिल श्रेष्ठ
सदस्य


श्री अशोक कुमार श्रेष्ठ
सदस्य


श्री सञ्जयमान सैंजु
सदस्य


श्री सृजना सैंजु
सदस्य


श्री मिश्रा सैंजु
सदस्य


श्री धन प्रसाद श्रेष्ठ
सदस्य


ई. लक्ष्मण प्रसाद श्रेष्ठ
सदस्य


श्री रामेश्वर श्रेष्ठ
सदस्य



# अध्यक्षको मन्तव्य (नायःया न्वचु)

आदरणीय गुठियार सदस्यज्यूहरू,

तानसेन गुठीले २९ औं वर्षको यात्रा सफलतापूर्वक पूरा गरी ३० औं वर्षमा प्रवेश गरेको सुखद् उपलक्ष्यमा सम्पूर्ण आदरणीय गुठियार सदस्यहरू, सदस्य परिवार अक्षयकोषदाता तथा शुभचिन्तकज्यूहरूमा हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछु ।

केही संस्थापक सदस्यज्यूहरूको दूरदृष्टि सोंचबाट सानो नेवार समुदायको रूपमा स्थापित तानसेन गुठी कार्यसमितिहरूको कुशलता, समर्पित भाव, उत्तरदायित्व र लगनशीलता साथै गुठियार सदस्य र अनुभवी पूर्व अध्यक्ष, सल्लाहकारज्यूहरूको समय सापेक्षिक सुझाव सल्लाह र निर्देशनले गर्दा गुठी यो अवस्थासम्म आएको छ भने यसलाई निरन्तर रूपमा अगाडि बढाउँदै लान हामी सबैले दृढ संकल्प गर्नु पर्दछ ।

गुठीले आफ्ना उद्देश्य अनुरूप प्रस्तावित कार्यक्रम अन्तर्गत सामाजिक, धार्मिक, शैक्षिक, स्वास्थ्य, पर्यटन प्रवर्धन आदि क्षेत्रमा महत्वपूर्ण कार्यक्रमहरू सम्पन्न गर्दै आएको छ । नियमित कार्यक्रम अन्तर्गत तीर्थयात्रा कार्यक्रम, निमोनिया, इन्फ्लुएन्जा खोप कार्यक्रम, ९० वर्ष पूजा कार्यक्रम आदि सफलतापूर्वक सम्पन्न गरिएको छ भने अक्षयकोषबाट वितरण गरिने छात्रवृत्ति पुरस्कार, स्वास्थ्य सहयोग, जात्रा सांस्कृतिक सहयोग, पुस्तकालय सहयोग तानसेनसँग सम्बन्धित सबै भगवतीजात्राको दिन तानसेन गुठी तानसेन शाखाको कार्यक्रम समारोहमा र काठमाडौंमा वितरण गर्ने गुठी भेलामा केन्द्रबाट प्रदान गर्ने व्यवस्था मिलाइएको छ । सम्पूर्ण विवरण यसै अंकको चिनारी प्रकाशनमा छापिएकोले त्यसैबाट जानकारी पाउनु हुनेछ ।

यस वर्ष पनि गुठी सदस्यका स्वर्गीय परिवारको सम्झनामा धार्मिक, सामाजिक र शिक्षातर्फ तीनवटा अक्षयकोष स्थापना भएको छ । अक्षयकोषदाताज्यूहरूलाई गुठीको तर्फबाट हार्दिक धन्यवाद-ज्ञापन गर्दछु ।

अक्षयकोष र सदस्य संख्या वृद्धिसँगै गुठीको आन्तरिक व्यवस्थापनको दायरा फराकिलो हुँदै जानु स्वभाविकै हो । पटक पटकको सल्लाहकार भेलामा गुठीको सफ्टवेयर बनाउने सल्लाह प्राप्त भएको साथै आर्थिक सल्लाहकार गृहमान सिंह र पूर्व कोषाध्यक्षज्यूहरूबाट पनि गुठीको हिसाब चुस्त दुरूस्त राख्न सफ्टवेयरको आवश्यकताको महसुस भएकोले हाल हामीले गुठीको सफ्टवेयर बनाउन सफल भएका छौं । गुठीलाई गुठी सदस्य परिवार ई. सुजीत गोपाल श्रेष्ठज्यूबाट सहयोग प्रदान गर्नुभएको हो । गुठीको तर्फबाट दातालाई आभार सहित धन्यवाद-ज्ञापन गर्दछु ।

तानसेन गुठी विशुद्ध मुनाफारहित सामाजिक संस्था हो । सोही अनुरूप विभिन्न कार्यक्रम सफलतापूर्वक संचालन गरी आफ्नो छुट्टै पहिचान बनाउन सफल भएको छ ।

केही वर्षदेखि विभिन्न कारणले गर्दा कर छुटको प्रमाणपत्र प्राप्त गर्न ढिलाइ भएकोमा हाल यो वर्ष तानसेन गुठीले कर छुट प्रमाण-पत्र प्राप्त गर्न सफल भएको कुरा सहर्ष यस गरिमामय साधारण सभामा जानकारी गराउन चाहन्छु ।

मिति २०७४ आषाढ २ गते वृहस्पतिबार सम्मान उपसमितिबाट संस्थापक सदस्यज्यूहरूलाई प्रशंसापत्र दिने निर्णय भएकोमा १४ जनालाई रजत महोत्सवमा वितरण गरिएकोमा अब बाँकी भएको १८ जनालाई यस साधारण सभामा वितरण गरिएको हो ।

तानसेन गुठी सदस्य र सदस्य परिवारहरूलाई विभिन्न माध्यमबाट बधाई तथा शुभकामना प्रदान गर्ने गरिएको उक्त प्रमाणपत्र यस वर्षदेखि साधारणसभामा प्रदान गरिएको छ। गुठीको २७औं अंक चिनारीमा प्रकाशित ११ जना र यो साल बधाई तथा शुभकामना प्रदान गरिएका ६ जना गरी १७ जना महानुभावहरूलाई सो पत्र साधारणसभामा प्रदान गरिएको व्यहोरा पनि जानकारी गराउन चाहन्छु।

गुठीको यस वर्षको चिनारी पत्रिका २७औं अंकमा गुठीको वार्षिक गतिविधि, शैक्षिक, स्वास्थ्य कार्यक्रम, जानकारीमूलक लेख रचनाहरू आ.व. २०७८–२०७९ को आयव्यय विवरण, शुभचिन्तक, दाताहरूबाट चिनारी प्रकाशनस्वरूप प्राप्त भएका विज्ञापनहरू साथै अन्य विविध सामग्रीहरू सहित समावेश गरेर प्रकाशित चिनारी २७औं अंक यहाँहरू समक्ष प्रस्तुत गर्न पाउँदा मलाई गौरव लागेको छ। यस प्रकाशनका लागि संयोजक तथा प्रधान सम्पादक जयन्ती श्रेष्ठज्यूले चिनारी प्रकाशनमा पु-याउनु भएको अमूल्य सहयोगका लागि हार्दिक धन्यवाद-ज्ञापन गर्दछु। साथै चिनारी प्रकाशन तथा अन्य आवश्यक सहयोग गरी महत्त्वपूर्ण भूमिका निर्वाह गर्नुहुने पूर्व अध्यक्ष श्री गृहमान सिंह, पूर्व अध्यक्ष श्री शान्ता शाक्य, निवर्तमान अध्यक्ष श्री सर्जुमान लिगल लगायत सम्पूर्ण कार्यसमिति साथीहरूलाई धन्यवाद-ज्ञापन गर्दछु। चिनारीका लागि आफ्ना महत्त्वपूर्ण लेखरचना लेखी पठाउनु भएका लेखकहरू, तानसेनबाट आवश्यक ड्राफ्ट पठाई सहयोग गर्नुभएका तानसेन गुठी तानसेन शाखाका अध्यक्षज्यू, साथै विज्ञापन उपलब्ध गराई सहयोग प्रदान गर्नुहुने विज्ञापनदाताहरू तथा सम्पूर्ण महानुभावहरूमा समेत हार्दिक धन्यवाद-ज्ञापन गर्दछु। चिनारीलाई समयमै प्रकाशन गर्न सहयोग गर्नुभएका एम.एस माउसका श्री महेन्द्र श्रेष्ठज्यूलाई धन्यवाद-ज्ञापन गर्दछु।

आवश्यक सल्लाह सुझाव र मार्गनिर्देशन गरी सहयोग प्रदान गर्नु भएकोमा आदरणीय सल्लाहकारज्यूहरू, पूर्व अध्यक्षज्यूहरू, लेखा परीक्षण गरी निरन्तर सहयोग गरिदिनु भएका श्री प्रताप प्रसाद प्रधानज्यूप्रति आभार व्यक्त गर्दै धन्यवाद-ज्ञापन गर्दछु। तानसेन गुठी तानसेन शाखा, तानसेन गुठी बुटवल शाखा, मेरा सम्पूर्ण कार्यसमिति साथीहरू, उपसमिति संयोजक तथा सदस्यहरू, स्वयंसेवकको रूपमा सहयोग गर्नुभएका भाइबहिनीहरूमा हार्दिक धन्यवाद-ज्ञापन गर्दछु।

गुठियारज्यूहरूको सहयोग, सल्लाह-सुझाव र सहभागिता बिना कुनै पनि कार्यक्रमले पूर्णता पाउन सक्दैन। तसर्थ गुठियार, गुठी परिवार, शुभेच्छुक, शुभचिन्तकज्यूहरूको निरन्तर सहयोगको अपेक्षा गर्दै यहाँहरू सबैमा गुठी तथा मेरा व्यक्तिगत तर्फबाट हार्दिक धन्यवाद-ज्ञापन गर्दछु।

अन्तमा यस गुठीका सम्पूर्ण सदस्य, सदस्य परिवार तथा सम्पूर्ण शुभचिन्तक महानुभावज्यूहरूमा बडा दशैं तथा शुभ-दीपावली २०७९ को हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछु।

श्री ७ रणउजीरेश्वरी भगवती माताको हामी सबैको रक्षा गरुन् भनी कामना गर्दछु।

धन्यवाद।

**निलम गोंगल श्रेष्ठ**
अध्यक्ष
तानसेन गुठी काठमाडौं।

## प्रतिक्रिया पठाउने बारे

चिनारी पत्रिकामा प्रतिक्रिया स्तम्भ शुरु गरिएको हुनाले गुठीप्रति आफ्नो धारणा, गुनासा तथा सल्लाह सुझावहरु तलको इ-मेल ठेगानामा प्रकाशनार्थ पठाउनु हुन हार्दिक अनुरोध गर्दछौं।

tansenguthi@gmail.com

## मानसम्मान सम्बन्धी सूचना

गुठियारहरुले राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरको मान सम्मान, विशिष्ट उपलब्धि तथा पद्वी पुरस्कार आदि विशिष्ट सम्मान प्राप्त गर्नु भएको छ भने समयमै गुठीलाई जानकारी दिनुहोला।

**सम्पादकीय (मुंम्ह)**



आज तानसेन गुठीको ३०औं साधारण सभा तथा वार्षिक भेलाको अवसरमा गुठीको मुखपत्र **'चिनारी'** पत्रिकाको २७ औं अंक यहाँहरू समक्ष प्रस्तुत गर्न पाउँदा खुसी महसुस भएको छ । विभिन्न उद्देश्य र सपना बुनेर तानसेनबाट काठमाडौं आएका केही अग्रज युवाहरूको अथक प्रयासबाट आफ्ना भाइ-बन्धुत्वको आपसी साथ-सहयोग तथा एकताका लागि २०५० सालमा जन्म भएको थियो, तानसेन गुठी । प्रारम्भिक अवस्थामा विभिन्न आरोह-अवरोह झेल्दै आज यो प्रतिष्ठित संस्था ३०औं वसन्तमा आइपुगेको छ ।

गुठीले आफ्नो उद्देश्य अनुरूप धार्मिक, सांस्कृतिक, ऐतिहासिक, सामाजिक, शैक्षिक, स्वास्थ्य तथा पर्यटनको क्षेत्रमा योगदान दिँदै तानसेन पाल्पाको सांस्कृतिक पर्व संचालनमा गुठीले उत्प्रेरकको भूमिका निर्वाह गर्दै आर्थिक सहयोग गर्दै आइरहेको यहाँहरूमा विदितै छ । यी उद्देश्यहरूलाई मूर्तरूप दिन गुठीका सदस्यज्यूहरूले स्थापना गर्नुभएका अक्षयकोषहरूको योगदानबाट नै सम्भव भएको हो भन्दा अत्युक्ति नहोला ।

विश्वव्यापी कोभिड १९ को महामारीले गर्दा २०७७ सालमा हुनुपर्ने २८औं साधारण सभा तथा वार्षिक भेला कार्यक्रम संचालन गर्न सम्भव नभएकोले स्थगित गरिएको थियो । गतवर्ष पनि संक्रमण बढेकोले स्वास्थ्य सुरक्षा अपनाएर २५ जनासम्म भौतिक रूपमा भेला भएर कार्यक्रम गर्न पाउने सरकारको प्रावधान अनुरूप सीमित सदस्यज्यूहरूको भौतिक उपस्थितिमा तथा अन्य सदस्यहरू जूमको माध्यमबाट भर्चुयल सहभागितामा २०७८ सालको गुठीको २८ र २९ औं साधारण सभा तथा वार्षिक भेला सम्पन्न भएको थियो । यस वर्ष पनि कोभिडको त्रास निर्मूल त भइसकेको छैन तथापि स्वास्थ्य मापदण्ड अपनाई सजक भएर ३०औं साधारण सभा तथा वार्षिक भेला कार्यक्रम सञ्चालन गर्न सम्भव भएको छ । साथै गुठीले आफ्नो स्थापनाकालदेखि हरेक वर्ष निरन्तर रूपमा प्रकाशन गर्दै आएको **चिनारी पत्रिका** यस वर्ष पनि यहाँहरू समक्ष राख्न सफल भएको छ ।

चिनारीको आवरण पृष्ठमा तानसेन दरबार परिसरमा अवस्थित निशान मन्दिर, पाल्पाली करुवा र वाटिका समावेश गरिएको छ ।

गुठीको २९औं वार्षिक भेलामा प्रकाशित **चिनारी** पत्रिकामा गुठीका आदरणीय पूर्व अध्यक्षज्यूहरूको जीवनीमा आधारित 'जन्मभूमिदेखि कर्मक्षेत्रसम्म' लेख प्रकाशित गरिएकोमा केही पूर्व अध्यक्षज्यूहरूको कार्यव्यस्तताको कारण उहाँहरूको लेख यस वर्ष प्रकाशन गरिएको छ ।

गुठीले वार्षिक तालिका अनुसार हरेक वर्ष विभिन्न क्रियाकलापहरू सञ्चालन गर्दै आइरहेको छ। चिनारीको नियमित स्तम्भहरूलाई निरन्तरता दिँदै यस वर्ष पनि गुठीका मुख्य उद्देश्य, प्रस्तावित वार्षिक कार्यक्रमहरू, वार्षिक गतिविधिहरू, धार्मिक तथा स्वास्थ्य कार्यक्रम र आयव्यय विवरण आदि प्रकाशित गरिएको छ। साथै तानसेनसँग सम्बन्धित पर्यटनबारे ज्ञानमूलक लेख, गहनतम एवं विचार प्रधान लेख-रचनाहरू, समाचारहरू, समय सान्दर्भिक लेखहरू र प्रतिक्रियाहरू तथा अतितलाई सम्झना गराउने खालका पुराना फोटो पनि प्राथमिकताका साथ समावेश गरेर पठनयोग्य प्रस्तुति बनाउने प्रयास गरिएको छ ।

आदरणीय पूर्व अध्यक्षज्यूहरूले अति व्यस्तताको बावजुद पनि आफ्नो जीवनीमा आधारित लेख समयमै उपलब्ध गराई **चिनारी** प्रकाशनमा सहयोग गर्नुभएकोमा हृदयदेखि आभार प्रकट गर्दछु । विभिन्न लेख-रचनाहरू समयमै उपलब्ध गराइदिनुहुने महानुभावहरू सबैमा गुठीको तर्फबाट कृतज्ञता प्रकट गर्दछु ।

कोभिड १९ को प्रभावले व्यवसाय अझै सामान्य अवस्थामा आइनसके तापनि गुठीप्रति आत्मीयता देखाई विज्ञापन दिई सहयोग गर्नुहुने विज्ञापनदाताज्यूहरू, प्रकाशन समितिका सल्लाहकारज्यूहरू, सदस्यज्यूहरू तथा विज्ञापन संकलन समितिका सदस्यज्यूहरूको साथ र सहयोगका लागि गुठीको तर्फबाट हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

यस अंककोv शुध्दाशुध्दिमा श्री शान्ता शाक्यलाई र सम्पादनमा सहयोग गर्नुहुने सम्पादन मण्डललाई विशेष धन्यवाद दिन चाहन्छु । साथै सम्पादनमा आवश्यक सहयोग गर्नुहुने प्रा.डा. हरि प्रसाद श्रेष्ठलाई विशेष धन्यवाद दिन चाहन्छु । मलाई पूर्ण विश्वासका साथ प्रधान सम्पादकको यति महत्त्वपूर्ण जिम्मेवारी प्रदान गरिएकोमा गुठीप्रति विशेष आभारी छु। **'चिनारी'** प्रकाशनमा सबैको प्रयास हुँदाहुँदै पनि केहि कमजोरी वा त्रुटिहरू हुन गएमा क्षमा याचना गर्दछु। आगामी दिनमा यहाँहरूको सल्लाह, सुझाव, उत्प्रेरणा र सकारात्मक प्रतिक्रियाले अझ उत्कृष्ट, आकर्षक र संग्रहणीय **चिनारी** प्रकाशनमा योगदान पुऱ्याउने छ भन्नेमा म विश्वस्त छु । यहाँहरूको यो विश्वासलाई सदैव यसरी नै थामिरहन सक्ने शक्ति प्राप्त होस् भनी श्री रणउजीरेश्वरी भगवती मातासँग प्रार्थना गर्दछु ।

**कोभिड अझै निर्मूल भैसकेको छैन केही कममात्र भएको हो । त्यसैले 'स्वास्थ्य मापदण्ड अपनाऔं र सुरक्षित रहौं' ।**

धन्यवाद ।

**जयन्ती श्रेष्ठ**

तानसेन गुठीले २९ वर्ष पार गरी ३० औं वर्ष प्रवेशको
अवसरमा गुठीको उत्तरोत्तर प्रगतिको लागि
हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

**पब्लिक सुत्रधार**
**बहुउद्देश्यीय सहकारी संस्था लि.**
बानेश्वर, काठमाडौं, नेपाल
फोन : ४४६३०३५, ४४६३०३६
इमेल : info@publicsutradhar.coo.np

**हार्दिक मंगलमय शुभकामना**

श्री ७ रणउजिरेश्वरी भगवती माताको प्रसिद्ध रथयात्राको
पूर्ण सफलताको कामना गर्दै तानसेन गुठीको
उन्नती तथा प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछ ।

सेन्ट्रल फाईनान्स लिमिटेड
**CENTRAL FINANCE LIMITED**
*Serving Your Financial Needs*
कुपण्डोल, ललितपुर, फोन नं. ०१-५९७०००५, Email: info@centralfinance.com.np
www.centralfinance.com.np

# विषयसूची


- अध्यक्षको मन्तव्य (नायःया न्वचु) ५
- सम्पादकीय (मुंम्ह) ७
- प्रतिक्रिया/पुरस्कृत विद्यार्थी प्रतिक्रिया १०
- तानसेन गुठीका प्रमुख उद्देश्यहरू १५
- आ. व. २०७९-०८० को प्रस्तावित कार्यक्रम १६
- **तानसेन गुठी : वार्षिक गतिविधिहरू (आ.व. २०७८/७९)** १७
- इन्फ्लूएन्जा तथा निमोनिया खोप कार्यक्रम ३१
  - सुबोध लाल श्रेष्ठ
- ९० वर्षीय पूजा (देवरथारोहण) कार्यक्रम
  – श्रध्देय श्री चन्द्रमाया श्रेष्ठ - प्रमी श्रेष्ठ ३३
  – श्रध्देय श्री ठाकुर प्रसाद थान्जू - सर्जुमान लिगल ३५
  – श्रध्देय श्री यमुना देवी गोंगल - जीवनज्योति बज्राचार्य ३८
- तीर्थयात्रा कार्यक्रम - राजु प्रधान ४१
- गुठीको संरक्षणमा रहेका शैक्षिक छात्रवृत्ति पुरस्कारहरू ४६
- शैक्षिक गतिविधि ४७
- गुठीको संरक्षणमा रहेका स्वास्थ–सेवा,
- स्वास्थ शिक्षा तथा अन्य उद्देश्यका अक्षयकोषहरू ५४
- गुठीको संरक्षणमा रहेका धार्मिक, साँस्कृतिक तथा पर्यटन अक्षयकोष ५४
- स्वास्थ्य गतिविधि ५६
- तानसेन गुठी - तानसेन शाखा वार्षिक प्रतिवेदन २०७८/२०७९ ५७
- तानसेन गुठी - बुटवल शाखा वार्षिक प्रतिवेदन २०७८/२०७९ ५८
- 'कृष्ण बहादुर इन्द्र कुमारी दुर्गादेवी स्मृति अक्षयकोष' ५९
- सूर्यमान भीमकुमारी मलेकु अक्षयकोष ६१
- हार्दिक बधाई तथा शुभकामना ६२
- स्रष्टा परिचय - शान्ता शाक्य ६४
- जन्मभूमिदेखि कर्मभूमिसम्म
  - हिमाल कसजू ६७
  - अनुप कक्षपती ७०
  - राजेश्वर उदय ७२
- रानीमहल महिला बिच भलिबल प्रतियोगिता ७५
  - सर्जुमान लिगल
- श्यामकृष्ण मल्ल – एक व्यक्तित्व ७७
  - चैतन्य प्रधान
- तानसेन नगरपालिकाको अबको बाटो ८०
  - सन्तोषलाल श्रेष्ठ
- तानसेन गुठीमा महिला सहभागिता - शोभा श्रेष्ठ ८२
- तानसेन (कविता) - शान्ता शाक्य ८३
- हाम्रो मन मष्तिष्कमा बाँचिरहनुभएका श्यामदाइ ८४
  - शम्भु श्रेष्ठ
- पाल्पा तानसेनका नेवार समुदाय र त्रयी स्रष्टाहरू ८६
  - विजय सागर
- ढाका (कपडा) को राजधानी: पाल्पा - शंकर मान सिंह ९१
- उपत्यका बाहिर बसोबास गर्ने नेवारहरूमध्ये पाल्पाली नेवार - हिमाल कसजु ९५
- संस्कृति र सांस्कृतिक जीवनचर्या ९८
  - प्रा.डा. सावित्री कक्षपती
- उँभो लाग्न नसकेको तानसेनको पर्यटन १०३
  - मदन देउराली
- बिर्सेको प्रेम र गण्डकीका छालहरू - भागवत खनाल १०६
- भुयुचति हाःगु चाः - ज्ञानकाजी शाक्य ११२
- हुलाक टिकटमा पाल्पा र पाल्पाली व्यक्तित्व ११४
  - नवीन गोविन्द श्रेष्ठ
- नेतृत्व तहमा महिलाको निरन्तरता - उषा मल्ल सिंह १२०
- अतितको पानाबाट - डा. कोकिला बैध्य १२३
  - जयन्ती श्रेष्ठ
- जन्मथलोको समाचार १२६
- आजीवन सदस्यहरूले पाउने सहुलियतको विवरण १२९
- लेखापरिक्षकको प्रतिवेदन (२०७७/०७८) १३०
- लेखापरिक्षकको प्रतिवेदन (२०७८/०७९) १४०
- धन्यवाद ज्ञापन १५०
- आजीवन/साधारण सदस्यहरूको नामावली १५४
- अतीतको सम्झना १६८

**प्रतिक्रिया**

# गुठीः तानसेन गुठी



**बुद्धि प्रसाद शर्मा**
**तानसेन**

तानसेन गुठी तानसेन पाल्पाबासीहरूको मन जित्न सकेको लोक प्रिय गुठी हो । यो पनि सामाजिक संस्थानै हो तर पनि यसको नाम र कामलाई अनुभव गर्दा अरु भन्दा भिन्नै विशिष्ट पहिचान बनाउन सफल संस्था हो । तानसेन गुठीको स्थापना वि.सं. २०५० मा काठमाण्डौमा भएको हो । शुरुका दिनमा केही समय तानसेन नेवा गुठी भनीए पनि केही दिनमै यसलाई तानसेन गुठी मात्र भन्ने गरी यसको विधान तयार गरियो । यसैले पनि यो संस्थाको उदारता र लोक प्रियतामा श्रीवृद्धि मात्र भएन तानसेन पाल्पाबासीले यस गुठी प्रतिको अपनत्व ग्रहण गर्न सकेका छन् ।

तानसेन गुठीको उद्देश्य तानसेन पाल्पाबाट काठमाण्डौमा बसेर तानसेन बासीहरूका लागि सहयोग र विकासमा हातेमालो गर्दै आइरहेको छ । उद्देश्य मिठो र आशालाग्दो छ । उद्देश्य अनुसारको कृयाकलापहरूमा लगाव र तादाम्यता पाइन्छ । खुशी लाग्दछ । "तानसेन गुठी" दुईवटा शन्दहरू मिलेर बनेको छ । एउटा तानसेन र अर्को गुठी । तानसेन र गुठी एक अर्काबाट अलग्ग हुनै सक्दैन । नङ र मासुको सम्वन्ध छ । एकमा विचलन आएमा अर्कोमा पनि विचलन आउन सक्दछ । तानसेन शव्दले यहाँको इतिहास, भूगोल र वासिन्दाहरूलाई बुझाउदछ । भने गुठी शब्दले तानसेन जन्मस्थान तथा जन्मभूमि प्रतिको दायित्व निर्वाह गर्ने संगठन र यसको प्रकृयालाई बुझाउछ । तानसेन पाल्पा जिल्लाको सदरमुकाम हो । यहाँको भौगोलिक, सामाजिक, आर्थिक, सांस्कृतिक र आध्यात्मिक वैभव पहिचान बनाउनमा नेवार जातिको योगदान रहेको छ । विभिन्न उद्देश्यका साथ विभिन्न कालखण्डमा काठमान्डौ उपत्यकाबाट तानसेन पाल्पा आई बसोबास गरेको पाइन्छ । लिच्छवी, मध्यकालिन, मल्लकालीन, शाहकालीन र वर्तमान समय सम्म पनि विकसित हुदै गएको भाषा, ज्ञान, सीप, कला, परम्परा, संस्कार, संस्कृति साथै लिएर आएको र तरक्की गर्दै गएको वैभवशाली इतिहास रहेको छ । हुन त जुन बेलामा नेवार जातिहरूको तानसेन पाल्पा आगमन भयो त्यसबेला मगर तथा अन्य जातजाती बाइसे चौविसे र सेनकालिन सभ्यता थियो तथापी काठमान्डौ उपत्यकाको नेवारी कला संस्कृति भाषा, परम्परा र लिच्छवी कालदेखि विकसित गुठी मार्फत गरिने कृयाकलापहरूबाट तानसेन पाल्पाको मात्र नभई यहिको धर्तिमा जन्मी हुर्केका र आफ्नो जन्मस्थानको पहिचान बनाउन सफल तानसेनबासी र विविध कारणले काठमान्डौ गई बसोबास गरेका पाल्पालीहरूलाई गर्वित पनि गराएको छ । आफ्नो जन्मस्थान जन्मभूमि प्रतिको दायित्व पनि बोध गराइ सदा कृयाशील गराएको छ ।

गुठी नेवार जातिको अभिन्न संगठन हो । कुलपूजाको नियमित पूजाआजा, जन्मदेखि मृत्यू सम्मका संस्कार सम्पन्न गर्न गुठी प्रथाको प्रारम्भ भएको मानिन्छ । इतिहासकारहरूको भनाइमा नेपालमा गुठी प्राचिन र लिच्छवि काल देखि मध्यकाल, मल्लकाल, शाहकाल हुदै वर्तमानमा समेत समय सापेक्ष संगठनमा सुधार आए पनि गुठीको गुह्रय उद्देश्य र यसमार्फत गरिने कार्यकलापहरूमा तात्विक फरक आएको छैन । यो जीवन्त छ । जहाँ नेवार जातिहरूको पहुँच, बसोबास हुन्छ । त्यहाँ उनीहरूको गुठी निर्माण भएको हुन्छ र जन्म देखि मृत्यू सम्मका संस्कार तथा सामाजिक दायित्व अन्र्तगतका कृयाकलापहरू स्वतः निसृत हुन्छन् । नेपाली विश्वकोषले गुठीको अर्थ यसरी वताएको छ — धार्मिक तथा परोपकारी कार्य संचालनका लागि छुट्याइएको, त्यसैबाट आउने आयस्तरले देव पितृको पूजाआजा आदि चलाइने र जग्गा, घर सम्पति आदिको रेखदेख गर्ने सामाजिक संस्था गुठीले मात्र प्रयोग गर्न सक्ने वा गुठी कै नाममा घर, जग्गा, श्रीसम्पती आदि" त्यस्तै गुठीलाई आलोपालो संग मिलेर काम गरिने संगठन भनिएको छ । गुठीको रूपमा रहेको तथा गुठीबाट गरिने कामका निम्ति खर्च गरिने नगद वा जिन्सी गुठी अन्र्तगतको घर, जग्गा, पाटीपौवा आदि सम्पति, देवस्वलाई गुठी धन भनिएको छ । यसरी हेर्दा गुठीको शुरुवात धार्मिक र परोपकारी कार्यका लागि भएको मानिन्छ । परोपकारी कार्यहरू सामाजिक तथा मानवीय कार्यहरू हुन्छ । गुठी व्यवस्थामा अन्तरनिहित राष्ट्रको धार्मिक, सांस्कृतिक पक्षको सम्वर्धन र समष्टिको भलाइमा उत्सर्ग हुने पवित्र महत्वाकांक्षालाई हेर्दा यसको निरन्तरताको लागि समय र परिस्थिति अनुसार समग्र प्रयास गर्नु नितान्त आवश्यक छ । गुठी बाहेकका अन्य

सामाजिक तथा मानवीय संस्थाहरूले कतिपय अवस्थामा गुठीको संचालन र कार्य प्रकृयालाई सिको गर्न सक्दा संस्थाहरू दिगो र भरपर्दो संगठनको रूपमा स्थायी भई निखार सेवा प्रवाह चलायमान भइरहन सक्ने थियो भन्ने लाग्दछ। सम्पदा विद् डा. गोविन्द भट्ट भन्नु हुन्छ "गुठी जग्गा होइन सम्पदा हो" अर्थात गुठीको अर्थ जग्गा मात्र सम्झिएमा त्यसभित्र अन्तरनिहित संस्कृतिका पहलहरू, सरकार, रीतिरिवाज, जात्रा तथा चाडपर्व, पूजाआजा तथा गुठीसंग सम्वन्धित गुठियारको भूमिका र गुठीमा अपनाइने प्रकृया छायामा पर्न जान्छ। त्यसैले गुठी आफैमा प्रकृया पनि हो। यसप्रकार तानसेन गुठीले गुठी शव्दको प्रगोग गरेको हुनु पर्दछ भन्ने लाग्दछ।

तानसेन गुठीले बिधान अनुसार संगठन बिस्तार गर्ने क्रममा तानसेन, बुटवल आदी ठाँउहरूमा बिस्तार गरी क्रियाशिल गराईएको छ।यसो गर्दा जन्मभूमिलाई आधार मानिएको छ। गुठीले आफ्नो स्थापना काल देखि हाल सम्म निरन्तर रूपमा तानसेन पाल्पाको कला संस्कृती, परम्परा, शिक्षा , स्वास्थ्य, पर्यटन र विपद्को अवस्थाहरूमा गुठीको अन्र्तनिहित मूल मन्त्रलाई आत्मसाथ गर्दै आइरहेको छ। यसका कृयाकलापहरू जन्मस्थान र यसको वैभवशाली इतिहास, भूगोल संस्कृतिको संरक्षण र सम्वर्धन केन्द्रित नै रहेको छ। जन्मस्थानको महिमा अपार छ। तसर्थ जन्मेको धर्ती र यसको थल, जल र हावा सिन्चित निर्मित मन र शरीर सदा जन्मभूमि प्रति अनुगृहित र ऋणि हुन्छ। यसको मूल्य चुकाउन तानसेन गुठी उद्यत छ। जन्मभूमिप्रति समर्पित तानसेन गुठीको कार्य प्रणाली र कार्य सम्पादनमा बिधान सम्मता, इमान्दारीता, पारदर्शिता , बहुउपयोगिता र सकारात्मक उपलव्धि निरन्तर पाइन्छ। वास्तवमा कतिपय कारणले तानसेन पाल्पामा भएका कला संस्कृति ,भाषा भेषभुषा, परम्परा आदिको संरक्षण र संम्बर्धनमा बिर्सनै नसकिने गुण तानसेन गुठीले लगाएको छ। योजनाबद्ध रूपमा वार्षिक कार्यक्रम निर्धारण , संचालन, अनुगमन र सभा बैठक वार्षिक प्रकाशन चिनारी मार्फत सार्वजनिकीकरण गर्दै माथि उल्लेखिे गुठीको चिनारी साँच्चिनै तानसेन पाल्पा र ततक्षेत्र संग सम्वन्धित विषयवस्तुहरू व्यक्ति परिचय आदि अत्यन्तै सूचनामूलक मननयोग्य र संग्रहयोग्य प्रकाशन भएको छ। विशेषता र अन्तर्निहित रहस्य उजागर गर्ने गरेको पाइन्छ। यसले गर्दा तानसेन गुठी प्रतिको माया, विश्वास र आशा भरोषामा वृद्धि भएको छ। गुठीले सम्भव भए सम्म गुठी सदस्यहरूबाटै सेवा सहयोग कार्यकालागि आर्थिक संकलन गरेको छ। दाताहरूको इच्छानुसार तानसेन पाल्पामा वार्षिक रूपमा तथा यदाकदा आवश्यक पर्दा सामाजिक तथा मानवीय सेवा प्रदान गर्ने गरेको छ। दाताहरू प्रति कृतज्ञता व्यक्त गर्न उपयुक्त हुन्छ। गुठी द्वारा तानसेन पाल्पाका विभिन्न क्षेत्रमा पटके र बार्षिक रूपमा आर्थिक सहयोग, भूकम्प तथा कोभिड १९ जस्ता विपद्का बेलामा पुर्‍याउने गरेको सेवाकार्यले गुठी प्रतिको माथि भनिए जस्तै तानसेन गुठी सुख दुख संरक्षण र सम्वर्द्धनको असल साथी बनेको र त्यसप्रतिको अपनत्व गाढा बनेको छ। यस प्रकार गुठीको स्थापना कालदेखि हाल सम्मका नेतृत्व पंङ्गति र समस्त गुठी परिवार प्रशंसनीय रहेकोले निरन्तरता को अपेक्षा गर्नु मुनासिव देखिन्छ।

श्रावण २०, २०७९

---

**पुरस्कृत विद्यार्थी प्रतिक्रिया**

# सम्मानित हुन पाउँदा आफूलाई धेरै नै भाग्यमानी ठानेकी छु



म सबिना पन्थ एस.एल.सी.- आदर्श उच्च मा.वि, गुल्मी दिगाम, +२ न्यु होराइजन पाल्पा र स्नातक त्रिभुवन बहुमुखी क्याम्पस, हाल काठमाडौंस्थित कीर्तिपुर केन्द्रीय विभाग रसायन शास्त्रमा अध्ययनरत विद्यार्थी हु। दु:ख गरी मलाई पढाउनु भएको मेरा बाबाआमालाई सँधै पढाइ पहिलो प्राथमिकता नै थियो र अझै पनि छ। उहाँहरूको दु:ख र मेरो मिहेनतले आज म यहाँसम्म आउनुको श्रेय उहाँहरूलाई नै दिन्छु। बाल्यकालदेखि नै पढाइमा रुचि राख्ने मेरो बानीले सबैले मलाई हौसला प्रदान गर्नुहुन्थ्यो र आज म यो सबै कुराहरू 'चिनारी' मार्फत प्रस्तुत गर्न पाउँदा मेरो खुसीको सीमा नै रहेको छैन। स्नातक सकिएपछि प्रवेश परीक्षा तयारी गर्दै गर्दा पाल्पा क्याम्पसबाट फोन आयो। उक्त फोन मार्फत बि.एस्सी. परीक्षामा सर्वाधिक अंक प्राप्त गरी उत्तीर्ण हुनु भएकोले सम्मानित हुने अवसर

प्राप्त गर्नुभएको छ भनेको सुन्दा हर्षित भएकी थिएँ । हर्षित हुँदै हतार हतार उत्साहित भएर घरमा खुसीको कुरा सुनाएँ । उहाँहरू धेरै खुसी हुनुभयो किनकि म तथा उहाँहरूको लागि यो एकदम ठुलो कुरा थियो ।

सर्वप्रथम तानसेन गुठीद्वारा प्रकाशित हुने 'चिनारी' पत्रिकामा आफ्नो अनुभव र भावनाहरू प्रस्तुत गर्ने सुवर्ण अवसर प्रदान गर्नुभएकोमा यस गुठीमा आबध्द सम्पूर्णप्रति आभार व्यक्त गर्न चाहन्छु । वि.सं २०५०-०५-३० गते स्थापना भएको तानसेन गुठीले विभिन्न कार्यक्रम संचालन गरी धेरै क्षेत्रमा योगदान पु-याएको अतुलनीय छ । विद्यार्थीको मनोबल अझै बलियो बनाई थप ऊर्जा प्रदान गर्ने यो गुठीप्रति मेरो गहिरो सम्मान छ । वार्षिक भेला कार्यक्रमका दिन विभिन्न तहमा अध्ययनरत विध्यार्थीहरूमध्ये सर्वाधिक अंक प्राप्त गरी उत्तीर्ण हुने छात्र छात्राहरूलाई पुरस्कृत गर्दै आएको छ । त्यसमध्ये 'सिध्दि सकल तुलसी कृष्ण इन्द्र दुर्गा स्मृति पुरस्कार' बाट म पनि पुरस्कृत हुन पाउँदा आफूलाई धेरै नै भाग्यमानी ठानेकी छु । मलाई यसरी पुरस्कृत हुने अवसर दिनु भएकोमा तानसेन गुठी तथा अक्षयकोषदाता अमृत मान श्रेष्ठ तथा पृथ्वी कुमारी श्रेष्ठमा आभार प्रकट गर्दछु । साथै मलाई तानसेन गुठीबाट आदरणीय प्रमी म्याडमले फोन गरेर पुरस्कृत हुने अवसर प्राप्त गरेको कुरा सुनाउनु भएको हुँदा म एकदम खुसी छु ।

आगामी दिनहरूमा पनि यस्तै कार्यक्रमहरूलाई निरन्तरता दिँदै विद्यार्थीहरूलाई थप साहस प्रदान गरोस् र अन्य विभिन्न संस्थाहरूलाई पनि उत्प्रेरकको रूपमा चिनियोस् भनी शुभकामना व्यक्त गर्दछु ।

जय तानसेन गुठी

**सबिना पन्थ**
गुल्मी दिगाम
हाल - कीर्तिपुर काठमाडौं

# तानसेन गुठी काठमाडौंको सम्मान कार्यक्रम र ऐतिहासिक महत्त्व



**पुरन पोख्रेल**

वि.सं. २०६८ सालतिर तानसेनमा पढन आउँदा मलाई नेवार नेवा भन्न राम्रो सँग आउने थिएन । म मगरात क्षेत्रको परे पनि ब्राह्मण समुदायमा हुर्किएको थिएँ । हाम्रोमा न्यावर भनेर सम्बोधन गरिन्थ्यो । तानसेन आइसकेपछि किताबमा सुनेका थरका मित्रहरू बने श्रेष्ठ,शाक्य,महर्जन र पछि यस्तै थुप्रै नेवार साथीहरू बने । सुरु सुरुमा नेवार, मगर, समुदायको आफ्नो भाषा सुन्दा अनौठो लाग्ने म मात्रै होइन पाल्पामा आउने जो कोही जिल्ला बाहिरका म जस्तै अन्यलाई अनौठो लाग्न सक्छ र आजकाल सुन्दर पहिचान, कला, संस्कृतिले धनी अझ भनौ नेपालको मौलिक कला र संस्कृतिलाई जीवित राखेको एक मात्रै नेवार समुदायसँग अन्तरघुलित हुन पाउँदा निकै खुसी लाग्छ । सर्बप्रथम तानसेन गुठी काठनमाडौंको ३० औं साधारण सभा सहित संस्थाको उत्तरोत्तर प्रगति र सफलताको शुभकामना दिन चाहन्छु ।

मेरो उमेर भन्दा जेठो वि.सं. २०५०-५-३० गते स्थापना भएको यो संस्थासँग जोडिन पाउँदा र **दशरथ मिथिला छात्रवृति पुरस्कार**बाट सम्मानित हुन् पाउँदा निकै खुसी लागेको छ । दशरथ मिथिला सहित विभिन्न विधामा छात्रवृत्ति स्थापना गर्नुहुने सम्पूर्ण अक्षयकोष दाताज्यूहरूप्रति हार्दिक आभार सहित सामाजिक सत्कर्मको लागि नमन व्यक्त गर्न चाहन्छु ।

इतिहासकार तथा लेखक निर्मल श्रेष्ठका अनुसार पाल्पामा नेवार समुदायको उपस्थिति जङ्ग बहादुरको उदय अगावै रहेको पाइन्छ । लामो इतिहास बोकेको तानसेनको नेवार समुदायबाट आज पनि आफ्नो कला संस्कृति र रहन सहनले तानसेनलाई सजाइरहेको छ। मानव समाजको आधुनिकीकरण र संस्कृतिमा परेको विश्वव्यापी प्रभावले यो समुदाय पनि टाढा रहन सकेको छैन । नेपालको सन्दर्भमा आज पनि आफ्नो मौलिकता हुबहु कायम राख्न सफल एकमात्र समुदाय नेवार समुदाय हो । कतिपय बौध्दिक जमातले बेलाबखत भन्ने गरेका छन् समग्र नेपालको सभ्यता र मौलिकता अर्थात् इतिहासको

प्रमाण नेवार समुदाय हो । त्यसैले ऐतिहासिक साँस्कृतिक र मौलिक आँखाले हेर्दा नेपालको साझा समुदाय वा सम्पत्ति समुदायको रूपमा यो समुदायको मौलिक, साँस्कृतिक र भाषिक संरक्षण गैर समुदायको दायित्व बन्न पुगेको छ। आज संसारभर छरिएर रहेका नेपालीहरूले नेपालको समग्र विकासमा विभिन्न खालका सहयोग गरिरहेका छन् । अन्तर्राष्ट्रिय समूह, संस्था गठन भएका छन् । सोही अनुसार विशेषत: पाल्पा र काठमाडौंलाई जोड्ने त्यहाँको ऐतिहासिक पहिचानको जगेर्ना गर्ने उदेश्य सहित तानसेनबाट काठमाडौंका विभिन्न ठाउँमा बसोबास गर्ने गुठियारहरूको समूहले जुन तत्परताका साथ महत्त्वपूर्ण भूमिका निर्वाह गरिरहनु भएको छ, यो समाज विकासको कोसेढुङ्गा मान्न सकिन्छ ।

खासमा सम्मान किन गरिन्छ ? सम्मानले के कुराको भाव र अर्थ जनाउछ ? भन्ने कुराहरू निकै अर्थपूर्ण र महत्त्वपूर्ण छन् । सम्भावना र क्षमता देखिएका व्यक्तिहरूलाई समाज, समुदाय र राष्ट्रप्रति आफ्नो आफ्नो कार्यक्षेत्र उत्तरदायी र जिम्मेवार बनाउने एउटा उत्प्रेरक सम्मान र पुरस्कार हो । हामी मानव सभ्यताको धनी सभ्यता आज पनि ग्रिक सभ्यतालाई मान्दछौं किनभने उनीहरूले तत्कालीन साहित्य र विचारहरूलाई सोही समयमा नै प्रस्तुत र पुरस्कृत गर्दथे । आज पनि विश्वमा कहिं न कहीं सोही सभ्यताको अवशेष जीवित छ ।

वर्तमान समयमा तानसेनमा रहनुहुने धेरै नेवार समुदायका बौध्दिक, सामाजिक, शैक्षिक र व्यवसायिक व्यक्तिहरूको बसाइसराइले तानसेनको समग्र विकासमा केही कमी आएको भन्ने बारे औपचारिक र अनौपचारिक रूपमा छलफल हुने गरेको पाइन्छ । यस्तो छलफल र चिन्तनका बीच सोही अभावलाई पूर्ति गर्न तानसेन गुठी काठमाडौंको अझ धेरै महत्त्वपूर्ण भूमिका रहनेछ । विशेष गरी त्यहाँको पर्यटन प्रवर्धन गरी व्यवसायिक नगरीको रूपमा विकास गर्नु मुख्य आवश्यकता रहेको छ । अक्षरहरू किबोर्डमा कोर्दै जाँदा यस संस्थाकी सचिव आदरणीय प्रमी श्रेष्ठज्युले पठाउनु भएको १९२ पृष्ठको चिनारी पत्रिका हेरिरहेको थिएँ । संस्थाका यतिधेरै सामाजिक, साँस्कृतिक, शैक्षिक, कला, साहित्य र स्वास्थ्य सहित अन्य क्षेत्रमा गरेका योगदानले संस्थाको उच्च गरिमाको लागि शब्द चयनको अभाव महसुस हुन पुग्यो । तानसेनलाई साँच्चिकै समृध्द र नमूना पर्यटकीय नगरी बनाउन यो संस्था सफल हुनेछ भन्नेमा विश्वस्त छु ।

संयोगवश उच्च शिक्षा प्राप्तिको सिलसिलामा कीर्तिपुरको केन्द्रीय क्याम्पसमा आउँदा पनि मेरो व्यक्तिगत सम्बन्ध यहाँको नेवार समुदायसँग उत्तिकै छ । विशेषत: केही समय अघिको गुठी विधेयक र खोकना किसान आन्दोलनमा देखिएको सामुदायिक एकता मेरो दृष्टिमा आज पनि यो समुदायको ऐतिहासिक एकताको जीवित प्रमाण हुन् जस्तै लाग्छ । पाल्पा र विशेष गरी तानसेन भन्ने बित्तिकै काठमाडौंमा भेटिने प्रायःलाई आफ्नै घरटोलको जस्तै लाग्छ । जात्रै जात्राको सहर तानसेनलाई हामीले नेपालको उत्कृष्ट सांस्कृतिक सहरको राष्ट्रिय अन्तर्राष्ट्रिय रूपमा चिनाउनु आजको आवश्यकता हो । आज काठमाडौंले नेवारी समुदायको खाजा मात्रैको ब्राण्डिङले दिनमा एकैपटक १५० बढी परिकार बन्ने कीर्तिपुरको लहना रेष्टुरेन्ट चलाइरहँदा पाल्पामा पनि सोही प्रकारको व्यवसायीकरण र स्थानीय उत्पादनको प्रवर्धन, संरक्षण गरी समग्र पाल्पाको विकासमा गुठीको महत्त्वपूर्ण योगदानका क्षेत्रहरू आवश्यक रहेको छ । यसपालि गत भाद्र चार गते मनाइएको भगवती जात्रा नेपालको एकमात्र साँस्कृतिक र राष्ट्रियतासँग जोडिएको जात्रा हो । कर्णेल उजिर सिंहको नेतृत्वमा जितगढी किल्लामा अंग्रेजसँगै विजय प्राप्त गरेको ऐतिहासिक दिनलाई राष्ट्रिय जात्रा तथा पर्वको रूपमा घोषणा गर्न तानसेन गुठी काठमाडौंको पहल होस् भन्ने समग्र पाल्पाबासीको अपेक्षा छ ।

अन्त्यमा त्रिभुवन बहुमुखी क्याम्पस, पाल्पा र मेरा सबै आदरणीय गुरुहरूप्रति हार्दिक नमनसहित सम्झन चाहन्छु । सामुदायिक भावना, एकता, ऐतिहासिकताको रक्षा, समाजका साहित्यक, भाषिक, सांस्कृतिक र शैक्षिक सहित बहुआयामिक क्षेत्रमा महत्वपूर्ण योगदान गर्दै आएको गरिमामय संस्था तानसेन गुठी काठमाडौंको आगामी संस्थागत जीवनमा प्रगति र सफलताको शुभकामना ।

('दशरथ मिथिला छात्रवृत्ति पुरस्कार' २०७६ बाट पुरस्कृत, एम.ए. चोथो सेमेस्टर केन्द्रीय क्याम्पस कीर्तिपुर)

# Lumbini Medical College & Teaching Hospital Ltd.

Tansen-7, Pravas, Palpa, Nepal. | Phone: 075-411201, 411202, Fax: 075-411205
E-mail: lmcpalpa@gmail.com | info@lmc.edu.np | www.lmc.edu.np

**तानसेन गुठीले २९ औ वर्ष पुरागरी ३० औ वर्ष प्रवेश गरेको शुभ उपलक्ष्यमा संस्थाको उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौ ।**

**गोपाल बहादुर पोखरेल**
कार्यकारी अध्यक्ष
तथा लुम्बिनी मेडिकल कलेज परिवार

## हाम्रा सेवा तथा सुविधाहरू

### सेवाहरू

- बहिरङ्ग सेवा, अन्तरङ्ग सेवा र शल्यक्रिया सेवा
- कलर डप्लर, इकोकार्डियोग्राफी र इ.सि.जि.
- एम.आर.आई, सि.टी. स्क्यान सेवा र मेमोग्राम
- दम तथा फोक्सो रोगका लागि पि.एफ.टि. सेवा
- मुटुको जाँच गर्ने टि.एम.टि. सेवा
- मिर्गी/छारे रोगका लागि ई.ई.जि सेवा
- इन्डोस्कोपी/कोलोनोस्कोपी सेवा
- हिस्टोप्याथोलोजी सेवा
- फार्मेसी सेवा (चौवीसै घण्टा)
- कम्प्यूटराइज्ड एक्स-रे सेवा (चौवीसै घण्टा)
- फिजियोथेरापी सेवा
- घातक रोग विरुद्धखोप सेवा र सुरक्षित मातृत्व सेवा
- सुरक्षित गर्भपतन सम्बन्धी सेवा
- नेपाल सरकार स्वास्थ्य मन्त्रालयद्वारा सञ्चालित :
  - निःशुल्क प्रसूति गराउने सेवा
  - क्षयरोगको निःशुल्क औषधोपचार सेवा
  - स्वास्थ्य बीमा कार्यक्रम
- समुदायमा आधारित निःशुल्क घुम्ती विशेषज्ञ स्वास्थ्य परीक्षण शिविरहरू
- डायलाईसिस सेवा

### सुविधाहरू

- जनरल सर्जरी / ग्यास्ट्रो सर्जरी
- न्यूरो सर्जरी
- यूरोलोजी
- इन्टर्नल मेडिसिन
- मुटु रोग
- पेट रोग
- छाला तथा यौन रोग
- बालरोग
- नाक, कान र घाँटी रोग
- स्त्रीतथा प्रसूति रोग
- हाडजोर्नी तथा नसा रोग
- दन्त रोग
- मानसिक रोग
- आँखा सम्बन्धी रोग
- ल्याप्रोस्कोपिक सर्जरी :
  - अत्याधुनिक प्रविधिबाट दूर्बीनको माध्यमले सानो प्वाल पारी पित्त थैलीको पत्थरी निकाल्ने सेवा,
  - मृगौला, पिसाबनली र पिसाब थैलीका पत्थरी निकाल्ने सेवा
  - नचिरिकन प्रोस्टेट ग्रन्थिको शल्यक्रिया सेवा ।

- सुविधा सम्पन्न सघन उपचार कक्ष (ICU / PICU) को व्यवस्था
- सुविधा सम्पन्न नवजात शिशु सघन उपचार कक्ष (NICU) को व्यवस्था
- सुविधा सम्पन्न कोरोनरी कार्डियक यूनिट (CCU) को व्यवस्था
- सुविधा सम्पन्न क्याबिनको व्यवस्था
- एम्बुलेन्स सेवा चौबिसै घण्टा उपलब्ध



# तानसेन गुठीका प्रमुख उद्देश्यहरू

क) जन्मभूमि तानसेनबाट काठमाडौंमा आई विभिन्न पेसा र व्यवसाय गरी बसेका तानसेनवासीहरूबीच सुमधुर सम्बन्ध, स्नेह, मित्रता र भ्रातृत्व एवम् सद्भाव कायम गरी पारस्परिक मेलमिलाप र सहयोग अभिवृद्धि गर्दै लैजाने ।

ख) सामाजिक कार्य अन्तर्गत बेलविवाह (इहि) व्रतबन्ध आदि सामूहिक रूपमा सम्पन्न गराउने ।

ग) गुठी सदस्य वा परिवार आकस्मिक अस्वस्थ, संकट र अन्य भवितव्य पर्दा र मर्दा एक अर्कालाई गुठी मार्फत सक्दो सहयोग गर्ने ।

घ) तानसेनको ऐतिहासिक, धार्मिक, सांस्कृतिक आदि सम्पदाको संरक्षण, संवर्द्धन र संभार गर्ने कार्यमा गुठी Catalyst का रूपमा काम गर्ने र सक्दो सहयोग गर्ने ।

ङ) शिक्षा, स्वास्थ्य, पर्यटन, वातावरण र आर्थिक क्षेत्रमा प्रत्यक्ष रूपले सकारात्मक प्रभाव पर्ने क्रियाकलापमा टेवा दिने कार्य गर्न प्रयत्नशील रहने ।

च) गुठियार सदस्यहरूलाई संस्थागतरूपमा आवद्ध गराउन विभिन्न कार्यक्रमको योजना तर्जुमा गर्दै समयानुकूल परिवर्तन गर्दै लगिनेछ ।

छ) गुठी सदस्यहरूका छोराछोरीहरू एकत्रित गर्न विशेष खालका कार्यक्रमहरूको आयोजना गर्ने ।

# आ. व. २०७९-०८० को प्रस्तावित कार्यक्रम

१) शिक्षा स्वास्थ्य, धार्मिक, सांस्कृतिक पर्व जात्रा सहयोग विभिन्न विद्यालयको छात्रवृत्ति पुरस्कार प्रदान र एसईई पास विध्यार्थीहरूलाई बधाई तथा शुभकामना दिने कार्यक्रमलाई निरन्तरता दिने छ ।

२) गुठी सदस्यका स्वर्गीय बन्धु वा परिवारको सम्झनामा स्मृति अक्षयकोष खडा गर्न आह्वान गरी विभिन्न सामाजिक सेवा कार्यहरू सञ्चालन गर्ने ।

३) धार्मिक तथा सामाजिक कार्यक्रमलाई निरन्तरता दिइने छ ।

क) विभिन्न तीर्थस्थलको धार्मिक तीर्थयात्रा कार्यक्रम गरिने छ ।

ख) गुठी सदस्य तथा सदस्य परिवारको ९० र १०० वर्ष पुगेको जेष्ठ नागरिक सम्मानपूजा कार्यक्रम ।

ग) इही (बेलविवाह) र ब्रतबन्ध–कार्य सामूहिक रूपमा सम्पन्न गर्ने कार्यक्रम ।

४) तानसेनस्थित भगवती मन्दिरको आवश्यक कार्यहरू सम्बन्धित क्षेत्रमा कार्य गर्न गराउन निरन्तरता दिने । विभिन्न धार्मिक, सांस्कृतिक जात्रा पर्व सञ्चालन गर्न गुठीबाट आर्थिक सहयोग भइरहेका अझ थप रकम सहयोग गर्न जुटाउने कार्य गर्ने ।

५) युवाहरूलाई तानसेनप्रति भावनात्मक सम्बन्ध गराउने उद्देश्यले युवा लक्षित कार्यक्रम गर्ने ।

६) हालसम्मका गुठीका क्रियाकलापको पुनर्मूल्याङ्कन गरी परिमार्जन वा सुधार गर्ने ।

७) दीर्घकालीन कार्यक्रम – तानसेन नेवाः छेँको अवधारणा साकार पार्न गुठीका पूर्व अध्यक्ष श्री श्याम सुन्दरलाल कक्षपतीज्यूको सहयोगमा काठमाडौंमा जग्गा समेत उपलब्ध हुनआएको उक्त जग्गालाई संस्थागत रूपमा आवश्यक कार्य गर्न सम्बन्धित क्षेत्रमा अगाडि बढाई गुठीको अवधारणालाई पूर्णता दिन कार्यसमिति जिम्मेवारीपूर्वक निरन्तर प्रयासरत् रहनेछ ।

८) गतवर्ष 'म र मेरोबारे जन्मदेखि कर्म क्षेत्रसम्म' एक प्रेरणाको श्रोतको रूपमा सल्लाहकारज्यूहरूको जीवनी प्रकाशन गरिएको थियो। यसवर्ष पूर्व अध्यक्षज्यूहरूको जीवनी प्रकाशन गर्ने सन्दर्भमा विभिन्न कारणले प्रकाशन गर्न बाँकी भएका पूर्व अध्यक्षज्यूहरूको लेख अर्को वर्ष प्रकाशन गरिने छ ।

९) नेवाः भाषा नेपाली भाषा, संस्कृति र साहित्यको विकास, संरक्षण र सम्वर्धन र भाषिक उत्थानलाई टेवा पुग्ने गरी साहित्यिक कार्यक्रम गर्ने ।

१०) गुठी संस्थापक सदस्य तथा पूर्व कार्यसमिति सदस्यहरूको उपस्थितिमा सुझाव संकलन तथा भेटघाट कार्यक्रम गर्ने ।

११) गुठीमा स्थापित विभिन्न अक्षयकोषदाताज्यूहरूको उपस्थितिमा अक्षयकोष सम्बन्धित छलफल गर्ने उद्देश्यले तथा पुनरावलोकन र सरसल्लाहको लागि अक्षयकोष दाता भेटधाट कार्यक्रम गर्ने ।

१२) तानसेन पाल्पामा पर्यटकीय क्षेत्रमा टेवा पुऱ्याउने कार्यक्रमको साथै पाल्पा सांस्कृतिक पर्वको निरन्तरताको लागि सहयोग जुटाउने कार्यक्रमको निरन्तरता रहने ।

१३) गुठीको विभिन्न कार्यक्रमलाई सहयोग पुग्ने विभिन्न आयमूलक कार्यक्रमको निरन्तरता रहने छ ।

१४) स्वास्थ्य सेवाको सन्दर्भमा गुठीबाट इन्फ्लुएन्जा तथा निमोनिया भ्याक्सिन कार्यक्रमको निरन्तरता साथै स्वास्थ्य सेवा अन्तरगत आँखादान गर्न इच्छुक सदस्यहरूको लागि तिलगंगा स्थित आँखा बैंकसँग समन्वयकारी भूमिका निर्वाह गर्ने ।

१५) युवा तथा महिला सदस्यहरूलाई सक्रिय बनाउन विभिन्न उपसमितिमा सहभागी गराउने र महिलाहरूको सीप श्रृजनशील विकासको लागि छुट्टै उपसमिति गठन गरी सिपमूलक ट्रेनिङ साथै व्यक्तित्व विकास गर्ने कार्यक्रम गर्ने ।

१६) तानसेन नगरपालिकासंग निरन्तर सम्पर्कमा रही आवश्यकता अनुसार सरसल्लाह सुझाव सहयोग पुऱ्याउने कार्यक्रमहरू गराउने कार्यमा शाखालाई सक्रिय बनाउने ।

१७) तानसेन गुठीको नाममा YouTube channel बनाई पाल्पाको ऐतिहासिक धार्मिक मठ-मन्दिर स्थल तथा पर्यटन क्षेत्रलाई सहयोग पुऱ्याउने विविध स्थानीय साहित्य कला संस्कृतिको र परम्परा आदिको प्रस्तुतीको बारेमा कार्यक्रमहरू सन्चालन गर्ने ।

१८) Data Mapping बाट गुठियार सदस्यहरूको बारेमा जानकारी दिन Who is Who लाई पुन:निरन्तरता दिने ।

१९) सल्लाहकारहरूलाई सहभागी गराई छलफल र राय लिई विभिन्न सामाजिक सेवाका प्रभावकारी कार्यक्रमहरू गर्ने ।

२०) वार्षिक साधारणसभा तथा भेला कार्यक्रमको समीक्षा गरी आवश्यक सुधार गर्ने ।

२१) पौष मसान्तसम्म अर्धवार्षिक आय–व्यय तयार गर्ने । वार्षिक आय–व्यय वासलात आषाढ मसान्तसम्मको, वार्षिक भेलाबारे चिनारी प्रकाशन कार्य सम्पन्न गर्ने ।

# तानसेन नगरपालिका नगर कार्यपालिकाको कार्यालय


तानसेन, पाल्पा,

फोन नं. ०७५ ५२०१०९, ५२०१२९, ५२०९०९, ५२०८९३

लुम्बिनी प्रदेश




## हार्दिक शुभकामना

जन्मभूमी तानसेन, पाल्पाबाट काठमाडौंमा रहेर विभिन्न पेशा र व्यवसाय गर्दै आएका व्यक्तिहरु संगठीत संस्था हो तानसेन गुठी । तानसेनवासीहरुको सहयोगमा वि.सं. २०५० सालमा स्थापना भएको गुठी संस्था धार्मिक, सांस्कृतिक र सामाजिक परोपकारीको क्षेत्रमा सक्रिय रहँदै आएको छ । गुठीले तानसेनको ऐतिहासिक, धार्मिक, सांस्कृतिक सम्पदाहरुको संरक्षण, सम्वर्द्धन र विस्तारमा सहयोगी भूमिका खेल्दै आएको छ। यसरी सहयोग गर्दै आएको गुठीले २९ औं वसन्त पार गरी ३० औं वर्षमा प्रवेश गरेको यो शुभ घडीमा गुठिको उन्नती तथा प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछ ।

**सन्तोष लाल श्रेष्ठ**
नगर प्रमुख
तथा नगरपालिका परिवार

## तानसेन नगरपालिकाको अनुरोध

- सडक अवरुद्ध हुनेगरी व्यापारिक तथा निर्माण सामग्री नराखौं ।
- विद्यालय, समुदाय र परिवारमा बालमैत्री वातावरण सिर्जना गरौं ।
- बालबालिकाको अधिकतम सिकाईको सुनिश्चिता गरौं ।
- बाल विवाहलाई निरुत्साहित गरौं ।
- बालमैत्री स्थानीय शासनको अवलम्वन गरौं ।
- वातावरणमैत्री नगर बनाउन सबै जिम्मेवारी बनौं ।
- विकास निर्माणमा लागत सहभागिता जुटाऔं ।
- समय मै कर तिरौं, जरिवानाबाट वचौं ।
- व्यवसाय संचालन गर्दा नगरपालिकामा दर्ता गरेर मात्र संचालन गरौं ।
- समय भित्र घट्ना दर्ता गरी आफ्नो अधिकार सुनिश्चित गरौं ।
- सफा तानसेनको लागि आफ्नो क्षेत्रबाट सफा अभियान संचालन गरौं ।


Offered Academic Programs
BIT
BE COMPUTER
BCA
BBA
CIT
SINCE 2000
Orientation at Dubai
College Of Information Technology & Engineering (CITE)
Affiliated To Purbanchal University
+977-1-4111840, 4111503
+977 985-1114636 / +977 985-1247988
Subidhanagar, Tinkune, Kathmandu
www.cit.edu.np
info@cit.edu.np


kathmandu automobiles center
Buy, Sell & Exchange of Used Vehicles
This festive season, drive home a reliable car from the most popular used car showroom in Kathmandu
KATHMANDU AUTOMOBILES CENTER
01-4420555/955
www.kathmanduautomobiles.com.np
(Opp. Tangal School, Gahanapokhari, Tangal, Kathmandu


Experiecne your flight with us........
...........Safety is our Priority .......... !!!
www.manangair.com.np
operation@manangair.com.np
marketing@manangair.com.np
Hunting LIne: (+977 1) 4115984/4115985/ 4115986 Mobile: (+977) 9801180502/ 9801180461/9801180462
Kathmandu Airport: (+977) 9801180463/ 9801180464 Lukla Station: (+977) 9801177088/ 9851177088
MANANG AIR
106 N K Singh Marga, Arniko Bhawan,
Minbhawan,Kathmandu



इलम एग्रो फर्म प्रा. लि.
ILUM AGRO FARM PVT LTD
बेथानचोक गा.पा. वडा नं. ४
पाटीखर्क,काभ्रेपलान्चोक
सम्पर्क नं.०१–४१६९०००३ मोवाईल:–९८०१०७६७३५
इमेल:– ilumagro18@gmail.com
https://www.facebook.com/profile.php?id=100068328335619
बोयर बाखापालन
फलफूल खेती
तरकारी खेती
लोकल कुखुरापालन




LUMBINI ENGEERING MANAGEMENT & SCIENCE COLLEGE
(Lumbini Engineering College)
Token Of Recognition
Your Technical Knowledge Partner
22
Glorious Years Of Success
COURSES OFFERED
MASTER DEGREE
M.Sc (CM) (Intake 30)
M.Sc In Transportation Engineering & Management (Proposed)
BACHELOR DEGREE
B.E. Civil (Intake 144)
B.E. Computer (Intake 48)
B.E. Electrical & Electronics
Diploma Level
WHY LEC ?
I. University Appreciation 2016 recipient college
II. 20 Years Experience in Engineering Education
III. Highly Experienced Visiting Professors
IV. Well Equipped Labs, Library, R& D Deptt. and Workshop.
V. Incentive / Scholarship Facility for meritorious students.
VI. Fully Peaceful, Disciplined and Academic environment.
VII. Affordable fee
LUMBINI
ENGINEERING, MANAGEMENT & SCIENCE COLLEGE
(Affiliated to Pokhara University)

# तानसेन गुठी : वार्षिक गतिविधिहरू

**(आ.व. २०७८/७९)**

तानसेन गुठीको वार्षिक साधारण सभा तथा गुठी भेला कार्यक्रम प्रत्येक वर्ष पाल्पा, तानसेनस्थित ऐतिहासिक श्री ७ रणउजीरेश्वरी भगवती माताको जात्राको लगत्तै आउने शनिबार वा अनुकूल समयमा भगवती माताको स्मरण गरी गुठी पूजा तथा वार्षिक भेला कार्यक्रम गरिने परम्परा रहँदै आएको छ ।

## (क) गुठी पूजा

२०७७ सालको वार्षिक भेला तथा साधारण सभा विश्वव्यापी रूपमा फैलिएको कोभिड १९ को महामारीले सञ्चालन गर्न सम्भव भएन । गुठीको २८ र २९औं वार्षिक साधारण सभा २०७८ साल भाद्र २६ गतेका दिन पुल्चोक स्थित नाङ्लो बेकरी क्याफेमा महामारीको त्रास-भयले गर्दा नेपाल सरकारले जारी गरेको 'आवश्यकता अनुसार २५ जनामा नबढाई भौतिक रूपमा भेला तथा कार्यक्रम गर्न पाउने' भन्ने प्रावधानलाई पालना गरी सीमित संख्यामा गुठीका पूर्व अध्यक्षज्यूहरू, कार्यकारी सदस्यज्यूहरूको भौतिक उपस्थिति तथा अन्य सबै गुठियारहरूलाई नयाँ प्रविधिको प्रयोग गरी जूम मार्फत भर्चुयल उपस्थतिमा सम्पन्न गरिएको थियो । यस कार्यक्रमका थकाली तथा गुठीका पूर्व अध्यक्ष ई.श्री करूणा गोविन्द श्रेष्ठज्यूबाट श्री ७ रणउजीरेश्वरी भगवती माताको प्रतिमूर्तिमा विधिवत् पूजा अर्चना गरी उपस्थित सम्पूर्ण गुठियार तथा सदस्य परिवारहरूलाई टीका प्रसाद तथा आशीर्वाद प्रदान गर्नुभएको थियो । उक्त कार्यक्रममा तानसेन नगरपालिकाका तत्कालीन मेयर श्री अशोक साहीज्यूको गरिमामय उपस्थिति रहेको थियो ।



*श्री ७ रणउजीरेश्वरी भगवती माताको प्रतिमूर्ति*



*प्रमुख अतिथि तथा पूर्वअध्यक्ष ई. श्री करुणा गोविन्द श्रेष्ठज्यूद्वारा भगवती प्रतिमूर्तिको पूजा गर्नुहुँदै*



*प्रमुख अतिथि तथा पूर्वअध्यक्ष ई. श्री करुणा गोविन्द श्रेष्ठज्यूद्वारा भगवती प्रतिमूर्तिको पूजा गर्नुहुँदै*



*पूर्वअध्यक्ष श्री सर्जुमान लिगलज्यूद्वारा भगवतीको पूजा गर्ने क्रममा शङ्ख फुक्नु हुँदै*



*तत्कालीन मेयर श्री अशोक कुमार शाहीज्यू टीका तथा प्रसाद ग्रहण गर्नु हुँदै*



*पूर्वअध्यक्ष श्री हेमन्तराज कोलाक्षपतिज्यू टीका तथा प्रसाद ग्रहण गर्नु हुँदै*



*पूर्वअध्यक्ष श्री लक्ष्मण प्रसाद श्रेष्ठज्यू टीका तथा प्रसाद ग्रहण गर्नु हुँदै*



*पूर्वअध्यक्ष श्री गृहमान सिंहज्यू टीका तथा प्रसाद ग्रहण गर्नु हुँदै*

## (ख) वार्षिक भेला कार्यक्रम

गुठीको २८ र २९औं वार्षिक भेला कार्यक्रम पुल्चोकस्थित नाङ्लो बेकरी क्याफेको सभा हलमा बिहान श्री रणउजीरेश्वरी भगवती माताको पूजा अर्चना गरेर प्रारम्भ गरिएको थियो। उक्त कार्यक्रम गुठीका अध्यक्ष श्री सर्जुमान लिगलज्यूको सभापतित्वमा पूर्व अध्यक्षज्यूहरू, कार्यकारी सदस्यज्यूहरू तथा आजीवन सदस्यज्यूहरू सीमित सदस्यज्यूहरूको उपस्थितिमा सु-सम्पन्न गरिएको थियो।

### १) दर्ता तथा नवीकरण कार्य

वार्षिक भेला कार्यक्रमको पूर्वार्धमा बिहानको करिब ९ बजे उपस्थित सम्पूर्ण गुठियारहरूलाई पुस्तिकामा हस्ताक्षर गराई गुठीको वार्षिक पत्रिका 'चिनारी' वितरण गरिएको थियो। गुठीको निर्णय बमोजिम आजीवन सदस्यहरूलाई एक प्रति चिनारी पत्रिका नि:शुल्क वितरण गरिएको थियो।



### २) भगवती पूजा-प्रसाद ग्रहण

आफ्नो जन्मथलोका मेयरको गरिमामय उपस्थितिमा सबै गुठियार सदस्यहरूले श्री रणउजीरेश्वरी भगवती माताको दर्शन गर्नु भएपछि उक्त सभाका थकाली, गुठीका पूर्व अध्यक्ष ई.श्री करूणा गोविन्द श्रेष्ठज्यूले सबैलाई टीका-प्रसाद तथा दक्षिणा दिनुभएको थियो। साथै नेवारी परम्परागत समय् बजी प्रसाद वितरण गरिएको थियो। तत्पश्चात् विधिवत् साधारण सभाको कार्यक्रम सुरु गरिएको थियो।





'चिनारी' पत्रिकाको २६ औं अंकको विमोचन सामूहिक रूपमा मेयर लगायत, गुठीका पूर्व अध्यक्षज्यूहरू हेमन्त राज कोलाक्षपती, लक्ष्मण श्रेष्ठ, ई. करूणा गोविन्द श्रेष्ठ, गृहमान सिंह र शरण रत्न शाक्यबाट गरिएको थियो । उक्त अवसरमा तत्कालीन मेयरज्यूबाट तानसेन नगरपालिकाको तर्फबाट रू. ३०,००० ।– शुभकामना सहित गुठीलाई आर्थिक सहयोग प्रदान गर्नुभएको थियो ।









## ३. आसन ग्रहण

वार्षिक भेला कार्यक्रममा गुठीका संरक्षक श्री रणउजीरेश्वरी भगवती माताको तस्वीरलाई आसनमा विराजमान गराइएको थियो । आसन ग्रहणको क्रममा गुठीका अध्यक्ष श्री सर्जुमान लिगलको सभापतित्वमा उक्त दिनका थकाली तथा प्रमुख अतिथि गुठीका पूर्व अध्यक्ष ई. श्री करूणा गोविन्द श्रेष्ठज्यूलाई मञ्चमा आसन ग्रहण गराई सभापतिबाट खादा ओढाई स्वागत गरिएको थियो । साथै गुठीका निवर्तमान अध्यक्षज्यू, पूर्व अध्यक्षज्यूहरू, कार्यकारी सदस्यज्यूहरू, अक्षयकोषदाताज्यूहरू तथा उपस्थित सम्पूर्ण महानुभावहरू साथै जूम मार्फत सहभागी हुनुभएका सम्पूर्ण गुठियारहरूलाई यथास्थानमा आसन ग्रहण गराइएको थियो । उक्त कार्यक्रम पूर्व कार्यकारी सदस्य तथा आजीवन सदस्य श्री जयन्ती श्रेष्ठबाट सञ्चालन गरिएको थियो ।



## ४. हार्दिक श्रध्दाञ्जली अर्पण

विगत दुई वर्षभरिमा दिवंगत हुनुभएका गुठी सदस्य तथा सदस्य परिवारप्रति गहिरो दु:ख व्यक्त गर्नुका साथै हार्दिक श्रध्दाञ्जली अर्पण गर्दै समवेदना सहित उक्त सभामा भौतिकरूपमा उपस्थित तथा भर्चुयल्ली सहभागी सम्पूर्ण महानुभावज्यूहरूबाट सामूहिक रूपमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै एक मिनेट मौनधारण गरिएको थियो ।



## ५. सामूहिक राष्ट्रिय गान

राष्ट्रको सम्मानमा सम्पूर्ण महानुभावहरू आ–आफ्नो स्थानबाट सामूहिक रूपमा राष्ट्रिय गानमा सहभागी हुनुभएको थियो ।



## ६. उद्घाटन कार्यक्रम

आजका थकाली, सभाका प्रमुख अतिथि तथा गुठीका पूर्व अध्यक्ष ई. श्री करुणा गोविन्द श्रेष्ठबाट पानसमा दीप प्रज्ज्वलन गरी औपचारिक रूपमा कार्यक्रम शुभारम्भ गर्नुभएको थियो ।



## ७. स्वागत मन्तव्य तथा वार्षिक गतिविधि

गुठीका सचिव श्री प्रमी श्रेष्ठज्यूबाट स्वागत मन्तव्य तथा वार्षिक प्रतिवेदनबारे छोटकरीमा जानकारी गराउनुभएको थियो ।



## ८. वार्षिक आयव्यय तथा आर्थिक प्रतिवेदन

गुठीका कोषाध्यक्ष श्री जीवनज्योति बज्राचार्यले आर्थिक वर्ष २०७६-०७७ को आय-व्ययको वार्षिक प्रतिवेदन संक्षिप्त रूपमा प्रकाश पार्नुभएको थियो । उक्त प्रतिवेदन उक्त सभाबाट अनुमोदन गरिएको थियो ।

गुठीका कोषाध्यक्ष श्री जीवन ज्योति बज्राचार्यज्यूले आर्थिक वर्ष २०७६-०७७ को आय–व्यय विवरण संक्षिप्त रूपमा प्रस्तुत गर्नुभएको थियो ।



आ.व. २०७६-७७ को लागि कूल आम्दानीतर्फ जम्मा रू.१६,०६,७५७ ।–, कूल खर्चतर्फ जम्मा रू.१४,३२,२६३ ।–, वचततर्फ जम्मा रू.१,७४,४९४ ।– र कूल मौज्दात जम्मा रू.१,२८,३५,७७० ।– लाई उक्त भेलाबाट अनुमोदन गरिएको थियो । साथै आ.व. २०७७-०७८ को लागि अनुमानित बजेट (आय–व्यय) तथा लेखा परीक्षक पि.पि. प्रधान एण्ड कम्पनीको निरन्तरताको लागि सर्वसम्मतिबाट अनुमोदन गरिएको थियो ।

## ९. बधाई तथा शुभकामना कार्यक्रम

गुठीले विभिन्न क्षेत्रमा विशिष्टता तथा मान-सम्मान प्राप्त गर्नुहुने गुठी सदस्य तथा सदस्य परिवारलाई आफ्नो वार्षिक भेला कार्यक्रमका दिन बधाई तथा शुभकामना दिने कार्यलाई निरन्तरता दिँदै आइरहेको छ ।

विगत दुई वर्षभरिमा गुठीले निम्नलिखित सदस्यहरू तथा सदस्य परिवारहरूमा बधाई तथा शुभकामना व्यक्त गर्ने सुअवसर प्राप्त गरेको थियो । तर उहाँहरूलाई भौतिक रूपमा उपस्थित गराउन असमर्थ भएको हुँदा उहाँहरूको नाम मात्र पढेर सुनाइएको थियो ।

क) श्री पूर्णमाया महर्जन

तानसेन गुठीका आजीवन सदस्य श्री अशोक महर्जनज्यूका माता तथा यस गुठीबाट अभिनन्दित सुप्रसिध्द पाल्पाली ढाका कपडाका संस्थापक एवं उध्यमी समाजसेवी **श्री पूर्णमाया महर्जनज्यू** मिति २०७७ असोज ३ गते पाँचौं संविधान दिवसको अवसरमा प्रदेश सरकारद्वारा 'प्रजापती गौतमी ख' पदकबाट विभूषित हुनुभएकोमा गुठीले सगौरव हार्दिक बधाई ज्ञापन गर्दै वहाँको उत्तरोत्तर प्रगतिको कामना सहित शुभकामना व्यक्त गरिएको थियो ।

ख) श्री सुनिल कुमार श्रेष्ठज्यू

यस गुठीका आजीवन सदस्य डी.आई.जी.पी. **श्री सुनिल कुमार श्रेष्ठज्यू** मिति २०७७ असोज ३ गते पाँचौं संविधान दिवसको अवसरमा सम्माननीय राष्ट्रपति विध्यादेवी भण्डारीज्यूको करकलमबाट 'सुप्रवल जनसेवा श्री तृतीय' पदकद्वारा विभूषित हुनुभएकोमा तानसेन गुठीले सगौरव हार्दिक बधाई ज्ञापन गर्दै वहाँको उत्तरोत्तर प्रगतिको कामना सहित शुभकामना व्यक्त गरिएको थियो ।

ग) एस.एस.पी. श्री किरण बज्राचार्य:

यस गुठीका आजीवन सदस्य एस.एस.पी. **श्री किरण बज्राचार्यज्यू** २०७७ साल असोज ३ गते पाँचौं संविधान दिवसको अवसरमा सम्माननीय राष्ट्रपति विध्यादेवी भण्डारीज्यूको करकमलबाट 'सुप्रवल जनसेना श्री तृतीय' पदकद्वारा विभूषित हुनुभएकोमा साथै काठमाडौं उपत्यकाको ललितपुर जिल्ला प्रहरी प्रमुख जस्तो गरिमामय पदमा नियुक्त भई २०७७ साल मंसिर ७ गतेदेखि उक्त जिम्मेवारी पदमा आसिन हुनुभई नेतृत्वदायी भूमिका निर्वाह गर्नुभएकोमा गुठीले सगौरव हार्दिक बधाई-ज्ञापन गर्दै वहाँको उत्तरोत्तर प्रगतिको शुभकामना व्यक्त गरिएको थियो ।

घ) श्री शम्भु श्रेष्ठ

यस गुठीका आजीवन सदस्य, दृष्टि साप्ताहिकका प्रधान सम्पादक **श्री शम्भु श्रेष्ठज्यू** प्रेस काउन्सिल नेपालको **'गोपालदास पत्रकारिता पुरस्कार'** २०७७ बाट पुरस्कृत भई सम्मानित हुनुभएकोमा गुठीले सगौरव हार्दिक बधाई-ज्ञापन गर्दै वहाँको उत्तरोत्तर प्रगतिको शुभकामना व्यक्त गरिएको थियो ।

ङ) डा. आभास मास्के

यस गुठीका सदस्य श्री सरिता श्रेष्ठ मास्केका सुपुत्र **डा. आभास मास्के** जापान, श्रीलङ्का र नेपालका लागि तीनवटा कृत्रिम भू-उपग्रह निर्माण गर्नको लागि स्थापित परियोजना 'BIRDS-3' को प्रवन्धक भई नेपालको पहिलो भू-उपग्रह **'नेपाल स्याट-१'** निर्माणमा महत्त्वपूर्ण योगदान पु-याएवापत २०७७ सालको नेपालको पाँचौं संविधान दिवसको अवसरमा सम्माननीय राष्ट्रपति विध्यादेवी भण्डारीज्यूको करकमलबाट 'राष्ट्रदीप चौथो' पदकबाट विभूषित हुनुभएकोमा गुठीको तर्फबाट सगौरव हार्दिक बधाई-ज्ञापन गर्दै वहाँको उत्तरोत्तर प्रगतिको शुभकामना व्यक्त गरिएको थियो ।

च) श्री उत्सव सिंह

यस गुठीका आजीवन सदस्यद्वय श्री महेन्द्र बहादुर सिंह तथा श्रीमती उषा थान्जू सिंहज्यूका कान्छा सुपुत्र श्री **उत्सव सिंह**ज्यूले अमेरिकाको टेक्सस् राज्यमा ३ जुलाई २०२१ मा सञ्चालित 'मिस्टर यू.एस.ए. (MR.USA) प्रो-ए.एम. प्रोफेसनल-अम्याच्योर क्वालिफायर बडीबिल्डिङ प्रतियोगितामा मेन्स् फिजिक तर्फ नाभिस र ओपन दुबै समूहमा 'स्वर्ण पदक' हासिल गर्नुभएकोमा गुठीको तर्फबाट सगौरव हार्दिक बधाई-ज्ञापन गर्दै वहाँको उत्तरोत्तर प्रगतिको कामना सहित शुभकामना व्यक्त गरिएको थियो ।

छ) श्री शकुन्तला शाक्य

यस गुठीका आजीवन सदस्य **श्री शकुन्तला शाक्य** नेपाल स्वास्थ्य विज्ञान अध्ययन संस्थान, स्तुपा कलेजमा क्याम्पस प्रमुख जस्तो गरिमामय पदमा नियुक्त हुनुभएकोमा उहाँको कार्यकालको पूर्ण सफलताका लागि गुठीले सगौरव हार्दिक बधाई-ज्ञापन गर्दै वहाँको उत्तरोत्तर प्रगतिको शुभकामना व्यक्त गरिएको थियो ।

ज) ई.श्री अन्जु मल्ल प्रधान

यस गुठीका आजीवन सदस्य तथा सोसाईटी अफ नेप्लिज आर्किटेक्ट्सका निवर्तमान अध्यक्ष **ई.श्री अन्जु मल्ल प्रधानज्यू** International Union of Architects (UIA), Region IV को Council Member जस्तो गरिमामय पदमा निर्वाचित हुनुभएकोमा गुठीको तर्फबाट सगौरव हार्दिक बधाई-ज्ञापन गर्दै वहाँको उत्तरोत्तर प्रगतिको शुभकामना व्यक्त गरिएको थियो ।

झ) प्रा.डा. श्री राजेश नाथ गोंगल

यस गुठीका आजीवन सदस्य **प्रा.डा. श्री राजेश नाथ गोंगलज्यू** Patan Academy of Health Science

(PAHS) को Vice-Chancellor जस्तो गरिमामय पदमा ९ अप्रिल २०२१ देखि नियुक्त हुनुभएकोमा गुठीको तर्फबाट सगौरव हार्दिक बधाई-ज्ञापन गर्दै वहाँको उत्तरोत्तर प्रगतिको कामना सहित शुभकामना व्यक्त गरिएको थियो ।

**ञ) श्री राजु महर्जन**

यस गुठीका आजीवन सदस्य **श्री राजु महर्जनज्यू** पाल्पा उद्योग वाणिज्य संघको अध्यक्ष जस्तो गरिमामय पदमा निर्विरोध निर्वाचित हुनुभएकोमा गुठीले सगौरव हार्दिक बधाई तथा शुभकामना व्यक्त गरिएको थियो ।

**ट) श्री उज्ज्वल प्रसाद कसजू**

यस गुठीका आजीवन सदस्य एवम् बुटवल शाखा कार्यसमिति सदस्य **श्री उज्ज्वल प्रसाद कसजूज्यू** बुटवल उद्योग वाणिज्य संघको अध्यक्ष जस्तो गरिमामय पदमा निर्विरोध निर्वाचित हुनुभएकोमा गुठीबाट सगौरव हार्दिक बधाई तथा शुभकामना व्यक्त गरिएको थियो ।

## १०. शैक्षिक गतिविधिः (विभिन्न सम्मानपत्र तथा छात्रवृत्ति पुरस्कार वितरण)

कोभिड महामारीको कारण शैक्षिक संस्थाहरूको वार्षिक तालिका अनुसार कार्यक्रम संचालन गर्न सम्भव नभएको हुँदा वार्षिक परीक्षा पनि समयमै हुन नसकेकोले गुठीबाट वितरण गरिने छात्रवृत्ति पुरस्कारबाट पुरस्कृत हुनुहुने सबै विद्यार्थीहरूको नाम समयमै उपलब्ध भएन । गुठीलाई जतिजना पुरस्कृत हुनेहरूको नाम प्राप्त भएको थियो सोही अनुसारको उहाँहरूको नाम तथा छात्रवृत्ति पुरस्कारको नाम जानकारी गराइएको थियो ।

**क. श्री नगर छात्रवृत्ति पुरस्कार**

काठमाडौंमा बसोबास गरेका गुठी सदस्यहरूका छोराछोरीहरूमध्ये एस.इ.इ. परीक्षामा सर्वाधिक अङ्क ल्याई उत्तीर्ण हुने छोरा र छोरी एक–एक जनालाई छात्रवृत्ति प्रदान गरिने उद्देश्यले तीनजना अक्षयकोष दाताहरू क्रमशः पूर्व अध्यक्षद्वय श्री श्यामसुन्दरलाल कक्षपती र श्री लक्ष्मण श्रेष्ठ तथा आजीवन सदस्य श्री पुष्प प्रधानबाट स्थापित यो पुरस्कार २०७६ सालको लागि रोजबर्ड स्कुल काठमाडौंबाट जि.पि.ए. ३.६५ ल्याई उत्तीर्ण हुने गुठीका आजीवन सदस्य श्रीमती आराधना श्रेष्ठ कर्माचार्य तथा श्री राजेश कर्माचार्यका सुपुत्र आरोग्य कर्माचार्यलाई प्रदान गरिने कुरा जानकारी गराइएको थियो ।

साथै २०७७ सालको लागि छोरातर्फ युनाइटेड स्कुल काठमाडौंबाट उत्कृष्ट नतिजा जि.पि.ए. ४.०० ल्याई उत्तीर्ण हुने गुठीका आजीवन सदस्य श्री उपेन्द्रमान कर्माचार्य तथा श्रीमती उषा कर्माचार्यका सुपुत्र आवर्तन मान कर्माचार्यलाई र ०७७ सालको लागि छोरीतर्फ काठमाडौं युनिभर्सिटी हाइस्कुल काठमाडौंबाट उत्कृष्ट नतिजा जि.पि.ए. ३.७५ ल्याई उत्तीर्ण हुने आजीवन सदस्य श्री विधान जोशी तथा श्रीमती हेमा जोशीका सुपुत्री विवेक्षा जोशीलाई प्रदान गरिने कुरा जानकारी गराइएको थियो ।

**ख. पद्मचन्द श्रेष्ठ स्मृति पुरस्कार**

काठमाडौंमा बसोबास गरेका गुठी सदस्य परिवारका छोरा-छोरीमध्ये नेपालबाट विज्ञान, व्यवस्थापन र मानविकी संकायमा १०+२ तहको परीक्षामा सर्वाधिक अंक ल्याई उत्तीर्ण हुने दुईजनालाई पुरस्कृत गर्ने उद्देश्यले श्रीमती चन्द्रलक्ष्मी श्रेष्ठबाट स्थापित यो छात्रवृत्ति पुरस्कार २०७६ सालको लागि काठमाडौं इन्स्टिच्यूट अफ साइन्स एण्ड टेक्नोलोजी स्कुलबाट उत्कृष्ट नतिजा जि.पि.ए. ३.१५ ल्याई उत्तीर्ण हुने गुठीका आजीवन सदस्य श्री चैतन्य प्रकाश प्रधानका छोरा श्री आकर्षण प्रधानलाई र २०७७ सालको लागि युलियन्स् सेकेण्डरी स्कुलबाट उत्कृष्ट नतिजा जि.पि.ए. ३.३९ ल्याई उत्तीर्ण हुने गुठीका आजीवन सदस्य श्री आराधना श्रेष्ठ कर्माचार्यकी छोरी सुश्री नन्दिता कर्माचार्यलाई प्रदान गरिने कुरा जानकारी गराइएको थियो ।

**ग. दशरथ-मिथिला छात्रवृत्ति पुरस्कार**

त्रिभुवन बहुमुखी क्याम्पस तानसेनबाट बि. ए. र बि.बि. एस्.को परीक्षामा सर्वाधिक अङ्क ल्याई उत्तीर्ण हुने दुईजना विद्यार्थीहरूलाई पुरस्कार प्रदान गर्ने उद्देश्यले कविराज श्री दशरथ मान सिंह तथा श्रीमती मिथिला देवी सिंहबाट स्थापित यो पुरस्कार २०७६ सालको बि.ए. तर्फ श्री पुरन पोखरेल (५७.२९%) लाई र २०७७ सालको बि.बि.एस. तर्फ श्री अनिश आचार्य (५६.३०%) लाई प्रदान गरिने कुरा जानकारी गराइएको थियो ।

**घ. सिध्दि सकल तुल्सी कृष्ण ईन्द्र दुर्गा स्मृति पुरस्कार**

त्रिभुवन बहुमुखी क्याम्पस, तानसेनबाट विज्ञान संकायबाट स्नातक तह (बि.एस्सी) को परीक्षामा सर्वोच्च अङ्क ल्याई उत्तीर्ण हुने एकजना विध्यार्थीलाई चाँदीको करूवा सहित प्रमाण-पत्र प्रदान गर्ने उद्देश्यले अमृतमान श्रेष्ठ तथा श्रीमती पृथ्वीकुमारी श्रेष्ठबाट स्थापित यो पुरस्कार २०७६ सालको लागि सबिना पन्त (६४.१०%) लाई र २०७७ सालको लागि त्रिविक्रम खड्का (६७.८०%) लाई प्रदान गरिने कुरा जानकारी गराइएको थियो ।

### ङ. जुन-लोक थापा पुरस्कार

लुम्बिनी मेडिकल कलेज एण्ड रिसर्च सेन्टर, प्रभास तानसेनबाट एम.बि.बि.एस. मा सर्वोच्च अङ्क ल्याई उत्तीर्ण हुने एकजना विद्यार्थीलाई स्वर्ण पदक सहित प्रमाणपत्र प्रदान गर्ने उद्देश्यले डा. जुन थापा मल्ल तथा डा. लोक विक्रम थापाबाट स्थापित यो पुरस्कार २०७६ सालको लागि डा. विवेक पौड्याल (७९.६७%) लाई र २०७७ सालको लागि डा. निशा भट्टराई (७७.९३%) लाई प्रदान गरिने कुरा जानकारी गराइएको थियो ।

### च. मुक्ति प्रसाद-लक्ष्मी कुमारी स्मृति छात्रवृत्ति पुरस्कार

त्रिभुवन बहुमुखी क्याम्पस तानसेनबाट स्नातकोत्तर तहमा नेपाली विषय लिई सर्वाधिक अंक ल्याई उत्तीर्ण हुने एकजना विद्यार्थीलाई चाँदीको तक्मा सहित प्रमाणपत्र प्रदान गर्ने उद्देश्यले श्री शुभ श्रेष्ठबाट स्थापित यो पुरस्कार २०७६ सालको लागि श्री बाला सारू (३.५६) लाई प्रदान गरिने कुरा जानकारी गराइएको थियो ।

### छ. जगत बहादुर जोशी-रूद्र बहादुर जोशी स्मृति साहित्य पुरस्कार

साहित्यिक क्षेत्रमा योगदान पु-याउने एकजना पाल्पाली साहित्यकारलाई कदरस्वरूप पुरस्कृत गर्ने उद्देश्यले गुठीका आजीवन सदस्य श्री रेणुका देवी जोशीबाट स्थापित यो पुरस्कार २०७७ सालको लागि साहित्यकार श्री गंगा लिगलज्यूलाई र २०७८ सालको लागि साहित्यकार श्री पुष्कर राज रेग्मीज्यूलाई प्रदान गरिने कुरा जानकारी गराइएको थियो ।

### ज. जीवन–जयन्ती उत्कृष्ट पर्यटक पथ–प्रदर्शक पुरस्कार

नेपालको पर्यटन विकासमा देशको अवैतनिक राजदूत मानिने पर्यटक पथ–प्रदर्शकहरूको सम्मान र प्रोत्साहनको लागि तथा आफ्नो पेशाप्रति थप उर्जा प्राप्त होस् भन्ने उद्देश्यले आजीवन सदस्य तथ पूर्व–कार्यकारी सदस्य श्री जयन्ती श्रेष्ठज्यूबाट स्थापित उक्त पुरस्कार २०७७ सालको लागि वरिष्ठ पर्यटक पथ–प्रदर्शक श्री महेन्द्र कुमार श्रेष्ठज्यूलाई र २०७८ सालको लागि वरिष्ठ पर्यटक पथ–प्रदर्शक श्री रमेश खतिवडाज्यूलाई प्रदान गरिने कुरा जानकारी गराइएको थियो ।

प्रत्येक वर्ष तानसेनमा वितरण गरिँदै आएको धार्मिक तथा स्वास्थ्य क्षेत्रका अक्षयकोषका सहयोगहरू २०७७ र २०७८ सालको (दुईवर्ष) एकमुष्ट तानसेनमा विशेष कार्यक्रमको आयोजना गरी वितरण गरिसकेको जानकारी गराइएको थियो ।

## ११. स्वास्थ्य क्षेत्रमा सहयोग

### क. गोविन्द-ईन्दिरा अक्षयकोष

आर्थिक अवस्था कमजोर भएका तानसेनवासी गुठी परिवारका बिरामी सदस्यलाई उपचारको लागि सहयोग गर्ने उद्देश्यले स्थापित यस कोषबाट २०७७ सालको लागि लामो समयदेखि प्यारालाइसिस् भएर अस्वस्थ **श्री पारस रत्न बज्राचार्यलाई रू.१९,९०५ ।-** प्रदान गरिएको थियो ।

### ख. नारायण-सरोज अक्षयकोष

आर्थिक अवस्था कमजोर भएका बिरामीलाई स्वास्थ्य उपचारको लागि सहयोग गर्ने उद्देश्यले स्थापित यस कोषबाट २०७७ सालको लागि केही वर्ष अगाडि देखि मृगौला रोगबाट पीडित हुनुभएका तानसेन नगरपालिका वार्ड.नं. ३ का माधव दयाल सैंजूलाई रू.१२,००० ।- प्रदान गरिएको थियो ।

### ग. तेजलक्ष्मी-लाल प्रसाद श्रेष्ठ स्मृति अक्षयकोष

आर्थिक अवस्था कमजोर भएका बिरामीलाई स्वास्थ्य उपचारको लागि सहयोग गर्ने उद्देश्यले स्थापित यस कोषबाट २०७७ सालको लागि तानसेन असनटोल निवासी श्रीमती अन्जु जोशीलाई स्वास्थ्य सहयोग ३,५०० ।– र स्वास्थ्य विमा वापत ३,५०० ।- प्रदान गरिएको थियो ।

### घ. मूर्तेन्द्र-मोहन माया स्मृति अक्षयकोष

पाल्पा तानसेनमा बसोबास गर्ने आर्थिक अवस्था कमजोर भएका बिरामीलाई स्वास्थ्य उपचारको लागि सहयोग गर्ने उद्देश्यले स्थापित यस कोषबाट २०७७ सालको लागि लामो समय देखि प्यारालाइसिस् भएर अस्वस्थ **श्री पारस रत्न बज्राचार्यलाई रू.३,००० ।-** प्रदान गरिएको थियो ।

### ङ. जय-चिरञ्जिवी स्मृति छात्रवृत्ति र वैधराज पूर्णलाल श्रेष्ठ अक्षयकोष

यस अक्षयकोषको सहयोग कसैको निवेदन तथा अनुरोध नआएको कारण अर्को वर्ष वितरण गरिने जानकारी गराइएको थियो ।

## १२. धार्मिक क्षेत्रमा निम्नलिखित ८ वटा कोषबाट प्राप्त सहयोग रकम तानसेनमा पठाइसकेको जानकारी गराइएको थियो ।

- नेपाल सरकार भगवतीजात्रा अक्षयकोष
- रामलाल-ज्योतीलाल स्मृति अक्षयकोष
- वेणीप्रसाद-ज्योतीलक्ष्मी स्मृति अक्षयकोष
- धर्मराज-सूर्यकुमारी स्मृति अक्षयकोष
- नारायण प्रसाद महाजन-हरिलाल वैध्य स्मृति अक्षयकोष

- गृह-गीता अक्षयकोष
- यज्ञ प्रसाद(प्यूठानी माईला)-भगवतीमायाँ कक्षपति स्मृति अक्षयकोष
- उमा-गणेश नारायण स्मृति अक्षयकोष

### १३. मन्तव्य

उक्त सभाका प्रमुख अतिथि, गुठीका पूर्व अध्यक्ष श्रध्देय ई.श्री करूणा गोविन्द श्रेष्ठज्यूबाट शुभकामना मन्तव्य व्यक्त गर्ने क्रममा दक्षिणाको रूपमा गुठीलाई रू.१०,००० ।- दिनुभएको थियो । साथै गुठीका पूर्व अध्यक्षद्वय श्री हेमन्तराज कोलाक्षपती, श्री शरण रत्न शाक्य र आजीवन सदस्य श्री अशोक महर्जनज्यूबाट शुभकामना मन्तव्य व्यक्त गर्नुभएको थियो ।






### १४. कार्यक्रम सञ्चालन

कार्यक्रम सञ्चालक श्री जयन्ती श्रेष्ठबाट गुठीले कार्यक्रम सञ्चालन गर्ने सुअवसर दिनु भएकोमा गुठीप्रति आभार व्यक्त गर्नुका साथै उक्त सभामा धैर्यताका साथ भौतिक रूपमा तथा भर्चुअल्ली सहभागिता जनाउनुभै सभ्य र भव्य तरिकाले कार्यक्रम सञ्चालन गर्न सहयोग पु-याउनु भएकोमा सबैमा कृतज्ञता-ज्ञापन गर्नुभएको थियो ।




### १५. धन्यवाद-ज्ञापन तथा नयाँ कार्यसमितिको नाम घोषणा

कार्यक्रमको अन्तमा गुठीका अध्यक्ष तथा सभाका सभाध्यक्ष श्री सर्जुमान लिगलज्यूबाट आफ्नो मन्तव्य, धन्यवाद-ज्ञापन तथा नयाँ कार्यसमितिको नाम घोषणा गरिएको थियो ।



### १७. धन्यवादसहित सभा विसर्जन

गुठीको नयाँ कार्यसमितिका अध्यक्ष श्री निलम गोंगल श्रेष्ठज्यूबाट आफ्नो मन्तव्य दिने क्रममा आगामी योजना र कार्यक्रमको बारेमा प्रकाश पार्नुभई अन्तमा सभा विसर्जन गर्नुभएको थियो ।



### १६. नेवा: भ्वय्

कार्यक्रमको अन्तमा गुठीबाट परम्परागत रूपमा व्यवस्था गरिएको नेवारी भोजमा रमाइलो वातावरणमा सबै गुठियारहरू सरिक हुनुभएको थियो । यसरी गुठीको २८ र २९ औं वार्षिक भेला तथा साधारण सभाको कार्यक्रम सीमित गुठियारहरूको उपस्थतिमा सभ्य तथा भव्य तरिकाले रमाईलो वातावरणमा सम्पन्न गरिएको थियो ।








*गुठीको २९ औं वार्षिक भेला कार्यक्रममा नेवा: भ्वय्‌मा सरिक हुँदै गुठी परिवारका सदस्यहरू*



*गुठीको २९ औं वार्षिक भेला कार्यक्रममा उपस्थित गुठी परिवारका सदस्यहरू*



*गुठीको २९ औं वार्षिक भेला कार्यक्रममा गठन गरिएको नयाँ कार्यसमिति*

# तानसेन गुठी काठमाडौंको जात्रा तथा सांस्कृतिक पर्व र स्वास्थ्य सहयोग (आर्थिक) पाल्पा शाखाबाट हस्तान्तरण

आ.व. २०७८/०७९

| सि.न. | मन्दिर तथा सांस्कृतिक पर्व | ठेगाना | प्राप्तगर्ने ब्यक्ती | रकम | |
|---|---|---|---|---|---|
| १ | श्री रणउजीरेश्वरी भगवती मन्दिर | भगवती टोल | श्री भीमसेन कार्की | ८५४६४ | ०० |
| २ | श्री नगर सिद्धि विनायक मन्दिर | श्रीनगर | श्री केदार लाल श्रेष्ठ | १२१८८ | ०० |
| ३ | श्री सूर्य विनायक गणेश मन्दिर | टक्सार टोल | श्री मंगल प्रसाद बज्राचार्य | २१८८ | ०० |
| ४ | श्री बुध्द रथयात्रा गुठी | टक्सार टोल | श्री त्रिरत्नलाल शाक्य | २१८८ | ०० |
| ५ | श्री भिमसेन मन्दिर | भगवती टोल | श्री मनोहर लाल श्रेष्ठ | ४१८८ | ०० |
| ६ | श्री भिमसेन मन्दिर | भिमसेन टोल | श्री शम्भु रत्न मुनंकमी | ४१८८ | ०० |
| ७ | श्री आनन्द बिहार | भिमसेन टोल | श्री संजयराज शाक्य | २१८८ | ०० |
| ८ | श्री बट्टुक भैरव मन्दिर | अमरगन्जा | श्री शुवर्ण मुनी शाक्य | १२३०३ | ०० |
| ९ | श्री लक्ष्मी नारायण मन्दिर | बसन्तपुर टोल | श्री महेन्द्र भट्टराई | २१८८ | ०० |
| १० | श्री पाल्पा भैरब मन्दिर | पाल्पा भैरवस्थान | श्री गोविन्दपोखरेल | ३५०० | ०० |
| ११ | श्री काल भैरव मन्दिर | टक्सार टोल | श्री रामलालशाक्य | २१८८ | ०० |
| १२ | श्री अमर नारायण मन्दिर | नारायण टोल | श्री महेश्वर श्रेष्ठ | १७२४९ | ०० |
| १३ | श्री देउराली सांस्कृतिक प्रतिस्थान | पाल्पा तानसेन | श्री मदन देउराली | १०००० | ०० |
| १४ | श्री हाँस्य व्यङ्गकार तथा नाट्यकला सांस्कृतिक | पाल्पा बसपार्क | श्री किरण चित्रकार | ४६५९ | ०० |
| १५ | श्री लाखे नृत्य समुह | पाल्पा बसपार्क | श्री किरण चित्रकार | ५००० | ०० |
| १६ | श्री धवल पुस्तकालय सहयोगार्थ | मेहलधारा टोल | श्री युवराज पौडेल | १७६६२ | ०० |
| १७ | स्वास्थ्य उपचार सहयोगार्थ | मखन टोल | श्री सुरेस बहादुर बज्राचार्य | २७७५६ | ०० |
| १८ | स्वास्थ्य बिमा सहयोगार्थ | नारायण टोल | श्री अन्जु जोशी | ३५०० | ०० |
| | जम्मा रकमगएको | पाल्पाशाखा | तानसेन गुठी पाल्पा शाखा | २१८५९७ | ०० |

## गुठीको बार्षिक जात्रा तथा सांस्कृतिक पर्व , स्वास्थ्य आर्थिक सहयोग
## अक्षयकोष दाता / ब्याज

आ.व २०७७/०७८

| सि.न. | मन्दिर तथा सांस्कृतिक पर्व | दाता ठेगाना | दाताहरु | रकम | |
|---|---|---|---|---|---|
| १ | नेपाल सरकार | काठमाडौं | नेपाल सरकार | १८४४५ | ०० |
| २ | बेणी प्रसाद श्रेष्ठ ज्योती लक्ष्मी श्रेष्ठ | ,, | श्री आनन्द, विनोद, बिज्ञान, प्र श्रेष्ठ | ३०७६ | ०० |
| ३ | धर्मराज सूर्य कुमारी लिगल अक्षयकोष | ,, | श्री पृथ्वी राज लिगल | ६३१६ | ०० |
| ४ | यज्ञ प्रसाद भगवतीमायाँ अक्षयकोष | ,, | भगवतीमायाँ कक्षपती | ७०२० | ०० |
| ५ | रामलाल ज्योतीलाल अक्षयकोष | ,, | श्यामसुन्दरलाल कक्षपती | ६९४३ | ०० |
| ६ | नारायण प्र. महाजन हरि प्र. माहाजन | ,, | डा.श्री चिरञ्जीवीलाल प्रधान | ६३१२ | ०० |
| ७ | मूतेन्द्र मोहनमायाँ अक्षयकोष | ,, | श्री हित सिंह तथा परिवारहरु | १८५१९ | ०० |
| ८ | गुह गिता सिंह अक्षयकोष | ,, | श्री गृहमान सिंह | ३०८५ | ०० |
| ९ | प्रतीमान निमा स्मृति अक्षयकोष | ,, | श्री दिपक बोहरा | ६३१२ | ०० |
| १० | सुर्य चन्द्र स्मृति अक्षयकोष | ,, | श्री दिव्यमान बैश्यत परिवार | १२६४२ | ०० |
| ११ | तेज लक्ष्मी लाल प्रसाद श्रेष्ठ अक्षयकोष | ,, | श्री दिल प्रसाद श्रेष्ठ | ३००० | ०० |
| १२ | बैद्य गणेश कुमारी चन्द्र कुमारी श्रेष्ठ स्मृति | ,, | श्री रेणुका देवीजोशी | ३१५६ | ०० |
| १३ | उमा देवी गणेश नारायण श्रेष्ठ स्मृति | ,, | श्री रमेश नारायण श्रेष्ठ | ६३८२ | ०० |
| १४ | नारायण शरोज अक्षयकोष | ,, | श्री नारायण प्रसाद श्रेष्ठ | १७९०० | ०० |
| १५ | दुर्गालाल ज्योतीलाल अक्षयकोष | ,, | श्री पुष्पलाल कक्षपती | ३२७५० | ०० |
| १६ | भगवती प्रसाद गिता देवी थान्जु | ,, | श्री राजेन्द्र प्रसाद थान्जु | ६७८० | ०० |
| १७ | गणेश प्रसाद सानुमायाँ महालक्ष्मी थान्जु | ,, | श्री  महालक्ष्मी थान्जु | ६३१६ | ०० |
| १८ | अमर गङ्गा बटुक भैरब | ,, | श्री विजयलक्ष्मी लाकौल श्रेष्ठ | १०११५ | ०० |
| १९ | मुतेन्द्र मोहनमायाँ स्मृति स्वास्थ्य | ,, | श्री हित सिंह तथा परिवारहरु | ९००० | ०० |
| २० | हरि प्रसाद कृष्ण मायाँप्रधान स्मृति | ,, | क्या.श्री रविन्द्र प्रसाद प्रधान | ४९८६ | ०० |
| २१ | हरि प्रसाद कृष्ण मायाँ प्रधान स्मृति | ,, | श्री सतिश प्रसाद प्रधान | ४१०७ | ०० |
| २२ | नारायण सरोज स्वास्थ्य अक्षयकोष | ,, | मि.सु श्री नारायण प्रसाद श्रेष्ठ | १०५०५ | ०० |
| २० | मुर्तेन्द्र मोहनमायाँ स्मृति स्वास्थ्य | ,, | श्री हित सिंह तथा परिवारहरु | ३००० | ०० |
| २१ | सूर्र्य – भिमकुमारी अक्षयकोष | ,, | श्री भिमकूमारी मलेकु | ७६९० | ०० |
| | जम्माजम्मी | | तानसेन शाखामा गएको | २१८५९७ | ०० |

## छात्रवृत्ती तथा स्वास्थ्य उपचार सहयोगको तानसेन शाखाको कार्यक्रममा वितरण हुने विवरण

आ.व. २०७७/७८

| सि.नं. | अक्षय कोष | व्याज | संख्या | नाम | विद्यालय | कक्षा | जिपिए | रकम |
|---|---|---|---|---|---|---|---|---|
| १ | दिब्यमान बैश्यत स्मृति छात्रवृत्ति | ३१३०।०० | १ | अमन कार्की | पद्म पब्लिक नमुना | एस.इ.इ. | ३.६ | ३१३०।०० |
| २ | जीत गोविन्द चन्द्र कुमारी छात्रवृत्ति | ५९००।०० | ३ | दिप्ती गैरे | जनता मा.बि. | एस.इ.इ. | ४.० | १४७५।०० |
| | | | | वर्षा पोखरेल | जनता मा.बि. | एस.इ.इ. | ४.० | १४७५।०० |
| | | | | सोभना पौडेल | जनता मा.बि. | कक्षा ६ | | २९५०।०० |
| ३ | नारायण सरोज छात्रवृत्ति | | १ | कुसुम रेग्मी | महेन्द्र बोधी मा.बि. | कक्षा ९ | | १०५०५।०० |
| ४ | दशरथ मिथिला छात्रवृत्ति | ६३४०।०० | २ | | त्रिभुवन बहुमुखी क्याम्पस | बि.ए. | | ३१७०।०० |
| | | | | समिक्षा थापा | त्रिभुवन बहुमुखी क्याम्पस | बि.बि.एस. | ५४.१ | ३१७०।०० |
| ५ | शिवनाथ यमुना देवी गोंगल छात्रवृत्ति | १३१७०।०० | २ | अंशुबर्मा अर्याल | दमकडा मा.वि. | कक्षा ८ | ४.० | ६५८५।०० |
| | | | | मनिषा कंडेल | सरस्वति मा.वि. | कक्षा ९ | ४.० | ६५८५।०० |
| ६ | मूर्तेद्र मोहन स्मृति छात्रवृत्ति | १२०००।०० | ६ | श्रीधर बश्याल | जनता मा.वि. | कक्षा १० | | २०००।०० |
| | | | | श्रीशा पोखरेल | जनता मा.वि. | कक्षा १० | | २०००।०० |
| | | | | अर्पणा बज्राचार्य | मोहन कन्या मा.वि. | कक्षा १० | | २०००।०० |
| | | | | सुरक्षा पाण्डे | मोहन कन्या मा.वि. | कक्षा १० | | २०००।०० |
| | | | | मनिसा आले | पद्म पब्लिक नमुना | कक्षा १० | | २०००।०० |
| | | | | पुष्पा रासकोटी | पद्म पब्लिक नमुना | कक्षा १० | | २०००।०० |
| ७ | अनन्त मथुरा राजभण्डारी अक्षय कोष | ६४४२।०० | २ | मनोज सारु | पद्म पब्लिक नमुना | एस.इ.इ. उत्कृष्ट | २।८ | ३२२१।०० |
| | | | | बिमल ढेंगा | पद्म पब्लिक नमुना | एस.इ.इ. उत्कृष्ट | ३।०५ | ३२२१।०० |
| ८ | तेज कुमारी गणेश बहादुर स्मृति | ३७९५।०० | १ | वर्षा गाहा | सेन मा.बि. | गरिब छात्रा कक्षा १० | | ३७९५।०० |
| ९ | महालक्ष्मी श्रेष्ठ स्मृति छात्रवृत्ति | ६५५६।०० | १ | सन्दिप कुमाल | देववाणी संकृत मा.बि. | कक्षा १० | | ६५५६।०० |
| १० | देवी सरस्वती अक्षयकोष | ६५३५।०० | १ | शिवहरी लम्साल | जनता मा.बि. | कक्षा ८ | | ६५३५।०० |
| ११ | देव लक्ष्मी,शान्ति लक्ष्मी अक्स्जस्यकोष | ७११७।०० | १ | दुर्गा हेमचुरी | पद्म पब्लिक नमुना | कक्षा ८ | | ७११७।०० |
| १२ | जय चिरन्जीवी स्मृति छात्रवृत्ति | ६८२०।०० | १ | विनायक खाती | तानसेन नर्सिंग स्कुल | नर्सिंग प्रथम वर्ष | ८।२ | ६८२०।०० |
| | पाल्पा शाखामा पठाउने रकम | ८८३१०।०० | | | | | | ८८३१०।०० |

## छात्रवृत्ती तथा स्वास्थ्य उपचार सहयोगको तानसेन शाखाको कार्यक्रममा वितरण हुने विवरण

आ.व. २०७८/७९

| सि.नं. | अक्षय कोष | व्याज | संख्या | नाम | विद्यालय | कक्षा | जिपिए | रकम |
|---|---|---|---|---|---|---|---|---|
| १ | दिब्यमान बैश्यत स्मृति छात्रवृत्ति | ३१५३।०० | १ | अमन बर्मा | पद्म पब्लिक नमुना | एस.इ.इ. | ३.० | ३१५३।०० |
| २ | जीत गोविन्द चन्द्र कुमारी छात्रवृत्ति | ६१००।०० | ३ | एन्जिला बश्याल | जनता मा.बि. | एस.इ.इ. | ३.७ | १५२५।०० |
| | | | | सिर्जल श्रेष्ठ | जनता मा.बि. | एस.इ.इ. | ३.७ | १५२५।०० |
| | | | | प्रजिता राना | जनता मा.बि. | कक्षा ६ | | ३०५०।०० |
| ३ | नारायण सरोज छात्रवृत्ति | ९०००।०० | १ | पुष्पा लिम्बु | महेन्द्र बोधी मा.बि. | कक्षा ९ | | ९०००।०० |
| ४ | दशरथ मिथिला छात्रवृत्ति | ६९००।०० | | सुर्य बहादुर कवर | त्रिभुवन बहुमुखी क्याम्पस | बि.ए. | ५४.५ | ३४५०।०० |
| | | | | माया बश्याल | त्रिभुवन बहुमुखी क्याम्पस | बि.बि.एस. | ५४.३५ | ३४५०।०० |
| ५ | शिवनाथ यमुना देवी गोंगल छात्रवृत्ति | १३२२०।०० | २ | इशान काफ्ले | दमकडा मा.बि. | कक्षा ८ | ४.० | ६६१०।०० |
| | | | | अनुपमा आले | जनता मा.बि. | कक्षा ९ | ३.८ | ६६१०।०० |
| ६ | मूर्तेन्द्र मोहन स्मृति छात्रवृत्ति | ९०००।०० | ६ | भुवन लम्साल | जनता मा.बि. | कक्षा १० | | १५००।०० |
| | | | | प्रशंसा पन्थी | जनता मा.बि. | कक्षा १० | | १५००।०० |
| | | | | बिपना बश्याल | मोहन कन्या मा.बि. | कक्षा १० | | १५००।०० |
| | | | | भिमु चिदी | मोहन कन्या मा.बि. | कक्षा १० | | १५००।०० |
| | | | | निशा आले | पद्म पब्लिक नमुना | कक्षा १० | | १५००।०० |
| | | | | बिष्णु लामिछाने | पद्म पब्लिक नमुना | कक्षा १० | | १५००।०० |
| ७ | अनन्त मथुरा राजभण्डारी अक्षय कोष | ६३००।०० | २ | यम कुमारी श्रेष्ठ | पद्म पब्लिक नमुना | एस.इ.इ. उत्कृष्ट | २.३५ | ३१५०।०० |
| | | | | ऋतु बि.क. | पद्म पब्लिक नमुना | एस.इ.इ. उत्कृष्ट | २।३५ | ३१५०।०० |
| ९ | तेज कुमारी गणेश बहादुर स्मृति | ४३७०।०० | १ | पुजागाहा | सेन मा.बि. | गरिब छात्रा कक्षा १० | | ४३७०।०० |
| १० | महालक्ष्मी श्रेष्ठ स्मृति छात्रवृत्ति | ६३८२।०० | १ | अनुष्का ढकाल | देववाणी संकृत मा.बि. | कक्षा १० | | ६३८२।०० |
| ११ | देवी सरस्वती अक्षयकोष | ६७८८।०० | १ | युज्जल झेंडी | जनतु मा.बि. | कक्षा ८ | | ६७८८।०० |
| १२ | देव लक्ष्मी,शान्ति लक्ष्मी अक्षयकोष | ७३९३।०० | १ | जानु माया हिस्की | पद्म पब्लिक नमुना | कक्षा ८ | | ७३९३।०० |
| १३ | लाले जोकर स्मृति छात्रवृत्ति | १५२७।०० | १ | संजिव पाठक | दमकडा मा.बि. | एस.इ.इ. दृष्टि बिहिन | | १५२७।०० |
| | पाल्पा शाखामा पठाउने रकम | ८०१३३।०० | | | | | | ८०१३३।०० |

| छात्रवृत्ति तथा नगद पुरस्कार काठमाण्डौंमा वितरण २०७६/०७७/०७८/०७९ | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | छात्रवृत्ति अक्षयकोष | व्याज जम्मा | संख्या | नाम | बिद्यालय तथा ठेगाना | शिक्षा | जिपिए | अन्य | नगद |
| १ | श्यामरत्न स्मृति छात्रवृत्ति २०७/०७८ | १४९१८।०० | २ | सागर गिरी | मिलेनियम सेके | १०+२ | ३.६९ | प्र.पत्र | ७४५५ ।०० |
| | | | | खुसी ज्ञवाली | न्यू होराईजन | १०+२ | ३.६९ | प्र.पत्र | ७४५५ ।०० |
| | श्यामरत्न स्मृति छात्रवृत्ति २०७८/०७९ | १२३३९।०० | २ | दानु मश्राङ्गी | न्यू होराईजन | १०+२ | ३.५४ | प्र.पत्र | ६१५० ।०० |
| | | | | शंशाक थापा क्षेत्री | न्यू होराईजन | १०+२ | ३.४३ | प्र.पत्र | ६१५० ।०० |
| २ | श्री नगर छात्रवृत्ति २०७६/०७७ | ६२९०।०० | ४ | आरोग्य कर्माचार्य | रोडबड स्कूल | एस इ इ | ३.६५ | प्र.पत्र | ३१००।०० |
| | श्री नगर छात्रवृत्ति २०७७/०७८ | | | आवर्तन मान कर्मचार्य | काठमाडौं यूनिभर्सिटी स्कुल | एस इ इ | ४.०० | प्र.पत्र | १५७०।०० |
| | श्री नगर छात्रवृत्ति २०७७/०७८ | | | विवेक्षा जोशी | यूनाईटेड स्कुल | एस इ इ | ३.७५ | प्र.पत्र | १५७०।०० |
| | श्री नगर छात्रवृत्ति २०७८/०८९ | | | बिमर्स मुनंकमी | द चाँदबाग स्कुल | एस इ इ | ३.३५ | प्र.पत्र | १५७०।०० |
| ३ | पदमचन्द स्मृति छात्रवृत्ति २०७७/०७८ | १२६८४।०० | २ | आकर्षण प्रधान | काठमाडौं ई.सेकेण्डरी स्कुल | १०+२ | ३.१५ | प्र.पत्र | ६३४०।०० |
| | पदमचन्द स्मृति छात्रवृत्ति २०७८/०७९ | | | नन्दिता कर्माचार्य | | १०+२ | | प्र.पत्र | ६३४०।०० |
| ४ | इन्द्र पद्म स्मृति संस्कृति अक्षयकोष २०७७/०७८ | ९४४२।०० | १ | | | | | प्र.पत्र | |
| | इन्द्र पद्म स्मृति संस्कृति अक्षयकोष २०७८/०७९ | ९३००।०० | १ | हरिशरण राजोपाध्याय | भक्तपुर , | | | प्र.पत्र | |
| ५ | सिद्धिसकल तुल्सी कृष्ण इन्द्र दुर्गा स्मृति २०७६/०७७ | ११०५०।०० | १ | सबिना पन्थ | त्रिभुवन ब. क्याम्पस | बि. एस्सी | ६४.१० प्र | करुवा | |
| | सिद्धिसकल तुल्सी कृष्ण इन्द्र दुर्गा स्मृति २०७७/०७८ | १०४१०।०० | १ | त्रिविक्रम खड्का | त्रिभुवन ब. क्याम्पस | बि. एस्सी | ६४.८० प्र | करुवा | |
| | सिद्धिसकल तुल्सी कृष्ण इन्द्र दुर्गा स्मृति २०७८/०७९ | ९३५०।०० | १ | | | | | करुवा | |
| ६ | जगत बहादुर जोशी साहित्यक २०७६/०७७ | ४६६७।०० | १ | आ.स.श्री गंगा लिगल | | साहित्यकार | | स.पत्र | |
| | जगत बहादुर जोशी साहित्यक २०७७/०७८/०७९ | ६३९८।०० | १ | पुस्कर राज रेग्मी | | साहित्यकार | | स.पत्र | |
| ७ | जुनथापा– लोक विक्रम थापा २०७६/०७७ | ७८३०।०० | १ | डा. विवेक पौंडेल | चिदीपानी पाल्पा, हाल | एम.बि.बि.एस. | | स्वर्ण तक्मा | |
| | जुनथापा– लोक विक्रम थापा २०७७/०७८ | ६८०८।०० | १ | डा. निशा भट्टराई | | एम.बि.बि.एस. | | स्वर्ण तक्मा | |
| | जुनथापा– लोक विक्रम थापा २०७८/०७९ | ६६२७।०० | १ | डा. आशिष पौडेल | | एम.बि.बि.एस. | | स्वर्ण तक्मा | |
| ८ | मुक्ति प्रसाद लक्ष्मीकुमारी स्मृति २०७७/०७८ | ७१३२।०० | १ | बाला सारु | त्रिभुवन ब. क्याम्पस | एम ए | ३.५६ | टक्मा | ७१३२।०० |
| ९ | जीवन –जयन्ती अक्षयकोष २०७६/०७७ | ११४७३।०० | १ | महेन्द्र श्रेष्ठ | टुगार्न सिफारिस नेपाल | अंग्रेजी र जर्मन टुर गाइड | सम्मानपत्र | करुवा | |
| | जीवन–जयन्ती अक्षयकोष २०७७/०७८ | १०८१२।०० | १ | रमेश खतिवडा | टुगार्न सिफारिस नेपाल | अंग्रेजी र जर्मन टुर गाइड | सम्मानपत्र | करुवा | |
| | जीवन–जयन्ती अक्षयकोष २०७८/०७९ | ९३४८।०० | १ | सोमी तुलाधर | | अंग्रेजी, जापनीज, जर्मन टुर गाईड | सम्मानपत्र | करुवा | |
| | जम्माजम्मी | १३६३३०।०० | | | | | | | |

# इन्फ्लूएन्जा तथा निमोनिया खोप कार्यक्रम



**सुबोध लाल श्रेष्ठ**
कार्यकारी सदस्य तथा स्वास्थ्य संयोजक
तानसेन गुठी

यस गुठीले २९ वसन्त पार गरी सकेको छ। सुन्दर नगरी तानसेन पाल्पाबाट काठमाडौं आई समाजको विभिन्न क्षेत्रमा योगदान गरी यहीं बसोवास गरिरहनु भएका नेवार समुदायलाई एक सूत्रमा राख्ने हेतुले यस गुठीको स्थापना गर्नुहुने संस्थापकज्यूहरूप्रति हार्दिक कृतज्ञता प्रकट गर्दछु। स्थापनाकाल देखि नै गुठीले विभिन्न कार्यक्रमहरूको आयोजना गर्दै आएको सबैमा विदितै छ। हाल यस गुठीमा ३९४ जना आजीवन तथा १६६जना साधारण सदस्यहरू हुनुहुन्छ।

उहाँहरूमध्ये केही आजीवन सदस्यज्यूहरूबाट स्वस्फूर्त प्रदान गर्नुभएको अक्षयकोषको अभिभावकत्व यस गुठीले ग्रहण गरी अक्षयकोष दाताहरूको इच्छा अनुसार अक्षयकोषको वार्षिक व्याज रकमबाट शिक्षा, स्वास्थ्य, धार्मिक तथा पर्यटन क्षेत्रको विभिन्न विधामा पुरस्कार, छात्रवृत्ति तथा सञ्चालन खर्चमा सहयोग प्रत्येक वर्ष प्रदान गर्दै आएको छ। विशेषत: शिक्षा क्षेत्रतर्फ तानसेनस्थित विद्यालय, क्याम्पस तथा मेडिकल कलेजबाट उच्चशिक्षाको विभिन्न तहमा सर्वोत्कृष्ट अंक प्राप्त गर्ने विद्यार्थीहरूलाई पुरस्कार र छात्रवृत्ति तथा पदक प्रत्येक वर्षको वार्षिक भेला कार्यक्रममा प्रदान गर्दै आएको छ। स्वास्थ्य क्षेत्रतर्फ कडा रोग लागेर औषधोपचार गर्न आर्थिक समस्या भएका गुठी सदस्यहरूमध्ये अवस्था हेरी सहयोग पनि प्रदान गरिंदैआएको छ। धार्मिकक्षेत्रतर्फ तानसेनस्थित विभिन्न देवीदेवताहरूको वार्षिक जात्रा सञ्चालनका लागि आवश्यक खर्चहरूमा केही रकमको सहयोग अक्षयकोषको व्याज रकमबाट गरिंदै आएको छ। त्यसै गरी पाल्पा जिल्लाको पर्यटन क्षेत्रको प्रवर्द्धनका लागि गतवर्ष एक अक्षयकोषको शुरुआत भएको छ, जुन स्वागत योग्य छ।

यसप्रकार गुठीले गुठी सदस्य तथा उहाँहरूका परिवारलाई गुठीप्रति आस्था बढाउन विभिन्न कार्यक्रमहरू जस्तै तीर्थयात्रा, ९०वर्ष वा सोभन्दा माथिका गुठी सदस्यहरू तथा उहाँहरूका पूजनीय मातारपिताहरूको सुस्वास्थ्य तथा दीर्घायुको कामना सहित ९० वर्ष पूजा कार्यक्रम (जेष्ठ नागरिक सम्मान), चिनारी प्रकाशन, युवा अभिमुखीकरण, स्वास्थ्य तथा खोप कार्यक्रमहरू गर्दै आएको छ।

मानव शरीरमा रोगप्रतिरोधात्मक क्षमता विकास गर्न खोपले महत्वपूर्ण भूमिका निर्वाह गर्दछ। यस कुरालाई मनन् गरी गुठीले आफ्ना सदस्यहरूको सुस्वास्थ्यलाई ध्यानमा राखी खोप कार्यक्रम सञ्चालन गर्ने निर्णय गरी आजीवन सदस्य तथा स्वास्थ्य तथा खोप उपसमितिका सल्लाहकार, प्रा. डा.श्री मनोहर लाल श्रेष्ठज्यूको विशेष पहलमा गतवर्ष २०७८







साल पौष ३ गते शनिबारका दिन श्री एन.के.सिंह मेमोरियल स्कुल, मिनभवन, काठमाडौंमा इन्फ्लूएन्जा तथा निमोनिया खोप कार्यक्रम आयोजना गरियो ।इन्फलूएन्जा खोप वर्षको एक पटक १० वर्ष भन्दा माथि उमेरका सबै व्यक्तिहरूले तथा निमोनियाको खोप प्रत्येक ५ वर्षमा एक पटक ५० वर्ष उमेर नाधेका व्यक्तिहरूले स्वास्थ्यको दृष्टिकोणबाट लिन आवश्यक भएकोले खोप लगाउने व्यवस्थाको शुरुआत गरिएको हो । विश्वव्यापी महामारी कोभिडको प्रभाव रहेकै बेलामा तेश्रो मुलुकबाट ती खोपहरूको आयात सहज नभएको परिस्थितिमा पनि सल्लाहकार प्रा.डा.श्री मनोहर लालश्रेष्ठज्यूको विशेष पहलमा सीमित संख्यामा उक्त खोपहरू प्राप्त भयो । प्रतिव्यक्ति रु.५० दर्ता शुल्क सहित सहुलियत दरमा उपलब्ध गराइएको खोप १६३ जनाले इन्फ्लूएन्जा तथा ६४जनाले निमोनिया खोप लगाउनुभयो ।

खोप कार्यक्रम सञ्चालन गर्न स्थान उपलब्ध गराइदिनु हुने श्री एन.के.सिँह मेमोरियल स्कुल, मिनभवन, काठमाडौंका आदरणीय प्रिन्सिपल श्री प्रमिला सिंहज्यू, स्कुल व्यवस्थापन समितिका सदस्यज्यूहरू तथा कर्मचारीवर्गप्रति हार्दिक आभार तथा कृतज्ञता व्यक्त गर्दछु । यसै गरी स्वास्थ्य तथा खोप उपसमितिका सदस्य तथा गुठी कोषाध्यक्ष श्री जीवन ज्योति बज्राचार्यज्यूको पहलमा वीरगञ्ज निवासी श्री सुनिलहर्ष शाक्यज्यूले आफ्ना पिता स्वर्गीय तेजहर्ष शाक्यको स्मृतिमा खोप कार्यक्रममा सहभागीहरूलाई सेनिटाईजर उपलब्ध गराउनु भएकोमा उहाँलाई पनि हार्दिक आभार तथा कृतज्ञता व्यक्त गर्दछु । साथै खोप कार्यक्रममा सहभागीहरूलाई खोप लगाइएको प्रमाणपत्रको व्यवस्था गरिएको र सोको व्यवस्थापनमा सहयोग गर्नुभएका पूर्व कार्यसमिति सदस्य श्री नवीनगोविन्द श्रेष्ठज्यूका सुपुत्री स्वस्तिका श्रेष्ठ तथा श्री प्रबीना पुलामीलाई पनि हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

यस अघि कोभिड महामारी चरम् बिन्दुमा पुगेको बेलामा पनि गत २०७७ साल कार्तिक १५गते यस गुठी तथा तानसेन सिन्हा गुठी काठमाडौं शाखाको सहकार्यमा स्वास्थ्य तथा खोप उपसमितिका सल्लाहकारज्यूकै विशेष पहलमा नाङ्लो बेकरी क्याफे, पुल्चोकमा निवर्तमान अध्यक्ष श्री सर्जुमान लिगलको संयोजकत्वमा इन्फ्लूएन्जा तथा निमोनिया खोप कार्यक्रम सम्पन्न गरिएको थियो । सो कार्यक्रममा ८८ जनाले इन्फ्लूएन्जा तथा ६६ जनाले निमोनिया खोप लगाउनु भएको सन्दर्भ यहाँ उल्लेख गर्न चाहन्छु ।

अन्त्यमा, यस खोप कार्यक्रम सफलतापूर्वक सम्पन्न गर्न आआफ्नो जिम्मेवारी निर्वाह गर्नुहुने यस उपसमितिका सल्लाहकारद्वय प्रा.डा. श्री मनोहर लाल श्रेष्ठज्यू तथा श्री सर्जुमान लिगलज्यू, सदस्यद्वय श्री जीवन ज्योति बज्राचार्यज्यू, श्री कविकृष्ण अमात्यज्यू तथा श्री ऐश्वर्यमान वैश्यतज्यूमा धन्यवादज्ञापन गर्दै आगामी वर्षहरूमा पनि गुठीले खोप कार्यक्रमलाई निरन्तरता दिँदै जाने जानकारी गराउँदछु ।







# ९० वर्षीय पूजा (देवरथारोहण) कार्यक्रम

जन्मभूमि तानसेनलाई विभिन्न कारणले छोडी काठमाडौंलाई कर्मभूमि बनाई विभिन्न क्षेत्रमा पेसा र व्यवसाय गरी बसेका तानसेनबासीहरूबीच पारस्परिक सुमधुर सम्बन्ध राखी एकआपसमा सहयोग पुर्याउने भावना र उद्देश्य राखी जन्मथलो तानसेनको शैक्षिक, स्वास्थ्य, धार्मिक, सांस्कृतिक र सामाजिक लगायत विभिन्न क्षेत्रको विकास, सम्बर्धन र प्रवर्धन साथै कल्याणकारी कार्यमा आफ्नो स्थापना कालदेखि नै उद्देश्य अनुरूप क्रियाशील रहँदै आएको तानसेन गुठीले यस अनुरूप गुठीले गर्दै आएको विभिन्न गतिविधिमध्ये जेष्ठ नागरिक सम्मान पूजा (९० वर्षीय र सय वर्षीय) कार्यक्रम पनि एक हो ।

हाम्रो समाजमा जतिबेला मान्छेको आयु कम थियो त्यतिबेला लामो आयु जिउँने व्यक्तिलाई देवतुल्य मानेर जंकु पूजा गरी आर्शीवाद लिने सांस्कृतिक परम्परा अहिले पनि चलनचल्तीमा रहेको छ । जस अनुसार विभिन्न उमेरमा गरिने रथारोहणको आफ्नै महिमा, मूल्य र पहिचान रहेको छ ।

तानसेन गुठीले आफ्नो गुठी सदस्य तथा सदस्य परिवारमा ९० वर्ष पुगेका अग्रजहरू (जेष्ठ नागरिक) को सम्मानमा देवरथारोहण पूजा र १०० वर्ष पुगेका अग्रजहरूलाई शतवार्षिक पूजा गरी सम्मान गर्ने परम्परालाई निरन्तरता दिंदै आएको छ । गुठीले आफ्नो स्थापना कालदेखि यस आर्थिक वर्षसम्म आइपुग्दा विभिन्न समयमा २४ जनालाई ९० वर्षीय पूजा देवरथारोहण पूजा गरी सम्मान गरेको छ भने १०० वर्ष पुगेका दुईजना अग्रजहरूको शतवार्षिकी पूजा गरी सम्मान गर्ने सुअवसर प्राप्त गरेको छ । गुठीले यस कार्यमा आफ्नै साँस्कृतिक परम्पराको जगेर्ना गर्दै विविध पूजाका सम्पूर्ण आवश्यक समानहरूको व्यवस्था गरी पूजा गर्न उहाँहरूको आफ्नै निवासमा गएर विधिवत् हिन्दु संस्कारअनुसार आफन्त तथा परिवारहरूको उपस्थितिमा संस्थाका कार्यसमिति पदाधिकारी लगायत उहाँहरूको नजिकका सीमित गुठियार सदस्यहरूको सहभागितामा पूजा गरिँदै आएको छ ।

यसरी आर्थिक वर्ष २०७८-०७९ मा तीनजना आदरणीय अग्रज व्यक्तित्वहरू श्रध्देय श्री चन्द्रमाया श्रेष्ठ, श्रध्देय श्री ठाकुर प्रसाद थान्जू र श्रध्देय श्री यमुनादेवी गोंगलज्यूहरूलाई देवरथारोहण पूजा गरी सम्मान गर्ने सुअवसर प्राप्त भएको थियो ।



## श्रध्देय श्री चन्द्रमाया श्रेष्ठ



प्रमी श्रेष्ठ
उपाध्यक्ष तथा संयोजक,
जेष्ठ नागरिक सम्मान उप-समिति

तानसेन गुठीले आफ्ना सदस्य तथा सदस्यपरिवारका अग्रजहरूको नब्बे वर्षीय र शतवार्षिकी पूजा तथा सम्मान गरी आर्शिवाद लिने परम्पराको निरन्तरता अनुरूप यसवर्ष श्रध्देय श्रीमती चन्द्रमाया श्रेष्ठज्यूको नब्बे वर्षीय पूजा उहाँकै जेठो छोराबुहारी (स्व.प्रकाशलाल श्रेष्ठकी श्रीमती), यस गुठीका आजीवन सदस्य श्रीमती अनुराधा श्रेष्ठको काठमाडौं स्वयम्भूस्थित निवासमा २०७८ पुष १७ गते मंगलबार शिवरात्रीको शुभदिनमा देवरथारोहण पूजा गरी हार्दिकता साथ दोसल्ला ओढाई सम्मान गरिएको थियो ।

गुठीद्वारा आवश्यक विविध पूजा सामान व्यवस्था गरी विधिवत् हिन्दु संस्कार र परम्पराअनुसार गुठीका पूर्व अध्यक्ष श्री गृहमान सिँहज्यूबाट मन्त्र उच्चारण





गरी गुठीका अध्यक्ष श्री निलम गोंगल श्रेष्ठज्यूबाट सुकुन्दामा विधिपूर्वक बत्ती बालेर गणेश, कुमार, कलश, अष्टचिरञ्जीवी, अष्टमातृका, अष्टभैरव, कुलदेवता र श्री रणउजीरेश्वरी भगवतीमाताको आराधना गरी गुठीका अध्यक्षज्यूबाट गुठीका तर्फबाट टीका, फूलमाला, सगुन, प्रसाद अर्पण गर्दै दोसल्ला ओढाई दीर्घ जीवन, सुस्वास्थ्य, सुख–शान्ति र समृध्दिको मङ्गलमय शुभकामना व्यक्त गर्नुभएको थियो। साथै गुठीका उपाध्यक्ष तथा कार्यक्रम संयोजक प्रमी श्रेष्ठज्यूबाट सम्मानपत्र वाचन गरी श्रध्देय श्रीमती चन्द्रमाया श्रेष्ठज्यूलाई सम्मान गरिएको थियो। साथै उपस्थित सबैलाई टीका लगाइदिनुको साथै आशीर्वाद दिनुभएको थियो। उहाँको देवरथारोहण पूजा हर्षोल्लासमय वातावरणमा सम्पूर्ण परिवारजन तथा गुठीपरिवार सहितको सहभागितामा कार्यक्रम सुसम्पन्न भएको थियो।

आजीवन सदस्य अनुराधा श्रेष्ठज्यूका श्रध्देय सासूआमा श्री चन्द्रमाया श्रेष्ठज्यूको जन्म वि.सं. १९८८ साल पौष १७ गते पाल्पा जिल्लाको सुन्दर नगर तानसेन, भीमसेन टोल, वार्ड नं. ६ निवासी पिता फौजदार हेमबहादुर मल्ल र माता जोगमाया मल्लका दुईजनाछोरीहरू मध्ये कान्छी सुपुत्रीको रूपमा भएको थियो। उहाँ वसन्तपुर निवासी श्री विष्णुप्रसाद श्रेष्ठसँग वैवाहिक जीवनमा बाँधिनु भएको थियो।

उहाँ भीमसेन टोलस्थित भीमसेन गुठीको सदस्य रहनुभएको छ। रिडीस्थित ऋषिकेश मन्दिर जात्रा पर्व सञ्चालनमा आर्थिक सहयोग प्रदान गर्नुभएको थियो। साथै सोही स्थानको अन्य मठ-मन्दिरलाई आफ्नो करिव आधा रोपनी जग्गा भोगचलन गर्न दिनु भएर धार्मिक तथा सामाजिक क्षेत्रमा योगदान पुर्याउनु भई पुण्य कार्य गर्नुभएको छ।

तीन छोरा, चार छोरीहरूका माता तथा सत्र नाति नातिनीका बजै उहाँले आफ्नो श्रीमान्को निधन पछि परिवारको सम्पूर्ण जिम्मेवारी लिई कुशलतापूर्वक घर सम्हालेर ९० वर्षको उमेरमा पनि स्वस्थ र सक्रिय जीवनयापन गरिरहनुभएको छ।



गुठीले ९० वर्षीय पूजा कार्यक्रम सम्बन्धमा सूचना प्रकाशित हुनासाथ उहाँकी नातिनी कृपाले आफ्नी ९० वर्षीय बजैको पूजा गर्ने बारे उत्सुकता तथा इच्छा व्यक्त गर्नुभएको थियो । यसरी परिवारबाट त्यसमा पनि नातिनीहरूले विशेष चाहना गरी कोरोना माहामारीको बेलामा पनि सामाजिक दूरी कायम गरी गुठीका अध्यक्ष निलम गोंगल श्रेष्ठ, पूर्व अध्यक्षहरू गृहमान सिंह, शरणरत्न शाक्य, शान्ता शाक्य लगायत निवर्तमान अध्यक्ष सर्जुमान लिगल, संयोजक प्रमी श्रेष्ठ कार्य समितिका विनय शाक्य, जीवन ज्योति बज्राचार्य, कविकृष्ण अमात्य, ऐश्वर्यमान वैश्यत, तथा पूर्व कार्यसमिति सदस्य जयन्ती श्रेष्ठ, यमुना लिगल तथा गीता सिंहको उपस्थिति थियो । साथै पारिवारिक सदस्यहरूको उपस्थितिमा रमाइलो वातावरणमा पूजा कार्यक्रम सफलतापूर्वक सम्पन्न भएको थियो । परिवारको तर्फबाट कार्यक्रम पश्चात गुठीबाट सम्पूर्ण सहभागीहरूमा जलपानको व्यवस्था गर्नुका साथै गुठीबाट गरिएको सम्मानको लागि उहाँले आफ्नो र परिवारको तर्फबाट हृदयदेखि धन्यवाद व्यक्त गर्नुका साथै गुठीको लागि भनेर सहयोग स्वरूप रू. ५५००/- रकम अध्यक्षज्यूलाई हस्तान्तरण समेत गर्नुभएको थियो ।

इति सम्वत् २०७८ साल फागुन १७ गते मंगलबार शुभम् ।

# श्रध्देय श्री ठाकुर प्रसाद थान्जू



सर्जुमान लिगल
निवर्तमान अध्यक्ष



तानसेन गुठीका आजीवन सदस्य श्रध्देय श्री ठाकुर प्रसाद थान्जूको जन्म वि.सं. १९८७ साल चैत्र १३ लुम्बिनी अञ्चलको रूपन्देही जिल्ला बुटवलस्थित गढीटोलमा पिता कृष्ण बहादुर थान्जू र माता दुर्गाकुमारी थान्जूको कोखबाट चारजना सन्तानहरूमध्ये कान्छा सुपुत्रको रूपमा भएको थियो। उमेर र समयको परिवर्तन सँगै तानसेन पाल्पा असनटोल शीतलपाटीमा उहाँको बसाइ थियो ।

वहाँको प्राथमिक शिक्षा सरकारी भाषा पाठशालामा भएको थियो । तानसेन पाल्पामा निजी तरिकाबाट सञ्चालित घरदैलो अनौपचारिक पाठशालाहरूमा अंग्रेजी तथा अन्य विषयको कक्षा सातसम्म अध्ययन गर्नुभएको थियो। उहाँ कक्षा नौ र दशको अध्ययनको लागि भारत पुग्नुभएको थियो । २००४ सालमा पश्चिम नेपालकै पहिलो हाइस्कुल पद्मोदय पाल्पा पब्लिक हाइस्कुल तानसेन पाल्पामा स्थापना भएपछि उहाँ सोही स्कुलमा भर्ना भई आफ्नो पढाइलाई निरन्तरता दिनु भएर २००५ सालमा सोही स्कुलबाट एस.एल.सी. उत्तीर्ण गर्ने उहाँ एक्लो विध्यार्थी हुनुहुन्थ्यो । त्रिभुवन कलेज तानसेनबाट स्नातक गर्नुभएका उहाँले त्रिभुवन विश्वविद्यालयबाट सेवाकालीन एक वर्षे बि.एड्. पनि गर्नुभएको थियो ।

राणा शासनकालमा तानसेन पाल्पामा प्रौढ रात्री विद्यालय स्थापना गर्नमा योगदान पुर्याउँदै कतिपय विद्यालयको सञ्चालक साथै अवैतनिक शिक्षण सेवामा संग्लन हुनुहुन्थ्यो । २००३ सालदेखि पाल्पास्थित धवल पुस्तकालयको संस्थापक क्रियाशील सदस्य हुनुहुन्थ्यो। २००८ सालमा तानसेनमा जनता माध्यमिक विद्यालय स्थापना गर्न उहाँले पनि सक्रिय भूमिका निर्वाह गर्नुभएको थियो । साथै विद्यालय सञ्चालन गर्न तथा अध्यापन गर्न गराउनमा समेत उहाँको अतुलनीय योगदान रहेको थियो। २००८ सालमा पाल्पा स्वयमसेवक संघको सचिव तथा नेपाल युवक संघ पाल्पा कमिटीको सदस्य समेत



रहनुभएको थियो। उहाँले शिक्षा क्षेत्रलाई आफ्नो कर्मथलो पाल्पा र बुटवललाई बनाई बुटवलस्थित विद्यालयहरूमा अंग्रेजी र विज्ञान विषय शिक्षकको रूपमा सेवा गर्नुभएको थियो। २०२० सालमा ज्ञानोदय रात्री माध्यमिक विद्यालय बुटवलको स्थापना गरी केही समय अवैतनिक शिक्षकको रूपमा सेवा गर्नुभएको थियो। यसरी विभिन्न समयमा अध्यापन गराउने शिक्षकको रूपमा रही तानसेन मोहन कन्या हाइस्कुलमा प्रधानाध्यापकको रूपमा करिव साढे छ वर्ष सेवा गर्नुभएको थियो। यसैगरी पछिल्लो समय बुटवल माध्यमिक विद्यालय रूपन्देहीमा ३० वर्षसम्म अनवरत रूपमा अध्यापन कार्य गर्दै आउनुभयो।



यसरी आफ्नो कर्मक्षेत्र तानसेन र बुटवलका विद्यालयहरूमा करिव ४० वर्षसम्म लगनशीलता साथ निरन्तर सेवा गर्नुभई अतुलनीय योगदानको उच्च मूल्याङ्कन गर्दै कदर स्वरूप श्री ५ वीरेन्द्र शुभराज्याभिषेक पदकबाट उहाँ सम्मानित हुनुभएको थियो। यसैगरी जिल्ला शिक्षा समिति रूपन्देहीबाट कदर–पत्र, मोहन कन्या माध्यमिक विद्यालय तानसेनबाट स्वर्ण–पदक, बुटवल माध्यमिक विद्यालयको स्वर्णजयन्ती तथा हिरक जयन्तीको अवसरमा दोसल्ला ओढाई पदक तथा कदरपत्रद्वारा एक भव्य समारोह बीच सम्मानित हुनुभएको थियो।

वहाँको इमान्दारिता, लगनशीलताको कारण २०२५ सालमा नेपाल फिल्म सेन्सर बोर्ड रूपन्देहीको सदस्य, २०२६ सालमा अखिल नेपाल शिक्षक संगठन रूपन्देहीको जिल्ला समिति अध्यक्ष पदमा रही कार्य गनुभएको थियो। २०५१ सालमा दुईवर्षको लागि रूपन्देही जिल्ला समिति सदस्य रहनु भएको थियो।

तानसेन नारायणटोल निवासी शोभालक्ष्मी जोशीसँग २०१८ सालमा वैवाहिक जीवनमा बाँधिनुभएका उहाँको एक







छोरी सृजना र तीनजना छोराहरू प्रज्वल, प्रमोद र प्रदीप थान्जू तथा बुहारीहरू दीपा र विनिता थान्जूसहित नातिनी एमिको र नाती दिपेश हुनुहुन्छ । हाल काठमाडौं महानगरपालिका बल्खु वडा नं. १४ मदन नगरस्थित आफ्नै निवासमा धर्मपत्नीसहित छोरी, छोरा, बुहारीसँग रमाइलो वातावरणमा आनन्दले जीवनयापन गर्नुको साथै विभिन्न क्षेत्रसँग आवध्द रही बौध्द दर्शन र त्यसको सान्दर्भिकताबारे अध्ययन मननमा संलग्न रहनुभएको छ ।

यसरी आफ्नो अमूल्य जीवनको सुन्दर संसारमा रमाउदै ९२ वर्षको उमेर पुगिसक्नु भएको छ । यसरी वहाँले हौसलापूर्ण नववर्षमा रमाउँदै आउनुभएको सोही अवसरमा वहाँको परिवारजन तथा तानसेन गुठी परिवारलाई समेत अति सुखद् एवम् गौरवको अनुभूति गर्दै वहाँको निवासमा ८० वर्षीय धर्मपत्नी शोभालक्ष्मी थान्जु सहित गुठीको परम्पराअनुसार मिति २०७८चैत १४ गतेको सोमवार उहाँको जन्मदिनको शुभ अवसरमा देवरथारोहण पूजा आसनमा राखी श्रध्दापूर्वक सगुन अर्पण गरी पूजा सम्पन्न गरेका थियौं ।

कार्यक्रममा पूर्व अध्यक्ष श्री गृहमान सिंहज्यूबाट मन्त्र उच्चारण गरी सुकुन्दामा विधिपूर्वक बत्ति बालेर श्री गणेश, कुमार, कलश, अष्टचिरञ्जीवी, अष्टमातृका, अष्टभैरव, कुल देवता, इष्ट देवता पाल्पा भैरव र श्री ७ रणउज्जेश्वरी भगवती मातालाई पुकार गरी सम्पूर्ण देवीदेवताहरूको आराधन गरी विधिवत पूजा गराई गुठीका अध्यक्ष श्री निलम गोंगल श्रेष्ठज्यूले टीका, फूलमाला, सगुन, प्रसाद अर्पण गर्दै दीर्घजीवन, सुस्वास्थ्य,



सुख शान्ति र समृध्दिको मङ्गलमय शुभकामना व्यक्त गर्दै विशेष पूजा गर्नुभएको थियो । साथै कार्यवाहक संयोजक श्री जीवनज्योति बज्राचार्यज्यूबाट देवरथारोहण पत्रिका वाचन गर्नुभएपछि अध्यक्षज्यूबाट दोसल्ला ओढाई सम्मानपत्र चढाएर सभक्तिपूर्वक सम्मान गरिएको थियो । त्यसपछि उहाँलाई नेवारी परम्परा अनुसार सगुन दिई सुस्वास्थ्य र दिर्घायूको कामना गरिएको थियो । यसरी विधिवत देवरथारोहण पूजाको कार्य सम्पन्न गरेर कार्यक्रममा उपस्थित सम्पूर्ण गुठियार सदस्यहरू पूर्व अध्यक्ष द्वय गृहमान सिंह, शान्ता शाक्य, निवर्तमान अध्यक्ष सर्जुमान लिगल, सचिव विनय शाक्य, का.का सदस्यहरू राजु प्रधान, कविकृष्ण अमात्य ,ऐश्वर्यमान वैश्यत, डा. ई. सुरेन्द्र प्रसाद श्रेष्ठ र गुठी सदस्य गिता सिंहलाई उहाँले टीका प्रसाद प्रदान गरी आर्शीवाद दिनुभएको थियो । त्यसपछि उहाँको परिवारका सदस्यहरू तथा इष्टमित्रलाई टीका प्रसादसहित आर्शीवाद दिने कार्य सम्पन्न गरी केही समय सपरिवार सहित फोटो सेसन गरिनुका साथै आगन्तुकहरूलाई व्यवस्थित रूपमा जलपानको आयोजना गरिएको थियो ।

साथै तानसेन गुठीले आफ्नो सांस्कृतिक परम्परालाई निरन्तरता दिँदै आफ्नो ९२औं जन्मदिनमा देवरथारोहण पूजा गर्नुभएकोमा उहाँले हार्दिक आभार सहित धन्यवाद व्यक्तगरी कृतज्ञतापत्र दिनुभएको थियो ।

यस अवसरमा उहाँले आफ्ना मातापिता तथा ठूलीआमाको स्मृतिमा तानसेन गुठीमा रू. १,११,१११ ।- ( अक्षरूपी एक लाख एघार हजार एकसय एघार रूपैयाँ) को 'कृष्ण बहादुर, इन्द्र कुमारी दुर्गादेवी स्मृति अक्षयकोष' स्थापना गर्ने जानकारी गराउनुभएको थियो । उक्त रकम गुठीका अध्यक्षज्यूलाई २०७९ साल आषाढ १९ गते आइतवारको दिन हस्तान्तरण गर्नुभयो । उक्त अक्षयकोषको व्याजबाट रूपन्देही जिल्ला बुटवलस्थित बुटवल माध्यमिक विद्यालयका शिक्षकहरूको निर्णय भएअनुसार सो विद्यालयमा अध्ययनरत आर्थिक अवस्था कमजोर भएका विधार्थीहरूमध्ये छात्र वा छात्रा एकजनालाई आर्थिक सहयोग प्रदान गर्ने गरी संस्थापक वहाँ स्वयम् श्री ठाकुर प्रसाद थान्जू र श्रीमती शोभालक्ष्मी थान्जू रहने गरी अक्षयकोष स्थापना गर्नुभएको छ ।



# श्रध्देय श्री यमुना देवी गोंगल



जीवनज्योति बज्राचार्य
कार्यवाहक संयोजक

यस गुठीका अक्षयकोषदाता श्रध्देय श्री यमुनादेवी गोंगलज्यू वि.सं. १९८४ साल फागुण १४ गते बुधवारको दिन धनुषा जिल्लाको सबेला बजारमा पिता कृष्ण अमात्य र माता श्याम कुमारी अमात्यको कोखबाट तीन छोराहरू र चार छोरीहरूमध्ये माइली पुत्रीको रूपमा जन्मिनु भएको थियो । पाल्पा तानसेन भीमसेनटोल निवासी शिवनाथ गोंगलसँग वैवाहिक जीवनमा बाँधिनुभएका उहाँको छजना छोराहरू र तीनजना छोरीहरूमध्ये यस गुठीका साधारण सदस्य महेश्वर





नाथ गोंगल, गुठी आजीवन सदस्यहरू डा. रामेश्वर नाथ गोंगल र इन्जिनियर किशोरनाथ गोंगल तथा छोरीहरू गुठीका पूर्व कार्यसमिति सदस्य शशिप्रभा श्रेष्ठ, आजीवन सदस्य तथा वर्तमान अध्यक्ष निलम गोंगल श्रेष्ठ हुनुहुन्छ । अहिलेसम्ममा उहाँको तीनजना नातिनातिना र आठजना पनातिनीसहित दुईजना खनातिसम्म देख्न पाउनु वहाँको अहोभाग्य नै मान्नुपर्छ ।

वहाँजस्तो पूजनीय व्यक्तित्वलाई तानसेन गुठीले उहाँकै निवास ललितपुर सातदोबाटो मैत्रीटोलमा हर्षोउल्लासका साथ सम्पूर्ण परिवारजनको साथमा सुखद् एवम् गौरवको अनुभूति गर्दै २०७९ साल वैशाख १ गते बिहीवार रोज् ५ का दिन तानसेन गुठीको परम्पराअनुसार देवरथारोहण पूजा सम्पन्न गरेको थियो ।

कार्यक्रममा पूर्व अध्यक्ष श्री गृहमान सिंहज्यूबाट मन्त्र उच्चारण गरी सुकुन्दामा विधिपूर्वक बत्तिबालेर श्री गणेश, कुमार, कलश, अष्टचिरञ्जीवी, अष्टमातृका, अष्टभैरव, कुल देवता, इष्ट देवता पाल्पा भैरव र श्री ७ रणउज्जेश्वरी भगवती मातालाई पुकार गरी सम्पूर्ण देवीदेवताहरूको आराधन गरी विधिवत पूजा गराई गुठीका अध्यक्ष श्री निलम गोंगल श्रेष्ठज्यूले टीका, फूलमाला, सगुन, प्रसाद अर्पण गर्दै दीर्घजीवन, सुस्वास्थ्य, सुख शान्ति र समृध्दिको मङ्गलमय शुभकामना व्यक्त गर्दै विशेष पूजा गर्नुभएको थियो । साथै कार्यवाहक संयोजक श्री जीवनज्योति बज्राचार्यज्यूबाट देवरथारोहण पत्रिका वाचन गर्नुभएपछि अध्यक्षज्यूबाट दोसल्ला ओढाई सम्मानपत्र चढाएर सभक्तिपूर्वक सम्मान गरिएको थियो । गुठी अध्यक्ष श्री निलम गोंगल श्रेष्ठलाई आफ्नी आमाको देवरथारोहण पूजा गर्ने तथा सगुन अर्पण गर्ने सौभाग्य गुठी अध्यक्षको हैसियतले प्राप्त भएको थियो । उहाँको हातबाट टीका प्रसाद र आर्शीवाद ग्रहण गर्न पाउँदा तानसेन गुठी परिवार अत्यन्त गौरवान्वित भएको छ ।

उक्त अवसरमा गुठीका पूर्व अध्यक्षहरू हेमन्तराज कोलाक्षपति, गृहमान सिंह, शरणरत्न शाक्य, हिमाल कसजु, शान्ता शाक्य लगायत निवर्तमान अध्यक्ष सर्जुमान लिगल, कार्य समितिका विनय शाक्य, जीवन ज्योति बज्राचार्य, राजु प्रधान, कविकृष्ण अमात्य, ऐश्वर्यमान वैश्यत, डा. ई. सुरेन्द्र

## धन्यवाद तथा कृतज्ञता ज्ञापन

तानसेन गुठीको परम्परा अनुसार आफ्ना गुठी सदस्य तथा सदस्य परिवारका ९० वर्ष उमेर पुगेका आदरणीय जेष्ठ नागरिकहरूलाई सम्मान गर्ने क्रममा मिति २०७९ वैशाक एक गते विहिबार बिहान ९ बजे हाम्री पूजनीय आमा श्रीमती यमुना देवी गोंगललाई गुठीको तर्फबाट विधिवत धार्मिक अनुष्ठान प्रक्रिया सहितको नब्बे वर्षिय कार्यक्रम सुसम्पन्न गरी सम्मान दिनु भएकोमा हामी सम्पूर्ण परिवार अत्यन्त हर्षित एवम् गौरवान्वित भएका छौं।

आफ्नो अमुल्य समय निकालेर उक्त गरिमामय कार्यक्रम आयोजना गरी सम्पन्न गराउनु भएकोमा हामी सम्पूर्ण परिवारका तर्फबाट तानसेन गुठी साथै गुठीका अध्यक्ष श्री निलम गोंगल श्रेष्ठ, कार्यसमितिका पदाधिकारीहरू, कार्यक्रममा उपस्थित हुनुभएका पूर्व अध्यक्षहरू श्री हेमन्त राज कोलाक्षपती, श्री गृहमान सिंह, श्री हिमाल कसजू, श्री शरण रत्न शाक्य, श्री शान्ता शाक्य, निवर्तमान अध्यक्ष श्री सर्जुमान लिगल, पूर्व कार्यसमितिका पदाधिकारीहरू, आमन्त्रित गुठी सदस्यहरू एवम् गुठी परिवार सदस्यहरू तथा आफन्तहरू लगायत सबै ईष्टमित्रहरूलाई हामी सम्पूर्ण परिवार हार्दिक कृतज्ञताका साथ आभार प्रकट गर्दै धन्यवाद ज्ञापन गर्दछौं।

**यमुना देवी गोंगल तथा सम्पूर्ण परिवार**



श्रेष्ठ तथा पूर्व कार्यसमिति सदस्य द्वय जयन्ती श्रेष्ठ तथा दिनेश थान्जू, आजीवन सदस्यहरू डा. सावित्री मल्ल कक्षपती, रमेश नाथ मुनन्कमी, कृष्ण पुकार मुनन्कमी र दुर्गा नाथ गोंगलज्यूको उपस्थिति थियो ।

माता श्री ७ रणउजीरेश्वरी भगवतीको स्वस्ति, शान्ति, सुस्वास्थ्य र सुखमय पूर्ण जीवनको कृपा सदा प्राप्त भइरहोस् साथै कुलायन समेतले पूर्ण रूपमा रक्षा गरी चिरायू राखून् भन्ने कामनासहित नववर्ष २०७९ सालको हार्दिक मंगलमय शुभकामना व्यक्त गरी जलपान तथा प्रसाद ग्रहण गरी बिदा भएका थियौं ।

वहाँले तानसेन नगर भित्रका सामुदायिक विद्यालयमा कक्षा आठको जिल्लास्तरीय परीक्षामा सर्वोत्कृष्ट अङ्क ल्याई उत्तीर्ण भई कक्षा नौ र दशमा अध्ययनरत दुईजना विद्यार्थीहरूलाई छात्रवृत्ति प्रदान गर्न यस गुठीमा रू.२,००,००० ।- (अक्षरूपी दुईलाख रूपैयाँ) को 'शिवनाथ यमुनादेवी गोंगल अक्षयकोष' स्थापना गर्नुभएको छ । त्यस्तै पाल्पा लगायत देशको विभिन्न जिल्लाका शैक्षिक, सांस्कृतिक, धार्मिक, सामाजिक एवम् आर्थिक क्षेत्रमा पुर्याउनु भएको योगदान अत्यन्त उल्लेखनीय रहेको छ। तानसेन पाल्पा भीमसेनटोलस्थित श्री ७ भीमसेनको वार्षिक रथयात्रा सञ्चालनको सदस्य रहनु भएको वहाँले समुदाय वातावरण तथा विकास संघ (OC CED) गृहनिर्माणार्थ रू. ५०,००० ।-(पचास हजार रूपैयाँ) चाँदीको ईटा (SLIVER BRICK) सहयोग गर्नुभएको छ। त्यस्तै बर्दघाट वडा नं. ११ भागजनीको शिव मन्दिर निर्माणार्थ रू १५०,००० ।-( एक लाख पचास हजार रूपैयाँ) अर्थिक सहयोग प्रदान गरी उक्त स्थानमा आफैले शिवलिङ्ग र पञ्चायन देवता स्थापना समेत गर्नुभएको छ । साथै सोही मन्दिर परिसरमा पुजारी तथा सन्तमहात्माहरू बस्ने र भजनकीर्तन आदि गर्न भवन निर्माणार्थ रू.३००,००० ।– (अक्षरूपी तीनलाख रूपैयाँ) र उक्त मन्दिरको दैनिक नित्य पूजा तथा आवश्यकताअनुसार मन्दिर मर्मत र रंगरोगन गर्नको लागि समेत रू.३००,००० ।- (तीनलाख रूपैयाँ) को अक्षयकोष स्थापना गर्नुभएको छ । त्यस्तै ललितपुर अग्नि शाखाका व्यवस्थापन समितिको आयोजनामा राधासहित श्री दामोदर आराधना गरी लोककल्याणको लागि गरिएको 'कार्तिक महात्म्य कथा' वाचनका लागि रू.५०,०००।- (अक्षरूपी पचास हजार रूपैयाँ) र तानसेन न.पा. वडा नं. ६ स्थित वटुक भैरव मन्दिर मर्मतको लागि रू.२५,००० ।- (पच्चीस हजार रूपैयाँ) आर्थिक सहयोग गर्नुभएको छ । शैक्षिक, धार्मिक, सांस्कृतिक क्षेत्रमा उहाँले पुर्याउनुभएको प्रशंसनीय र उल्लेखनीय योगदानको गुठी परिवार उच्च कदर गर्दछ ।

# तीर्थयात्रा कार्यक्रम



राजु प्रधान
संयोजक, तीर्थयात्रा उपसमिति

## तीर्थयात्रा कार्यक्रम

तानसेन गुठीले नियमित तीर्थयात्रा गराउँदै आएकोमा कोभिडको महामारीको कारण विगत दुई वर्षदेखि यो कार्यक्रम हुन सकेको थिएन । यस वर्ष परिस्थिति केही सहज भएकोले तीर्थयात्रा कहाँ र कहिले गर्ने भन्ने विषयमा गहन छलफल हुँदा नुवाकोटको विभिन्न तीर्थस्थल र ऐतिहासिक ठाऊँहरू छनौटमा पर्‍यो । काठमाडौंबाट नजिकै सिमाना जोडिएको जिल्ला भएतापनि यस जिल्ला र यसको महत्वको विषयमा धेरैलाई (तीर्थयात्रामा जाने साथीहरूलाई) जानकारी रहेन छ । हाल तीनवटा बाटोले नुवाकोट जिल्लालाई छोएको छ । ककनी रानी पौवाको पुरानो बाटो, टोखा झोर शिवपुरी हुँदै नुवाकोटको बाटो र हाल बढी चल्तीमा रहेको गल्छी नुवाकोटको बाटो । २०७८ फाल्गुण २८ गते शनिवारको दिन तीनवटा टुरिष्ट बसमा ११२ जनाको उल्लेख्य सहभागितामा बिहान ७:३० बजे कलङ्कीबाट हाम्रो यात्रा सुरु भयो ।

## जाल्पा देवी मन्दिर

काठमाडौंबाट करिब ७० कि. मि. को दूरीमा रहेको (गल्छीको बाटो हुँदै) नुवाकोटको प्रसिद्ध जाल्पादेवी मन्दिर सदरमुकाम विदुरमा पर्दछ र यस ठाउँलाई देवीघाट भनिन्छ । त्रिशुली नदी ( गोसाइकुण्डको उद्गमस्थल) र टाडी











नदी (सूर्यकुण्डको उद्गमस्थल) को सङ्गममा अवस्थित यो मन्दिरलाई पवित्र तीर्थस्थलको रूपमा लिईन्छ । स्वस्थानी व्रतकथामा उल्लेख भएअनुसार सतीदेवीको तल्लो ओंठ यसै स्थानमा पतन भई जाल्पादेवीको उत्पत्ति भएको पौराणिक मान्यता रहेको छ । त्यसैले यस मन्दिरलाई शक्तिपिठको रूपमा पूजा गरिने रहेछ । वैशाख शुक्ल पूर्णिमाको दिन यहाँ धुमधामका साथ मेला लाग्ने रहेछ । यस बाहेक बडा दशैं, चैते दशैं आदि चाडवाडहरूमा पनि यहाँ भक्तजनहरूको भिड लाग्ने कुरा स्थानीयहरूबाट जानकारी प्राप्त भयो । वडा महाराजधिराज पृथ्वी नारायण शाहको अन्त्येष्टी पनि यसै ठाउँमा गरिएकोले यस ठाउँको ऐतिहासिक महत्व पनि छुट्टै रहेकोछ । जाल्पादेवीको दर्शन पछि नास्ता (चिया र बिस्कुट) खाई हाम्रो यात्रा भैरवी मन्दिरतर्फ प्रस्थान भयो ।

## भैरवी मन्दिर

भैरवी मन्दिर नुवाकोटको अर्को महत्वपूर्ण र प्रसिद्ध मन्दिर हो । देवीघाट, जाल्पादेवी मन्दिरबाट करिव १२ कि. मि. को दुरीमा यो मन्दिर अवस्थित छ । यस स्थानलाई नुवाकोट भनिन्छ र यसैको नाउँबाट नुवाकोट जिल्लाको नाम रहन गएको रहेछ । भैरवी मन्दिर यहाँको मुख्य मन्दिर हो । साथै यहाँ स(साना धैरै मठ मन्दिरहरू जस्तै भवानी, सरस्वती, महालक्ष्मी, महादेव, भैरव, बौद्ध विहार पनि अवस्थित छन् ।







भैरवी मन्दिरको स्थापना यति नै मितिमा भएको भन्ने जानकारी नभएतापनि लिच्छिवी कालमा स्थापना भएको भन्ने अनुमान रहेछ। जय प्रकाश मल्लले जिर्णोद्धार गरेको भन्ने स्थानीयहरूबाट जानकारी प्राप्त भयो। यस मन्दिरको जात्रा वैशाख शुक्ल पूर्णिमादेखि तीन दिनसम्म लाग्ने गर्दछ। यस मन्दिरको पुजारीलाई धामी भन्ने गरिन्छ। जात्रामा धामीधमिनी (श्रीमती) लाई सिङ्गारेर गहना लगाई खटमा राखी बाजागाजासहित जाल्पादेवी मन्दिरमा लगेर तान्त्रिक विधिअनुसार रातभरी पूजा गरी अर्को दिन त्यसरी नै नुवाकोट फर्काउने कुराको सम्पूर्ण वृत्तान्त स्थानीय वासिन्दा नारायण डङ्गोलज्यूले जानकारी गराउनुभयो। यस मन्दिरको नजिकै पृथ्वी नारायण शाहको सात तल्ले दरवार अवस्थित छ। २०७२ सालको विनासकारी भूकम्पले क्षति भएको सो दरबार हाल जीर्णोध्दारको प्रतीक्षामा रहेको छ। आशा छ चाँडै नै पुनर्निर्माण हुनेछ। यस ठाउँको अवलोकन र दर्शन पूर्व नै हाम्रो बिहानको नास्ता यसै ठाउँमा खाने काम सम्पन्न भएको थियो।

त्यस पछि नुवाकोटको त्रिशूली नदीको पारिपट्टि अवस्थित महत्वपूर्ण पुरानो बजार त्रिशूली बजार घुम्न गयौं। हामीसँग











केही समय बाँकी भएकोले बजारको अवलोकन भ्रमणको काम गरियो र सबैजना तीर्थयात्रीहरू खुसी हुनुभएको अनुभव गर्‍यौं। त्रिशुली बजारको भ्रमण पछि खाना खाएर केही बेर रमाइलो वातावरणमा फोटोहरू खिच्ने काम पनि गरियो र करिव ५:०० बजेतिर हाम्रो यात्रा सम्पन्न गरी काठमाडौंतर्फ प्रस्थान गर्‍यौं। यो सम्पूर्ण कार्यक्रमलाई सफल बनाउन सहयोग गर्नुहुने साथीहरू जीवन ज्योति बज्राचार्य, कविकृष्ण अमात्य, ऐश्वर्य मान वैश्यत र प्रमी श्रेष्ठप्रति आभारी छु। साथै तीर्थयात्रा समितिका सल्लाहकार सर्जु लिगलज्यूलाई धन्यवाद दिन चाहन्छु। तीर्थयात्रीहरूको सहभागिता विना यो कार्यक्रम सम्भव थिएन त्यसैले सम्पूर्ण सहभागी साथीहरूप्रति पनि आभार व्यक्त गर्न चाहन्छु।

## तीर्थयात्रामा सहभागी सदस्यहरू

| क्रसं | सहभागीहरूको नाम | ठेगाना | सम्पर्क न. |
|---|---|---|---|
| १ | राजु प्रधान | सामाखुसी | 9851030892 |
| २ | प्रमी श्रेष्ठ | टेकु | 9851075500 |
| ३ | जीवन ज्योति बज्राचार्य | ठमेल | 9841238344 |
| ४ | कविकृष्ण अमात्य | सानेपा | 9841254438 |
| ५ | ऐश्वर्यमान वैश्यत | कपुर धारा | 9841385493 |
| ६ | बिन्द्रा थान्जु | म्हेपी | 9840053226 |
| ७ | निशा श्रेष्ठ | म्हेपी | 9841527524 |
| ८ | प्रनिसा श्रेष्ठ | म्हेपी | |
| ९ | किरण रावल | सानेपा | 9851182806 |
| १० | जुन जोशी | सानेपा | |
| ११ | नारायण गोपाल मलेगो | सुकेधारा | 9841516505 |
| १२ | नितु मलेगो | सुकेधारा | 9841771920 |
| १३ | अनुप प्रधान | चुन देवी | 9851047997 |
| १४ | प्रतिमा प्रधान | चुन देवी | 9843242205 |
| १५ | उमेश बज्राचार्य | सानो भर्याङ्ग | 9851078380 |
| १६ | पुर्णिमा बज्राचार्य | सानो भर्याङ्ग | 9851073292 |
| १७ | उषा प्रधान | सामाखुसी | 9841713764 |
| १८ | साकार प्रधान | सामाखुसी | 9851050450 |
| १९ | इशु प्रधान | सामाखुसी | 9849802506 |
| २० | ललिता लाकौल | बानेश्वर | 9843498811 |
| २१ | कोपिला श्रेष्ठ | धापासी | 9851231623 |
| २२ | सोभिता श्रेष्ठ | धापासी | 9841280389 |

| क्रसं | सहभागीहरूको नाम | ठेगाना | सम्पर्क न. |
|---|---|---|---|
| २३ | सन्दीप थैव | कुपण्डोल | 9801114305 |
| २४ | प्रकाश उदय | धापासी | 9847068605 |
| २५ | शारदा उदय | धापासी | 9808337062 |
| २६ | शम्भु श्रेष्ठ | रवि भवन | 9851021673 |
| २७ | श्रीमती शम्भु श्रेष्ठ | रवि भवन | |
| २८ | अनिता श्रेष्ठ शाक्य | बानेश्वर | 9841074761 |
| २९ | अरिना शाक्य | बानेश्वर | 9823483591 |
| ३० | सर्जु मान लिगल | धापासी | 9851073425 |
| ३१ | जमुना प्रधान लिगल | धापासी | 9841837244 |
| ३२ | शान्ति लिगल श्रेष्ठ | चपली | 9845023102 |
| ३३ | ज्योति श्रेष्ठ प्रधान | सामाखुशी | 9841593892 |
| ३४ | सबरी प्रधान मुल्मी | धापासी | 9845109661 |
| ३५ | अम्बा प्रधान दवाडी | बुढानिलकण्ठ | 9841213256 |
| ३६ | सुजन भारी | सामाखुशी | 9841309478 |
| ३७ | सावित्री भारी | सामाखुशी | |
| ३८ | मनोहर मास्के | बसुन्धरा | 9851015501 |
| ३९ | जितेन्द्र लाल कर्माचार्य | बसुन्धरा | |
| ४० | नीलम गोंगल श्रेष्ठ | सातदोबाटो | 9841781372 |
| ४१ | राज गोपाल श्रेष्ठ | सातदोबाटो | |
| ४२ | निर्शा श्रेष्ठ | सातदोबाटो | |
| ४३ | ऋषी केशव धौभडेल | भक्तपुर | 9841403300 |
| ४४ | योगेन्द्र धौभडेल | भक्तपुर | 9841251705 |
| ४५ | विनय शाक्य | महाराजगन्ज | 9849252911 |

| क्रसं | सहभागीहरूको नाम | ठेगाना | सम्पर्क न. |
|---|---|---|---|
| ४६ | यक माया शाक्य | महाराजगन्ज | 9860937566 |
| ४७ | राम प्रधान | बालाजु | 9841248876 |
| ४८ | शिला प्रधान | बालाजु | |
| ४९ | गोकुल नारायण श्रेष्ठ | डल्लु | 9847043907 |
| ५० | इरोज श्रेष्ठ | डल्लु | 9849041445 |
| ५१ | प्रकृति श्रेष्ठ | बानेश्वर | 9841128999 |
| ५२ | प्रतिक श्रेष्ठ | बानेश्वर | 9843439042 |
| ५३ | जनक श्रेष्ठ | इमाडोल | 9848083383 |
| ५४ | सुष्मा श्रेष्ठ | इमाडोल | |
| ५५ | कमल प्रधान | मैतीदेवी | 9841387564 |
| ५६ | सिर्जना प्रधान | मैतीदेवी | 01-4517635 |
| ५७ | शुवर्ण लक्ष्मी वैश्यत | महाराजगन्ज | |
| ५८ | मीरा श्रेष्ठ प्रधान | सुनाकोठी | 9813416868 |
| ५९ | सान प्रसाद प्रधान | सुनाकोठी | |
| ६० | सुरेश प्रधान | धोबिघाट | 9851187789 |
| ६१ | निर्मला प्रधान | धोबिघाट | |
| ६२ | प्रवेश प्रधान | धोबिघाट | |
| ६३ | प्रतिज्ञा प्रधान | धोबिघाट | |
| ६४ | देवनाथ गोंगल | धोबिघाट | |
| ६५ | लक्ष्मी गोंगल | धोबिघाट | |
| ६६ | जया सिंह श्रेष्ठ | चण्डोल | 9808325507 |
| ६७ | किशोर नाथ गोंगल | सातदोबाटो | 985101055 |
| ६८ | फेमिना गोंगल | सातदोबाटो | |
| ६९ | जली प्रधान | सातदोबाटो | |
| ७० | उर्मिला श्रेष्ठ | चुनदेवी | 9847077770 |
| ७१ | गीता श्रेष्ठ | बालाजु | 9849365947 |
| ७२ | विजयलक्ष्मी श्रेष्ठ | कालोपुल | 9860923161 |
| ७३ | मैंया श्रेष्ठ | ठुलो भर्याङ्ग | 9841447967 |
| ७४ | मैंया श्रेष्ठ | बानेश्वर | 9808866381 |
| ७५ | नीलम श्रेष्ठ | सुकेधारा | 9818751521 |
| ७६ | निना श्रेष्ठ | बानेश्वर | 9808975549 |
| ७७ | पराक्रम राजभण्डारी | बानेश्वर | 9818751521 |
| ७८ | जयन्ती श्रेष्ठ | धोबिचौर | 9841860406 |
| ७९ | पारु कडेल | महाराजगन्ज | 9841341948 |

| क्रसं | सहभागीहरूको नाम | ठेगाना | सम्पर्क न. |
|---|---|---|---|
| ८० | अन्जु गोंगल नेमकुल | धोबिघाट | |
| ८१ | अमित गोंगल | धोबिघाट | 9851048081 |
| ८२ | एलिसा गोंगल | धोबिघाट | |
| ८३ | सुमित गोंगल | धोबिघाट | |
| ८४ | रीजा गोंगल | धोबिघाट | |
| ८५ | मोनिका गोंगल मास्के | धोबिघाट | |
| ८६ | आहाना मास्के | धोबिघाट | |
| ८७ | विरेन्द्र नाथ गोंगल | बालाजु | 9851091979 |
| ८८ | विशेष नाथ गोंगल | बालाजु | |
| ८९ | सबिन प्रधान | बालाजु | |
| ९० | दान मान शाक्य | धापाखेल | 9841674312 |
| ९१ | शान्ता शाक्य | धापाखेल | 9841527058 |
| ९२ | सुजल शाक्य | धापाखेल | 9841527059 |
| ९३ | मुना श्रेष्ठ | धापाखेल | 9841942380 |
| ९४ | लक्ष्मी के.सी.शाक्य | बानेश्वर | 9841942380 |
| ९५ | लिला महर्जन | बानेश्वर | 9841701249 |
| ९६ | नारायण भक्त महर्जन | बानेश्वर | |
| ९७ | चन्द्र माया महर्जन | बानेश्वर | |
| ९८ | मैंया महर्जन | बानेश्वर | |
| ९९ | इन्दिरा बोगटी | बानेश्वर | |
| १०० | निर्मला महर्जन | महाराजगञ्ज | 9841098908 |
| १०१ | प्रकट श्रेष्ठ | सामाखुशी | |
| १०२ | निलिना श्रेष्ठ | भैंसेपाटी | 9843638173 |
| १०३ | प्रकाश मान श्रेष्ठ | भैंसेपाटी | 9851193948 |
| १०४ | विनिता श्रेष्ठ | भैंसेपाटी | 9846155456 |
| १०५ | अनिता पोखरेल | मण्डिकाटार | 9841428195 |
| १०६ | कृति श्रेष्ठ | हेपाली हाइट | 9841798713 |
| १०७ | कल्पना श्रेष्ठ | हेपाली हाइट | 9841934319 |
| १०८ | बाल गोपाल सिंह | वनस्थली | 9851192264 |
| १०९ | शान्ता सिंह | वनस्थली | |
| ११० | सौरभ प्रधान | सुनाकोठी | 9829268452 |
| १११ | शान्ति कर्माचार्य | कोहिटी | |
| ११२ | शक्ति श्रेष्ठ | नुवाकोट | |

## गुठीको संरक्षणमा रहेका शैक्षिक छात्रवृत्ति पुरस्कारहरू

| क्रसं | छात्रावृति नाम | विवरण | संख्या |
|---|---|---|---|
| १. | श्यामरत्न स्मृति छात्रवृत्ति | तानसेन नगरको विद्यालयहरूबाट विज्ञान +२ परीक्षामा सर्वोत्कृष्ट अङ्क ल्याई उत्तीर्ण गर्ने छात्र र छात्रा। (नगद : ब्याज अनुसार) | २ |
| २. | दिव्यमान वैश्यत स्मृति छात्रवृति | प.प. नमुना उ.मा.वि. बाट एस.इ.इ. परीक्षामा सबैभन्दा बढी अङ्क ल्याई उत्तीर्ण गरी १०+२ मा भर्ना भएको छात्र वा छात्रा। (नगद : ब्याजअनुसार) | १ |
| ३. | जीत गोविन्द चन्द्र कुमारी स्मृति छात्रवृत्ति | क) जनता न. उच्च मा. वि. बाट एस.इ.इ. परीक्षामा सबैभन्दा बढी अङ्क ल्याई उत्तीर्ण गर्ने छात्रा। (नगद : ब्याज अनुसार) | १ |
| | | ख) जनता न. उच्च मा.वि. बाट कक्षा ५ मा सबै भन्दा बढी अङ्क ल्याई उत्तीर्ण गर्ने छात्रा। (स्कुलको वार्षिक फी, कापी र किताब) | १ |
| ४. | नारायण सरोज छात्रवृत्ति | तानसेन नगर भित्रका सामुदायिक विद्यालयमा अध्ययनरत आर्थिक अवस्था कमजोर भएका छात्रा कक्षा ९ (नगद : ब्याजअनुसार) | १ |
| ५. | श्रीनगर छात्रवृत्ति | काठमाडौं बसोवास गरेका गुठी सदस्यका छोराछोरी/परिवारमध्ये एस.इ.इ. परीक्षामा सबैभन्दा बढी अङ्कल्याई उत्तीर्ण गर्ने छोरा र छोरी।(नगद ब्याज अनुसार) | २ |
| ६. | पद्मचन्द श्रेष्ठ स्मृति छात्रवृत्ति | गुठी सदस्य परिवारका छोरा वा छोरीमध्ये नेपालबाट विज्ञान, व्यवस्थापन र मानविकी संकायमा १०+२ को परीक्षामा सबैभन्दा बढी अङ्क ल्याई उत्तीर्ण गर्ने छोरा वा छोरी। (नगदः ब्याजअनुसार) | २ |
| ७. | दशरथ मिथिला छात्रवृत्ति | "त्रिभुवन क्याम्पस पाल्पा" बाट बि.ए. र बि.बि.एस. मा बढी अङ्क ल्याई उत्तीर्ण गर्ने छात्र वा छात्रा। (नगदः ब्याजअनुसार) | २ |
| ८. | शिवनाथ यमुना देवी गोङ्गल छात्रवृत्ति | तानसेन नगर भित्रका सामुदायिक विद्यालयमा अध्ययनरत कक्षा ८ मा जिल्ला स्तरीय परीक्षामा सर्वोत्कृष्ट अङ्क ल्याई उत्तीर्ण भई कक्षा ९ र १० मा अध्ययन गर्ने छात्र वा छात्रा। (नगदः ब्याजअनुसार) | २ |
| ९. | सिद्धि सकल तुलसी कृष्ण इन्द्र दुर्गा स्मृति पुरस्कार | त्रिभुवन क्याम्पस पाल्पाबाट बि.एस्सीमा उच्च अङ्क ल्याई उतीर्ण गर्ने। (चाँदीको करुवा) | १ |
| १०. | मूर्तेन्द्र मोहनमाया स्मृति छात्रवृत्ति | तानसेन नगरभित्रका सामुदायिक विद्यालयहरूमध्ये पद्म पब्लिक न.उ.मा.वि. जनता न.उ.मा.वि. र मोहन कन्या उ.मा.वि.का जेहेन्दार र आर्थिक अवस्था कमजोर भएका दुई दुई जना विद्यार्थीलाई प्रदान गर्ने (नगद : ब्याज अनुसार) | ६ |
| ११. | अनन्त मथुरा प्रसाद राजभण्डारी छात्रवृत्ति | तानसेनको पद्म पब्लिक न.उ.मा.वि. बाट एस.इ.इ. परीक्षामा सर्वाधिक अङ्क ल्याई उत्तीर्ण हुने दुई जना छात्रालाई प्रदान गर्ने (नगदः ब्याज अनुसार) | २ |
| १२. | तेज कुमारी गणेश बहादुर गुभाजू स्मृति छात्रवृत्ति | तानसेनको सामुदायिक विद्यालयमा अध्ययन गर्ने आर्थिक अवस्था कमजोर भएका छात्रालाई प्रदान गर्ने (नगद : ब्याज अनुसार) | १ |
| १३. | मुक्ति प्रसाद लक्ष्मी कुमारी अक्षयकोष | त्रिभुवन बहुमुखी क्याम्पस तानसेन पाल्पाबाट नेपाली विषयमा स्नातकोत्तर तहमा सर्वाधिक अङ्क प्राप्त गर्ने विद्यार्थीलाई चाँदीको तक्मा तथा नगद पुरस्कार प्रदान गर्ने | १ |
| १४. | महालक्ष्मी श्रेष्ठ स्मृति अक्षयकोष | तानसेन पाल्पास्थित देववाणी संस्कृत तथा साधारण मा.वि.मा अध्ययन गर्ने आर्थिक अवस्था कमजोर र जेहेन्दार एकजना विद्यार्थीलाई छात्रवृत्ति प्रदान गर्ने | १ |
| १५. | देवी सरस्वती अक्षयकोष | तानसेन जनता न.उ.मा. विद्यालयले छनौट गरी पठाएका विद्यार्थीलाई प्रदान गर्ने | १ |
| १६. | देव लक्ष्मी - शान्ति लक्ष्मी स्मृति अक्षयकोष | प.प. नमूना उ.मा.वि. तानसेनबाट कक्षा ८ बाट सर्वोत्कृष्ट अङ्क ल्याई कक्षा ९ मा सोही विद्यालयमा अध्ययनरत छात्र वा छात्रालाई प्रदान गर्ने | १ |
| १७. | लाले जोकर - सुख लक्ष्मी चित्रकार स्मृति अक्षयकोष | दृष्टिविहीनहरूमा एस.इ.इ. परीक्षामा उत्कृष्ट अङ्क ल्याउने विद्यार्थी छात्र वा छात्रालाई प्रदान गर्ने (नगद : ब्याज अनुसार) | १ |
| १८. | मूर्तेन्द्र मोहनमाया स्मृति अक्षयकोष | तानसेन धवल पुस्तकालयलाई सहयोग गर्ने | १ |
| १९. | सूर्य भीमकुमारी मलेकु अक्षयकोष | तानसेन धवल पुस्तकालयलाई सहयोग गर्ने | १ |
| २०. | कृष्ण बहादुर इन्द्र कुमारी दुर्गा देवी स्मृति अक्षयकोष | बुटवल मा.वि.मा अध्ययनरत आर्थिक अवस्था कमजोर भएका विद्यार्थीहरूमध्ये छात्र वा छात्रालाई आर्थिक सहयोग गर्ने | १ |

# शैक्षिक गतिविधि

शिक्षा तथा अन्य क्षेत्रमा स्थापित अक्षयकोष उद्देश्य अनुरूप प्रोत्साहन मिलोस् भन्ने उद्देश्यले हरेक वर्ष तानसेन गुठीले आफ्नो वार्षिक भेला कार्यक्रमका दिन विभिन्न तहमा सर्वाधिक अङ्क प्राप्त गरी उत्तीर्ण हुने छात्रछात्राहरूलाई दाताहरूबाट स्थापित छात्रवृत्ति पुरस्कार तथा अन्य क्षेत्रका उद्येश्य अनुरूप सम्मान तथा पुरस्कृत गर्ने परम्परा कायम राख्दै आएको सर्वविदितै छ ।

## काठमाडौंमा वितरण गरिने विवरण

### १) श्रीनगर छात्रवृत्ति अक्षयकोष

**संस्थापक – लक्ष्मण प्रसाद श्रेष्ठ, श्याम सुन्दर लाल कक्षपती, पुष्प प्रधान**

काठमाडौंमा बसोबास गरेका गुठी सदस्य परिवारका एस.इ.इ. परीक्षामा सर्वाधिक अङ्क प्राप्त गरी उत्तीर्ण हुने छोरा र छोरी गरी दुई जनालाई प्रदान गरिने यो छात्रवृत्तिद्वारा देहायका विद्यार्थीहरूलाई पुरस्कृत गरिएको छ ।

क. नाम : आरोग्य कर्माचार्य (२०७६ साल)
प्राप्ताङ्क : जिपिए ३.६५
विद्यालय : रोजबड स्कुल
अभिभावक : आ.स.आरधाना कर्माचार्य / राजेश कर्माचार्य

ख. नाम : आवर्तन मान कर्माचार्य (२०७७ साल)
प्राप्ताङ्क : जिपिए ४
विद्यालय : यूनाईटेड स्कुल
अभिभावक : आ.स. उपेन्द्र मान / उषा कर्माचार्य

ग. नाम : विवेक्षा जोशी (२०७७ साल)
प्राप्ताङ्क : जिपिए ३.७५
विद्यालय : काठमाडौँ युनिभर्सिटी हाइस्कुल
अभिभावक : आ.स. विधान जोशी / हेमा जोशी

घ. नाम : विमर्श मुनन्कमी (२०७८ साल)
प्राप्ताङ्क : जिपिए ३.३५
विद्यालय : द चाँदबाग स्कुल
अभिभावक : आ.स. विश्वनाथ मुनन्कमी (बाजे)


*आरोग्य कर्माचार्य*


*आवर्तन मान कर्माचार्य*


*विवेक्षा जोशी*


*विमर्श मुनन्कमी*

### २. श्यामरत्न स्मृति छात्रवृत्ति

**संस्थापक – युगल कृष्ण मल्ल, ई. शंकरकृष्ण, ई. लक्ष्मण कृष्ण, डा. ओमकृष्ण, डा. महावीर कृष्ण र ई. नारायण कृष्ण मल्ल**

तानसेन नगरपालिका भित्रका विद्यालयहरूबाट विज्ञान +२ परीक्षामा सहभागी भई सर्वाधिक अङ्क प्राप्त गरी उत्तीर्ण हुने एकजना छात्र र एकजना छात्रा गरी दुई जनालाई काठमाडौंमा सहभागी गराई प्रदान गरिने यो छात्रवृत्ति विद्यार्थीलाई पुरस्कृत गरिएको छ ।

**२०७७/७८**

नाम : सागर गिरी
प्राप्ताङ्क : जिपिए – ३.६९
स्कुल : मिलेनियम सेकेन्डरी स्कुल

नाम : खुसी झवाली
प्राप्ताङ्क : जिपिए – ३.६९
स्कुल : नयू होराइजन ई. बोर्डिङ स्कुल

**२०७८/७९**

नाम : दानु मश्राङ्गी
प्राप्ताङ्क : जिपिए – ३.५४
स्कुल : न्यू होराइजन ई. बोर्डिङ स्कुल

नाम : शशांक थापा क्षेत्री
प्राप्ताङ्क : जिपिए – ३.४३
स्कुल : नयू होराइजन ई. बोर्डिङ स्कुल

## ३) पद्मचन्द श्रेष्ठ स्मृति छात्रवृत्ति

**संस्थापक – चन्द्रलक्ष्मी श्रेष्ठ**

गुठी सदस्य परिवारका छोरा वा छोरीमध्ये प्रमाण पत्र तहको विज्ञान, व्यवस्थापन र मानविकी विषयमा १०+२ को परीक्षामा सर्वाधिक अङ्क ल्याई उत्तीर्ण हुने विद्यार्थीहरूलाई प्रदान गरिने यो छात्रवृत्ति पुर स्कार प्रदान गरिएको छ ।

क. नाम : आकर्षण प्रधान (२०७६)
प्राप्ताङ्क : ३.१५ जिपिए (विज्ञान समूह)
विद्यालय : काठमाडौं इन्स्टिच्यूट से. स्कुल,
अभिभावक : आ. स. चैतन्य प्रधान


आकर्षण प्रधान

ख. नाम : नन्दिता कर्माचार्य (२०७७)
प्राप्ताङ्क : ३.३९ जिपिए (व्य. समूह)
विद्यालय : युलियन्स से. स्कुल
अभिभावक : आ.स. आराधना श्रेष्ठ

ग. नाम : स्वर्णिम सेन श्रेष्ठ (२०७८)
प्राप्ताङ्क : ३.३५ जिपिए (विज्ञान समूह)
विद्यालय : काठमाडौं वर्ल्ड सेकेन्डरी स्कुल,
अभिभावक : आ.स. ई.डा. सुरेन्द्र प्रसाद श्रेष्ठ/कृति श्रेष्ठ


रिशाल राज मास्के

घ. नाम : रिशाल राज मास्के (२०७८)
प्राप्ताङ्क : ३.३५ जिपिए (व्यवस्थापन समूह)
विद्यालय : युनी ग्लोबल सेकेन्डरी स्कुल
अभिभावक : आ.स. दिपक राज मास्के/नाजनी मास्के


रिशाल राज मास्के

## ४) सिद्धि सकल तुलसी कृष्ण इन्द्र दुर्गा स्मृति पुरस्कार

**संस्थापक –स्व. अमृतमान श्रेष्ठ स्व. पृथ्वी कुमारी श्रेष्ठ**

त्रिभुवन बहुमुखी क्याम्पस पाल्पाबाट बि.एस्सी. परीक्षामा सर्वाधिक अङ्क प्राप्त गरी उत्तीर्ण हुने एकजना विद्यार्थीलाई प्रदान गरिने उपहार सहितको पुरस्कार यस वर्ष देहाय बमोजिमका विद्यार्थीहरूलाई पुरस्कृत गरिएको छ ।

क. नाम : सबिना पन्थ
कक्षा : बि.एस्सी. (२०७२/२०७६ समूह)
प्राप्ताङ्क : ६४.१० प्रतिशत
वर्ष : २०७७


सबिना पन्थ


त्रिविक्रम खड्का



ख. नाम : त्रिविक्रम खड्का
कक्षा : बि.एस्सी. (२०७३/२०७७ समूह)
प्राप्ताङ्क : ६४.८० प्रतिशत
वर्ष : २०७७

२०७८ सालको परिक्षाफल प्रकाशित भएको छैन ।

## ५) मुक्ति प्रसाद लक्ष्मी कुमारी स्मृति छात्रवृत्ति पुरस्कार

**संस्थापक – श्री शुभ श्रेष्ठ**

तानसेनको त्रिभुवन बहुमुखी क्याम्पसमा स्नातकोत्तर तह एम.ए. परीक्षामा सर्वाधिक अङ्क प्राप्त गरी उत्तीर्ण हुने एकजना विद्यार्थीलाई प्रदान गरिने उपहार सहितको पुरस्कार यस वर्ष देहायको विद्यार्थीलाई प्रदान गरिएको छ ।


बाला सारु

नाम : बाला सारु
शिक्षा : एम ए नेपाली
प्राप्ताङ्क : ३.५६ जि पि.ए

## ६) जुन लोक थापा अक्षयकोष

**संस्थापक: स्व. जुन मल्ल थापा / लोक विक्रम थापा**

लुम्बिनी मेडिकल कलेज प्रभास, तानसेनबाट एम. बि .बि .एस .को प्रारम्भ देखिको प्रत्येक ब्याचको अन्तिम परीक्षामा सवौत्कृष्ठ अकं ल्याउने विद्यार्थीलाई स्वर्ण पदकले पुरस्कृत देहायका विद्यार्थीहरूलाई प्रदान गरिएको छ ।

क) नाम : डा. विवेक पौडेल
प्राप्ताङ्क : ७९.६९ प्रतिशत
साल : २०७६/०७७

ख) नाम : डा. निशा भट्टराई
प्राप्ताङ्क : ७९.९३ प्रतिशत
साल : २०७७/०७८

ग) नाम : डा. आशिष पौडेल
प्राप्ताङ्क : ७७.८१ प्रतिशत
साल : २०७९


डा. विवेक पौडेल


डा। निशा भट्टराई



## ७) जगत बहादुर जोशी –रुद्र बहादुर जोशी स्मृति अक्षयकोष

**संस्थापक: रेणुका देवी श्रेष्ठ जोशी**

साहित्य क्षेत्रमा योगदान पुऱ्याउने पाल्पाली साहित्यकारलाई प्रत्येक दुई वर्षमा एक एकजनालाई गरिने उक्त पुरस्कार देहायका साहित्यकारहरूलाई पुरस्कृत गरी सम्मानित गरिएको छ ।

क) नाम : साहित्यकार श्री गंगा लिगल
जन्मस्थान : पाल्पा तानसेन
हाल ठेगाना : मैतीदेवी काठमाडौँ
सम्मान वर्ष : २०७५/२०७६

ख) नाम : साहित्यकार पुष्कर राज रेग्मी
जन्मस्थान : मेहलधारा , पाल्पा तानसेन
हाल ठेगाना : भगवती टोल , तानसेन पाल्पा
सम्मान वर्ष : २०७७/२०७८


गंगा लिगल


पुष्कार राज रेग्मी

## ८) जीवन जयन्ती अक्षयकोष

**संस्थापक: जयन्ती श्रेष्ठ**

देशभरका पर्यटक पथ-प्रदर्शकहरूमध्ये प्रत्येक वर्ष उत्कृष्ट एकजना पथ-प्रदर्शकलाई सम्मान गरिने पुरस्कार देहायकालाई प्रदान गरिएको छ ।



क) नाम : पथ प्रर्दशक श्री महेन्द्र श्रेष्ठ
जन्मस्थान : कीर्तिपुर
हाल ठेगाना : बल्खु , काठमाडौं
व्यवसाय : अंग्रेजी र जर्मन भाषामा टुर गाईड
सम्मान वर्ष : २०७७


महेन्द्र श्रेष्ठ

ख) नाम : पथ प्रर्दशक श्री रमेश खतिवडा
जन्मस्थान : माल्ता संखुवाशभा
हाल ठेगाना : बुढानीलकण्ठ– ५ काठमाडौं
व्यवसाय : अंग्रेजी र स्पेन भाषामा टुर गाईड
सम्मान वर्ष : २०७८


रमेश खतिवडा

ख) नाम : पथ प्रर्दशक श्री सोमी तुलाधर (शर्मिता)
जन्मस्थान : खुसीबुँ काठमाडौँ
हाल ठेगाना : खुसीबुँ काठमाडौँ
व्यवसाय : जापानिज, चाइनिज, अङ्ग्रेजी र जर्मन भाषामा टुर गाईड
सम्मान वर्ष : २०७९


सोमी तुलाधर

### ९) इन्द्र पदम स्मृति संस्कृति अक्षयकोष

**संस्थापक ः ई. करुणा गोविन्द श्रेष्ठ एवं गोविन्द परिवार**

नेवा ः भाषा ः साहित्य, संस्कृति आदिको संरक्षण र संवर्द्धन गर्न योगदन पुऱ्याउने व्यक्तित्व वा संस्थालाई पुरस्कार दिई सम्मान गर्ने ।

नाम : श्री हरिशरण राजोपाध्याय
जन्मस्थान : भक्तपुर
सम्मान बर्ष : २०७९


*हरिशरण राजोपाध्याय*

## पाल्पा शाखामा गरिने शैक्षिक तथा अन्य गतिविधिहरू

### १. दिव्यमान वैश्यत स्मृति छात्रवृत्ति

**संस्थापक – प्रदीप मान बैश्यत**

तानसेन पद्म पब्लिक नमुना उ.मा.वि.बाट एस.इ.इ. परीक्षामा सर्वाधिक अङ्क प्राप्त गरी उत्तीर्ण हुने एकजना विद्यार्थीलाई प्रदान गरिने यो छात्रवृत्ति पुरस्कारद्वारा देहायको विद्यार्थीलाई पुरस्कृत गरिएको छ ।

**२०७७/७८**
नाम ः अमन कार्की
प्राप्ताङ्क ः जिपिए – ३.६

**२०७८/७९**
नाम ः अमन वर्मा
प्राप्ताङ्क ः जिपिए – ३.०

### २. जीत गोविन्द चन्द्रकुमारी स्मृति छात्रवृत्ति

**संस्थापक – निरज गोविन्द श्रेष्ठ तथा गोविन्द परिवार**

तानसेनको जनता नमुना उ.मा.वि. बाट एस.इ.इ. परीक्षामा र कक्षा ५ मा सर्वाधिक अङ्क प्राप्त गर्ने दुई जना छात्रालाई प्रदान गरिने यो छात्रवृत्ति पुरस्कारद्वारा देहायका विद्यार्थीहरूलाई प्रदान गरिएको छ ।

**२०७७/७८**
क. नाम ः दिप्ती गैरे
कक्षा : एस.इ.इ.
प्राप्ताङ्क ः जिपिए – ४


*दिप्ती गैरे*

ख. नाम ः वर्षा पोखरेल
कक्षा : एस.इ.इ.
प्राप्ताङ्क ः जिपिए – ४


*वर्षा पोखरेल*

ग. नाम ः शोभना पौडेल
कक्षा ः ५

**२०७८/७९**
क. नाम ः एन्जिला बस्याल
कक्षा : एस.इ.इ.
प्राप्ताङ्क ः जिपिए – ३.७
ख. नाम ः सिर्जल श्रेष्ठ
कक्षा : एस.इ.इ.
प्राप्ताङ्क ः जिपिए – ३.७
ग. नाम ः प्रजिता राना
कक्षा ः ५

### ३. नारायण सरोज छात्रवृत्ति

**संस्थापक – मि.सु. नारायण प्रसाद श्रेष्ठ / सरोजिनी श्रेष्ठ**

तानसेन नगरपालिका भित्रका सामुदायिक विद्यालयमा अध्ययनरत आर्थिक अवस्था कमजोर भएका एकजना छात्रालाई दिइने यो छात्रवृत्ति देहायको विद्यार्थीलाई प्रदान गरिएको छ ।

**२०७७/७८**
क) नाम ः कुसुम रेग्मी
कक्षा ः ९
विद्यालय ः महेन्द्रबोधी मा.वि.


*कुसुम रेग्मी*

**२०७८/७९**
क) नाम ः पुष्पा लिम्बु
कक्षा ः ९
विद्यालय ः महेन्द्रबोधी मा.वि.


*पुष्पा लिम्बु*

## ४. दशरथ मिथिला छात्रवृत्ति

**संस्थापक – क. दशरथ मान सिंह, मिथिला देवी सिंह**

त्रिभुवन क्याम्पस पाल्पाबाट बि.ए. र बि.बि.एस. को परीक्षामा सर्वाधिक अङ्क प्राप्त गनेर् दुई जना विद्यार्थीहरूलाई प्रदान गरिने यो छात्रवृत्ति पुरस्कार देहायका विद्यार्थीहरूलाई पुरस्कृत गरिएको छ ।


*पुरन पोखरेल*


*अनिश आचार्य*

क. नाम : पुरन पोखरेल (बि.ए.)
समूह : ०७३/०७६

ख. नाम : अनिश आचार्य (बि.बि.एस.)
समूह : ०७३/०७६

ग. नाम : समीक्षा थापा (बि.बि.एस.)
समूह : ०७८/०७९

घ. नाम : सूर्य बहादुर कुँवर (बि.ए.)
प्राप्ताङ्क : ५४.५०%
समूह : ०७८/०७९

ङ. नाम : माया बस्याल (बि.बि.एस.)
प्राप्ताङ्क : ५४.३५%
समूह : ०७८/०७९

## ५. शिवनाथ यमुनादेवी गो·ल छात्रवृत्ति

**संस्थापक – यमुनादेवी गोङ्गल**

तानसेन नगरपालिका भित्रका सामुदायिक विद्यालयमा अध्ययरत कक्षा ८ को जिल्ला स्तरीय परीक्षामा सर्वाधिक अङ्क प्राप्त गरी उत्तीर्ण भई कक्षा ९ र १० मा अध्ययन गनेर् दुईजनालाई प्रदान गरिने यो छात्रवृत्ति पुरस्कारद्वारा देहाय बमोजिमका विद्यार्थीहरूलाई पुरस्कृत गरिएको छ ।

**२०७७/७८**

क. नाम : अंशु वर्मा अर्याल
कक्षा : ८ (दमक सेकेण्डरी स्कुल)
प्राप्ताङ्क : जिपिए - ४

ख. नाम : मनिषा कँडेल
कक्षा : ८ (सरस्वती सेकेण्डरी स्कुल)
प्राप्ताङ्क : जिपिए - ४

**२०७८/७९**

ग. नाम : इशान काफ्ले
कक्षा : ८ (दमक सेकेण्डरी स्कुल)
प्राप्ताङ्क : जिपिए - ४

घ. नाम : अनुपमा आले
कक्षा : ८ (जनता सेकेण्डरी स्कुल)
प्राप्ताङ्क : जिपिए - ३.८०

## ६. मूर्तेन्द्र मोहनमाया स्मृति छात्रवृत्ति

**संस्थापक – हितसिंह, ई. शक्तिमान, डा. शम्भुमान, डा. उपेन्द्रमान सिंह तथा सदस्य परिवार**

तानसेनको नगरपालिका भित्रका सामुदायिक विद्यालयहरूमध्ये पद्म पब्लिक न.उ.मा.वि., जनता न.उ.मा.वि. र मोहन कन्या उ.मा.वि. मा अध्ययनरत जेहेन्दार र आर्थिक अवस्था कमजोर भएका दुई जना विद्यार्थीलाई दिइने यो छात्रवृत्ति देहाय बमोजिम विद्यार्थीहरूलाई प्रदान गरिएको छ ।


*श्रीधर बस्याल*


*श्रीषा पोखरेल*


*अर्पणा बज्राचार्य*


*सुरक्षा पाण्डे*


*विपना बस्याल*


*भिमु चिदी*

**२०७७/७८**

१. विद्यालय : जनता न.उ.मा.वि.
क. नाम : श्रीधर बस्याल
कक्षा : १०
ख. नाम : श्रीषा पोखरेल
कक्षा : १०

२. विद्यालय : मोहन कन्या उ.मा.वि.
क. नाम : अर्पणा बज्राचार्य
कक्षा : १०
ख. नाम : सुरक्षा पाण्डे
कक्षा : १०

**२०७८/७९**

१. विद्यालय : जनता न.उ.मा.वि.
क. नाम : भुवन बस्याल
कक्षा : १०
ख. नाम : प्रशंसा पन्थी
कक्षा : १०

२. विद्यालय : मोहन कन्या उ.मा.वि.
क. नाम : विपना बस्याल
कक्षा : १०
ख. नाम : भिमु चिदी
कक्षा : १०

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३. | विद्यालय | : पद्म पब्लिक न.उ.मा.वि. | ३. | विद्यालय | | : पद्म पब्लिक न.उ.मा.वि. |
| क. | नाम | : मनिसा आले | क. | नाम | | : निशा आले |
| | कक्षा | : १० | | कक्षा | | : १० |
| ख. | नाम | : पुष्पा रास्कोटी | ख. | नाम | | : विष्णु लामिछाने |
| | कक्षा | : १० | | कक्षा | | : १० |

## ७. अनन्त मथुरा प्रसाद राजभण्डारी छात्रवृत्ति

**संस्थापक – यिता राजभण्डारी**

तानसेनको पद्म पब्लिक नमुना उच्च माध्यमिक विद्यालयबाट २०७७ र २०७८ सालको एस.इ.इ. परीक्षामा सर्वाधिक अङ्क प्राप्त गरी उत्तीर्ण हुनु भएका दुई/दुईजना छात्रालाई यो छात्रवृत्ति पुरस्कार प्रदान गरिएको छ ।

**२०७७/७८**

क. नाम : मनोज सारू
प्राप्ताङ्क : जिपिए - २.८
ख. नाम : विमल ढेंगा
प्राप्ताङ्क : जिपिए - ३.०५

**२०७८/७९**

क. नाम : यम कुमारी श्रेष्ठ
प्राप्ताङ्क : जिपिए - २.३५
ख. नाम : ऋतु वि.क.
प्राप्ताङ्क : जिपिए - २.३५

## ८. तेजकुमारी गणेश बहादुर गुभाजू स्मृति छात्रवृत्ति

**संस्थापक – डा. भक्त बहादुर गुभाजू**

तानसेनको सामुदायिक विद्यालयमा अध्ययन गर्ने आर्थिक अवस्था कमजोर भएका एकजना छात्रालाई प्रदान गरिने यो छात्रवृत्ति देहायको छात्रालाई प्रदान गरिएको छ ।

**२०७७/७८**

क. नाम : वर्षा गाहा
कक्षा : १०
विद्यालय : सेन मा.वि.

**२०७८/७९**

क. नाम : पूजा गाहा
कक्षा : १०
विद्यालय : सेन मा.वि.

## ९. महालक्ष्मी श्रेष्ठ समृति छात्रवृत्ति

**संस्थापक – गंगा श्रेष्ठ**

तानसेनको सामुदायिक विद्यालयमा कक्षा १० मा अध्ययन गनेर् आर्थिक अवस्था कमजोर भएका एकजना विद्यार्थीलाई प्रदान गरिने यो छात्रवृत्ति देहायको विद्यार्थीलाई प्रदान गरिएको छ ।

**२०७७/७८**

नाम : सन्दीप कुमाल
कक्षा : १०
विद्यालय : देववाणी संस्कृत मा.वि.


*सन्दीप कुमाल*

**२०७८/७९**

नाम : अनुष्का ढकाल
कक्षा : १०
विद्यालय : देववाणी संस्कृत मा.वि.


*अनुष्का ढकाल*

## १०. देवी सरस्वती छात्रवृत्ति

**संस्थापक – श्री देवीध्वज श्रेष्ठ / सरस्वती श्रेष्ठ**

तानसेन जनता न. मा.वि. बाट कक्षा ८ मा उत्कृष्ट ल्याउने देहायको विद्यार्थीलाई प्रदान गरिएको छ ।

**२०७७/७८**

नाम : शिवहरि लम्साल
कक्षा : ८

**२०७८/७९**

नाम : युज्जल झेंडी
कक्षा : ८

## ११. देवलक्ष्मी शान्तिलक्ष्मी समृति पुरस्कार

**संस्थापक – मास्टर भगवती प्रसाद श्रेष्ठ**

प.प. न. उ.मा.वि. तानसेनबाट कक्षा ८ बाट सर्वोत्कृष्ट अङ्क ल्याई कक्षा ९ मा सोही विद्यालयमा अध्ययनरत छात्र वा छात्रालाई प्रदान गरिने यो पुरस्कार देहायको विद्यार्थीलाई प्रदान गरिएको छ ।

**२०७७/७८**

नाम : दुर्गा हेमचुरी
कक्षा : ८

**२०७८/७९**

नाम : जानुमाया हिस्की
कक्षा : ८

## १२. लाले जोकर सुखलक्ष्मी चित्रकार स्मृति पुरस्कार

**संस्थापक – किरण चित्रकार**

एस.इ.इ. परीक्षामा उत्कृष्ट अङ्क ल्याउने दृष्टिविहीन छात्र वा छात्रालाई प्रदान गरिने यो पुरस्कार देहायको विद्यार्थीलाई प्रदान गरिएको छ ।

**२०७८/७९**

नाम : संजीव पाठक
विद्यालय : दमकडा मा.वि.



## गुठीको संरक्षणमा रहेका स्वास्थ-सेवा, स्वास्थ शिक्षा तथा अन्य उद्देश्यका अक्षयकोषहरू

| क्र.सं. | अक्षयकोषको नाम | विवरण |
|---|---|---|
| १. | नारायण-सरोज अक्षयकोष | आर्थिक अवस्था कमजोर भएका बिरामीलाई स्वास्थ उपचारको लागि प्रदान गर्ने । (ब्याज मात्र) |
| २. | गोविन्द-इन्दिरा अक्षयकोष | आर्थिक अवस्था कमजोर भएका तानसेनबासी, गुठी परिवारका लागि प्रदान गर्ने । (ब्याज मात्र) |
| ३. | जय-चीरञ्जीवी स्मृति अक्षयकोष | स्वास्थ शैक्षिक क्षेत्रमा अध्ययन गर्न चाहने तानसेन नगरका आर्थिक अवस्था कमजोर र जेहेन्दार छात्रालाई प्रदान गर्ने । (ब्याज अनुसार) |
| ४. | वैद्यराज पूर्णलाल श्रेष्ठ स्मृति अक्षयकोष | आर्थिक अवस्था कमजोर भएको पाल्पाली बिरामीलाई स्वास्थ उपचारको लागि सहयोग स्वरुप प्रदान गर्ने । (ब्याज मात्र) |
| ५. | जुन लोक अक्षयकोष | लुम्बिनी मेडिकल कलेज एण्ड रिसर्च सेन्टरबाट एमबिबिएसमा सर्वोच्च अंक ल्याई उत्तीर्ण हुने एक जना विद्यार्थीलाई उक्त कोषको ब्याजको रकमबाट स्वर्ण पदकबाट सम्मान गर्ने । |
| ६. | मूर्तेन्द्र मोहन माया स्मृति अक्षयकोष | तानसेन पाल्पामा बसोबास गर्ने आर्थिक अवस्था कमजोर भएका बिरामीलाई उपचारार्थ सहयोग स्वरुप प्रदान गर्ने |
| ७. | तेज लक्ष्मी लाल प्रसाद श्रेष्ठ स्मृति अक्षयकोष | आर्थिक अवस्था कमजोर भएका बिरामीलाई स्वास्थ्य उपचारका लागि सहयोग स्वरुप प्रदान गर्ने । |
| ८. | हरि प्रसाद कृष्णमाया प्रधान स्मृति अक्षयकोष | तानसेन धवल पुस्तकालय सहयोगार्थ स्थापना ।<br>कोषदाता - रवीन्द्र प्रसाद प्रधान |
| ९. | हरि प्रसाद कृष्णमाया प्रधान स्मृति अक्षय कोष | तानसेन धवल पुस्तकालय सहयोगार्थ स्थापना ।<br>कोषदाता - सतिस प्रसाद प्रधान |
| १०. | माधवराज मास्के स्मृति अक्षयकोष | विविध उद्देश्यहरूमध्ये कुनै एकलाई वार्षिक रूपमा प्रदान गर्ने -<br>क) राष्ट्रिय एवं अन्तर्राष्ट्रिय स्तरमा कुनै पनि क्षेत्रमा देशको नाउँ उच्च राख्ने कुनै पनि पाल्पालीलाई नगद तथा सम्मान-पत्र<br>ख) तानसेन गुठीका गुठियार सदस्यलाई स्वास्थ्य सहयोग<br>ग) कुनै पनि मठ भन्दिर, पाटी-पौवा एवं धाराको निर्माण तथा जीर्णोद्धार गर्न आवश्यक रहेमा गुठीको नियमअनुसार निर्णय गर्ने |
| ११. | युगल गंगा अक्षयकोष | गुठी सदस्यलाई स्वास्थ्य उपचारमा सहयोग गर्ने । |

## गुठीको संरक्षणमा रहेका धार्मिक, साँस्कृतिक तथा पर्यटन अक्षयकोष

| क्र.सं. | अक्षयकोषको नाम | विवरण | संख्या |
|---|---|---|---|
| १. | भगवती जात्रा अक्षयकोष (नेपाल सरकार) | तानसेन पाल्पाको श्री रणउजीरेश्वरी भगवती माताको जात्रा रथ नगरपरिक्रमा गराउन सहयोग गर्ने । | १ |
| २. | रामलाल-ज्योतिलाल स्मृति अक्षयकोष | तानसेन पाल्पाको श्री रणउजीरेश्वरी भगवती माताको जात्रारथ नगरपरिक्रमा गराउन सहयोग गर्ने। | १ |
| ३. | वेणी प्रसाद श्रेष्ठ-ज्योति लक्ष्मी स्मृति अक्षयकोष | तानसेन पाल्पाको श्री रणउजीरेश्वरी भगवती माताको जात्रा रथ नगरपरिक्रमा गराउन सहयोग गर्ने । | १ |
| ४. | धर्मराज-सूर्य कुमारी स्मृति अक्षयकोष | तानसेन पाल्पाको श्री रणउजीरेश्वरी भगवती माताको जात्रारथ नगरपरिक्रमा गराउन सहयोग गर्ने। | १ |

| क्र.सं. | अक्षयकोषको नाम | विवरण | संख्या |
|---|---|---|---|
| ५. | नारायण प्रसाद महाजन / हरिलाल बैद्य अक्षयकोष | तानसेन पाल्पा श्री रणउजीरेश्वरी भगवती माता, भीमसेन टोल र भगवती टोल भीमसेन जात्रा र पाल्पा भैरव मन्दिरलाई सहयोग गर्ने | ४ |
| ६. | मूर्तेन्द्र-मोहन माया स्मृति अक्षयकोष | तानसेन पाल्पाको देवस्थलका देवदेवीहरूको रथयात्रा (रथजात्रा) तानसेन नगरमा परिक्रमा गराउन र पाल्पा भैरव स्थानमा मर्मतको लागि आर्थिक सहयोग सम्बन्धित संस्थालाई प्रदान गर्ने । | ११ |
| ७. | गृह-गीता अक्षयकोष | तानसेन पाल्पाको देवस्थलका देवदेवीहरूको रथयात्रा (रथजात्रा) तानसेन नगरमा परिक्रमा गराउन र पाल्पा भैरव स्थानमा मर्मतको लागि आर्थिक सहयोग सम्बन्धित संस्थालाई प्रदान गर्ने । | ११ |
| ८. | यज्ञप्रसाद (प्युठानी माइला)-भगवती माया कक्षपती स्मृति अक्षयकोष | तानसेन पाल्पाको देवस्थलका देवदेवीहरूको रथयात्रा र अन्य संस्कृति, पर्वजात्राहरूका लागि आर्थिक सहयोग प्रदान गर्ने । | १२ |
| ९. | उमा-गणेश नारायण स्मृति अक्षयकोष | तानसेन पाल्पाको पर्यटकीय एवं साँस्कृतिक, धार्मिक क्षेत्र चिनाउन सकिने आवश्यक क्रियाकलाप र निर्माण कार्यको लागि परिचालन गर्न सहयोग गर्ने । | १२ |
| १०. | तानसेन गुठी मुद्दती कोष | तानसेनको साँस्कृतिक पर्वको लागि आर्थिक सहयोग सम्बन्धित संस्थालाई प्रदान गर्ने । | १ |
| ११. | तानसेन गुठी मुद्दती कोष | तानसेनको पर्यटन विकास गर्न प्रदान गर्ने । | १ |
| १२. | गणेश प्रसाद सानुमाया माहालक्ष्मी थान्जू सांस्कृतिक अविनाशी कोष | तानसेन नगरमा हरेक साल मनाइने विभिन्न धार्मिक तथा सांस्कृतिक जात्रा-पर्व आदिको निरन्तरता जोगाई राख्न सहयोग गर्ने । | १ |
| १३. | इन्द्र पद्म स्मृति संस्कृति अक्षयकोष | नेवाः भाषा, साहित्य, संस्कृति आदिको संरक्षण र संवर्द्धन गर्न योगदान पुऱ्याउने व्यक्तित्व वा संस्थालाई पुरस्कार दिने । | १ |
| १४. | तेजलक्ष्मी, लाल प्रसाद स्मृति अक्षयकोष | तानसेन पाल्पाको रणउजीरेश्वरी भगवती माताको जात्राको लागि सहयोग गर्ने । | |
| १५. | गणेश कुमारी वैद्य, चन्द्र कुमारी मल्ल स्मृति अक्षयकोष | तानसेन पाल्पाको रणउजीरेश्वरी भगवती जात्राको लागि सहयोग गर्ने । | |
| १६. | जगतबहादुर जोशी रुद्र बहादुर जोशी स्मृति अक्षयकोष | साहित्यिक क्षेत्रमा योगदान पुऱ्याउने पाल्पाली साहित्यकारलाई २ वर्षमा एकजनालाई सम्मानित गर्ने । | १ |
| १७. | सूर्य चन्द्र स्मृति अक्षयकोष | तानसेन नारायण टोलस्थित अमरनारायण मन्दिरमा नियमित रूपमा भजनकीर्तन संचालन गर्न | १ |
| १८. | प्रतिमान निमा स्मृति अक्षयकोष | तानसेनमा हरेक साल आयोजना हुने विभिन्न धार्मिक जात्राको सहयोग लागि | १ |
| १९. | श्री भगवती माता पूजा प्रसाद अक्षयकोष | भगवती माताको पूजा प्रसाद तथा वार्षिक भेलाका लागि आवश्यक कार्यमा सहयोग पुऱ्याउने | |
| २०. | नारायण-सरोज अक्षयकोष | तानसेन पाल्पाको श्रीनगर श्री सिद्धि विनायक गणेश मन्दिर र श्री रणउजीरेश्वरी भगवती माता जात्रा सहयोगार्थ रहने । | १ |
| २१. | अमगरगञ्जा श्री बटुक भैरव अक्षयकोष | श्री विजय लक्ष्मी लाकौलज्यूबाट स्थापित पाल्पा अमरगञ्जा श्री बटुक भैरव जात्रा सहयोगार्थ रहने । | १ |
| २२. | जीवन जयन्ती पर्यटक पथ-प्रदर्शक पुरस्कार | पर्यटन विकासमा देशका अवैतनिक राजदूत मानिने पर्यटक तथा पथ-प्रदर्शकहरूको सम्मान र प्रोत्साहन तथा पेशा प्रति ऊर्जा प्राप्त हुने उद्देश्यले स्थापित । | १ |
| २३ | भगवती प्रसाद गीता देवी थान्जू | तानसेनस्थित विभिन्न देवी देवताको जात्राहरूमा सहयोग गर्ने | १ |
| २४. | सूर्य भीमकुमारी मलेकु अक्षयकोष | श्री रणउजीरेश्वरी भगवती जात्राका लागि आर्थिक सहयोग गर्ने | १ |

# स्वास्थ्य गतिविधि

विभिन्न समयमा आफ्नो जन्मभूमि तानसेनबाट काठमाडौंमा कर्मथलो बनाई बसोबास गरिरहेका यस गुठीमा सदस्यहरू तथा दाताहरूले 'सेवा नै धर्म हो' भन्ने मूल मन्त्रलाई आत्मसात् गरी स्वास्थ्य क्षेत्रतर्फ विभिन्न अक्षयकोष स्थापना गरेका छन् । उक्त कोषबाट आर्जित ब्याज रकम पाल्पा तानसेनका आर्थिक अवस्था कमजोर भएका बिरामीहरूलाई सहयोग तथा आर्थिक अवस्था कमजोर भएका एक जना जेहेन्दार छात्रालाई स्वास्थ्य शिक्षा अध्ययन गर्ने छात्रवृत्ति प्रदान गर्दै आइरहेको यहाँहरूमा विदितै छ । यसरी स्वास्थ्य क्षेत्रतर्फ विभिन्न नयाँ अक्षयकोष थपिंदै जानेमा गुठी आशावादी रहेको छ । यसवर्ष स्वास्थ्यतर्फका विभिन्न अक्षयकोषको ब्याजबाट देहाय बमोजिमका बिरामीहरूलाई आर्थिक सहयोग तथा स्वास्थ्य शिक्षा अध्ययन गर्ने एकजना विद्यार्थीलाई गुठीको स्वास्थ्य उपचार संयोजकको सहमति र निर्णयमा छात्रवृत्ति प्रदान गरिएको छ ।

१) स्वास्थ्य सहयोगका लागि स्थापित **नारायण सरोज अक्षयकोष** (संस्थापक- मि.सु. नारायण प्रसाद श्रेष्ठ/ सरोजिनी श्रेष्ठ), **गोविन्द इन्दिरा अक्षयकोष** (संस्थापक- इन्दिरा श्रेष्ठ), **मूर्तेन्द्र मोहन माया समृति अक्षयकोष** (संस्थापक- हितसिंह श्रेष्ठ तथा परिवार) र **युगल गंगा मल्ल अक्षयकोष** (संस्थापक- गंगा मल्ल) यी चार अक्षयकोषबाट मखन टोल तानसेन पाल्पा निवासी क्यान्सर पीडित **सुरेश बहादुर बज्राचार्य**लाई उपचारार्थ रू. २७,७५६/- (सत्ताइस हजार सातसय छपन्न) शीघ्र स्वास्थ्य लाभको कामना गरी प्रदान गरिएको छ ।



२) **तेजलक्ष्मी लाल प्रसाद अक्षयकोष** (संस्थापक- दिल प्रसाद श्रेष्ठ/ रेणुका देवी श्रेष्ठ) र **युगल गंगा अक्षयकोष** (संस्थापक- गंगा मल्ल) बाट २०७८ सालको स्वास्थ्य बिमाका लागि नारायण टोल तानसेन पाल्पा निवासी **अन्जु जोशी**लाई रू. ३,५००/- (पैंतीस सय) प्रदान गरिएको छ । त्यस्तै २०७९ सालको स्वास्थ्य बिमाका लागि पनि वहाँलाई नै रू. ३,५००/- (पैंतीस सय) प्रदान गरिएको छ ।

३) **'जय चिरञ्जीवी स्मृति छात्रवृत्ति'**

(संस्थापक, गंगा रन्जित, शारदा श्रेष्ठ, स्व. जनकलाल श्रेष्ठ, अरूण, रवीन्द्र, इन्दिरा श्रेष्ठ)

स्वास्थ शैक्षिक क्षेत्रमा अध्ययन गर्न चाहने तानसेन नगरका आर्थिक अवस्था कमजोर र जेहेन्दार छात्रालाई प्रदान गरिने यो छात्रवृत्ति यो वर्ष तानसेन नर्सिङ्ग स्कुलमा प्रथम वर्षमा अध्ययनरत विद्यार्थी **विनायक खाती**लाई प्रदान गरिएको छ ।

## तपाईंको मोबाइल नं र इमेल ठेगाना

गुठीको संचार प्रणाली सहज र सरल बनाउन आफ्नो मोबाईल नं. र ईमेल ठेगाना अनिवार्य रूपमा उपलब्ध गराउनु हुन अनुरोध गर्दछौ ।

**हाम्रो इमेल ठेगाना** : tansenguthi@gmail.com

# तानसेन गुठी - तानसेन शाखा
# वार्षिक प्रतिवेदन २०७८/२०७९

मिति २०७८ साल भाद्र १२ गतेका दिन तानसेन गुठी तानसेन शाखाको छैठौं साधारण सभा, अधिवेशन तथा पद हस्तान्तरण कार्यक्रम पाल्पा उद्योग बाणिज्य संघको सभा कक्षमा गुठीका का.वा. अध्यक्ष श्री सुशील प्रधानको अध्यक्षता तथा सचिव श्री दिपेन्द्र मान थैवको संचालनमा सम्पन्न भएको थियो । उक्त साधारण सभा तथा अधिवेशनबाट आगामी कार्यकालको लागि कार्यसमितिको निर्वाचन समेत सम्पन्न भएको थियो । निर्वाचन अधिकृत पूर्व अध्यक्ष श्री दिल बहादुर शाक्यज्यूले नवनिर्वाचित कार्यसमितिको नामावली घोषणा गर्नु भई निर्वाचित भएको प्रमाणपत्र वितरण गर्नुभई नवनिर्वाचित कार्यसमितिलाई शपथग्रहण गराउनु भएको थियो । शपथग्रहण पश्चात् गुठीका सल्लाहकारज्यूहरू श्री सन्तोष लाल श्रेष्ठ, सर्जु लाल बज्राचार्य तथा केदार लाल श्रेष्ठज्यूले नवनिर्वाचित अध्यक्ष लगायत पदाधिकारीहरूलाई बधाईज्ञापन गर्नुका साथै सफल कार्यकालको शुभकामना व्यक्त गर्नुभएको थियो । कार्यक्रमको अन्तमा नवनिर्वाचित अध्यक्ष श्री सुशील प्रधानज्यूले गुठीको निर्वाचनमा आगामी कार्यकालको लागि अध्यक्ष लगायत कार्यसमिति सदस्यहरूमा निर्विरोध रूपमा निर्वाचित गराउनु भएकोमा सम्पूर्ण गुठी सदस्यहरूलाई धन्यवाद ज्ञापन गर्दै यस्तै सहयोगहरू आगामी दिनहरूमा प्रदान गर्न अनुरोध गर्दै सभाको अन्त भएको घोषणा गर्नुभएको थियो ।

नव निर्वाचित कार्य समितिको नामावली :

| | |
|---|---|
| अध्यक्ष : | श्री सुशील प्रधान |
| नि. अध्यक्ष : | श्री राजेश्वर उदय |
| वरिष्ठ उपाध्यक्ष : | श्री शकुन्तला बज्राचार्य |
| उपाध्यक्ष : | श्री दिपेन्द्र मान थैव |
| सचिव : | श्री विनय राज बज्राचार्य |
| कोषाध्यक्ष : | श्री सञ्जय राज शाक्य |
| सह सचिव : | श्री सन्ध्या शाक्य |





जात्रा तथा स्वास्थ्य सहयोग रकम वितरण





साधारण सभा, अधिवेशन तथा पदस्थापन कार्यक्रम

| | |
|---|---|
| सदस्य : | श्री भूगोल प्रसाद वैंजू श्रेष्ठ |
| सदस्य : | श्री किशोर दर्शन बज्राचार्य |
| सदस्य : | श्री बसन्त लाल बज्राचार्य |
| सदस्य : | श्री मधु दयाल सैंजू |
| सल्लाहकार : | श्री केदार लाल श्रेष्ठ |
| सल्लाहकार : | श्री सन्तोष लाल श्रेष्ठ |
| पूर्व अध्यक्ष : | श्री सर्जु लाल बज्राचार्य |
| पूर्व अध्यक्षः | श्री दिल बहादुर शाक्य |
| पूर्व अध्यक्षः | स्व । गोपाल प्रसाद श्रेष्ठ |

मिति २०७८ भाद्र १५ गते मंगलबार श्री ७ रणउज्जेश्वरी भगवती जात्राका दिन बिहान तानसेन गुठी, काठमाडौंले उपलब्ध गराउँदै आएको जात्रा सहयोग तथा स्वास्थ्य सहयोग रकम भगवती मन्दिरको भजन गृहमा गुठीका अध्यक्ष श्री सुशील प्रधानको अध्यक्षता तथा वरिष्ठ उपाध्यक्ष श्री शकुन्तला बज्राचार्यको संचालनमा सम्पन्न भएको थियो । कोभिडको कारणले गर्दा अति सरल रूपमा संचालन गरिएको यस कार्यक्रममा अन्य छात्रवृत्ति/पुरस्कार रकम वितरण हुन सकेन ।

विनय राज बज्राचार्य
सचिव - तानसेन गुठी, तानसेन शाखा

# तानसेन गुठी - बुटवल शाखा
# वार्षिक प्रतिवेदन २०७८/२०७९

यस तानसेन गुठी बुटवल शाखाको मिति २०७८ साल पौष १२ गते सोमबारका दिन बुटवल स्थित एसियन पार्टी प्यालेसमा यस गुठीको वार्षिक साधारण सभा तथा पहिलो अधिवेशन शाखाका अध्यक्ष श्री निर्मलप्रसाद लाकौलज्यूको अध्यक्षतामा र तानसेन गुठीका पूर्व अध्यक्ष तथा नेपाल परिवार नियोजन संघका केन्द्रीय अध्यक्ष श्री हिमाल कसजूको प्रमुख अतिथि र तानसेन गुठीका अध्यक्ष श्री निलम गोंगल श्रेष्ठको विशिष्ट आतिथ्यमा वार्षिक साधारण सभा सम्पन्न भएको थियो । उक्त वार्षिक साधारण सभामा यस भेगका जेष्ठ नागरिकहरू पुरुषतर्फबाट श्री देवीध्वज श्रेष्ठ र महिलातर्फबाट श्री धनलक्ष्मी कसजूलाई सम्मान गरिएको थियो ।

वार्षिक साधारण सभाको दौरानमा सम्मानित जेष्ठ नागरिक श्री देवीध्वज श्रेष्ठबाट रु. १,००,०००/- (अक्षरूपी एक लाख रूपियाँ) को 'देवी–सरस्वती अक्षयकोष' स्थापनाको घोषणा गर्नुभएको थियो । त्यसैगरी यस गुठीका आजीवन सदस्य श्री ईरादेवी थैबबाट पनि रु.१,००,०००/(अक्षरूपी एक लाख रूपियाँ) मात्र को 'बृज–नयन अक्षयकोष' स्थापना गर्नुभएको थियो । सो अक्षयकोषबाट प्राप्त व्याज रकम यस भेगका सरकारी तथा सामुदायिक विद्यालयमा अध्ययनरत छात्र एक र छात्रा एकजनालाई प्रत्येक वर्ष छात्रवृत्ति प्रदान गरिनेछ ।

वार्षिक साधारण सभा तथा पहिलो अधिवेशन भएको हुँदा उक्त अधिवेशनबाट आगामी कार्यकालको लागि श्री अर्जुनमान सैंजूको अध्यक्षतामा निम्न पदाधिकारीहरू सर्वसम्मतिबाट निर्वाचित हुनुभएको छ ।

कार्यसमिति पदाधिकारीहरू

| | | | |
|---|---|---|---|
| १. | अध्यक्ष | श्री अर्जुनमान सैंजू | ९८५७०२५३३३ |
| २. | नि. अध्यक्ष | श्री निर्मल प्रसाद लाकौल | ९८५७०२५५६७ |
| ३. | उपाध्यक्ष | श्री केदार प्रसाद श्रेष्ठ | ९८५७०२५५७९ |
| ४. | सचिव | श्री सुरेन्द्र मुनि शाक्य | ९८५७०२५०१४ |
| ५. | कोषाध्यक्ष | श्री मुकेश मान श्रेष्ठ | ९८५७०२०३११ |
| ६. | सह सचिव | श्री उपेन्द्र मान श्रेष्ठ | ९८४७०२५७५७ |
| ७. | सह कोषाध्यक्ष | श्री रञ्जन कसजू | ९८५७०२०३३९ |
| ८. | सदस्य | श्री सुरेश रत्न बज्राचार्य | ९८५७०२००९२ |
| ९. | सदस्य | श्री अमूल्यमान थैब | ९८५७०२०७७१ |
| १०. | सदस्य | श्री अमोद श्रेष्ठ | ९८५७०२०८७५ |
| ११. | सदस्य | श्री सुनिल श्रेष्ठ | ९८५७०२५६४२ |
| १२. | सदस्य | श्री अशोक कुमार श्रेष्ठ | ९८५७०२१३८३ |
| १३. | सदस्य | श्री सञ्जय मान सैंजू | ९८५७०२५९५० |
| १४. | सदस्य | श्री श्रृजना सैंजू | ९८४७०५७२८४ |
| १५. | सदस्य | श्री मिश्रा श्रेष्ठ | ९८४७०२६४९२ |
| १६. | सदस्य | श्री धन प्रसाद श्रेष्ठ | ९८५७०२११५३ |
| १७. | सदस्य | श्री ई.लक्ष्मण प्रसाद श्रेष्ठ | ९८५७०२६०८० |
| १८. | सदस्य | श्री रामेश्वर श्रेष्ठ | ९८५७०२७१४४ |

सुरेन्द्रमुनि शाक्य
सचिव

# 'कृष्ण बहादुर इन्द्र कुमारी दुर्गादेवी स्मृति अक्षयकोष'



पूज्य पिता स्व. कृष्ण बहादुर र पूजनीय माता स्व. दुर्गा कुमारीका एक पुत्री र तिन पुत्र मध्ये म कान्छा छोरा ठाकुर प्रसाद थान्जू। मेरो बाजेको नाम रामकृष्ण र बजै योगमायाँ हुनुहुन्थ्यो। हाम्रो स्थाई बसोबास पाल्पा तानसेन असन टोलमा थियो। हाम्रो परिवारमा बाजेको पालादेखि घ्यूको व्यापार व्यवसाय थियो। व्यापार गर्ने क्रममा बाजेको पाला देखिनै हिउँदको ६ महिना बुटवल पुग्ने र घ्यूको थोक व्यापार गर्ने हाम्रो व्यवसाय थियो। तानसेन पाल्पा, असन टोलमा आफ्नो घरमा किराना विसाताको थोक तथा फुटकर पसलको रूपमा दैनिक उपभोग्य समानहरूको व्यवसाय थियो।

पिताको पहिलो विवाह पाल्पा तानसेन कैलाशनगर तत्कालिन नाम चौत्र भन्ज्याङ्ग निवासी श्री जयप्रकाश सिमाङ्गैंडाकी बहिनी इन्द्र कुमारीसँग भएको थियो। पहिलो वैवाहिक जीवनमा आफ्नो सन्तानको रूपमा कोही पनि नबाँचेकोले पहिलो श्रीमतीको सहमती, स्विकृति, आग्रह र प्रयासले सोही टोल निवासी आफ्नै नाता पनि पर्ने श्री केवलप्रसाद सिमाङ्गैंडाकी बहिनी दुर्गादेवीसँग पिताजीको दोश्रो विवाह गराईदिनु भएको रहेछ। वि.सं. १९८७ सालमा मेरो जन्मभई डेढ वर्षको नावालक अवस्थाको रहँदा माताको स्वर्गारोहण भएकोले श्रध्देय माता दुर्गादेवीको आफुसँग कुनै फोटोसमेत नरहेको हँदा आफुले सम्झन समेत सकिरहेको छैन। मेरो लालन पालन मेरो अत्यन्तै मायालु सरल र कोमल हृदयी जेठी आमा इन्द्र कुमारी र अन्य स्याहार सुसार मायालु दिदी पृथ्वी कुमारीबाट भएको थियो।

हाम्रो पुर्ख्यौली थलो भक्तपुर रहेछ। हामी वंशजले भक्तपुरका मल्ल राजाहरूको सन्तान थिए रे। तिनै राजाका जेठी र कान्छी रानीको सन्तानको बिचमा झै-झगडा स्पर्धा र काटामारको समेत सम्भावना देखिएकोले राजाले एक रानीको सन्तानलाई गुप्त बासगरी बस्नको लागि देश निकाला गरिदिएको रहेछन्। उनै सन्तानले भक्तपुरबाट पलायन गरी गुप्तरूपबाट बोडे देश (बर्णपूर)मा बसोबास गरेका रहेछन्। उनीहरूले बोडे देशमा मन्दिर स्थापना गरी खेत समेत गुठी राखिदिएका रहेछन्। अत्यधिक जग्गा रहेको कागजी प्रमाणसम्म प्राप्त गर्न केहि वर्ष अघिसम्म दाई र भतिजा पर्नेहरूले अदालती मुद्दा समेत प्रक्रियागत गर्दैथिए। तर निर्णय नहुनुको कारण पछि मुद्दा लड्न छोडेका थिए।

हालसम्म पनि मेरा एकजना भतिजापर्नेले आफ्नो थर श्रेष्ठसँगै कोष्ठमा मल्ल लेख्ने गर्छन् र जनै धारणा गर्ने गर्छन्। तर जसले आफ्नो पुर्खालाई देश निकाला गऱ्यो त्यसको

वंशजको गौरव किन गरिरहने मेरो विचारमा । बाँकी हाम्रो थान्जू थर मैले वि.सं.२००४ साल देखि मैले चलाएको पद्म पाल्पा पब्लिक हाईस्कूलमा कक्षा ९ मा नाउँ लेखाउँदा पहिलो थर 'था' र थाँ थियो । त्यसमा आदारार्थी अक्षर "जू" थपेर भक्तपुरका तत्कालिन कुनै राजाले हामीलाई दिएको थर उपाधि रे । चाँगुनारायणको मन्दिरमा हाम्रो पुर्खाले थाँ अर्थात स्तम्भ चढाएको उपलब्धि रे ।

हाम्रो पुर्खा काठमाडौं बोडे देश – बर्णपुरबाट व्यापारको सिलसिलामा बाज्ये राम कृष्णको पालामा पाल्पा गएका थिए । पाल्पा तानसेन असन टोल मुल ढोका अगाडी हाम्रो पूर्ख्यौली घर छ र त्यस घरमा बाजेको पाला देखि 'राम कृष्ण कृष्ण बहादुर' फर्मको नामबाट गढीटोलस्थित घरमा घिउको थोक व्यापार गर्ने कारोवार थियो । बुबाले आफ्नो समय अनुसार ठिकै शिक्षा प्राप्त गर्नुभएको रहेछ । उहाँको महाजनी हिसाब र संस्कृति , हिन्दी सहित नेपाली भाषाको राम्रो ज्ञान रहेको थियो । मेरो अक्षरारम्भ सहित प्रारम्भिक शिक्षा उहाँबाट घरैमा प्राप्त भयो । बुटवलमा घिउको थोक कारोवारमा जटिल महाजनी हिसाबको ज्ञान दक्षता चाहिन्छ त्यो मलाई पनि थाहा थियो । बुटवलमा भएका माडवारी घ्यूका व्यापारीसँग कारोवार गर्दा २७:१/२ साढे सत्ताइस् सेरको एक मन हुने बंगाली मनको हिसाब हुन्थ्यो भने घ्यू खरिद गर्दा ४० सेरको एक मन र मानाले पानी नापेर घ्यूको दरभाउ र पर्ताको हिसाब गर्नुपर्थ्यो । त्यो पनि मौखिक हिसाब गरेर महाजनी गणितको अंक तालिका ( Multiplication Table) दुना (*2) पौने (*3/4) डेढा (*1, 1/2) अढाई (*2, 1/2) हूथा (*3, 1/2) उहाँलाई कन्ठस्थ थियो । व्यापारको सिलसिलामा यस्तो ज्ञान र क्षमता तुरुन्ता तुरुन्तै मौखिक उपयोग गर्नु पर्दथ्यो ।

लामो समय नित्य पुजापाठमा समय बिताउनु हुन्थ्यो र हामी केटाकेटीहरूलाई अगाडी अगाडी राखी तुल्सीकृत रामायणको सःस्वर लयात्मक पाठगरी त्यसको अर्थ व्याख्या सुनाउने गर्नुहुन्थ्यो । साथै संस्कृतका श्लोकहरूको बराबर उच्चारण सुनाउनु हुन्थ्यो । उहाँ तानसेनका प्रख्यात तवलावादकको रूपमा चिनिनु हुन्थ्यो । तवलाको सुरतालको शुध्दता बारे उहाँ सारै कट्टर हुनुहुन्थ्यो भन्ने चर्चा हामीले अरुबाट सुन्ने गर्दथ्यौं ।

समय समयमा उहाँले नृत्य एव नाटकमा भाग लिनुभएको चर्चा उहाँले कहिले काही सुनाउने गर्नुहुन्थ्यो । त्यसबखत गित र सम्वादको भाषा हिन्दी उर्दु शैली । शास्त्रिय वाद्यवादनमा हार्मोनियमको प्रवेश भएको थिएन मात्र तवला र सितार थियो रे । कलाकारको श्रृगाँरको लागि तानसेन दरवारमा बस्ने तैनाथवाला केटी सेविकाहरू शुध्द सुन चाँदीको गहना र पोशाक आदि अन्य सामान सहित नाट्यस्थलमा नै पुगेर श्रृङ्गार गरिदिने गर्थे रे । यो मैले बुबाको मुखवाट म सानै छँदा सुनेको थिए ।

यसरी मेरो परिवारिक पृष्ठभूमी संक्षिप्तमा यहाँहरू समक्ष पस्कन पाउँदा अतिनै खुसि छु । साथै म आफ्नो पुजनिय मातापिता तथा ठुली आमाको सदा सम्झना रहने गरी यस तानसेन गुठी काठमाडौंमा रू.१,११,१११ ।- (अक्षरूपी एक लाख एघार हजार एकसय एघार रूपैयाँ) को 'कृष्ण बहादुर, इन्द्र कुमारी दुर्गादिवी स्मृति अक्षयकोष' स्थापना गर्न इच्छुक भएको छु । उक्त अक्षयकोषको व्याजबाट रूपन्देही जिल्ला बुटवल स्थित बुटवल माध्यमिक बिद्यालयका शिक्षकहरूको निर्णय भए अनुसार सो बिद्यालयमा अध्ययनरत आर्थिक अवस्था कमजोर भएका बिधार्थीहरू मध्ये छात्र वा छात्रा एकजनालाई आर्थिक सहयोग प्रदान गर्ने गरी संस्थापक हामी स्वयम् ठाकुर प्रसाद थान्जू र शोभालक्ष्मी थान्जू रहने गरी अक्षयकोष स्थापना गर्दछु । उक्त अक्षयकोष स्थापनामा तानसेन गुठीका पूर्व अध्यक्ष तथा अक्षयकोषका संरक्षक श्री गृह मान सिंह, वर्तमान अध्यक्ष निलम गोंगल श्रेष्ठ र निवर्तमान अध्यक्ष उपस्थित भएर विधिवत सम्झौता गरी स्विकार्नु भएकोमा हार्दिक धन्यवाद व्यक्त गर्दछु । साथै यस अक्षयकोषको रकम सेन्ट्रल फाईनान्स लिमिटेड कुपण्डोल, ललितपुरमा तानसेन गुठीको नाममा FD No C2201023431 प्रति वर्ष 11.15% को दरले खोलिएको जानकारी समेत गराउनु भएकोमा गुठीलाई हार्दिक आभार सहित धन्यवाद छ ।

यस वर्ष ३० औं वार्षिक साधारण सभा हुन गहिरहेको कार्यक्रमको सफलताको शुभकामना व्यक्त गर्दै गुठीको उत्तरोत्तर प्रगतिको कामना गर्दछु ।

**ठाकुर प्रसाद थान्जू**
आजीवन सदस्य तथा अक्षयकोषदाता

# सूर्यमान भीमकुमारी मलेकु अक्षयकोष



लुम्बिनी प्रदेशको गुल्मी जिल्ला वडा नं. ५ जुभुङ्ग निवासी पिता दीर्घ प्रसाद श्रेष्ठ र माता जय कुमारी श्रेष्ठको कोखबाट वि.सं. १९८१ भाद्र २० गतेका दिन जेष्ठ सुपुत्रीको रूपमा अक्षयकोष दाता श्री भिमकुमारी मलेकुको जन्म भएको थियो। वि.सं. १९९७ मा पाल्पा तानसेन असनटोल निवासी श्री सूर्यमान मलेकुसँग उहाँको शुभ विवाह सुसम्पन्न भएको थियो। उहाँको श्रीमान सूर्येमान मलेकूको वि.सं. २०५२ आश्विन महिनामा देहावसान भए पश्चात् उमेर र समयको परिवर्तन सँगसँगै उहाँ काठमाडौं महानगरपालिका वडा नम्बर ३२ जडीबुटी गणनायक मार्गमा आफ्ना छोरा बुहारी नाति नातिना बीच आनन्दमय जीवन यापन गर्दै हाल उमेरले ९९ वर्ष पुगिसक्नु भएको छ। उहाँलाई ९० वर्ष पुगेको सुअवसरमा वि.सं.२०७० मंसिर २९ गते शनिवारका दिन काठमाडौंमा जेष्ठ नागरिक सम्मानमा देवरथारोहण पूजाको कार्य गरेको थियो। साथै उहाँको सुस्वास्थ्य शान्तिमय सुखमय जीवन रहोस् भनी दिर्घायूको कामना गरी तानसेन गुठीले पुनः उहाँको सम्मानमा १०० वर्षिय दिव्यरथारोहण पूजा गर्न पाउँ भनी कामना समेत गरेको थियो। उहाँको परिवारमा ५ छोराहरू ३ छोरीहरू, १४ नाति, ९ नातिनी, १० पनाति, १० पनातिनी र एक खनाति समेत रहेका छन्।

उहाँले पाँच छोराहरू यस गुठीका आजीवन सदस्य श्री शंकर लाल मलेकू , आ.स श्री विष्णु मान मलेकू, आ.स.इर्. श्री मदन गोपाल मलेकू, आ.स.श्री चन्द्र मान मलेकू र श्री पुरण प्रसाद मलेकूका माता द्धारा पाल्पा तानसेन श्री रण उज्जेश्वरी भगवती देवीको वार्षिक जात्रा संचालनको लागि रु. १,११,१११/– (अक्षरूपी एक लाख एघार हजार एक सय एघार) तथा धवल पुस्तकालय संचालनका लागि रु. रु. १,११,१११/– (अक्षरूपी एक लाख एघार हजार एक सय एघार) कूल रु. २,२२,२२२/– (अक्षरूपी दुई लाख बाईस हजार दुईसय बाईस रूपैयाँ) 'सूर्यमान भिमकुमारी मलेकू अक्षयकोष' स्थापना गनुभई मिति २०७८ असोज १६ गते कोषका दाता श्री भिमकुमारी मलेकूज्यूबाट आर्थिक सहयोग प्रदान गर्नु भएको थियो। सो रकमको व्याजबाट सहयोग हुने गरी तानसेन गुठीको नाममा (संरक्षण) मा रहने गरी कुपण्डोल स्थित सेन्ट्रल फाईनान्समा मुद्दघती खाता नं. F 11001025014 मा रहेको छ। साथै उहाँहरूबाट गुठीलाई सहयोग स्वरूप एकथान कम्प्युटर प्रिन्टर पनि प्रदान गर्नुभएको छ।

उहाँले आफ्ना स्व. श्रीमान्को पे्ररणा स्वरूप धार्मिक, सांस्कृतिक, विविध समाजिक सेवा गर्ने मनशायले रूपन्देही जिल्ला तिलोत्तमा नगरपालिका कोटिहवा स्थित पशुपति माध्यमिक विद्यालयमा अध्ययनरत गरीब, जेहेन्दार, दलित, जनजाती, अपाङ्ग तथा आदिबासी विद्यार्थीहरूको पठन पाठनमा केही आर्थिक सहयोग पुगोस् भन्ने उद्देश्य अनुरूप 'सूर्यमान मलेकू स्मृति अक्षयकोष' को समेत स्थापना गर्नुभई सामाजिक सेवामा योगदान गर्नुभएको छ। उहाँले समाजमा सेवाभावले गर्नुभएको असलकार्यको प्रशंसा गर्दै तानसेन गुठी हार्दिक आभार सहित धन्यवाद व्यक्त गर्दछ।





# हार्दिक बधाई तथा शुभकामना



यस तानसेन गुठीका आजीवन सदस्य **डा. श्री ज्ञानेन्द्र बहादुर मल्ल**ज्यू वि.पि. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरान सुनसरीको आपतकालीन चिकित्सा विभागको प्रमुख प्राध्यापक रही कोभिड १९ महामारी विरुद्ध उत्कृष्ठ असल कार्य गर्नुभई अतुलनीय योगदान गरे बापत यही २०७९ वैशाख १ गतेका दिन सम्माननीय राष्ट्रपति श्री विद्या देवी भण्डारीज्यूको करकलमबाट **"सुप्रबल जनसेवा श्री तृतीय श्रेणी"** पदकद्वारा विभूषित हुनुभएकोमा तानसेन गुठी परिवार सगौरव हार्दिक बधाई ज्ञापन गर्दछ । साथै उहाँको उत्तरोत्तर प्रगतिको कामना सहित कार्यकालको पूर्ण सफलताको शुभकामना व्यक्त गर्दछ ।



यस तानसेन गुठीका पूर्व अध्यक्ष **श्री हिमाल कसजु**ज्यू नेपाल परिवार नियोजन सङ्घको ४१ औं केन्द्रीय सभाबाट अध्यक्ष जस्तो गरिमामय पदमा पुन:निर्वाचित हुनुभएकोमा तानसेन गुठी सगौरव हार्दिक बधाई ज्ञापन गर्दछ । साथै वहाँको उत्तरोत्तर प्रगतिको कामना सहित शुभकामना व्यक्त गर्दछ ।



यस तानसेन गुठी बुटवल शाखाका उपाध्यक्ष **श्री अर्जुन मान सैंजु**ज्यू लाई सामाजिक एवं व्यवसायिक क्षेत्रमा उल्लेखनीय योगदान पुरयाएबापत २०७८ सालको संविधान दिवसको अवसरमा सम्माननीय राष्ट्रपति श्री विद्या देवी भण्डारीज्यूबाट **प्रबल जनसेवा श्री पदक** प्रदान गरिने नेपाल सरकारद्वारा घोषणा भएकोमा गुठीको तर्फबाट वहाँको उत्तरोत्तर प्रगतिको कामना गरी सगौरव हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछ ।

**निलम श्रेष्ठ (गोंगल)**
**अध्यक्ष तथा तानसेन गुठी परिवार**

# हार्दिक बधाई तथा शुभकामना



यस तानसेन गुठीका आजीवन सदस्य **श्री कल्याण गोविन्द श्रेष्ठ**ज्यू साल्ट ट्रेडिङ कर्पोरेशन लिमिटेडको अध्यक्ष जस्तो गरिमामय पदमा निर्वाचित हुनुभएकोमा उहाँको कार्यकालको पूर्ण सफलताको कामना गर्दै हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछ ।



यस तानसेन गुठीका आजीवन सदस्य **श्री किरण बज्राचार्य**ज्यू प्रहरी नायब महानिरीक्षक (डि.आई.जी.) पदमा बढुवा हुनुभएकोमा गुठी परिवार सगौरव हार्दिक बधाई ज्ञापन गर्दछ । साथै उहाँको कार्यकालको पूर्ण सफलताको शुभकामना व्यक्त गर्दछ ।



यस तानसेन गुठीका आजीवन सदस्य, तानसेन शाखाका सल्लाहकार, त्रिभुवन बहुमुखी क्याम्पसका पूर्व क्याम्पस प्रमुख तथा लुम्बिनी मेडिकल कलेजका कार्यकारिणी निर्देशक **श्री सन्तोषलाल श्रेष्ठ**ज्यू तानसेन नगरपालिकाको नगर प्रमुख जस्तो गरिमामय पदमा निर्वाचित हुनु भएकोमा हामी गुठी परिवार हर्षोल्लासका साथ वहाँको कार्यकालको पूर्ण सफलताको कामना गर्दै गुठीको तर्फबाट सगौरव हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछ ।

**निलम श्रेष्ठ (गोंगल)**
**अध्यक्ष तथा तानसेन गुठी परिवार**

# स्रष्टा परिचय



शान्ता शाक्य

**पुरस्कारको नाम:** ‘जगत बहादुर जोशी - रूद्र बहादुर जोशी स्मृति पुरस्कार’

**अक्षयकोषदाता:** रेणुका देवी जोशी श्रेष्ठ

**स्थापना:** २०७२ आश्विन १२ गते

**उद्देश्य:** साहित्य क्षेत्रमा विशिष्ट योगदान पु-याउने पाल्पाली साहित्यकारलाई दुई वर्षमा एकजनालाई कदर स्वरूप पुरस्कृत गर्ने

तानसेन गुठीले पहिलो पटक साहित्यिक क्षेत्रमा विशिष्ठ योगदान पु-याउने पाल्पाली साहित्यकारको सम्मानार्थ स्थापित ‘जगत बहादुर - रूद्र बहादुर जोशी स्मृति अक्षयकोष’ बाट दुई वर्षमा एकजनालाई उक्त कोषबाट पुरस्कृत गर्ने उद्देश्य अनुरूप कोरोना र अन्य कारणले गर्दा उक्त पुरस्कार प्रदान गर्न नसकिएकोले २०७८ सालमा उक्त पुरस्कार एकै पटक दुईजना स्रष्टालाई प्रदान गरिएको छ ।

## साहित्यकार गंगा लिगल



नेपाली साहित्यको क्षेत्रमा गंगा लिगलको नाम कुनै नौलो होइन। उनी तीन दशकदेखि निरन्तर साहित्य साधनामा तल्लीन एक सक्रिय साहित्यकार हुन्। उनको जन्म लुम्बिनी अञ्चल पाल्पा जिल्लाको प्राकृतिक सुन्दरताले भरिएको सुन्दर नगर तानसेनमा पिता गणेश प्रसाद श्रेष्ठ र माता केशव लक्ष्मी श्रेष्ठका कोखबाट भएको हो। जन्मभूमि भए पनि कर्मभूमि सिध्दार्थनगर भैरहवामा स्थायी बसोवास गरेका लिगल हाल काठमाडौंमा बसी साधनारत रहेका छन्। त्रि.वि.वि. बाट कल्चरमा एम.ए.गरेका उनी भैरहवा बहुमुखी क्याम्पसमा प्राध्यापनबाट सेवानिवृत्त भएपछि स्वदेशको बसाइ होस् वा विदेशको बसाइमा होस् साहित्यिक गतिविधि लेखन, प्रकाशन आदिमा सक्रिय हुँदै आइरहेकी छन् ।

### साहित्यिक व्यक्तित्व

नेपाली साहित्यको क्षेत्रमा समकालीन साहित्यकारहरूको हाराहारीमा आफूलाई स्थापित गरिसकेको लिगलले वि. सं. २०५२ सालमा ‘बिहानी’ कविता संग्रहबाट साहित्यिक यात्रा प्रारम्भ गरेका हुन्। साहित्यमा गध्य तथा पध्य विधा अन्तर्गत पध्य अन्तर्गत काव्य विधालाई मूलतः आफ्नो क्षेत्र बनाएका छन्। कविता, लामो कविता, मुक्तक, गीतगजल, हाइकू, ताङ्का आदि विधा उपविधामा कलम चलाएका लिगलले काव्यकृतितर्फ डेढ दर्जन संग्रहका रूपमा पुस्तक प्रकाशित गरिसकेका छन्। गध्य विधा अन्तर्गत उपन्यास, कथा, लघुकथा, नियात्रा, पत्र साहित्य, लेखरचना आदि कृति प्रकाशित गरी आफ्नो बहुआयामिक व्यक्तित्वको परिचय दिएका छन् ।

स्वदेश तथा विदेशमा रचिएका उनका कृतिहरूमा राष्ट्रिय गौरवगाथा जन्मभूमिप्रतिको अगाढ माया, प्राकृतिक सुन्दरताको वर्णन, समतामूलक समाजको सिर्जनामा संवेदनशीलता, मानवतावाद, स्वच्छन्दतावादी भावधार, स्वार्थपूर्ण राजनीतिप्रति वितृष्णा, नारीवादी चेत, सामाजिक विकृति र विसङ्गतिप्रति

विद्रोहभाव र प्रगतिवादी चेत, सुधारवादी चेतना, आध्यात्मिक भावना, आदर्श समाजको स्थापना, प्रेम र प्रणय आदि विषय र विशेषतालाई आत्मसात् गरी आफ्ना कृतिबाट विविध स्वाद चखाएर आफ्नो वैशिष्ट्यतालाई कायम गरेका छन् । उनी सरल, सुन्दर आलङ्कारिक भाषाशैलीका प्रयोक्ता पनि हुन् ।

**सामाजिक व्यक्तित्व**

लिगलले आफ्नो जीवनमा स्वदेश तथा विदेशका विभिन्न साहित्यिक, सामाजिक एवम् धार्मिक क्षेत्रसँग सम्बन्धित संघ-संस्थाहरूमा आबध्द रही सामाजिक उत्थानमा योगदान पु-याएका छन्। उनी विभिन्न संघ-संस्थाहरूमा संरक्षक, संस्थापक अध्यक्ष, सल्लाहकार, आजीवन सदस्य, सदस्य रही गरिएको सेवाबाट सामाजिक र धार्मिक एवम् आध्यात्मिक व्यक्तित्वका रूपमा परिचित छन् ।

नेपाली भाषा साहित्यको श्रीवृध्दिमा र सामाजिक क्षेत्रमा योगदान पु-याएबापत राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय साहित्यिक, सामाजिक एवम् धार्मिक संघ-संस्थाबाट कदरस्वरूप उनलाई विभिन्न मानसम्मान, अभिनन्दन, पुरस्कारबाट सम्मानित, अभिनन्दित र पुरस्कृत गरिएको छ। लगभग ३५ पटक सम्मानित, अभिनन्दित र पुरस्कृत हुन पाउनु संख्यात्मक हिसाबले गौरव नै मान्नुपर्ने हुन्छ। उनी अन्तराष्ट्रिय नेपाली साहित्य समाज, सृजनशील साहित्य समाज (सिसास) र गोधूलि साहित्य प्रतिष्ठानका अध्यक्षका रूपमा आबध्द रही साहित्यिक उन्नयनमा क्रियाशील रहेका छन् ।

**निष्कर्ष**

साहित्यकार गंगा लिगल अनवरत साहित्य साधनामा तल्लीन क्रियाशील नारी प्रतिभा हुन् । विदेशमा छँदा अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज ह्युस्टन च्याप्टर अमरिकाको संस्थापक अध्यक्ष भएर नेपाली साहित्यको उन्नयनमा साहित्यिक गतिविधि अगाडि बढाएका थिए भने स्वदेशमा बसेर पनि उनी दर्जनौं साहित्यिक संघसंस्थाहरूमा आबध्द रही सामाजिक श्रीवृध्दिमा निरन्तर लागिपरेका व्यक्तित्वका रूपमा स्थापित भएका छन् ।

उनको साहित्यिक क्षेत्रको योगदानको कदर गरी तानसेन गुठी काठमाडौंले आफ्नो ३०औं वार्षिक भेला कार्यक्रममा 'जगत बहादुर-रूद्र बहादुर जोशी स्मृति पुरस्कार' प्रदान गरी सम्मानित गरेको छ। गुठीले स्रष्टाको उत्तरोत्तर प्रगतिको कामना गरी हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछ । साथै नवीतम साहित्यिक सृजनालाई अगाडि बढाउँदै लान सकून् भन्ने शुभेच्छा पनि प्रकट गर्दछ ।

# साहित्यकार पुष्कर अथक रेग्मी (पुष्कर राज रेग्मी)



साहित्यिक नाम पुष्कर अथक रेग्मी नेपाली साहित्यको श्रीवृध्दिमा निरन्तर क्रियाशील रहने वरिष्ठ साहित्यकार हुन्। पाल्पाली साहित्यकारहरूलाई सम्झिनु पर्दा उनी पाल्पाली स्रस्टाहरूको सोधखोज, संरक्षण संवर्ध्दनमा अथक रूपमा लागिपर्ने व्यक्तित्वका रूपमा सुपरिचित छन् । उनको जन्म शैक्षिक, प्राकृतिक, ऐतिहासिक, धार्मिक एवम् साँस्कृतिक दृष्टिकोणले प्रशंसित सुन्दर नगर लुम्बिनी अञ्चल पाल्पा जिल्लाको तानसेन मेहलधारामा माता राधादेवी रेग्मी एवम् पिता बद्री प्रसाद रेग्मीको कोखबाट मिति २०२६ असार सात गते शनिबारका दिन भएको हो । उनी हाल धर्मपत्नी सुशीला रेग्मी, छोरीहरू अर्पणा रेग्मी, एलिसा रेग्मी र छोरा अस्तित्व रेग्मीका साथ आफ्नै कर्मभूमिमै कार्यरत छन् ।

नारायणस्थान प्रा.वि. पाल्पा तानसेनबाट प्रारम्भिक शिक्षा हासिल गरेका रेग्मीले एकवर्षे बि.एड. र त्रि. वि.वि. कीर्तिपुरबाट शिक्षा योजना र व्यवस्थापन विषयमा स्नातकोत्तर गरेका छन् । विद्यालयमा २६ वर्ष सेवा गरेका रेग्मीले त्रिभुवन ब. क्याम्पसमा प्राध्यापन गर्नुका साथै हाल उनी तानसेन बहुमुखी क्याम्पस पाल्पामा क्याम्पस प्रमुखका रूपमा सेवारत छन् ।

**सामाजिक व्यक्तित्व**

पुष्कर राज रेग्मी समाजका विविध क्षेत्रमा संलग्न रही महत्त्वपूर्ण योगदान पुर्याइरहेका सशक्त व्यक्तित्व हुन् । उनी मूलतः शैक्षिक

क्षेत्र तथा सामाजिक क्षेत्रमा नजिकबाट आबध्द रही मानव अधिकार तथा शान्ति समाज, नेपाल रेडक्रस सोसाइटी, नेपाल नेत्रज्योति साहित्य तथा स्वास्थ्य प्रतिष्ठान, बदरेश्वर शिवालय धाम सन्यास आश्रम आदिमा विभिन्न जिम्मेवारी पदमा रही उल्लेखनीय योगदान पु-याउँदै आएका छन् । सामाजिक क्षेत्र अन्तर्गत उनले अक्षयकोष स्थापना, पुरस्कार र चन्दा सहयोग गरी दिएको योगदान महत्त्वपूर्ण रहेको छ ।

## साहित्यिक योगदान

पुष्कर अथक रेग्मी नेपाली साहित्यको क्षेत्रमा निरन्तर कलम चलाइरहने एक क्रियाशील, अथक एवम् प्रतिभशाली स्रष्टा हुन् । साहित्यका विविध विधामा नौलो प्रयोग समेत गर्ने उनी प्रयोगधर्मी साहित्यकार पनि हुन् । उनका लेख रचना समीक्षा, कविता, कथा आदि विभिन्न पत्रपत्रिका, स्मारिका, बुलेटिन, पुस्तक आदिमा निरन्तर प्रकाशित हँदै आइरहेको छ । साहित्यिक क्षेत्र अन्तर्गत उनी पाल्पा साहित्य समाज र शिक्षा स्वास्थ्य साहित्य प्रतिष्ठानका अध्यक्ष, लघुत्तम काव्य विधा 'शीत काव्य' समाज नेपाल तथा त्रिशूल काव्य यात्राका परिकल्पनाकारको रूपमा रही साहित्य लेखन, प्रतिपादन र सम्बर्धनमा दत्तचित्त छन् ।

रेग्मीको साहित्यिक यात्राको प्रारम्भ २०३६ मा 'हाम्रो स्कुल' शीर्षकको कविता वाचनबाट भएको हो भने प्रथम प्रकाशित रचना 'भजन' (२०४५) बाट भएको हो ।

क. उनका साहित्यिक विविध विधाका लगभग डेढ दर्जन जति पुस्तकहरू प्रकाशित छन् । साहित्यिक क्षेत्रमा उनी गीति उपन्यासकार, गजलकार, जीवनीकार, लघुकथाकार, कवि, गीति नाटककार आदिका रूपमा प्रतिष्ठित छन् । त्यस्तै छ वटा संयुक्त प्रकाशित कृतिहरू छन् ।

ख. बाल साहित्य सृजनामा उनी सिध्दहस्त रहेका छन् । यस क्षेत्र अन्तर्गत उनले बाल गजल, बाल लघुकथा, बाल सुसेली र बाल ऐतिहासिक नाटक लेखेर बाल साहित्यतर्फ पु-याउनु भएको योगदान प्रशंसनीय एवम् उल्लेखनीय रहेको छ ।

ग. शिक्षा क्षेत्रतर्फ 'अनुसन्धान अवलोकन' र 'अनुसन्धान सिध्दान्त' पुस्तक प्रकाशित गरी यसक्षेत्रमा सोधखोज गरी अनुसन्धाताका रूपमा उनी स्थापित भएका छन् । यसबाहेक उनका थुप्रै पुस्तकहरू प्रकाशोन्मुख अवस्थामा रहेका छन् ।

उनको साहित्यिक व्यक्तित्व केलाउने हो भने आफ्नो जन्मभूमिमै रही पाल्पा साहित्यको उत्थान, संरक्षण र संवर्ध्दनमा निरन्तर कटिबध्द रही अग्रसर रहने व्यक्तित्वका रूपमा उनी अग्र स्थानमा देखिन्छन् । पाल्पाली अग्रज स्रष्टाहरूको खोजिनिती गरी 'अग्रदूत' लेखेर छविलाल नेपाललाई पाल्पाली आदिकविका रूपमा स्थापित गर्नु, अमर पाल्पाली स्रष्टाहरूको जीवनी संग्रह 'अमृताञ्जली', ऐतिहासिक नाटक संग्रह 'अमर पात्र', समाजसेवी राधा भारतीको संक्षिप्त परिचय 'आमा', शुभ श्रेष्ठको जीवनी 'अर्पण', 'अविश्रान्त कर्मशील साहित्यकार देवेन्द्र राज शाक्य, जीवनी, व्यक्तित्व र कृतित्व' आदि लेख्ने पाल्पाली स्रष्टालाहरूलाई चिरस्थायी राख्ने र एउटा ऐतिहासिक दस्तावेज तयार पार्ने काम अत्यन्त सराहनीय रहेको छ ।

रेग्मी पाल्पा टाइम्स साप्ताहिक, पाल्पा (विधाः समसामयिक) र परेवा पाक्षिक, पाल्पा (विधाः साहित्य का नियमित स्तम्भकार, विभिन्न साहित्यिक एवम् सामाजिक समाज, भित्ते पत्रिका, बुलेटिन, सँगालो, विशेषाङ्क आदिका सम्पादक र संरक्षक भई योगदान एवम् सेवा प्रदान गर्नु अत्यन्त प्रशंसनीय रहेको छ । उनले विविध क्षेत्रमा पु-याउनु भएको लगनशीलता, क्रियाशीलता र अथक निरन्तरताका कदर गरी उनी दीर्धसेवा पदक, राष्ट्रिय शिक्षा पुरस्कार लगायत विभिन्न संघसंस्थाबाट कदरपत्र, सम्मानपत्र, पुरस्कार आदिबाट विभूषित, सम्मानित र पुरष्कृत भएका छन् ।

**निष्कर्ष:** बहुआयामिक व्यक्तित्वका धनी पुष्कर अथक रेग्मी समकालीन साहित्यकारहरूका समकक्षमा उभिन सफल एक सशक्त प्रतिभा हुन् प्रायः सबैमा कृतिको शीर्षक शब्दको अगिल्ला वर्ण 'अ' राखिनु उनको मौलिक विशेषता रहेको छ । हाल उनी पाल्पा साहित्य समाज, पाल्पा शिक्षा स्वास्थ्य तथा साहित्य, प्रतिष्ठान नेपाल र तानसेन बहुमुखी क्याम्पस, पाल्पामा आबध्द रही क्रियाशील रहेका छन् । साहित्यकार अथकले नेपाली भाषा र साहित्यका आख्यान तथा काव्य विधाबाट यस क्षेत्रको श्रीवृध्दिमा पु-याउनु भएको योगदानलाई सम्मान गरी तानसेन गुठी काठमाडौंबाट गुठीको ३०औं वार्षिक भेला कार्यक्रमको अवसरमा 'जगत बहादुर- रुद्र बहादुर जोशी स्मृति पुरस्कारबाट पुरस्कृत गरी सम्मानित गरिएको छ । गुठीले स्रष्टा व्यक्तित्वको उत्तरोत्तर प्रगतिको कामना गरी हार्दिक बधाई तथा शुभकामना व्यक्त गर्दछ ।

# जन्मभूमिदेखि कर्मभूमिसम्म

**हिमाल कसजू**
**पूर्व अध्यक्ष, तानसेन गुठी काठमाडौँ**
**(२०५०-२०५२)**

वि.सं. २०१४ सालमा मेरो जन्म तानसेन, पाल्पा भगवती टोलमा भएको हो । वाल्यकाल त्यहींको शीतलपाटीको सेरोफेरोमै बित्यो । मैले स्कुल प.प. बहु हाइस्कुल तानसेनबाट सम्पन्न गरैं र उच्चशिक्षा काठमाडौंबाट हासिल गरैं । काठमाडौंमा उच्चशिक्षा हासिल गरिसकेपछि २०३७ सालदेखि २०५४ सालसम्म मेरो बसोबास बुटवलमा भयो । त्यहा मैले उद्योगकर्मी, सामाजिक अभियन्ता र राजनैतिक कार्यकर्ताको विभिन्न भूमिकाहरू निर्वाह गरें । २०५४ साल पश्चात् म काठमाडौंमा बसोबास गर्दै आएको छु । हामी तीनजना साबित्री (श्रीमती), आकाश (कान्छा छोरा) र म काठमाडौंमा नै बसोबास गर्दै अएका छौं । छोरी रुचि अमेरिकाबाट मेडिकल साइन्समा स्नातक गरेर उतै बसोबास गर्दैछिन् भने ठूलो छोरा अमोलले अस्ट्रेलियाको मेलवर्नमा होटल व्यवसाय गर्दछन् ।सानो छोराले भने काठमाडौंमा नै सानोतिनो उद्योग र व्यापार गर्दै आएको छ । जहाँसम्म मेरो प्रश्न छ, म व्यापारिक कार्यका साथसाथै सामाजिक क्षेत्रमा संलग्न हुंदै आएको छु । काठमाडौं बसाइको क्रममा विभिन्न संघसंस्थाहरूमा संलग्न हुँदै आउने क्रममा केही वर्ष अगाडि तानसेन गुठी काठमाडौंको अध्यक्ष हुने सौभाग्य प्राप्त भएको थियो । अहिले भने विगत चार वर्षदेखि नेपाल परिवार नियोजन संघको केन्द्रीय अध्यक्षको रूपमा नेपालको प्रजनन् स्वास्थ्य क्षेत्रमा सेवा गर्दै आएको छु ।



हाल मैले नेतृत्व गर्दै आएको नेपाल परिवार नियोजन संघले देशमा पहुंच नपुगेका सिमान्तकृत नेपाली दाजुभाइ र दिदिबहिनीलाई प्रजनन् स्वास्थ्यमा निःशुल्क सेवा पुर्याउँदै आएको छ ।त्यसैले छोटकरीमा यसबारे जानकारी दिंदा सान्दर्भिक नै सम्झेर यहाँ छोटो परिचय दिन चाहन्छु । यो संस्था वि.सं. २०१६ सालमा स्थापना भएको गैरनाफामूलक एउटा सामाजिक संस्था हो । हाल यसका अधिराज्यभर २८ जिल्लामा आफ्नै शाखाहरू छन् र ३५ जिल्लामा मातृशिशु र प्रजनन् स्वास्थ्य सेवा प्रदान गर्दै आएको छ । यो प्रजनन् स्वास्थ्य सेवालाई कूल ११००० स्वयमसेवक र ३५० कर्मचारीमार्फत् अधिराज्यभरि संचालन गर्ने गरिन्छ । यो विशुद्ध रूपमा स्वास्थ्य क्षेत्रमा गरिने सामाजिक सेवा हो । म कार्यरत सामाजिक संस्थाको चर्चालाई यहीं छोडेर आजको विषय मेरो जीवन बारेमा प्रकाशपार्ने भएको हुनाले त्यसमा केन्द्रित हुँदै बाल्यकालबाट नै शुरु गर्न चाहन्छु । करिब २५०/२७५ वर्ष अगाडि मेरा पूर्खाहरू भक्तपुरबाट विभिन्न ठाउँ हुँदै पाल्पा पुगेका थिए । तथापि त्यतिबेला के कारणले भक्तपुर छोडे त्यो अनुसन्धानकै विषय रहेको छ । २५०/२७५ वर्षपछि फेरि हामी पाल्पाबाट काठमाडौँ बसाइ सरेका छौँ ।

आफ्नो जन्मथलो र बाल्यकाल बिताएको ठाउँ बिर्सन धेरै गाह्रो हुँदो रहेछ । तानसेन नेवारहरूको बाहुल्यता भएको एउटा सुन्दर पहाडी बजार हो । त्यहाँ विभिन्न जातजाति र धर्मका मानिसहरू मिलेर बसोबास गरेका छन् । अन्यत्र जस्तै तानसेनमा पनि बडा दशैं एउटा प्रमुख चाडको रूपमा मनाइन्छ । त्यतिबेला जब हामी केटाकेटी थियौं, नवरात्रिभर विहान सबेरै भगवती मन्दिरमा चण्डी पाठको लागि ठाउँ ओगट्न होडबाजी नै चल्ने गर्दथ्यो । मेरो

प्राइमरी ५ कक्षासम्मको शिक्षा त्यहीं भगवती मन्दिरको पाठशालामा भएको हो। आज पनि सम्झना छ – तिलकराम सरले माया गर्दै पढाएको ती क्षणहरू। त्यस्तै सीताराम सरको घरमा ट्युसन पढ्न जान्थ्यौं। उहाँको घरमा हामीलाई तम्बाखु भर्न लगाउनु हुन्थ्यो। त्यहीं तम्बाखु खाँदै हामीलाई ट्युसन पढाउनु हुन्थ्यो। त्यतिबेला पाल्पा, तान्सेनमा भारती माष्टर, प्रेम कुमार भट्टराई, जगत बहादुर जोशी, खेलराज पाण्डे, दर्लामी सर, पशुपति मल्ल, कृष्ण बहादुर सर, बोहरा माष्टर, मंगल सर लगायत कैयन आदरणीय गुरुहरू आज हाम्रो माझ हुनुहुन्न। उहाँहरूप्रति श्रद्धासुमन अर्पण गर्न चाहन्छु।

मैले तानसेनको त्रिभुवन बहुमुखी क्याम्पसबाट प्रमाणपत्र तह उत्तीर्ण गरेपछि उच्च शिक्षाको लागि २०३२ सालमा काठमाडौं आएँ। काठमाडौंमा पढाइको सिलसिला सुरु भएपछि पाल्पा घरमा दशैं, तिहार र भगवतीजात्राको बिदा पारेर मात्र जाने हुनथाल्यो। त्यो पनि समय परिस्थितिले गर्दा बिस्तारै पाल्पा आगमन पातलो हुँदै गयो र अहिले झन् काठमाडौं मै स्थायी रूपमा बसोबास गरेपछि र अधिकांश परिवारका सदस्यहरू यहीं बसाइ सरेपछि त तानसेन अझ टाढा हुँदै गएको छ। जन्मथलोबाट जति टाढा भए पनि बाल्यकालका ती घटनाहरूको स्मरण मानसपटलमा रहिरहँदो रहेछ। त्यतिबेलाका ती घटनाको महत्त्व थाहा हुने रहेनछ। तर जतिजति उमेर ढल्कंदै जान्छ र आफ्नो जन्मथलोबाट टाढा भइँदोरहेछ, त्यसको मूल्य र महत्त्व सम्झेर रोमाञ्चित हुँदोरहेछ। मैले मेरो बाल्यकालमा शीतलपाटीमा चंगा उदाउँदै रामलखन हलुवाईकोमा जिलेबी खाएको सम्झना, यस्तै स्कुलबाट भागेर श्रीनगर डाँडामा म्याल खान जाँदा दर्लामी सरले छडीले हानेको सम्झना पनि ताजै छ। अझ बजारभरि हल्ला गर्दै हिँड्ने, डम्बरे चाउरेको त्यो घोंचपेच आजपर्यन्त ती यादहरूले जीवनको यो घडीसम्म आइपुग्दा पनि रोमाञ्चित गर्दो रहेछ।

नेपालको शिक्षा क्षेत्रमा पाल्पा एउटा अग्रिम स्थान ओगटेको जिल्ला हो। त्यतिबेला खेलकुदका गतिविधि पनि भइनै रहन्थ्यो। पाल्पामा फुटबल एउटा लोकप्रिय खेल हुने गर्दथ्यो र त्यति बेला भारतका प्रशिद्ध खेलाडीहरू जसमा श्याम थापा जस्ता महान् हस्तीहरू प्नि थिए, आएर टुँडिखेलमा खेलेको मलाई



सम्झना छ। खासगरी हाम्रो पालोमा ब्याडमिन्टन र टेबुलटेनिसको विकास उत्कर्षमा थियो। ब्याडमिन्टनमा प्रकाश उदय जस्तो खेलाडी थिए, जसले तौलिहवामा भारतका एक नम्बर खेलाडी सयैद मादीजस्तालाई हराएका थिए। म टेबुल टेनिसको राम्रो खेलाडी थिएँ। बेलाबेलामा पाल्पामा हामी टेबुल टेनिस र ब्याडमिन्टनको टिम भारतको गोरखपुर र लखनउमा गएर खेल्न गइन्थ्यो भने त्यहाँका टिम पाल्पामा आएर खेल्ने गर्दथे। एकपटक भारतको गोरखपुरमा भएको टेबुलटेनिस प्रतियोगिताको सेमिफाइनलमा मैले भारतका जुनियर च्याम्पियन निरज आनन्दलाई हराउन सफल भएँ। त्यहाँका नेपाली समर्थकले मलाई बोकेर कभर्ड हल घुमाएको क्षण सम्झेर आज पनि रोमाञ्चित हुने गर्दछु।

२०३७ सालपछि जुन बेला म बुटवलमा थिएँ, त्यहाँ मेरो एउटा सामाजिक र राजनैतिक पहिचान बनिसकेको थियो। त्यतिबेला यहाँका अन्य युवाहरूमा जस्तै ममा पनि समाज र देश परिवर्तन गर्नुपर्छ भन्ने धारणा बोकेर हिंड्ने गर्थे। तर देशको परिस्थिति र वातावरणले मलाई समाज र देशको साथसाथै आफ्नो परिवारको भविष्य बनाउनु पनि त्यत्ति नै महत्वपूर्ण हुन्छ भन्ने कुरालाई आत्मसात गर्दै म त्यो अभियानबाट पछि हट्न वाध्य भएँ। यसैक्रममा म बुटवल छाडेर काठमाडौँको बसाई रोज्न पुगेँ। २०५४ सालमा काठमाडौं आएपछि मेरो परिवारका ३ जना बच्चाहरूको राम्रो शिक्षा कसरी दिन सकिन्छ भन्ने मै केन्द्रित रहेर काम गर्न थालें।

बुटवलमा जसरी मैले मेरो बेग्लै पहिचान बनाइसकेको थिएँ। त्यसलाई चटक्कै छोडेर आउनु पक्कै सजिलो थिएन। तथापि वातावरणले मलाई बुटवल छोड्न वाध्य पारेको थियो। त्यतिबेला बुटवल छोड्नु पर्दाको पीडा ज्यादै थियो। जुन स्वभाविक पनि हो। तथापि अहिले मैले मेरो परिवारलाई जसरी व्यवस्थित बनाउन सकेको छु। त्यसमा मैले सन्तोषै मान्नुपर्दछ। कुनै बेला मौका मिले यसबारे विस्तारमा आफ्नो अनुभव राख्नेछु।

कुरा जति छोट्याउन खोज्छु झन् बढेर आउँदो रहेछ। सामाजमा भएका परिवर्तनको अनुभव आफूलाई नपरेसम्म अनुभूति गर्न सकिंदैन। समयले हामी सबैलाई कहाँबाट कहाँ पुर्याउँदो रहेछ। तैपनि हामी ५५/६० वर्ष पहिलेकै अवस्था सम्झन्छौं र हामीभित्र भएको परिवर्तन थाहा पाएर महशुस गर्न सकेको हुँदैनौं। यसबारे मेरो आफ्नो एउटा स्मरण सुनाउँदा सान्दर्भिक नै होला भनेर उल्लेख गर्न चाहन्छु। करिब ९ वर्ष अगाडिको कुरा होला छोरीसँग अमेरिकाको लस एन्जलसको वाटर वल्ड्पार्क घुम्न गएको थिएँ। पार्क घुम्नु त एउटा साधारण कुरा हो, तर जुन अनुभव मैले त्यहाँ प्राप्त गरेँ, त्यो भने असाधारण थियो। त्यसले मेरो जिन्दगीको सोच नै परिवर्तन गरिदियो। जुन म यहाँ सुनाउन चाहन्छु।

लस एन्जलसको वाटर वल्ड विश्व प्रसिद्ध नै छ। त्यहाँको भव्यता उत्कृष्ट व्यवस्थापन सबै बयान गर्न लायकै छ। त्यहाँको भव्यताले प्रभाव पार्नु त छँदै थियो। जब मेरो छोरीले एकातिर मेरो हात अर्कोतिर आफ्नी आमा (मेरो श्रीमती) को हात समाएर दिनभरि घुमाइन्। समय गएको पत्तै भएन। दिनभरिको घुमाइपछि घरमा आएर सबैजना सुत्ने तरखरमा लाग्यौँ। तर मेरो निंद भने कोसौं दूर थियो। जति कोसिस गरे पनि मलाई निदाउन गाह्रो भयो। केही वर्ष अगाडिसम्म जुन छोरीलाई मैले अध्ययनको सिलसिलामा दिल्ली आउँदा जाँदा सधैं भोकाउला कि दुःख पाउला कि, यात्रागर्दा अलमल होला कि आदि चिन्ताले गर्दा सधैंभरि हात समाएर लैजाने गर्दथें। तर, समयचक्रले त्यति बेला हामी बुबाआमाले निर्वाह गरेको भूमिका अब हाम्रा छोरीले निर्वाह गर्न सक्छन् भन्ने सन्देश हामीले पाएका छौं।

बाबुआमाले आफ्ना छोराछोरीहरू सधैं बच्चा नै सम्झने गर्दछन्। तर त्यस दिनको घटनापछि हामीले जन्माएका बच्चाहरूले अब हामीलाई स्याहारसुसार र मार्गनिर्देशन गर्न योग्य भइसकेका छन् भन्ने सन्देश हामीले स्पष्ट पायौं।

अब त तुंग्याउनु पर्यो। जयन्तीलाई धेरै(धेरै आभार व्यक्त गर्न चाहन्छु। विगत ४ वर्षदेखि नेपाल परिवार नियोजन संघको केन्द्रीय अध्यक्ष भएदेखि लेख्ने समय मिलेको थिएन। तर जयन्तीले हौसाएको कारणले लेखेको छु। संसारको धेरैजसो मुलुकहरू घुमेको छु, तर हाम्रो देश नेपालमा पाइने आत्मियता अन्यत्र असम्भव नै छ। हाम्रो मुलुक, जहाँ अनेक भाषा, संस्कृति, धर्म, जलवायु, भौगोलिक विविधतायुक्त देशमा जन्मनु मेरो लागि एउटा सौभाग्य हो। त्यसमा पनि मेरो जन्मस्थल तानसेनलाई सम्झिने बित्तिकै आनन्दको अनुभूतिको चरम उत्कर्षमा पुग्ने गर्दछु। यति भनेर आफ्नो कुरा टुंग्याउन चाहन्छु।

धन्यवाद।

# जन्मभूमिदेखि कर्मभूमिसम्म

**अनुप कक्षपती**
पूर्व अध्यक्ष, तानसेन गुठी काठमाडौँ
(२०५०-२०५२)

## मेरो व्यक्तिगत परिचय

पाल्पा, तानसेन मेरो जन्म थलो। कपडाका व्यापारी बुबा श्री ज्योतिलाल कक्षपती तथा आमा राधालक्ष्मीको कोखबाट वि.सं. २०२० भाद्र ११ गते मंगलबारका दिन तानसेन, भगवती टोलमा मेरो जन्म भएको हो। मेरो पाँचजना दिदीहरू तीनजना दाज्यूहरूमध्ये म परिवारमा कान्छो हुँ। मेरो प्राथमिक शिक्षा तानसेन भगवती मन्दिर परिसरमा रहेको प्राथमिक विद्यालयबाट सुरु भएको हो। त्यसताका पढ्न जाँदा बस्नको लागि आफै बोरा/ चकटी बोकेर जानुपर्ने समय थियो। त्यस पछि कक्षा सातसम्म जनता माध्यमिक विद्यालयमा अध्ययन गरी कक्षा आठ, नौ र दश सेन माध्यमिक विद्यालयमा अध्ययन गरी २०३७ सालमा एस.एल.सी. उत्तीर्ण गरेको थिएँ। त्रिभुवन बहुमुखी क्याम्पस पाल्पामा आइ.एस्सी.मा केही महिना अध्ययन गरी फेरि सोही कलेजमा कमर्सतर्फ अध्ययन गर्दै काम व्यापारको सिलसिलामा बुटवल वाणिज्य क्याम्पसमा ट्रान्सफर भई बुटवलमा अध्ययन गरेको थिएँ।

अध्ययनको साथसाथै बुटवलमा फेन्सी तथा कस्मेटिक पसल, हार्डवेयरको पसल, नेस्तले कम्पनीको होलसेल (कक्षपती ट्रेडर्स) व्यापार गर्दै केही वर्ष पछि उद्योगमा लाग्नुपर्छ भन्ने भावनाले बुटवलमै २०४३ सालमा



आधुनिक मसिनबाट उत्पादित पाउरोटी उद्योग सञ्चालन गर्‍यौँ। उद्योगको नाम 'ज्योति बेकेरिज प्रा.लि'. र पाउरोटीको नाम नाइस ब्रेड तथा केक पेष्ट्रीको उत्पादन गरी बुटवलमा 'नाइस केक सप' नाम राखेर आधुनिक सोरुम खोल्यौं। उक्त पसलमा बुटवलकै सायद पहिलो आइसक्रिम पार्लर, जेट स्प्रे जुस तथा गुणस्तरीय पाउरोटी, केक, पेष्ट्रिजको बिक्री थालेका थियौं। उद्योग सञ्चालनकै अवस्थामा केही वर्षपछि आलु चिप्सको उद्योग खोल्ने सिलसिलामा काठमाडौं लागेँ। काठमाडौंमा २०४५ सालमा एसकेजी पोटाटो चिप्स उद्योग सञ्चालन गरी काम राम्रै चलिरहेको थियो। केही वर्षपछि काठमाडौंमै नाङ्लो क्याफे एण्ड पब सञ्चालन गर्नु भएका दाज्यूहरूले यहाँ अर्को काम सुरु गर्दैछौं तिमी यतै ज्वाइन् गर्नु भन्नु भएकोले सो काम छोडी नाङ्लो ग्रूपमा आबध्द भएँ। कामकै सिलसिलामा होटल मेनेज्मेन्ट विषयमा सिंगापुरको होटल एण्ड टुरिजम् एजुकेसन सेन्टर (SHATEC) द्वारा सञ्चलान गरेको bachelor in hotel management (BHM) कोर्ष गर्ने मौका पाएँ। हाल नाङ्लो इन्टरनेशनल तथा द बेकरी क्याफेमा डाइरेक्टर को रूपमा आबध्द छु।

सामाजिक कार्यतर्फ म तानसेन गुठीमा १४ वर्षसम्म ज्ञानुमान मल्ल, श्याम सुन्दर लाल कक्षपती, विधान चन्द्र राजभण्डारी, करुणा गोविन्द श्रेष्ठ, गृहमान सिंह, शरण रत्न शाक्यको अध्यक्षताको कार्यसमिति सदस्यमा तथा अध्यक्ष हिमाल कसजुको कार्यकालमा उपाध्यक्षको पदमा रही २०७१/७२ - २०७२/७३ मा अध्यक्षको पद सम्हाल्ने अवसर पाएँ। मेरो कार्यकालमा गुठीको विधान र मर्मअनुसार अनुशासनमा रही गुठीको कार्य अगाडि बढाएको स्मरण गर्दछु। गुठीको तपसिलका वार्षिक कार्यबाहेक उक्त वर्ष नगरकोटमा दुई दिन एकरातको परिवार भेटघाट तथा गुठीलाई अझै सुदृढ ढंगले कसरी अगाडि लैजानु पर्ला भन्ने बारेमा गोष्ठी गरेका थियौं। सो कार्यक्रममा गुठीका



८०जना सदस्यहरूले भाग लिनु भएको थियो।

२०७२ सालको विनाशकारी भूकम्पले ठूलो क्षति गरेका घरबारविहिन परिवारलाई घरको छानो हाल्नको लागि ५२ घर परिवारलाई काठमाडौं र पाल्पामा सबै तानसेन गुठी सदस्यहरूबाट प्राप्त रकमले जस्ता पाता उपलब्ध गराएको स्मरण गर्दै उक्त विपद्मा सहयोग गर्नुहुने सम्पूर्ण गुठी सदस्यज्यूहरूलाई धन्यवाद दिन चाहन्छु। साथै तानसेन गुठीको आफ्नै घर (तानसेन छेँ) बनाउने उद्देश्यअनुसार जग्गा प्राप्तिको लागि आग्रह हुँदा गुठीका पूर्व अध्यक्ष स्व. श्याम सुन्दरलाल कक्षपतीज्यूबाट ललितपुरमा गुठीलाई जग्गा उपलब्ध गर्नुभएको थियो साथै तानसेन छेँको नक्शा पनि बनिसकेको छ। जग्गा गुठीको नाममा आउन केही प्राविधिक कारणले रोकिएतापनि चाँडै नै त्यसको प्रक्रिया अगाडि बढ्नेछ भन्ने विश्वास छ।

अन्य संघसंस्थाहरूमा आबद्ध:

- रेस्टुरेन्ट एण्ड बार एशोसिएसन नेपालको पूर्व उपाध्यक्ष हाल कार्यसमितिको सदस्य।
- कक्षपती समाज भक्तपुरको पूर्व उपाध्यक्ष हाल सल्लाहकार
- रुरू गुठीको सदस्य।
- सिन्हा गुठीको सदस्य
- सरस्वती टोल उपभोक्ता समितिको सदस्य सल्लाहकार।

मेरो चार परिवारमा म, मेरी धर्मपत्नी बबी राजभण्डारी कक्षपती, छोरा अविरल लाल कक्षपती, छोरी ओजस्वी कक्षपती छन्। छोरा अविरल आफ्नै कम्पनी k. brothers (switchback) मा आबध्द छ भने उच्च शिक्षाका लागि sports management मा मास्टर गर्न केही महिनामा जर्मनी जाँदै छ। छोरी अष्ट्रेलियामा दुई वर्ष business management अध्ययन गरी हाल नेपालमा Hotel management को विषयमा अध्ययन गरिरहेकी छिन्। हाल मेरो बसाइ काठमाडौं, बालुवाटार, पञ्चकन्या, सरस्वती टोल, घर नम्बर २२८ मा रहेको छ। धन्यवाद।

# जन्मभूमिदेखि कर्मभूमिसम्म

**राजेश्वर उदय**
**निवर्तमान अध्यक्ष, तानसेन गुठी, तानसेन शाखा**
**(२०५०-२०५२)**

बडिज्ञान टोल, तानसेन निवासी माता श्रीमती ज्ञानीदेवी उदय र पिता श्री प्राणप्रसाद उदयको कोखबाट चैत्र ७ गते, २०१५ साल शुक्रबारको दिनमा पुत्ररत्नको रूपमा जन्मिएर प्रारम्भिक शिक्षा घरमै बाजे श्री मोतीप्रसाद उदयसँग पढे त्यसपछि दुई कक्षा लहरेपिपल हाल त्रिभुवन बहुमुखी क्याम्पसको माधवप्रसाद सभाहल भएको स्थानमा बोरा, स्लेट र खरीको टुक्रा लिएर पढेँ। त्यसपछि तीन कक्षादेखि पाँच कक्षासम्म लहरेपिपल प्राइमरी स्कुल, नारायणस्थान प्रा.वि र भगवती प्रा. वि.मा हासिल गरी ६ कक्षादेखि दश कक्षासम्म श्री खेलाराज पाण्डेय सर प्रध्यानाध्यापक रहेको तत्कालीन पद्य पब्लिक नमूना व्यावसायिक हाइस्कुलमा अध्ययन गरी २०३१ सालमा एस एल सी उत्तीर्ण गरेपछि प्रमाणपत्र तह (सेमेष्टर प्रणालीको अन्तिम व्याच) देखि स्नातकोत्तर तह (MBA) सम्म त्रिभुवन बहुमुखी क्याम्पस, तानसेनमा अध्ययन गर्ने अवसर पाएको थिएँ।

**शैक्षिक तथा पेशागत जीवनः**

स्नातकोत्तर तह उत्तीर्ण भएपछि काठमाडौं गई काम पनि गर्ने अनि सम्भव भएमा Visual Journalism पढ्ने र काम गर्ने सौँच बनाएर बसेको थिएँ। २०४५साल आषाढमा मैले MBA अध्ययन पूरा भएको ४–५ महिनामा पनि



नहुदै २०४५ साल मंसिर ४ गते बेलुका आदरणीय धीरेन्द्र सर, चोलेश्वर शर्मा सर, किशोर महर्जन सर हाम्रो घर आउनु भई मेरो पिताज्यू श्री प्राणप्रसाद उदय, ठुलो दाज्यू श्री मनोहर उदय र माहिला दाज्यू श्री उदयप्रसाद उदयसँग सरसल्लाह गर्नु भएपछि मलाई मेरो पिताज्यूले भोलि बिहान क्याम्पसमा गई धीरेन्द्रलाई भेट्नु के भन्नुहुन्छ मान्नु भन्नु भएअनुसार बडो आज्ञाकारी छोरो भई सरहरूलाई भोलिपल्ट क्याम्पसमा भेटेपछि बढीमा २–३ वर्ष मात्र प्राध्यापन गर्ने सर्तमा मिति २०४५ मंसिर ७ गते प्राध्यापन गरेर कक्षा कोठाबाट बाहिर मात्र निस्केको थिएँ। मेरो शैक्षिक जीवनको प्रेरणा आदरणीय धीरेन्द्र सर र किशोर महर्जन सर कोठा बाहिर मैले पढाएको सुनेर बस्नुभएको रहेछ। धाप मार्नु भयो र स्याबास यस्तै गरी पढाउनु भन्नुभयो। त्यो मेरो प्राध्यापन पेसाको सबैभन्दा ठुलो उपहार अनि उत्प्ेररणा मानेको छु। त्यस दिनदेखि व्यवस्थापन संकाय अन्तर्गत विभिन्न तहमा Business Principles and Office Practices, Fundamental of Marketing, Business Finance, Organization Management, Strategic Management, Principles of Management लगायत विषयहरू प्राध्यापन गर्दै अत्यन्तै लामो समय अर्थात् मिति २०७८ चैत्र ७ गतेसम्म त्रिभुवन बहुमुखी क्याम्पसमा प्राध्यापन सेवा गरेर उक्त पवित्र प्राध्यापन कार्यबाट सेवा निवृत्त समेत भएँ। यसरी जीवनको महत्त्वपूर्ण क्रियाशील समय यस क्याम्पसमा बिताएँ। मैले आफ्नो अलग पहिचान बनाउनमा यस क्याम्पस र मेरा आदरणीय गुरूहरूको प्रमुख भूमिका रहेको स्मरण गर्न चाहन्छु। मेरो शैक्षिक उन्नयनको लागि प्रत्यक्ष परोक्ष रूपमा योगदान प्रदान गर्नुभएका मैले स्मरण गर्नैपर्ने मेरा आदरणीय गुरूहरूमध्ये औपचारिक शिक्षाको पहिलो गुरु श्री तीर्थप्रसाद लिगल सर,

श्री चन्द्रसिंह सर, श्री मेघराज शर्मा सर, श्री चन्द्रकुमारी म्याडम, श्री धीरेन्द्रप्रसाद श्रेष्ठ सर, श्री विष्णुप्रसाद कोपिला सर, श्री षड्मुख थापा सर, श्री मोहम्मद अस्फाक अन्सारी सर, श्री गोपिकृष्ण शर्मा सर, श्री कुलमणि देवकोटा सर, श्री गुञ्जेश्वरीप्रसाद बस्याल सर, श्री विनोदप्रसाद श्रेष्ठ सर, श्री आनन्दप्रसाद श्रेष्ठ सर, श्री जेनिमून मिस, डा. श्री टिकाराम पन्थी, श्री पृथ्वीराज लिगल सर, डा. श्री श्रीकृष्ण श्रेष्ठ, श्री मनमोहन श्रेष्ठ सर, श्री केशवराज पन्थ सर, श्री प्रधुम्न गोपाल कर्माचार्य सर, श्री राजेन्द्रकिशोर सर, श्री शालिक राम कोइराला सर, श्री शशिकान्त झा सर, श्री हरिबहादुर कुँवर सर, श्री सुनिलप्रताप सिंह सर, श्री सुदीप बाग्ची सर, शारदाध्वज क्षेत्री सर, श्री विष्णु खनाल सर, श्री गणेश खनाल सर, श्री किशोर महर्जन सर, श्री शंकर भण्डारी सर, श्री राजन श्रेष्ठ सर, आदि धेरै गुणी प्राध्यापकज्यूहरूको अध्ययन र निकट रही संगत गर्ने अवसर प्राप्त भयो, पे्ररणादायी जीवन उपयोगी धेरै कुराहरू सिक्न र जान्ने अवसर प्राप्त गर्नुका साथै व्यवस्थापन संकाय अन्तर्गत विभिन्न विभागीय प्रमुख तथा BBM Program को Director भई करिब ५ वर्ष सेवा गर्ने अवसर पाएँ। यस अर्थमा म आफूलाई अत्यन्तै भाग्यमानी ठान्दछु।

## सामाजिक तथा खेल संलग्नता

पद्य पब्लिक हाइस्कुलबाट एसएलसी उत्तीर्ण गरेपछि फुटबल खेल्नको लागि एउटा क्लव दर्ता गर्ने क्रममा डा. श्रीकृष्ण श्रेष्ठ सर, डा. बालकृष्ण श्रेष्ठ सर, शारदाध्वज क्षेत्री सर, राम क्षेत्री दाज्यू, र स्कुले जीवनका केही साथीहरू अशोक महर्जन, किशोर महर्जन, मनोहर शाक्य, गुरूप्रसाद कोइराला, सुवर्ण बज्राचार्य, आदि साथीहरू मिलेर जिल्ला प्रशासन कार्यालय पाल्पा दर्ता गरिएको पाल्पामा पहिलो गैरसरकारी संस्था (NGO) युथ युनियन क्लव स्थापना गर्यौं। जसको म संस्थापक उपाध्यक्षको रूपमा सेवा गर्ने अवसर पाएको थिएँ। त्यसबेला युथ युनियन क्लवले क्यानेडियन सरकारको सहयोगमा होलङ्गदीको पानी लामडाँडामा वितरण गरिएको थियो। यहींबाट नै मेरो सामाजिक सेवाको जीवन सुरु भयो। २०३१ सालदेखि २०४९ सालसम्म युथ युनियन क्लवको तर्पmबाट मिडफिल्डर, स्टाइकर, राइट विङ्गरको स्थानबाट फुटबल खेलेर पाल्पामा आयोजना हुने मणिमुकुन्द रनिङ्ग शिल्डमा मनाङ्ग मस्र्याङ्गदी, थ्रिस्टार, पहाडी एघार, गोर्खा वायज, विहार भारतको टिम सिवान, झरना, सङ्ग खेलेको स्वर्णिम समय सम्झन चाहन्छु। २०४२ सालमा काठमाडौंमा भएका



राष्ट्रिय लिग फुटबल प्रतियोगितामा पोखरा, बुटवल र भैरहवालाई पराजित गरी पश्चिमाञ्चलको टिमको छनौट भई पाल्पा ११को खेलाडीको रूपमा दशरथ रङ्गशालामा पहिलो पटक सहभागी भई पहिलो खेलमा झापा एघारलाई २ शून्य गोलले पराजित गर्दा पहिलो गोल मैले र टिम क्याप्टेन अशोक महर्जनले दोश्रो गोल गरेको याद अभैm ताजा छ । यसरी फुटबल, भलिवल, टेबलटेनिस केही समय मात्र खेले भने फुटबल र व्याडमिण्टन करिब २ दशकसम्म खेले भने व्याडमिण्टन खेलको लागि लामो समय पाल्पाको टिमको नेतृत्व र सहभागी खेलाडीको रूपमा महेन्द्रनगर, बुटवल, वीरगञ्ज, जनकपुर धेरै स्थानहरूमा राष्ट्रिय र स्थानीय स्तरको प्रतियोगितामा सहभागी भई सिल्भर तथा कास्य पदक समेत प्राप्त गर्ने अवसर पाएको थिएँ । यसपछि म अखिल नेपाल फुटबल संघ—उपाध्यक्ष, पाल्पा क्रिकेट संघ – उपाध्यक्ष, पाल्पा जिल्ला व्याडमिण्टन संघ—अध्यक्ष, द रेयुकाई नेपाल पाल्पा शाखा – अध्यक्ष, पाल्पा लायन्स क्लव – अध्यक्ष, पाल्पा रोटरी क्लव – संस्थापक सदस्य एवं कोषाध्यक्ष, रत्न केवल टेलिभिजन (स्थानीय टेलिभिजन प्रसारण) – कार्यक्रम प्रस्तोता एवं उत्पादन व्यवस्थापक, नेपाल अवुर्द रोग निवारण संस्था – उपाध्यक्ष, SOARS-Palpa – निर्देशक, Leaders Nepal - कार्यकारी सदस्य, मानवअधिकार संगठन पाल्पा शाखा – उपाध्यक्ष, तानसेन गुठी, तानसेन शाखा – अध्यक्ष, नेपाल परिवार नियोजन शाखा – सचिव, देउराली साँस्कृतिक प्रतिष्ठान – संस्थापक सचिव, श्री ७ रणउजीरेश्वरी गुठी व्यवस्थापन समिति – अध्यक्ष, तानसेन बहुमुखी क्याम्पसको सञ्चालक समितिमा त्रिविवि प्रतिनिधि, सूर्योदय टेलिभिजन – सल्लाहकार, Tourism Action Committee Tansen – कार्यकारी सदस्य, स्वतन्त्र पत्रकार संगठन पाल्पा शाखा – सल्लाहकार, नारी उन्नयन तथा विकास प्रतिष्ठान पाल्पा – सल्लाहकार आदि सामाजिक, साँस्कृतिक, मनोरञ्जनात्मक, धार्मिक, पर्यटकीय तथा शैक्षिक संघसंस्थाहरूमा विभिन्न पदमा रही २०३१ सालदेखि तानसेन, पाल्पामा अनवरत सामाजिक अभियन्ताको रूपमा सेवा गर्ने अवसर प्राप्त भएको छ ।

**पदक तथा सम्मान**

यसप्रकार जीवनको अधिकतम समय विभिन्न राष्ट्रिय तथा अन्तरराष्ट्रिय संघसंस्थाहरूको माध्यमबाट तानसेन, पाल्पाको शैक्षिक, समाजिक, पर्यटकीय, स्वास्थ्य, धार्मिक, साँस्कृतिक र मनोरन्जनात्मक क्षेत्रहरूको पहिचान, संरक्षण, सम्वर्द्धन, प्रवर्द्धन र विकास गर्नमा प्रदान गरेको योगदानको कदर गर्दै नेपाल सरकारले गणतन्त्र दिवस २०७४ को अवसरमा सम्माननीय राष्ट्रपति विद्यादेवी भण्डारीज्यूबाट “प्रवल जनसेवा श्री” पदकबाट विभूषित हुने अवसर प्राप्त भएको थियो । नेपाली सेना, गृह मन्त्रालय, नेपाल सरकारको तर्पmबाट २०७३ सालमा सम्मान पत्र, त्रि वि विबाट २०७४ सालमा दीर्घसेवा पदक, नेपाल परिवार नियोजन संघ केन्द्रीय कार्यालय, काठमाडौंबाट वर्ष उत्कृष्ट स्वयंसेवक २०७४, नेपाल परिवार नियोजन संघ पाल्पा शाखाबाट “Volunteer of the Year 2073” पाल्पा लायन्स क्लव, त्रिभुवन बहुमुखी क्याम्पस, तानसेन गुठी, तानसेन शाखा, नारी उन्नयन तथा विकास प्रतिष्ठान, द रेयुकाई नेपाल, तानसेन शाखा, पाल्पा उद्योग वाणीज्य संघ, आदि संघसंस्थाहरूबाट “प्रशंसा पत्र” बाट सम्मानित हुने अवसर प्राप्त भएको थियो । मैले जानीनजानी सेवभावले गरेको केही प्रयासहरूको कदर गरी सम्मानित हुने अवसर प्रदान गर्नुभएकोमा सबै संघसंस्थाहरूलाई आभारका साथ कृतज्ञताज्ञापन गर्दछु ।

काठमाडौं मेडिकल कलेज, काठमाडौंमा सह—प्राध्यापकको रूपमा प्राध्यापनरत ज्योति तुलाधर सङ्ग २०५५ साल आश्विन ३ गते विजेश्वरी भगवती मन्दिर, धरानमा विवाह भएको थियो भने फेशन डिजाइनिङ्ग एण्ड टेक्नोलोजीको स्नातक तहमा अध्ययनरत सिजरिना उदयलाई छोरीको रूपमा पाएका छौं । मलाई जीवनको दोश्रो इनिङ्गमा निरन्तर रूपमा सामाजिक तथा धार्मिक सेवामा समर्पित हुनको लागि उदय परिवार र मेरो जीवन साथी श्रीमती ज्योति तुलाधर उदय तथा छोरी सिजरिना उदयको महत्त्वपूर्ण भूमिका रहेको स्मरण गर्न चाहन्छु । यसरी मेरो शैक्षिक तथा सामाजिक जीवनको बारेमा जानीनजानी लेख्न प्रेरित गर्नुहुने तानसेन गुठीका अध्यक्ष, श्रीमती निलम गोंगल श्रेष्ठ दिदी लगायत कार्यसमितिका सबै पदाधिकारीज्यूहरूलाई आभारका साथ कृतज्ञताज्ञापन गर्दछु । अस्तु ।।

# रानीमहल महिला बिच भलिबल प्रतियोगिता

## (माधव राज मास्के स्मृति अक्षयकोषबाट सहयोग)



**सर्जुमान लिगल**
निवर्तमान अध्यक्ष तथा संयोजक
तानसेन गुठी काठमाडौं पर्यटन प्रवर्धन क्षेत्र

तानसेन पाल्पास्थित पर्यटकीय ऐतिहासिकस्थल रानीमहल स्थित कालीगण्डकीको किनारलाई हब बनाउने लक्ष्य सहित सञ्जय स्मृति प्रतिष्ठानको आयोजनामा २०७८ साल चैत्र २४, २५, र २६ गते राष्ट्रिय स्तरमा महिला बिच भलिबल खेलको प्रतियोगिता सम्पन्न भएको थियो। यस प्रतिष्ठानका अध्यक्ष तथा राष्ट्रिय महिला भलिबल संघका उपाध्यक्ष श्री निरज मास्केज्यूले सञ्जय मास्के खेलकुद क्षेत्रमा रुचि राख्ने व्यक्ति भएकोले उनैको सम्मmना रहने गरी सञ्जय मास्के स्मृतिले पहिलो पटक पाल्पाको रानीमहल परिसरमा बीच महिला भलिवल खेलकुद सुरुवात गरेका थिए। समग्र पाल्पा तानसेनको प्रचारप्रसार गर्नमा सहयोग पुर्‍याउनुका साथै पर्यटन प्रवर्धन गर्न मद्दत पुर्‍याउँछ भन्ने धारणा अनुरूप राष्ट्रिय महिला बीच भलिबल खेलकुद प्रतियोगिता पाल्पामा भएको थियो।

पाल्पा तानसेनमा बीच भलिवल खेलकुद प्रतियोगिता गराउने क्रममा सहभागिताको लागि प्रदेश खेलकुद विकास समितिबाट छनौट भई सातैवटा प्रदेशबाट महिला खेलाडी दुइजना प्रति टिम अफिसियल कोच एकजना गरी तीनजना र नेपाल पुलिस क्लब र नेपाल आर्मी क्लबका सहित जम्मा नौ टिम गरी जम्मा ३२ जना खेलाडीहरू सहभागी थिए। साथै अन्रतराष्ट्रिय भलिबल रेफ्री, लाइन्सम्यान तथा अन्य अफिसियल सहयोगी खेलाडीहरूको सहभागिता थियो। चैत्र २४ गतेबाट तीनदिनसम्म बिहानको ८:३० बजेदेखि निरन्तर दैनिक चारवटा टिमबीच प्रतिस्पर्धा भएको थियो। यस प्रतिष्ठानले विभिन्न संघसंस्थाहरूबाट व्यवस्था गरी उक्त खेलमा प्रथम हुने नेपाल पुलिस क्लबलाई रु. एकलाख रूपैयाँ, दोश्रो हुने लुम्बिनी प्रदेशलाई रु. ५० हजार र तेश्रो हुने सुदुर पश्चिमाञ्चल प्रदेशलाई रु. ३० हजार र चौथो हुने गण्डकी प्रदेशलाई रु. २० हजार पुरस्कार प्रदान गरेको थियो।

साथै तानसेन गुठी काठमाडौंको तर्फबाट पहिलो, दोश्रो, तेश्रो र चौथो हुने तथा प्रति टिमका २।२ जना खेलाडीहरूलाई मायाँको चिनो स्वरूप पाल्पामा निर्मित करुवा प्रदान गरिएको






थियो । यसैगरी गुठीको तर्फबाट खेलको प्रमुख अतिथि पूर्व गभर्नर श्री चिरन्जिवी नेपाललाई मायाँको चिनो पाल्पाली करुवा प्रदान गरिएको थियो । कार्यक्रममा गुठीका निवर्तमान अध्यक्ष सर्जुमान लिगल र तानसेन गुठी पाल्पा शाखाका उपाध्यक्ष शकुन्तला शाक्यज्यूसहितबाट खेलाडीहरूलाई पुरस्कार वितरण गरिएको थियो। यसरी कार्यक्रममा खेलाडीहरूलाई पुरस्कार स्वरूप प्रदान गरिएको करुवा तानसेन गुठीमा स्थापित माधवराज मास्के स्मृति अक्षयकोषका संस्थापक श्री निर्मला मास्केज्यूबाट खेलाडीहरूलाई पुरस्कार प्रदानगर्न व्यवस्था गरिएको थियो ।

पाल्पास्थित रानीमहलको कालीगण्डकी किनारमा



बीच भलिबल खेल सञ्चालन गर्ने गराउने क्रममा सञ्जय स्मृति प्रतिष्ठान र तानसेन गुठीबीच सहकार्य गर्ने सम्मmौता अनुरूप काठमाडौंमा विभिन्न समयमा भएको बैठकमा गुठीको तर्फबाट निवर्तमान अध्यक्ष सर्जुमान लिगल, गुठीका आजीवन सदस्यद्वय अशोक महर्जन तथा कलाकार धिरेन शाक्य र पाल्पाली संगमका अध्यक्ष पदम न्यौपानेज्यूको उपस्थित थियो ।

पहिलो चरणमा उद्घाटन समारोह २४ गतेका दिन प्रतिष्ठानका अध्यक्ष निरज मास्केज्यूको सभापतित्वमा प्रमुख अतिथि नेपाल खेलकुद मन्त्रालयका सचिव श्री दामोदर रेग्मीज्यू तथा पाल्पाका विभिन्न राजनैतिक पार्टीका नेतागण, विभिन्न संघसस्थाका अध्यक्ष लगायत पदाधिकारीज्यूहरू र यस संस्थाका सल्लाहकार, राष्ट्रिय भलिवल खेलाडीहरू, पत्रकारज्यूहरूको उत्साहजनक उपस्थिति थियो। यसरी उदघाटन सत्र पछि तीनदिने राष्ट्रस्तरीय महिला बिच भलिबल खेल प्रतियोगिता पाल्पाको रानीमहलमा सफलतापूर्वक सम्पन्न भएकोमा सञ्जय स्मृति प्रतिष्ठानलाई हार्दिक बधाई छ ।

नेपाल सरकारको आर्थिक वर्ष २०७८/०७९ बजेटमार्फत पाल्पास्थित पर्यटकीय ऐतिहासिक स्थल रानीमहलस्थित कालीगण्डकीको किनारलाई खेलकुद सञ्चालनको लागि रु. १५ लाख रूपैयाँ विनियोजन समेत भएको छ । आगामी दिनमा यस प्रतिष्ठानले पाल्पाको रानीमहलमा राष्ट्रिय स्तरमा महिला तथा पुरुषको बिच भलिबल प्रतियोगिता अझ प्रभावकारी रूपमा गर्न सकोस् तानसेन गुठी यही हार्दिक शुभकामना व्यक्त गर्दछ ।

# श्यामकृष्ण मल्ल – एक व्यक्तित्व



चैतन्य प्रधान



सृष्टिकालदेखि मानिस समूहमा बस्न थाले। त्यही समूहलाई नै उसले समाज बनाए। त्यही समाजबाट नै राष्ट्रको निर्माण गरे। त्यही समाज र राष्ट्र भित्र उसले सभ्यताको विकास गरे। अर्थात उसको जीवनमा आइपरेको र आवश्यक भएको वस्तु अनि नीति–नियम, कायदा–कानून बनाउन थाले। र सभ्य, समुन्नत लोक कल्याणकारी कार्य गरी समाज शान्ति र सुखीको निर्माणको चाहना राख्न थाले। यसैले उनले क्रमशः सभ्यताको विकास गर्दै आए। त्यहि सभ्यताको दुई आँखा नै शिक्षा र स्वास्थ्य अपरिहार्य हुन पुग्यो।

समय सन्दर्भमा र बेला वखतमा त्यस समाजमा शिक्षा र स्वास्थ्यमा अग्रणी भूमिका निभाउन केही अग्रज व्यक्तित्वको आवश्यक भई त्यस्ता व्यक्तिको जन्म हुँदो रहेछ। ती व्यक्तित्वहरू मध्ये एक व्यक्ति हुन्–श्यामकृष्ण मल्ल। श्यामकृष्ण मल्ल पनि चार दशकसम्म तानसेन–पाल्पामा निवास गरी स्वास्थ्य र शिक्षामा सेवा गरी समाजलाई योगदान दिनभुएको थियो।

श्यामकृष्ण मल्ल हेर्दा हृष्टपुष्ट, होचो होचो, गहुँ गोरो साँउलो रंगको पुर्तिलो अनुहारका थिए। हाँस्दा मन खोलेर उन्मुक्त हाँसो हास्दथे। प्राय कमिज सुरुवालमा इष्टकोट लाउने र सरकारी औपचारिक कार्यमा दौरा सुरुवाल र कोट लाउने अनि कहिलेकाही कोट–पाइन्ट लाउने पनि गर्नुहुन्थ्यो। ओजिलो आवाज, हक्कि स्वभाव र निर्णय गर्ने शक्तिवान थिए। यस्तो व्यक्तित्वको पृष्ठभूमि हुनुमा सायद मल्ल राजवंशका हुनाले हुन सक्दछ।

श्यामकृष्ण मल्लाको पूर्वज भक्तपुरका मल्ल राजवंश राजा जयजितामित्र मल्लसँग सम्बन्धित छ। श्यामकृष्णको जन्म बाबु रामकृष्ण मल्ल र आमा सेतीदेवीको कोखबाट वि.सं. १९५९ साल कार्तिक महिनामा काठमाडौंमा प्रथम पुत्रको रूपमा भएको थियो। उहाँको अध्ययनको प्रारम्भ काठमाडौंमा नै भए तापनि पछि भारतको कलकत्तामा कम्पाउण्डरको परिक्षामा सर्वप्रथम भई उत्त्रीण हुनुभएको थियो। तत्कालिन आर्थिक स्थितिको कारण योग्य भएतापनि डाक्टरसम्मको पढाइ चालु गर्न नसकिएको कुरा बारे वहाँले बेलाबखत सुनाउने गर्नुहुन्थ्यो। त्यसपछि काठमाडौं आउनु भई वीर अस्पतालमा कम्पाण्डरको पदमा कार्यरत रहनुभयो।

वि.सं. १९६३ सालमा भक्तपुर चो छें निवासी श्री रत्नमान मुनकर्मीको एक्लो सन्तानको रूपमा जन्मेकी रत्नकुमारीसँग श्यामकृष्ण मल्ल संग शुभ–विवाह सम्पन्न भयो।

इतिहासकार पुरुषोत्तम शमशेरले आफ्नो पुस्तक "लुकेछिपेका प्रतिभाहरूमा" श्यामकृष्णका बारेमा यसरी लेखेका छन्ः

वि.सं. १९८९ भाद्र २० गते रुद्रशमशेरले मुख्तियारीको पद पाए। वि.सं. १९८९ फाल्गुणमा मुख्तियार रुद्र शम्शेरको ढाडमुनि फिलामा पिलो (ठुलो खटिरा) आएछ। सो पिलोको अप्रेसन गर्नुपर्ने भयो। 'चार बुर्जा दरबार' भित्रै बिरामी राख्ने कोठा रंगरोगन गरी सफा सुग्घर गराई अनेक प्रकारको औषधी प्रयोग गरी पिलो चिरफारको निमित्त कोठा तयार गर्नुको साथै अप्रेशन गर्दा जिजु बुबाज्यु पल्टिबक्सनको निमित्त डसना र बालिस्ट समेत लगाइए। बेहोस नगरी इंथर प्रयोग गरी डाक्टर बंगाली बाबु, डा. जे.एम.घोसले मुख्तियारको खटिरा

(पिलो) को अप्रेशन गर्ने भएछ । निर्धारित समयमा उच्च भाइ–भारदारहरू जम्मा भएको अवसरमा मुख्तियार घोप्टो परी पल्टि बक्सेछ । डा.जे.एम.घोषले पिलोको वरिपरि इथर प्रयोग गरी अप्रेशनको निमित्त चक्कु समाति अप्रेशन गर्न लाग्दा हात कमाई चक्कु चलाउन सकेनछन् । बङ्गाली बाबु साथै रहेको कम्पाउण्डर श्यामकृष्ण मल्लले जे.एम.घोषको हातबाट चक्कु लिएर मुख्तियारको खटिरा अर्थात पिलोलाई तुरुन्तै अप्रेशन गर्नुभएछ । साथै डाइझैं हतियारलाई अप्रेसन गरेको पिलो भित्र हुली पिलोमा रहेको पिपको साथै अरु फोहोरहरू निकाली पिलोको सफल अप्रेशन गर्नुभएछ । त्यँहा उपस्थित सबै व्यक्तिहरू वहाँको सो क्रियाकलाप देखी हेरेको हेरै (अवाक्) भएछन् । यस प्रकारको आँटिलो र हिम्मतिलो व्यक्ति श्यामकृष्ण मल्लजी हुनुहुन्थ्यो । (पृष्ठ ५५)

मुख्तियारी (कम्पाउण्डर इन चीफ) को पद सम्हालेका रुद्र शम्शेरलाई वि.सं. १९९० चैत्रमा पदमुक्त गरी पाल्पा पठाए । त्यसपछि रुद्र शम्शेरले श्यामकृष्ण मल्ललाई पाल्पा हस्पिटलमा पदबहाली गरी सरुवा गर्न तत्कालिन स्वास्थ्य डाइरेक्टर बबर शम्शेरलाई पत्र लेखेछन् ।

रुद्र शमशेर सँगैसँगै जस्तै श्याम कृष्ण मल्ल पनि पाल्पा गए । एक पटक उहाँको मित्र मथुरा प्रसाद प्रधानको घरमा कुराको सिलसिलामा उहाँले सुनाएको यो पंक्तिकारले सुनेका थिए ।“रुद्र शमशेरले बोलाएर मेरो ज्वरो कति छ डिग्री लगाएर जाँच त भने मैले पनि डिग्री हालेर जाँचें ९७ डिग्री रहेछ । ९७ भने – यसले जान्ने रहेछ अनि त्यसपछि जान्ने भएर गएँ ।”

हुन पनि उहाँ आधुनिक एलोपेथिक चिकित्सक र त्यस अन्तर्गतको शल्य चिकित्सामा कुशलता साथ हात चलाउनु हुन्थ्यो । पाल्पा र त्यस वरिपरिका ठाँउ वस्तिमा श्याम कम्पाउण्डर भनेपछि प्रशिद्ध र लोकप्रिय नै थिए । पाल्पा अस्पतालमा जागिरेको साथै आफ्नो निजी डिस्पेन्सरी र औषधी पसल बसन्तपुर टोलमा खोलेर बस्नुभएको थियो । त्यहिँबाट उहाँले पाल्पाली जनताहरूको स्वास्थ्य सेवा गर्दै आउनुभएको थियो । उहाँले प्रायः एक प्रकारको रातोरातो खालको मिक्स्चर झोल औषधी बिरामीलाई दिनुहुन्थ्यो । जसलाई सीसीमा राखी प्याक गरेर दिंदा कागजको चक्का चक्का पारी मात्राको लेविल हाली मात्राअनुसार खान दिनुहुन्थ्यो । उक्त मिक्स्चरको व्यक्ति विशेष हेरेर शुल्क निर्धारण गर्नुहुन्थ्यो र गरिब पैसा तिर्न नसक्नेहरूलाई निःशुल्क नै दिनुहुन्थ्यो । अनि निःशुल्क नै उपचार सेवा प्रदान गर्नुहुन्थ्यो । त्यसैले उहाँलाई गरिबको डाक्टर पनि भन्ने गर्दथे । पछि भारतबाट डाक्टरको उपाधिको प्रमाणपत्र पनि प्राप्त गर्नु भएको थियो । पछि पछि उहाँलाई डाक्टर श्याम कम्पाउण्डर पनि भन्ने गर्दथे । कम्पाण्डर शब्द जनताको मुखमा झुण्डिसकेको थियो भने डाक्टर उपाधि पनि अगाडी थपेर भन्ने गर्दथे ।

पाल्पामा जब वि.सं. २००४ साल बैशाख १ गते पद्मोदय पाल्पा पब्लिक हाइस्कूलको स्थापना गर्ने काम भयो । त्यस समयमा सुरु देखि उहाँ संस्थापक भई सक्रिय रूपमा सञ्चालन गरी पछि उक्त संचालक समितिको सभापति हुनुभयो । समय समयमा उक्त समितिको बैठक आफ्नै घरमा बसी कुशलतापूर्वक स्कूलको संचालन र सु–व्यवस्थापन कार्य गर्नुभएको थियो ।

नेपाल अधिराज्य भरी एकतन्त्रीय राणा शासन विरुद्ध २००७ सालमा क्रान्ति चल्न थाल्यो । त्यस क्रान्तिमा पनि उहाँले सक्रियताका साथ सहभागि भई क्रान्तिमा हामफाले । त्यस समयमा पाल्पामा भएका हात–हतियार र खरखजाना राणा शासकको नजरबाट जोगाउन आफ्नो घरबारीमा खाल्टो खनी सुरक्षित रूपमा जोगाउन सफल भए । तत्कालिन उक्त कार्यको लागि संलग्न केही प्रतिष्ठित व्यक्तिहरूले आँटिलो र हिम्मती भनी प्रशंसा समेत गरेका थिए ।

पाल्पामा तत्कालिन २००७ सालको क्रान्ति कुटनीतिक तवरले रक्तपात विहिन क्रान्तिको रूपमा सफल भएपछि नेपाली कांग्रेसको घोषणा अनुसार संक्रमण कालिन अस्थाई सरकारको स्थापना गरी एक मन्त्रीमण्डल समेत गठन गरेका थिए । उक्त मन्त्री मण्डलमा उहाँले स्वास्थ्य मन्त्रीको पद्भार लिनुभएको थियो । त्यस बेला आफूले काम गर्दै आएको पाल्पाको पी.चन्द्र अस्पतालको कम्पाउण्डर पदमा काम गरेवापत अस्पतालबाट खाइपाइ आएको रकम देश सेवाको लागि उक्त सरकारलाई नै दिने निर्णय गर्नुभएको थियो । सो लिखित निर्णयलाई उक्त सरकारले २००७ साल फागुण ५ गते बसेको मन्त्रीमण्डलको वैठक नं. १७ ले स्वीकृत गरी पास गरेका थिए । उक्त कुरा इतिहासविद् डा. भवेश्वर पंगिनीको आफ्नो पुस्तक “पाल्पामा प्रजातान्त्रिक आन्दोलनको सय दिन” को पृष्ठ ४७, ५१, ६४, ७५ मा उल्लेख गरेको पाइन्छ ।

वि.सं. २०२६ साल जेष्ठ महिनामा उहाँको जीवनमा ठुलो आघात पर्न गयो । आफ्नी जीवनका सहयात्री अर्धाङ्गिनी श्रीमती रत्नकुमारी मल्लको असामयिक निधन भयो । रत्नकुमारी कुशल गृहिणीका साथ उहाँको जीवनको हरेक पल र पाइलापाइलामा साथ दिनुका साथै उहाँलाई हौसला र प्रेरणा दिंदै आइरहनुभएको थियो । श्रीमती मल्ल ६३ वर्षको उमेरमै पाल्पामा नै निधन हुनुभएको थियो । उहाँको निधनमा पाल्पाका गरिब दलित जनताहरूले श्यामकृष्ण मल्लको गुन तिर्न भनी स्वस्फूर्त आफू खुसी उहाँको शव–यात्रामा शोक

बाजा बजाँउदै होलन्दीसम्म गएका थिए। उनीहरूले बाजा बजाए वापत ज्याला लिन कत्ति कर गर्दा पनि लिन मानेनन्। उक्त शवयात्रा जीपमा राखी राम्दीघाट लगी अन्त्यष्टि गरिएको थियो। राम्दीमा गाडीबाट शव लगिएको पाल्पामा सम्भवत् यो पहिलो घटना थियो।

२०१५ सालको सल्लाहकार सभाको चुनावमा तानसेनबाट जित्नुभई सभाको सदस्यको रूपमा कार्यभार सम्हाल्नु भएको थियो। सभाको क्रियाकलापमा वहाँको सकिय सहभागिता थियो।

श्यामकृष्ण मल्ल वि.सं. २०२६ सालको स्थानीय निर्वाचनमा तानसेन नगर पञ्चायतको प्रधानपञ्च पदमा उम्मेद्वारी दिनुभयो र साथै उक्त निर्वाचनमा उहाँले आफ्नो वाक् कला एवम् जनप्रियताका कारण भारि बहुमतका साथ विजय हासिल गर्नुभयो। उहाँ उक्त पद भार सम्हाली आफ्नो कार्यकालसम्म कुसलताका साथ सञ्चालन गर्नुभएको थियो। सो समयमा बेलायतका प्रिन्स चाल्र्ससँगको भेटघाट र श्रीनगर डाँडामा वृक्षारोपण बारे चर्चा भएको थियो। वहाँ शिकारका सौखिन हुनुका साथै तार्किक छलफलमा निपुर्ण हुनुहुन्थ्यो।

पाल्पास्थित त्रिभुवन कलेजमा विज्ञान विषय पढाईको माग गर्दै भवन बनाउन चन्दा उठाउँदै गयो। त्यस समयमा उहाँले उक्त भवनको एक कोठा आफ्नी श्रीमती रत्न कुमारीको स्मृतिमा निर्माण गरिदिनु भएको थियो। उक्त कोठा बाहिर सिंहमर्मरमा कुँदिएको स्मारिकाले यस तथ्यलाई पुष्टि गर्दछ।

उहाँको चार छोरीहरू जलेट गुरुवाचार्य, डा.जुन थापा, डा.सन शीला र डा.मून श्रेष्ठ हुन् भने ६ भाई छोराहरू डा. युगलकृष्ण मल्ल, ई. शंकरकृष्ण मल्ल, ई. लक्ष्मणकृष्ण मल्ल, डा.ओमकृष्ण मल्ल, डा. महावीरकृष्ण मल्ल र ई. नारायणकृष्ण मल्ल हुन। हाल जलेट गुरुवाचार्य डा. युगलकृष्ण मल्ल डा.जुन थापा र ई. नारायणकृष्ण मल्लको निधन भइसकेको छ। उहाँको यस्तो होनहार प्रतिभाशाली छोराछोरीहरू पाएर स्वास्थ्य शिक्षा र निजामती सेवामा आफ्नो सन्ततिहरू राष्ट्र र देश सेवामा निष्ठापूर्वक योगदान दिँदै गर्दा श्यामकृष्ण मल्ल निकै गौरवान्वित भई गद्गद् नै हुनुहुन्थ्यो।

यसरी पाल्पामा चार दशक जस्तै निवास गरी स्वास्थ्य, शिक्षा र राजनैतिक क्षेत्रमा अतुलनीय योगदान पुर्‍याउने श्यामकृष्ण मल्लको वि.सं. २०३२ साल कार्तिकमा ७३ वर्षको उमेरमा काठमाडौँमा असामयिक निधन भएको थियो। यस्ता प्रेरणादायी व्यक्तिको व्यक्तित्व प्रति हार्दिक नमन गर्दै, हार्दिक श्रद्धा सुमन पूर्वक हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु।

तानसेन गुठीले २९ वर्ष पार गरी ३० औं वर्ष प्रवेशको अवसरमा गुठीको उत्तरोत्तर प्रगतिको लागि हार्दिक शुभकामना व्यक्त गर्दछौं।



"महिला सहयोगीको अभियान, महिला सशक्तिकरण र सम्मान"

'उद्यमी बनौं, सफल महिलाको पहिचान दिऔं'

| संस्थाले प्रदान गर्ने कर्जाहरू : | संस्थाले संकलन गर्ने वचतहरू : |
|---|---|
| १. लघुवित्त कर्जा | १. समूह वचत |
| २. व्यवसायीक समूह कर्जा | २. व्यक्तिगत वचत |
| ३. धितो कर्जा | ३. योजना वचत |

निर्मला आचार्य
अध्यक्ष
महिला सहयोगी बचत तथा ऋण सहकारी संस्था लि.
का.म.न.पा.-२९, सामाखुसी, काठमाडौं, फोन: ४३८७०३१, ४३८८८८७



# तानसेन नगरपालिकाको अबको बाटो



**सन्तोषलाल श्रेष्ठ**
नगर प्रमुख, तानसेन नगरपालिका, तानसेन

वि.सं.२०७२ सालमा लोकतान्त्रिक संघीय गणतान्त्रिक नेपालको पहिलो संविधान जारी भए पश्चात् संविधानले स्थानीय तहहरूलाई एकल एवं साझा अधिकार प्रदान गरेको छ । यी अधिकारहरूमा राजनीतिक, आर्थिक, वित्तिय तथा प्रशासनिक अधिकारहरू रहेका छन् । संविधानले व्यवस्था गरे अनुरूप तीन तहका सरकारहरू (संघिय, प्रदेश र स्थानीय)ले सहकार्य, समन्वय र सह–अस्तित्वका आधारमा यी अधिकारहरूको प्रयोग गर्न पाउने व्यवस्था कायम गरिएको छ । वि.सं.२०७२ को संविधान कार्यान्वयन गर्ने सन्दर्भमा २०७४ सालमा पहिलो पटक मौजुदा संविधान अनुरूप स्थानीय तहको निर्वाचन सम्पन्न भइसकेको छ । उक्त निर्वाचनबाट बनेका स्थानीय सरकारहरूले आफ्नो पाँचवर्षे कार्यकालमा स्थानीय स्वायत्त सरकारको परिकल्पना गरे बमोजिम आन्तरिक संगठनात्मक संरचना, कर्मचारी व्यवस्थापन, आवश्यक कानुनहरूको निर्माण लगायतका क्षेत्रहरूमा आफ्नो समयावधि खर्च गरेको पाइयो । २०७९ वैशाख ३० गते स्थानीय तहको दोस्रो निर्वाचन सम्पन्न भएर हाल देशका सबै स्थानीय तहहरूमा नयाँ जनप्रतिनिधि निर्वाचित भएर आएका छन् ।

नेपालमा २००७ सालमा प्रजातन्त्र स्थापना भएपछि वि.सं. २००९ सालमा नै नगरपालिका घोषणा भएकाहरूमध्ये तानसेन नगरपालिका पनि थियो । नेपालका पुराना नगरपालिकाहरूमध्ये इतिहास बोकेको, तत्कालीन समृद्घ नगरपालिकामध्ये तानसेन नगरपालिका भएको कारण वि.सं. २०५६ सालमा प्रधानमन्त्री श्री कृष्णप्रसाद भट्टराईको प्रथम बजेट भाषणमा नेपालका पुराना प्रमुख ४ नगरपालिका काठमाडौं., पाटन, तानसेन र विराटनगरलाई आधुनिक नगरपालिकाको स्वरूप दिने पनि घोषणा भएको स्मरण गर्न चाहन्छु । यस नगरपालिकाको विकास र विस्तारको विभिन्न समयमा निर्वाचित जनप्रतिनिधिहरूले आफ्नो क्षमता, साधन, स्रोतअनुरूप यसको विकासको निमित्त भूमिका खेल्नुभएको छ । भर्खर सम्पन्न भएको स्थानीय तहको निर्वाचनमा मलाई आफ्नो मत दिई विजयी बनाई गहन जिम्मेवारी प्रदान गर्नुभएको छ । यसका लागि सम्पूर्ण नगरवासीहरूप्रति हार्दिक कृतज्ञताका साथ धन्यवादज्ञापन गर्न चाहन्छु । नगरवासीहरूले तानसेन नगरको समग्र विकासका निम्ति जुन अपेक्षा, उत्साह र विश्वासका साथ जिम्मेवारी सुम्पनुभएको छ, म र मेरो समूह, त्यसमा खरो उत्रने छौं भन्ने विश्वास दिलाउन चाहान्छु ।

स्थानीय तहका सरकारले नागरिकमुखी चिन्तन, व्यवहार र प्रतिफल प्रदान गर्नुका साथै धेरैजना जनप्रतिनिधिहरू प्रत्यक्ष संलग्न भई जनसेवा गर्ने काममा नयाँ–नयाँ तरिकाहरूबाट प्रतिस्पर्धात्मक कार्यहरू गर्ने भएकाले लोकतान्त्रिक पद्धतिको सबैभन्दा उच्च प्रयोगशाला भनिएको छ । यो लोकतन्त्रको सौन्दर्य पक्ष पनि हो । लोकतन्त्रका मूल्य–मान्यताहरू अवलम्बन गरी राजनैतिक शक्ति व्यवस्थापनका माध्ययमबाट जनमैत्री सेवा सञ्चालन गर्नु नै यसको प्रमुख ध्येय रहेको हुन्छ । नेपालको मौजुदा संविधानले संघ, प्रदेश र स्थानीय तहलाई संघीय इकाइ मानेर सबैलाई कार्यसम्पादनमा समान हैसियत सुनिश्चित गरेको छ । त्यसैले हाम्रो नगरपालिका स्वायत्त सरकार हो । यो स्थानीय सरकारलाई सबल बनाउदा देश नै सबल हुने कुरामा दुई मत रहँदैन । यसै कुरालाई ध्यानमा राखेर यस नगरको समग्र विकास गर्नु नै हाम्रो लक्ष्य रहेको छ ।

सांस्कृतिक धरोहर, विविध सम्पदाको केन्द्र, प्राकृतिक मनोरम छटा एवम् पर्यटकीय गन्तव्यको इन्द्रधुषीय मिलन बिन्दुको रूपमा रहेको सुन्दर नगरी तानसेनको यी पक्षहरूको

उच्चतम विकास गरी नगरवासीलाई सुशासन, सेवा प्रवाह, विकास र समृद्घि दिलाउने जस्ता प्रमुख कार्य यो कार्यकालको लक्ष्य रहने छ । तानसेन नगरवासीहरूले वर्षौंदेखि खेप्दै आएको खानेपानीको असहज आपूर्तिको व्यवस्था, तानसेनको विगतमा शाखको रूपमा रहेको शिक्षाक्षेत्रको पुर्नजागरण गर्ने र विविध आयामका शिक्षा प्रदान गर्ने थलोका रूपमा विकास गरी यही बसेर गुणस्तरीय शिक्षा पाउने थलोको रूपमा विकास गर्ने सोच रहेको छ । तानसेनको समृद्घिको मूल आधार भनेको पर्यटन क्षेत्रको विकास नै हो । तानसेनवासीहरूको आय आर्जनसँग जोडेर जीवनस्तर उठाउने योजनामा विशेष कायक्रम ल्याइने छ । जसका लागि श्रीनगरको समुचित विकास र प्रवन्धन, रानीमहलको प्रचारप्रसार, तानसेनको ग्रामीण वडाहरूमा रहेको पर्यटनक्षेत्रहरूमा वडा नं. १०को गुफाचौर, वडा नं. १२ को कुहिरेभिर र सोही वडाको अवल क्षेत्रमा रहेको सिद्धपानी गुफा आदि नयाँ पर्यटकीय क्षेत्रहरूको विकास, व्यवस्थापन र प्रचारप्रसारमा बढी जोड दिने कार्यक्रमहरू लागू गरिनेछ । यस्तै गरी धार्मिक पर्यटकीय गन्तव्यको रूपमा रहेको ऋषिकेशव, सूर्यकुण्ड, अगरीकुण्ड, कोकलदेवी, लिपेनदेवी, चेचिकोट लगायतका महत्वपूर्ण सम्पदाहरूको गुरुयोजना निर्माण गरी कार्य व्यवस्थापन गरिने छ । तानसेनको विशिष्ट महिषासुरमर्दिनी श्री ७ रणउजीरेश्वरी भगवती खटयात्रा, श्री ७ ऋषिकेशवको खटयात्रा, श्री ७ अमरनारायणको खटयात्रा साथै तानसेनमा नयाँवर्षको अरुणोदयसँगै वर्षको अन्तिम दिन चैत्र मसान्तसम्म हुने विभिन्न खटयात्राहरू एवम् दमकडाको माण्डव्य ऋषिको रथयात्रालगायत मृत्यु गणना संस्कारमूलक सांस्कृतिक परम्पराको रूपमा मनाइने गाइजात्रा, एग्रो–रिलिजन्सँग गाँसिएको रोपाइँ जात्रा, सिकार संस्कृतिमा आधारित बाघजात्रा आदि सांस्कृतिक परम्पराहरूलाई उत्सवको रूपमा विकास गरी आन्तरिक र बाह्य पर्यटकहरूको लागि तानसेनलाई आकर्षणको केन्द्रबिन्दुको रूपमा कार्यान्वयन गर्ने सौंच बन्नेछ । ऐतिहासिक नगरको रूपमा विकसित तानसेन नगर भएको हुँदा पुरानो भौतिक संरचनालाई नखल्बल्याई यथावत नै राखेर पछि समावेश भएका वडाहरूलाई आधुनिक परिवेश दिने उद्धेश्य अनुरूप वडा नं. ९ दमकडा र वडा नं. ७ प्रभास क्षेत्रमा एकिकृत वस्ती विकास योजनाको परिकल्पना गरिएको छ भने पर्यटकहरूलाई आर्कषण गर्न दीर्घकालीन योजना अनुरूप माडी क्षेत्रमा 'माण्डव्य सरोवर'को निर्माण र हवाई मैदानको सम्भाव्यता अध्ययन गरिने छ । आवश्यक ठाउँमा साहसी खेल सञ्चालन, धार्मिक तथा सांस्कृतिक क्षेत्रलाई जोड्ने गरी केवलकारको निर्माण कार्य पनि प्राथमिकतामा रहने छ ।

तानसेन नगरपालिकाको भूगोल र भौगोलिक क्षेत्रफलको विवेचना गर्दा कुल भूमिको २८ प्रतिशत भू–भाग सहरी परिवेशका वडाहरू रहेका छन् भने बाँकी ७२ प्रतिशत भू–भाग ग्रामीण परिवेशका वडाहरू रहेका छन् । ग्रामीण परिवेशमा बसोबास गर्ने अधिकतम नगरवासीहरूको प्रमुख पेसाको रूपमा कृषि तथा पशुपालन पेशा रहेको छ । यसै तथ्याङ्कको आधारमा जबसम्म त्यस क्षेत्रको कृषि तथा पशुपालन क्षेत्रको विकास र आधुनिकीकरण गर्न सकिंदैन, तबसम्म तानसेन नगर र जनताहरूको आर्थिक, सामाजिक, शैक्षिक र सांस्कृतिक विकास गर्न सकिंदैन । यस अहम् सवाललाई हृदयङ्गम गरी कृषिमा लगानीको अभिवृद्धि गर्दै नयाँ प्रविधि, नयाँ पद्धति साथै बाली बीमा, बाली अनुदान र पशु व्यवसाय अनुदान साथै युवा रोजगार कार्यक्रम, महिला सशक्तीकरण तथा कृषि तालिम कार्यक्रमहरूको व्यापक परिचालन र व्यवस्थापन गर्नुपर्ने अनिवार्यता रहको छ ।

समग्रमा अब तानसेनको नयाँ लर्कन भनेको शिक्षाको विकास, पर्यटन क्षेत्रको विस्तार र कृषिमा आधुनिकीकरणबाट यहाँको आर्थिक स्तरलाई उठाउनु हो । तानसेनवासीका खानेपानी, बाटोघाटो, विद्युत्, ढलका सुविधाहरूमा वृद्घि गर्ने भनेको त दैनिक रूपमा चल्ने क्रियाकलापहरू हुन्, जुन वर्तमानको भन्दा सुधार गर्नुपर्ने पक्षहरू हुन्, जसलाई सुशासनको माध्ययमबाट सेवा प्रवाहलाई चुस्तदुरुस्त बनाएर गर्न सकिन्छ । नगरवासीका थुप्रै अपेक्षाहरू छन् । यसलाई नजरन्दाज गर्न मिल्दैन । ती सबै पूरा गर्नका लागि नगरमा रहेका ग्रामीण र बजार क्षेत्रका वडाहरूबीचको विकासको स्वरूपमा परिवर्तन गर्नुपर्ने हुन्छ । तानसेनको ग्रामीण वडाहरूको विकास नगरेसम्म न्यूनतम आधारभूत कुरा त्यहाँका जनतामाझ नपुर्‍याएसम्म मूल बजार (कोर–एरिया) मा गरिएको कार्यको कुनै अर्थ राख्दैन । त्यसकारण हामी ग्रामीण वडाहरूलाई पनि सँगसँगै विकासको गतिमा लिएर हिंड्ने प्रयास गर्ने छौं । ग्रामीण वडाहरूमा कृषि, पशुपालन, ग्रामिण पर्यटन र सहरी वडाहरूमा व्यापार, वाणिज्य र शिक्षाको क्षेत्रमा काम गर्ने योजना बनाएर अगाडि बढ्ने सोच बनाइएको छ ।

अन्त्यमा यी सबै काम गर्नका लागि नगरपालिकालाई तानसेनेली लगायत सम्बद्घ सबै पक्षको सहयोगको आवश्यकता हुन्छ । यसका लागि पर्याप्त स्रोत र साधनको खाँचो पर्दछ । स्थानीय सरकार भन्दामाथि रहेका प्रदेश र संघको हाथ र साथ पनि जरुरी छ । तानसेनमा जन्मथलो भएर कर्मथलो तानसेन बाहिर बनाउनुभएका सबै पाल्पालीहरूको सहयोगको उत्तिकै खाँचो छ । तसर्थ नयाँ सोँच र नयाँ ढङ्गबाट सबैले बस्न, घुम्न आउन, पर्यटकको गन्तव्य, शिक्षाको गन्तव्य र स्वास्थ्यको गन्तव्य बनाउनका लागि आ–आफ्नो क्षेत्रबाट बुद्घि, विवेक, साधन श्रोतहरूबाट मन, वचन र कर्मले सहयोग गर्न अनुरोध गर्दछु । यहाँहरूको सद्भाव र सहयोगबाट तानसेन नगरको नेतृत्वमा मलाई पुर्‍याउनुभएको छ भने यसको सफलताको खातिर पनि यहाँहरूकै साथ र सहयोगमा निर्भर रहने छ । पुनश्चः सबैमा हार्दिक आभार व्यक्त गर्दै धन्यवाद ज्ञापन गर्दछु । धन्यवाद ।

# तानसेन गुठीमा महिला सहभागिता

## एक विश्लेषण



**शोभा श्रेष्ठ**
आजीवन सदस्य तथा सल्लाहकार

इतिहास दोहोरिन्छ भन्ने सत्य हो । एक समयमा काठमाडौं उपत्यकाबाट केही नेवार परिवारहरू व्यापार व्यवसाय, राम्रो अवसरको खोजीमा नेपाल अधिराज्यका विभिन्न भागमा बसाइ सराइ गरेको देखिन्छ । केही सीमित परिवार पश्चिम नेपालको पाल्पामा गई स्थायीरूपमा बसोबास गरेको पाइन्छ । आज उनीहरूकै सन्तान शिक्षा, सुनौलो भविष्य तथा राम्रो अवसर र कामको खोजीमा पुनःउपत्यकामा फर्केर स्थायी बसोबास गरेको पाइन्छ । यताबाट बसाई सरेकाहरूकोमा केही परिवारहरू पाल्पा राम्रो ठाउँ हावापानी पनि राम्रो देखेर आफ्नो स्थायी बसोबासको थलो बनाएको पाइन्छ ।

पाल्पामा नेवारहरू कहिलेदेखि बसोबास गर्न थाले भन्ने यकिन तिथिमिति थाहा छैन । पाल्पा त मगरातहरूको बाहुल्य रहेको ठाउँ भएकोले प्राचीन समयमा मगरात भनिन्थ्यो । पछि नेवार समुदायको बाहुल्य बढे सँगै मगरात भन्न छाडिएको हो । विभिन्न श्रोतहरूको अध्ययनबाट प्रथम पटक यहाँका नेवारहरूको बारेमा वि.सं. १८३४ मा उल्लेख भएकोले सो समय भन्दा पहिले देखि नै त्यहाँ नेवारहरू आवाद रहेको अनुमान गर्न सकिन्छ । उक्त समयमा नेपाल सरकारको दुतको रूपमा बेतियामा बसेका शशीधर उपाध्यायले प्रतापसिंह शाहलाई लेखेको पत्रमा जयसिंह नेवार पाल्पाबाट बेतिया गएको उल्लेख छ । उक्त व्यहोरा 'ऐतिहासिकपत्र संग्रह' मा उल्लेख गरिएको कुरा श्री रवीन्द्र प्रसाद प्रधानले आफ्नो पुस्तक 'द यात्रा'बाट जानकारी गराउनुभएको छ ।

त्यसैगरी तानसेनमा अमरसिंह थापाले अमरगँजपौवा, अमर विनायक, अमर नारायण मन्दिर र अम्रेश्वर शिवालय बनाउँदा सुन्दर बाँडाको नेतृत्वमा उपत्यकाबाट कालिगढहरू ल्याइएका थिए भन्ने उक्त पुस्तकमा उल्लेख गरिएको छ ।

यस दृष्टिबाट विचार गर्दा खासगरी शाहकालमा नेवारहरू पाल्पामा गएको भनिएतापनि मल्लकालमा नै यो संप्रदाय यहाँबाट विस्थापित भई उतातिर बसाइ सरेको देखिन्छ ।

पृथ्वीनारायण शाहले उपत्यका विजय गरी आफ्नो कब्जामा लिए पछि मल्लकालमा प्रमुख पदमा रही राजकाजमा सहयोग गरिरहेको र बडो इज्जत साथ बसेका नेवार समुदायमा नयाँ राजाको आगमनले आफ्नो भविष्य अनिश्चित रहेको देखी त्रसित भएर बसाई सराई गर्न बाध्य भएको देखिन्छ । हाम्रो पुर्खाहरू पनि राम्रो व्यवसाय राजकाज गरी नाला देशमा बसेका भएतापनि यही त्रासले वि.सं. १८२७ तिर पश्चिम नेपाललाई आफ्नो गन्तव्य बनाई हिंडेको र वि.सं. १८७२ मा मात्र पाल्पा पुगेर स्थायीरूपमा बसोबास गरेको हो । वास्तवमा श्रोतको अभावले यकिन गर्न नसके पनि पाल्पामा नेवार समुदायको बसोबास शाहकाल, मल्लकाल र सो भन्दा पनि पहिले देखि स्थापित भएको अनुमान गरिन्छ । कालान्तरमा तिनैका सन्तान दरसन्तान उच्चशिक्षा, राम्रो जागिरको खोजी, सुनौलो भविष्य तथा अन्य अवसरको खोजीमा पुनः काठमाडौं आई स्थायी बसोबास गरेको हो ।

तिनै उत्साहित युवा जमातले एक अर्काको सहयोग, आफ्नो जन्मस्थलको लागि केही गर्ने उदेश्यले वि.सं. २०५० मा तानसेन गुठीको स्थापना गरेको हो । २०७८ सालसम्म आइपुग्दा उक्त गुठीको कार्यक्षेत्र प्रशस्त मात्रामा विस्तार हुँदै गएको पाइन्छ । प्रस्तावित लक्ष र उद्धेश्य पुरा गर्दै गुठीले आफ्नो स्थापनाको २७ वर्ष पुरा गरेको छ ।

तर उल्लेख गर्नुपर्ने कुरा के भने गुठीको स्थापनाकालदेखि नै महिलाहरूको सहभागिता एकदम न्यून रहेको देखिन्छ । वार्षिक गुठी भेला तथा पूजामा मात्र महिलाहरूको उपस्थिति भएतापनि कार्यकारी समिति (कार्यकारी संयोजक) मा पुरुषहरूको बाहुल्यता रहेको देखिन्छ ।

अर्को मुख्य कुरा उल्लेख गर्न चाहन्छु त्यो के भने २०५० सालमा स्थापना भएको गुठीमा २०५७ सालमा बल्ल एकजना महिला कार्यकारी संयोजकको संलग्नता रहेको पाइन्छ । महिला संयोजकलाई कार्यकारी संयोजकमा समावेश हुन पुरा सातवर्ष लाग्यो । यतिसम्म महिला सहभागिताको आवश्यकता महसुस गरिएन भन्ने अनुमान हुन्छ । के कारणले हो गुठीमा महिला सहभागिता एकदम न्यून रहेको देखिन्छ । गुठी पूजामा तथा वार्षिक भेलामा उपस्थित हुनु मात्र सहभागिता होइन भन्ने मेरो राय रहेको छ ।

अर्को मुख्य विषयवस्तु हो महिला सल्लाहकारः २०६२—

२०६३ सालमा मात्र महिला सल्लाहकारको आवश्यकता महसुस गरी दुई महिलालाई सल्लाहकारको रूपमा समावेश गरियो। आफू एक सल्लाहकार भएको हुनाले त्यसको लागि गुठीलाई धन्यवाद दिन चाहन्छु।

समयक्रममा गुठी सदस्यमध्ये केही सक्रिय महिलाहरूले आफ्नो सदस्यहरूमा रहेको सिपको विकास, विस्तार र बजार व्यवस्था तथा बिक्री गर्ने उद्देश्यले २०५८ सालमा 'माटन'को स्थापना गरी समय समयमा भेला भई छलफल गर्ने कार्य र सिप विकासमा आवश्यक सहयोग बडो तदारुकताका साथ गरिएको थियो। बेकरी क्याफेले छलफल गर्ने ठाउँ पनि उपलब्ध गराएको थियो। यसको लागि बेकरी क्याफेलाई धन्यवाद दिनै पर्छ।

दुर्भाग्यवश माटनले स्थायीत्व लिन सकेन। २०६७—६८ सालमा उक्त माटनको अस्तित्व नै हराएर गयो। यसै सन्दर्भमा अर्को कुरा उल्लेख गर्नु उपयुक्त ठान्दछु। केही दिन अगाडि गुठीको सचिव प्रमी श्रेष्ठले तानसेन गुठी महिला उपसमिति गठन गरेको जानकारी गराउनुभएको थियो। साथै सबै सदस्यहरूसँग आवश्यक सल्लाह सुझावको माग गर्नुभएको थियो। तर कुन उद्देश्य र सोंचाईले उक्त उपसमिति गठन भएको त्यसको केही उल्लेख भएन। अवश्य पनि राम्रो सोंच समझ नै होला भन्ने ठानेको छु। मेरो शंका के भने उक्त उपसमितिको अस्तित्व पनि माटन जस्तै नहोस् र हामी सबै मिलेर यसको उपादेयता बुझाउन सकौं। यही मेरो शुभकामना छ।

२०५७ सालमा एक महिला कार्यकारी संयोजक रहेकोमा २०६१—६२ सालमा आएर दुई जनाको प्रतिनिधित्व देखिन्छ। उक्त संख्या केही वृद्धि भई २०६७—६८ साल देखि ३ जना महिला कार्यकारी संयोजक थप गरिएको हो। प्रतिशतको हिसाबले उक्त संख्या अझ पनि न्यून जस्तो महसुस गरेको छु। तानसेन गुठीको अध्यक्ष हुन महिला सदस्यहरूलाई गुठी स्थापनाको २४/२५ वर्ष सम्मको समय लाग्यो। तर खुसीको कुरा के भने तानसेन गुठीको रजत महोत्सव मनाउने जिम्मेवारी महिला अध्यक्षको काँधमा पर्न आयो र उक्त रजत महोत्सव भव्य तरिकाले सम्पन्न भएकोमा अध्यक्ष शान्ता शाक्य र उहाँको कार्यकारी टोलीलाई विशेष धन्यवाद तथा बधाई दिन चाहन्छु।

साथै गुठीका सम्पूर्ण सदस्य साथीभाईहरू पनि समान रूपले धन्यवादका पात्र हुनुहुन्छ। अहिले पनि गुठीको अध्यक्षमा महिला नै हुनुहुन्छ। उहाँको समयमा पनि विशेष उल्लेख्ययोग्य कार्य होस् जसले गर्दा महिला सहभागीहरूले गर्व गर्न सकोस् भन्ने मेरो अग्रिम शुभकामना छ अध्यक्ष निलम गोंगललाई।

# तानसेन

**(षड्ऋतु काव्य – छ अक्षर, छ हरफ = ३६ अक्षर)**



**शान्ता शाक्य**

(१)
टानसिङबाट
तानसिङ भयो
पछि तानसेन
संस्कृतिले धनी
करुवाले नामी
ढाका त झन् दामी

(२)
पाल्पामा नै जाने
जात्रैजात्रा हेर्ने
कृष्णाजन्माष्टमी
भोलिको दिनमा
भगवती जात्रा
गरौं आजै यात्रा

(३)
तानसेन यात्रा
भगवती जात्रा
सबै जन भेला
भव्य रूप मेला
हो शक्तिकी देवी
गर्छन् सबै भक्ति

(४)
संस्कृतिले धनी
सुन्दर नगरी
तानसेन जाने
सबै तिर घुम्ने
मन्दिर चाहार्ने
भक्ति जगाउने

(५)
गोलघर रम्य
बग्गीढोका भव्य
अनेक मन्दिर
सुन्दर बजार
टुँडिखेल जाने
माडीफाँट हेर्ने

(६)
श्रीनगर डाँडा
प्राकृतिक छटा
काष्ठकला दामी
संस्कृतिले धनी
जात्रा चाडपर्व
पाल्पालीको गर्व

(७)
तानसेन हाम्रो
अति नै छ राम्रो
स्वच्छता भव्यता
सुरम्य सभ्यता
आहा ! सुन्दरता
हाम्रो विशेषता

(८)
टोपी दिवसमा
सजाई शिरमा
सानले ढल्काई
मुसुक्क मुस्काई
पाल्पालीको ढाका
अति नै खासा

(९)
विस्थापित जन
जन्मथलो मन
बिर्सनै नसक्ने
बस्न नै नमिल्ने
प्यारो जन्मभूमि
फाप्यो कर्मभूमि

(१०)
शिक्षामा छ अगि
कोही छैन पछि
शिक्षित छन् जन
कतै नजा भन
गरे काम कैयौं
विस्थापित नहौं

# हाम्रो मन मष्तिष्कमा बाँचिरहनुभएका श्यामदाइ





**शम्भु श्रेष्ठ**
गुठी आजीवन सदस्य

तानसेन ऐतिहासिक पर्यटकीय र सांस्कृतिक सहर हो । यस नगरको विशेषता भनेको टुँडिखेलदेखि कैलाशनगरसम्म ढुंगाले छापेको बाटो हो र हरेक टोल र चोकमा परम्परागत शैलीको मठमन्दिर हो ।

युरोपका कतिपय देशले आजसम्म पनि ढुंगाले छापेको बाटोको संरक्षण गरेका छन् । पुराना भवनको पुरानै शैलीमा मर्मतसम्भार गरेका छन् । तानसेनका नेवारहरू काठमाडौं, भक्तपुर र ललितपुरबाट गएकोले नेवारहरूले टोलको नाम पनि काठमाडौंको जस्तै असन, मखन, वसन्तपुर, भीमसेन टोल आदि राखेका छन् ।

त्यस्तो पुरातात्विक महत्व बोकेको तानसेन आज हेर्दाहेर्दै कंक्रिटको जंगलमा परिणत भएको छ । तानसेनको मौलिकता छोपिएको छ । तानसेनको कुरूप दृश्यले श्याम दाइको चित्त दुख्थ्यो ।

उहाँ भन्नुहुन्थ्यो– 'नगरपालिकाले नै नेवारी संस्कृति झल्कने नक्सा र मापदण्ड बनाउनुपर्छ । नगरभित्र बन्ने नयाँ घर संरचना नगरपालिकाले तयार गरेको नक्साबमोजिम हुनुपर्छ अनि मात्र तानसेनको मौलिकता झल्कन्छ ।

उहाँको अर्को सोच पाल्पा छाडेर काठमाडौं, बुटवल, पोखरा, नेपालगञ्जलगायतका ठाउँमा बसाइँ सरेका तानसेनवासीलाई पाल्पा फर्काउने । त्यसका लागि बतासेडाँडामा रहेको उहाँको जग्गामा अपार्टमेन्ट होटल खोल्ने योजना थियो ।

होलिडे अपार्टमेन्ट होटलको फ्ल्याट पाल्पालीलाई बेच्ने र त्यसमा आधुनिक सुविधासम्पन्न होटल खोल्ने । जसले गर्दा फ्ल्याट किन्नेलाई रकमसमेत फिर्ता हुन्छ । आफू आएर बस्न चाहेको बेला आफ्नो फ्ल्याट बुकिङ गर्ने, अरु बेला होटलको जिम्मा लगाएर त्यसवापत आम्दानी गर्ने । वास्तवमा यो नौलो सोच थियो । तर, त्यो सपना पनि अधुरो रह्यो ।

तानसेनको अर्को आकर्षक ठाउँ बतासेडाँडा हो । त्यहाँ रहेको क्याम्पसलाई अर्को ठाउँमा सारेर त्यो क्षेत्रलाई दार्जिलिङको चौरास्ता जस्तो बनाउने कल्पना गर्नुहुन्थ्यो । यस्ता धेरै सोच लिएर सुन्दर पाल्पाको सपना बुन्नुहुन्थ्यो श्याम दाइ ।

तानसेनदेखि भैरहवा ६० किलोमिटरमा गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल छ । तीन, चार घण्टा पोखराको दूरी छ । ८० किलोमिटर लुम्बिनी र तीन घण्टाको दूरीमा सौराहाजस्तो पर्यटकीयस्थल छन् । पोखरा, सौराहा र लुम्विनीमा आउने पर्यटकहरूका लागि तानसेन पर्यटकीय गन्तव्य बन्न सक्छ । त्यसका लागि ट्राभल एजेन्टहरूसँग सम्पर्क गरेर दीर्घकालीन 'रोडम्याप' बनाउनुपर्छ भन्ने सोचमा श्याम दाइको थियो ।

एक्लो सोचले केही बन्दैन । सबैको साथले सफलता मिल्ने हो । तानसेनका विषयमा बाहिर बसेर सोच्नेभन्दा तानसेनमै बसेर पर्यटन व्यवसाय गर्नेहरूले आफ्नो व्यवसायलाई गुणस्तर बनाउन सोच्नुपर्छ । कति पाल्पालीहरूले आफ्नो

जन्मथलो छोडेर हिंडे, त्यसको लेखाजोखा छैन ।

समय क्रममा कतिपयले पाल्पा छाडेर गए पनि आफ्नो जन्मभूमिप्रति अगाध माया, प्रेम देखाउनेहरूको संख्या औंलामा गनिने मात्रको छ । त्यसमध्ये एक हुनुहुन्थ्यो श्याम कक्षपति । श्याम दाइसँग मैले धेरैपटक भेटेको छु । धेरै सन्दर्भमा । तर, जतिपटक भेटे पनि पाल्पाको विकासमा चिन्ता लिने व्यक्तिमध्येका एक उहाँ हुनुहुन्थ्यो ।

काठमाडौंको प्रदूषित वातावरण । तनावमुक्त दैनिकीलाई छल्न बेला–बेला पाल्पा पुग्थे श्याम दाइ । तानसेन बजारदेखि माथि बतासेडाँडामा उहाँले आफू बस्न दुई कोठाको सानो कटेज बनाउनुभएको छ । चिसो हावा, बादलु घुम्टो, स्वच्छ सफा र हरियाली वातावरण छ त्यो कटेजभित्र । कुरिनटारमा रिभर साइड रिसोर्ट बनाउँदै गर्दा कुरिनटारको गर्मी छल्न श्याम दाइले पाल्पामा उक्त कटेट बनाउनुभएको थियो ।

सायद, त्यही यात्राले उहाँमा पाल्पामा पनि नाङ्लो रेष्टुराँ खोल्ने सोच आयो । नाङ्लो खुल्नु अगाडि पाल्पा घुम्न जाने पर्यटकहरूका लागि स्तरीय रेष्टुराँ थिएन । भएका रेष्टुराँहरू पनि व्यवस्थित थिएनन् । तर, नाङ्लो रेष्टुराँ आज पाल्पाको पहिचान भएको छ । पाल्पामा पाइला टेक्ने जो कोहीले पनि नाङ्लोको स्वाद जिब्रोमा झुन्ड्याएर फर्किने गरेका छन् ।

पाल्पामा पर्यटन प्रवर्द्धन गर्ने उद्देश्यले 'पाल्पाली छैं' बेड एण्ड ब्रेकफाष्ट पनि खोल्नुभयो । तर, कोभिडको कारण उक्त होटल बन्द गर्नुपर्‍यो ।




नेपालजस्तो सुन्दर देश विश्वमा कहीँ पनि छैन । नेपालको आर्थिक अवस्था पर्यटन क्षेत्रको विकासबाटै सम्भव छ । तर, पर्यटन क्षेत्रमा निजी क्षेत्रले जति लगानी गरेको छ, त्यसबमोजिम नेपालले गुणस्तरीय पर्यटक भित्र्याउन नसकेको उहाँको धारणा थियो ।

विश्वका प्रमुख गन्तव्यहरूमा नेपाल वायुसेवा निगमको पहुँच पुर्‍याउन सकियो भने सोझै नेपालमा गुणस्तरीय पर्यटक आउँछन् । त्यसका लागि नेपाल एयरलाइन्सलाई बलियो बनाउनु पर्छ । त्यसमा निजी क्षेत्रको लगानीलाई प्रोत्साहित गरिनुपर्छ भन्नुहुन्थ्यो श्याम दाइ ।

नाङ्लो टेष्टुराँ त एउटा उदाहरण मात्र हो । पाल्पाका अन्य रेष्टुराँले पनि आफूलाई नाङ्लोकै स्तरमा स्तरोन्नति गरोस् भन्ने चाहना श्याम दाइको थियो । तर, श्याम दाइको त्यो सोचलाई पाल्पाले पछ्याउन सकेन । र, आज २० वर्ष बितिसक्दा पनि सित्तलपाटीमा नाङ्लो ठिङ्ग एक्लो उभिएको छ । जुन रेष्टुराँसँग श्याम दाइको 'सेन्टिमेन्ट' जोडिएको छ ।

श्याम दाइको निधनले सिंगो पाल्पा स्तब्ध र मर्माहत बनेको छ । मुखको क्यान्सर रोगबाट बैंककमा निधन भएको उहाँको पार्थिव शरीरमा एक थुँगा फूल अर्पण गरेर पाल्पालीहरू उहाँलाई अन्तिम बिदाइ गर्न चाहन्थे । तर, कोभिडका कारण त्यो सम्भव भएन । उहाँको पार्थिव शरीरलाई बैंककमै अन्त्येष्टि गरियो ।

हजारौं लाखौंको मन मस्तिष्कमा एक जना असल व्यक्ति गुमाउनुको पीडा छँदै छ । त्यो पीडाभित्र उहाँको पार्थिव शरीरमा एक थुँगा फूल अर्पण गर्ने पाल्पालीहरूको अधुरो सपना अधुरै बनेको छ । मानिस जन्मिएपछि मर्नु पर्छ, त्यो सबैले बुझेको कुरा हो, तर, मरेर सबैको स्मृतिमा बस्न सक्नु जीवनको सार्थकता हो, जो मरेर पनि हाम्रो मन मस्तिष्कमा बाँचिरहनुभएको छ ।

अलविदा श्याम दाइ !

(साभारः दृष्टि साप्ताहिक २०७९-४-२४ मा प्रकाशित)

# पाल्पा तानसेनका नेवार समुदाय र त्रयी स्रष्टाहरू



विजय सागर

काठमाडौँ उपत्यका (नेपाल खाल्डो) पहिले पानीले भरिएको विशाल नागदह थियो। पौराणिक कथा अनुसार (१) त्रेतायुगमा उत्तरबाट आएका मन्जुश्री बोधीसत्वले आफ्नो खड्गले चोभारको डाँडो काटी पानी बहाएर काठमाडौँ उपत्यकामा बस्ती बसाएका हुन् । (२) द्वापरयुगमा दक्षिणबाट श्रीकृष्ण आएर आफ्नो सुदर्शन चव्रmले चोभारको डाँडोकाटी पानी बहाएर काठमाडौं उपत्यकामा बस्ती बसाएका हुन्। पौराणिक कथाहरू आफ्नै ठाउँमा छन् । काठमाडौं उपत्यकाको पानी निकास गर्नु अगावै पनि उपत्यकाका डाँडाभरि नै नेवारहरूको बस्ती थियो । त्यसैले इतिहासमा नेवार = नेपार = नेपाल नामकरण भएको पाउँछौं ।

काठमाडौँ उपत्यका फाँटमा बस्ती बसिसकेपछि विभिन्न वंशका राजाहरूले राज गरेका भए पनि शाहवंश बाहेक अरु सबै वंशीहरू नेवार जातिमै विलीन भएर गएका तथ्य इतिहासमा पाउँछौं ।

काठमाडौँ उपत्यकामा मात्रै रहेका नेवारहरू पछि उपत्यकामा मल्ल राजाहरूको पाला ने.सं. ३०० – ८८८ (वि. सं. १२३६ – १८२५) सम्म विभिन्न भू–भागहरू लगायत विदेश भारत, वर्मासम्म बसाइँ सराइँ भएर गएका पाइन्छन् (प्रधान, २०६४ : ४३ – ४४) । बाइसे – चौबीसे राज्यहरूको पालामा उद्योग व्यापारको लागि वा मठ–मन्दिर, दरबार निर्माणको निम्ति पनि उपत्यकाका मल्ल राजाहरूसँग अन्य राजाहरूले दक्ष नेवारहरू मागी आफ्ना राज्यहरूमा लगिएका पनि पाइन्छन् ।

अब तत्कालीन पाल्पा राज्य तर्पm दृष्टि दिंदा “काठमाडौँबाट पाल्पाली राजा पृथ्वीपाल सेनले मिति फसली सन् १२२१ (वि.सं. १८६०) मा पाल्पा सामाकोट टक्सारका विष्णु महाजन र बौझगरी महाजनलाई टक्सार चलाउनु भनी लेखेको पत्रले टक्सार चलाउने कार्य नेवारबाट हुने र सो ठाउँमा नेवारहरूको बसोबास रहेको देखिन्छ (नाथ, २०२२ ः पृ. ६०८)। सोही गा.वि.स.मा रहेको भीमसेन मन्दिरको घण्टमा लेखिएका यी हरफ ः स्वस्ति श्री संवत् १८६४ साल मिति पौष बदि, १३ रोज ७ दथु टोलको भजन गर्ने भाइले यो घण्ट श्री ५ भीमसेन प्रति समर्पण थामी शुभम् । । ले पाल्पामा नेवारहरूको आगमन संवत् १८६४ साल भन्दा पहिले नै भएको देखिन्छ (श्रेष्ठ, २०७४ ः ६३) ।” सेनकालीन राज्य वि.सं. १८६१ मा नेपालमा गाभिएपछि वि.सं. १८८६ मा ठूलो आगलागी भई पाल्पा, तानसेन सहर सखाप भयो। त्यस बखतसम्म कुनै व्यक्ति वा महाजनहरूले कुनै स्थानमा बजार बसाइँ घर बनाई, शहर बसाएर बसे तापनि तिनीहरूलाई व्यक्तिगत सम्पत्ति सुरक्षाका निम्ति कुनै प्रकारको अख्तियार दिइएको थिएन। स्थानीय अधिकारीले वा अमालीले आफ्नो इच्छाअनुसार वा क्षरभरको सनकको भरमा कुनै पनि व्यक्तिको घर पसललाई उठाउन पजनी गर्न सक्तथ्यो । त्यसैले त्यस ठाउँमा पुनः घर बनाई बजार बसाउन जनता हिचकिचाउन थाले । यस समस्या निराकरणको निम्ति यस प्रकारको लालमोहर जारी भयो –

**स्वस्तिश्री मन्महाराजाधिराज कस्यरुक्का –**

आगे पाल्पा तानसेन बस्न्या मनीराम मेहरवान साधुराम मनीरत्न तेजनारान चुकढीदेवी नरसिंह गैरह महाजन बेपारी नेवारके सालबसाल बजारमा आगलागी भै देवालय समेत धेरै घर वीग्री माल पर्न जांदा षरको छाना हुनाले धेरै धन षराप भयो आजसम्म तिरी आयाबमोजिम घरगनी दस्तुर तिर्नु आफुले बनायका घर अमाली चौधरीले पजनी नगर्नु आफुले छोडी जाँदाको दिन घरको दाम उठाउन पाउन्या थीति पाया पक्की घर बनाइ झीगटी लगाइ बजार बनाउदाहुँ भनी तिमीहरूले विंति गर्‍याको विस्तार काजी वषतावरसिंह थापा जिल्लाका मुख्तियार (अर्थात बडाहाकिम) बाट हाम्रो हजुरमा जाहेर भयो । वेस विंति गर्‍याछौ पक्की घर बनाइ झीगटी लगाउनु आजसम्म तिरी आयाबमोजिं घर गनी दै दस्तुर तिर्नु चौधरी अमालीले घरको पजनी नगर्नु उठी जांदा घरका दाम उठाउनु भन्या बंदेजको मोहर गरी बक्स्यौं आफ्ना षातिज्र्मासंग पक्की घर बनाइँ झीगटी लगाई बजार गुल्जार गन्र्या काम गर इति संवत् १८८६ साल मिति आश्वीं सुदी ४ रोज शुभम (नेपाली, २०६० : १५१ – १५२) ।

यस प्रकार सरकारबाट घर जग्गा माथि अधिकार प्राप्त गरी पाल्पा, तानसेनमा बसोबास गरेका नेवार समुदायबाट आफ्नै संस्कार – संस्कृति अनुरूप – बटुक भैरव जात्रा, विस्केट जात्रा, बुद्ध जयन्ती, गुनुपून्हि, रक्षा बन्धन, गाईजात्रा, बाघजात्रा, गणेश जात्रा, भीमसेन जात्रा, श्रीकृष्ण जन्माष्टमी, प्रसिद्ध भगवती जात्रा, अमरनारायण जात्रा, लक्ष्मी नारायण जात्रा, रामनवमी, काल भैरवजात्रा, आमाको मुख हेर्ने, अक्षय तृतीया, सिठी नखः, हरिशयनी एकादशी, साउने संव्रmान्ति, गठेंमङ्गल, गुँला पर्व, नाग पञ्चमी, चुइँकी, बाबुको मुख हेर्ने, हरितालिका तीज, गणेश चतुर्थी, बडा दशैं, तिहार, हरिबोधनी एकादशी, यःमरि पर्व, माघे संव्रmान्ति, स्वस्थानी व्रत, बसन्त पञ्चमी, महाशिवरात्री, फागु, चैते दशैं आदि पर्वहरू (देउराली ः २०७६) मनाउनुका साथै आफ्नो मातृ भाषा – नेपाल भाषा, कला, संस्कार र संस्कृतिको मात्र विकासमा संलग्न नरही नेपाली भाषा, कला, संस्कार र संस्कृतिको विकासमा पनि उत्तिकै समर्पित भई राणा शासन विरुद्धको ०७ सालको व्रmान्तिमा समेत दिलोज्यानले होमिएका तथ्य सर्व विदितै छ । साथै ०७ सालपछि देशमा प्रजातन्त्र, लोकतन्त्र, गणतन्त्रका निम्ति भएका सबैखाले आन्दोलनहरूमा यहाँका नेवार समुदायको योगदान उत्तिकै महत्वपूर्ण छ ।

यसरी पाल्पा तानसेनमा नेवारी भाषा, कला, संस्कृतिको समुन्नतिको लागि मात्र नभई समग्र पाल्पा तानसेनको साहित्य, कला, संस्कृतिको विकासमा दत्त चित्त भई तानसेन बजारका टोल टोलमा मठ – मन्दिर – विहारमा हुने संगीतमय भजन कीर्तन, लगायत नाटक, नाच – गान, गाईजात्रे प्रहर्सन कार्यव्रmमहरूमा अनेकौं भजन मण्डली, नाटक मण्डली, नृत्य मण्डली, गायन मण्डली, हास्य प्रहर्सन मण्डली लगायत तानसेन बजारमा श्रद्धेय साहित्यकार, नाटककार, गीतकार, सङ्गीतकार, कलाकार तथा निर्देशकहरू रहेका छन् । सबै श्रद्धेय व्यक्तित्वज्यूहरूको सम्बन्धमा उल्लेख गर्न सकिएको भए सुनमा सुगन्ध हुने थियो । तर यो सानो लेखमा सम्भव नभएको कारण पहिलो पुस्ताका तीन श्रद्धेय व्यक्तित्वहरूका सम्बन्धमा मात्र उल्लेख गरिएको छ ।

## अम्बिकाप्रसाद लाकौल

वि.सं. १९५८ असारमा पाल्पा, तानसेन ठाडोगल्ली निवासी कृष्णप्रसाद लाकौल र द्रौपदीदेवी लाकौलका पुत्रका रूपमा अम्बिकाप्रसाद लाकौलको जन्म भएको हो । अम्बिकाप्रसाद लाकौलको शिक्षादीक्षा साहित्यकार एवम् विकासप्रेमी पिता कृष्णप्रसाद लाकौलबाटै भयो ।

औपचारिक शिक्षा प्राप्त नगरेका भए पनि स्वाध्ययनबाट अम्बिकाप्रसाद लाकौलले शिक्षा, साहित्य तथा सङ्गीततर्पm प्रचुर ज्ञान हासिल गरेका थिए । अभिनय तथा संस्कृतिको विकासको निम्ति पनि लागि परेका थिए ।

योग्य पिताको योग्य पुत्रको रूपमा उनले राणाकालको कठोर शासनमा पनि आध्यात्मिक, सामाजिक एवम् राजनैतिक चेतना जगाउन वि.सं. १९८३ मा पं. माधवप्रसाद देवकोटा, अयोध्याप्रसाद प्रधान तथा गुरूप्रसाद मैनाली जस्ता विद्वानहरूको सहयोगमा आफ्नै घरमा "पुस्तक पढ्ने दलान" को सुरुवात गरेका थिए । पुस्तक पढ्ने दलानमा आध्यात्मिक, सामाजिक, राजनैतिक सम्बन्धि पुस्तक एवम् पत्रपत्रिकाहरू हुन्थे । साथै दलानमा स्थानीय बुज्रुकहरूका बीचमा छलफल, प्रवचन र अनुभवहरू आदान–प्रदान गर्ने वातावरण हुन्थ्यो ।

पछि "शिक्षित युवाहरूलाई समावेश गरी धवल क्लब (वि. सं. २००३) खोलेको र त्यही क्लब मार्पmत धवल पुस्तकालय स्थापना गरिएको हो । तत्कालीन परिवेश र परिस्थितिमा खोलिएको पुस्तकालय पुस्तक पढ्ने दलान १९८३ कै निरन्तरता हो । यसरी धवल पुस्तकालयको जग पुस्तक पढ्ने दलान हो (शर्मा, २०६६ ः ८३) ।"

अम्बिकाप्रसाद लाकौलले पाल्पा जिल्लामै पहिलो मुद्रणयन्त्र "लाकौल प्रेस" २००७ सालमा सञ्चालन गरेका थिए ।

लेखक/अनुवादक अम्बिकाप्रसाद लाकौलका कृतिहरू राजकुमार विश्वन्तर (धार्मिक नाटक)/ सिद्धार्थ बोधिसत्व (धार्मिक नाटक) अट्टडेट (सामाजिक नाटक)/ कन्जुस सेठ (सामाजिक नाटक)/ सङ्गतको फल (सामाजिक नाटक)/ आरोग्य विज्ञान/ पाल्पाको भूगोल/ हाम्रो गीत (गीत सङ्ग्रह – कुलमणि देवकोटासँग) ।

**सम्पादन/अनुवाद –**

बंकिमचन्द्र चटर्जीको – जयन्तश्री, उदय, गृहिणी, दुर्गेश – नन्दिनी – उपन्यास तथा प्रेमचन्दका – बलिदान र सतिचिन्ता उपन्यास नेपालीमा अनुवाद (प्रभात, २०७० : १२) ।

पाल्पा साहित्य समाजले अम्बिकाप्रसाद लाकौलको योगदानको सम्मानको निम्ति स्व. माधवप्रसाद देवकोटाको ११३ औं जन्मजयन्तीको अवसरमा मरणोपरान्त साहित्यिक सम्मान – २०७२ अर्पण गरेको छ ।

वि.सं. २०३१ असारमा अम्बिकाप्रसाद लाकौलकी धर्मपत्नी भगवतीदेवी लाकौलको परलोक भयो । धर्मपत्नीको परलोक भएको पाँच महिना ५ दिन पछि २०३१ साल मंसिर २२ गते सामाजिक व्यक्तित्व अम्बिकाप्रसाद लाकौलको पनि दिल्लीमा उपचारको व्रmममा प्राण पखेरु उड्यो ।

नरेन्द्रप्रसाद लाकौल, विमल लाकौल, वनमाली लाकौल तथा छोरी तुलसीका पिता अम्बिकाप्रसाद लाकौलको दिल्लीको यमुनाघाटमा दाह संस्कार भयो ।

अम्बिकाप्रसाद लाकौल पाल्पाको साहित्यको आकाशमा अक्षर पुरुष भएर अमर रहेका छन् (रेग्मी, २०७२ ः ७) ।

**अयोध्याप्रसाद प्रधान**

वि.सं. १९६१ वैशाख ४ गते अक्षयतृतीयाका दिन पाल्पा, तानसेन असनटोलका बद्रीनारायण प्रधान र तिलोत्तमाकुमारी प्रधानका माहिला छोराको रूपमा अयोध्याप्रसाद प्रधानको जन्म भएको हो ।

शिक्षित र सम्पन्न परिवारमा जन्म भएको हुँदा घर–परिवारबाटै अक्षरारम्भ भई प्रारम्भिक शिक्षा दरबार हाईस्कुलबाट उत्तीर्ण गरी पटनाबाट मेट्रिकुलेशन गरेका थिए । जगतबहादुर जोशीका अनुसार पाल्पामा सर्व प्रथम मेट्रिकुलेशन परीक्षा उत्तीर्ण गर्ने जनताका तीन छोरा – (१) हीराराज शर्मा (धोवाघाट), (२) अयोध्याप्रसाद प्रधान – तानसेन, (३) भगवतीप्रसाद प्रधान – तानसेन थिए (श्रेष्ठ, २०७३ : १२ – १३) ।

अयोध्याप्रसाद प्रधानले आई.ए. प्राइभेट रूपमा उत्तीर्ण गरेपछि, बी.ए. अनर्स बनारस हिन्दु विश्वविद्यालय, एम.ए. पालि, प्रथम श्रेणी प्रथम विहार विश्वविद्यालय, पोष्ट ग्राजुएट अध्ययन, नालान्दा पालि इन्स्टिच्युट, एम.एड. मलेसिया विश्वविद्यालय तथा यु.एस.ए.बाट गरेका थिए ।

राणा प्रधानमन्त्री चन्द्र शम्शेरका पालामा वि.सं. १९७० – ७१ मा “संस्कृत पाठशाला” सरकारी निःशुल्क पाठशालाको रूपमा स्थापना गरिएको थियो । सरकारले पुष्करनाथ देवकोटा र चन्द्रकान्त त्रिपाठी दुई जना शिक्षकलाई संस्कृत भाषा, साहित्य, व्याकरण र कर्मकाण्ड विषय पढाउन नियुक्त गरिएको थियो । वि.सं. १९७८ मा संस्कृत पाठशालालाई विस्तार गरी “भाषा पाठशाला” मा परिणत गरिएको थियो । त्यही भाषा पाठशालाबाट पाल्पाको आधुनिक शिक्षाको संस्थागत सुरुवात भएको हो । जनस्तरमा शैक्षिक जागरण ल्याउने अभियानमा कठोर राणा शासनको प्रवाह नगरी अम्बिकाप्रसाद लाकौलको नेतृत्व र अयोध्याप्रसाद प्रधान, गुरूप्रसाद मैनाली तथा माधवप्रसाद देवकोटाको सक्रिmयतामा “पुस्तक पढ्ने दलान” वि.सं. १९८३ मा स्थापना भयो । पुस्तक पढ्ने दलानले जुन प्रेरणा र चेतना पैmलाउन सफल भएको थियो, त्यसैको आधारमा २००३ सालमा धवल पुस्तकालय स्थापना भएको हो । त्यसबेला प्रसिद्ध धवलागिरि हिमाल पाल्पा गौंडा भित्र पर्दथ्यो । अटल सेतो हिमाललाई विम्ब ठानी धवल नामकरण गरिएको थियो (शाक्य, २०६६ ः ३०) ।

शिक्षा विना मानिस अन्धो हुन्छ भन्ने सोच राख्ने अयोध्याप्रसाद प्रधानले अन्य मित्रहरूको सहयोगमा पद्मोदय पाल्पा पब्लिक हाइस्कुल – २००४, नारी शिक्षाको अनिवार्यतालाई अत्यन्तै, मान्यता तथा सम्मानका साथ वि.सं. २००७ साल भाद्र १६ गते मोहनकन्या हाइस्कुलको स्थापना साथै वि.सं. २०११ सालमा त्रिभुवन इण्टर मिडिएट कलेज स्थापना गर्न महत्वपूर्ण भूमिका खेले ।

अयोध्याप्रसाद प्रधानका निम्न महत्वपूर्ण कृतिहरू प्रकाशन भएका छन् – न्यिवा खँया परिवारः छगु तुलनात्मक अध्ययन (नेपाल भाषा) नेपालको धार्मिक सहिष्णुता/मगर कुरा शिक्षा/मगर शब्द सङ्ग्रह/ पाल्पा एक परिचय The Buddha's System of Meditation (VOI-IV) । जापानी धर्म एक सर्वेक्षण साँस्कृतिक मामिला निकाय (सम्पादन) ।

(अंग्रेजी, नेपाली र नेवारी भाषामा विभिन्न पत्र–पत्रिकाहरूमा थुप्रै लेख रचनाहरू प्रकाशित ।)

जगतबहादुर जोशीका अनुसार – पाल्पामा वि.सं. १९८३ मा खुलेको “पुस्तक पढ्ने दलान” को स्थापना कालदेखिनै शिक्षा क्षेत्रमा योगदान पुर्‍याउने प्रधानले आफ्नी प्रथम पत्नीको देहान्तबाट विरक्तिएर केही वर्ष सन्यास ग्रहण गरेका थिए । त्यतिबेला आध्यात्मवादी चिन्तनमा उनले गहिरो अभिरुचि लिएका थिए । त्यसैको परिणाम स्वरूप भौतिक सुख सुविधाका कुराहरूलाई क्षणिक वस्तु मानी गहना, आभूषण र सिंगार पटारमा हुने महिलाहरूको आकर्षणलाई समाजको विकृति मानेका थिए । त्यसैको परिणाम स्वरूप उनले आफ्ना बहिनी, भतिजीहरूलाई बस्त्र आभूषण तिर आकर्षित नहुन प्रेरित समेत गरेर समाजमा आदर्श नारी समाज निर्माण गर्ने प्रयास पनि गरे । सम्पन्न सेठ परिवारमा हुर्केका महिलाहरूमा स्वावलम्बन र बस्त्र आभूषण प्रति वितृष्णा जगाउनु चानचुने कुरा थिएन तापनि अयोध्याप्रसाद प्रधानले आफ्नै परिवारमा त्यो नमुना देखाए (श्रेष्ठ, २०७३ : १४–१५) ।

त्रिभुवन इण्टर मिडिएट कलेजको स्थापना पछि अयोध्याप्रसाद प्रधानको जीवनमा परिवर्तन आयो र उनले दुर्गादेवीसँग विवाह गरी पुनः गृहस्थ जीवनमा प्रवेश गरे ।

**यसपछि सरकारी सेवा अन्तरगत –**

शिक्षा, अर्थ, योजना, अन्तशुल्क, भन्सार तथा तथ्याङ्क विभागका सहायक सचिव, निर्देशक, आर्थिक सल्लाहकारका रूपमा कार्य गरे ।

तत्कालीन नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान लोकवार्ता संस्कृति विभागका विशेषज्ञ रूपमा कार्य गरे ।

शैक्षिक प्रशासनिक प्रशिक्षणको सिलसिलामा – स्वीट्जरलैण्ड, फ्रान्स, जर्मनी, अष्ट्रेलिया, भारत आदि देशहरूको भ्रमण गरे ।

**पुरस्कार/सम्मान**

- सुवर्ण पदक (विहार विश्वविद्यालय)
- महेन्द्र विद्याभूषण/प्रसिद्ध गोरखा दक्षिणबाहु तेस्रो
- हर्ष पुरस्कार (२०५०)/नूरगङ्गा प्रतिभा पुरस्कार (२०५९) भाषा थ्वुवा सम्मान (२०४७)

(प्रभात, २०७० ः १२ – १३) ।

शिक्षा क्षेत्रमा अत्यन्त महत्वपूर्ण कार्य गरी पाल्पा जिल्लाका शिक्षाका पिताका नामले चिनिने अयोध्याप्रसाद प्रधानको ९५ वर्षको उमेरमा २०५५ साल जेष्ठ ११ गते काठमाडौँमा देहावसान भयो ।

“पाल्पाको शैक्षिक जगतका पिता, भाषा, कला संस्कृति र साहित्यका चिराग सच्चा समाजसेवी अयोध्याप्रसाद प्रधानको योगदानलाई चिरस्थायी बनाउँदै उनलाई अमर पाल्पालीको रूपमा जीवन्त राखी रहनु हामी सबैको कर्तव्य हुन आउँछ (रेग्मी, २०७२ ः १४) ।

**भिक्षु अमृतानन्द**

वि.सं. १९७४ फागुन १ गते पाल्पा तानसेन भीमसेन टोल निवासी हीराकाजी शाक्य र टीकामायाको कोखबाट लालकाजी शाक्यको जन्म भयो। यिनै लालकाजी शाक्य वि.सं. १९९३ मा भगवान् गौतम बुद्धको परिनिर्वाण भएको ठाउँ कुशीनगरमा थेरवादी बौद्ध परम्पराअनुसार प्रवर्जीत भएपछि भिक्षु अमृतानन्द भए ।

शाक्यहरूको सांस्कृतिक परम्परा अनुसार संघको सदस्य हुनको लागि चूडाकर्म (वाडेछोएगु) उनीहरूकै पैत्रिक विहार हिरण्यवर्ण विहार (क्वाः बहाल) ललितपुरमा ७ वर्षको उमेरमा सम्पन्न भएको थियो। चूडाकर्मपछि उनका पिताले उनलाई काठमाडौँका सबै जसो बौद्ध विहार र स्वयम्भूचैत्यको दर्शन गराएका थिए । जसबाट लालकाजीको मनमा बौद्ध भिक्षु, बुद्ध धर्मबारे श्रद्धा तथा जिज्ञासा उत्पन्न भएको थियो ।

लालकाजी ११ वर्षका हुँदा आमा टीकामाया र १२ वर्षका हुँदा पिता हीराकाजीलाई गुमाउन पुगेका थिए । यसपछि यिनी काका मोतीकाजीको संरक्षणमा रहे ।

वि.सं. १९९२ मा यिनको विवाह हरिमायासँग भयो । वि.सं. १९९३ मा प्रवज्याको लागि कुशीनगर प्रस्थान गरे। वि.सं. १९९३ मा ऊ चन्द्रमणिको आचार्यत्वमा लालकाजीलाई प्रवज्या दिइयो । प्रवज्यापछि लालकाजीको नाम श्रामणेर अमृतानन्द रहन गयो । यस समय उनको उमेर १८ वर्षको थियो ।

प्रवर्जीत भएको केही समयपछि दार्जीलिङ्ग जिल्ला कालीङ्गपोङको त्रिपाइमा प्रज्ञा चैत्य महाविहारमा बसेका नेपालका पहिलो स्थविरवादी भिक्षु महाप्रज्ञासँग बस्न पुगे ।

भिक्षु महाप्रज्ञाको सल्लाह अनुरूप बुद्ध धर्मको प्रचार प्रसारको निम्ति अमृतानन्द वि.सं. १९९३ मंसिरमा भोजपुर पुगे। बुद्धको भव्य मूर्ति निर्माण गरी शाक्यमुनि विहारमा प्रतिस्थापन गरियो । सोही सिलसिलामा भिक्षु महाप्रज्ञा पनि भोजपुर पुगेका थिए ।

वि.सं. १९९३ माघ १ गते भिक्षु महाप्रज्ञाले उपासकहरूलाई धर्मोपदेश दिई रहेको ठाउँमा भोजपुरका वडा हाकिम आएर सोधपुछ गर्दा भिक्षु महाप्रज्ञा वि.सं. १९८२ मा देश निकाला भएका भिक्षु हुन् भन्ने थाहा पाएपछि भिक्षु महाप्रज्ञालाई जेल चलान गरियो र साथमा अमृतानन्द पनि जेल गए । भोजपुरमा ४ महिना र धनकुटामा १ महिना जेल राखेपछि पुलिसको साथ धरान, विराटनगर हुँदै जोगबनी सिमाना कटाई देश निकाला गरियो ।

यही समय वि.सं. १९९४ मा अमृतानन्द पालि साहित्य अध्ययनका लागि वर्मा गए। वर्मामा स्वास्थ्य ठीक नभएको कारण श्रीलङ्कामा गए। जहाँ वि.सं. १९९६ माघ १२ गते कोलोम्बोको रत्न मलाने चक्किन्दाराम विहारको सिमागृहमा श्रामणेर अमृतानन्दबाट भिक्षु अमृतानन्द भए ।

वि.सं. १९९९ साल आश्विनमा काठमाडौँमा आए । त्यो बेला देश अशान्त थियो । काठमाडौँमा उनले टोलटोलमा गएर बुद्ध धर्मको प्रचार प्रसार गरेका थिए । केही समयको निम्ति उनी सारनाथ गएको समय जुद्ध शम्शेरले यहाँ बौद्ध भिक्षुहरूलाई वि.सं. २००१ श्रावण १ गते देश निकाला गरे ।

वि.सं. २००३ मा श्रीलङ्काका भिक्षु नारदमहास्थविरको टोलीसँगै नेपाल आएर अमृतानन्दले देश निकालामा परेका भिक्षुहरूलाई फर्काउने प्रयत्नमा लागे। उनकै प्रयासमा सबै भन्दा बृद्ध भिक्षु धर्मलोक लगायत सबै भिक्षुहरूलाई नेपाल फर्कन अनुमति दिइयो ।

वि.सं. २००७ साल फाल्गुण ७ गते राणा शासनको अन्त्य भयो । देशमा नयाँ युगको सुत्रपात भयो । जसले गर्दा धार्मिक क्षेत्रमा पनि केही सहजता अनुभूति भयो ।

यसै वर्ष नेपालका थेरवादी भिक्षुहरूको बीचमा आपसी सद्भाव विकसित गरी नेपालमा बुद्ध शासनलाई अझै मजबुत बनाउने उद्देश्यले अमृतानन्दले आफ्नै अध्यक्षतामा थेरवादी “अखिल नेपाल भिक्षु महासंघ” को स्थापना गरे ।

भिक्षु अमृतानन्दले नेपालमा बुद्ध धर्म प्रचार प्रसार तथा

यसको उन्नयनका लागि विभिन्न पत्र पत्रिकाहरू प्रकाशित गर्नुका साथै लेख रचना मार्पmत बुद्ध शासनलाई मजबुत बनाउन व्रिmयाशील भए ।

साहित्य सिर्जनाका दृष्टिले हेर्दा पनि अमृतानन्दले सिर्जना गरेका बौद्ध साहित्य निकै उच्च कोटीको छ । उनले आफ्नो जीवनकालमा नेपाली, नेवारी र अंग्रेजी गरी ३ वटा भाषामा ८१ वटा पुस्तकाकार कृति प्रकाशित गरेका छन् ।

उनलाई उनको बौद्ध साहित्य र विद्धत्वको कदरस्वरूप विभिन्न शिक्षण संस्थाले मानार्थ साहित्य चव्रmवर्ती (D.Litt) र विद्यावारिधि (Ph.D.) को उपाधी प्रदान गरेका छन् ।

उनले धर्मोदय सभा, अखिल नेपाल, भिक्षु महासंघ, नेपाल युवक बौद्ध परिषद, आनन्दकुटी विहार, आनन्दकुटी साइन्स कलेज जस्ता संस्थाहरूको स्थापना गरे ।

अन्तराष्ट्रिय रूपमा विभिन्न संघ संस्थामा रहेर कार्य गरे । ४० भन्दा बढी देशहरूको भ्रमण गरी बुद्ध धर्म प्रचार गर्नमा नेपाली भिक्षुहरूमा उनको अग्रस्थान छ ।

### भिक्षु अमृतानन्दका केही कृतिहरू

पहिलो रचना : पराभव सुत (अनु. धर्मदूत, वि.सं. १९९९)

गृह विनय (२०१६), बुद्धकालीन ब्राह्मणहरू (२०२८), कसको कुरा सत्य हो (२०२९), बुद्धकालीन गृहस्थीहरू (१, २ र ३, २०२९), बुद्धकालीन महिलाहरू (२०३०), बुद्धकालीन राजपरिवारहरू (२०३०), बुद्धकालीन श्रावक चरित (२०३१), बुद्धकालीन ब्रहमधिदेव (२०३३), बुद्धकालीन विमानकला (२०३३), बुद्धकालीन प्रेतकथा (२०३३), जातक सङ्ग्रह, त्रि रत्न बन्दना (ने.सं. १०५८), आर्यसत्य (ने.सं. १०६३), सङ्क्षिप्त बुद्ध जीवनी (ने.सं. १०६८), जातक माला (भाग १ – २, ने.सं. १०६९), बुद्ध शासन या इतिहास (ने.सं. १०७६), बौद्ध कहानी (ने.सं. १०७६), अशोक जुजु (ने.सं. ११११) आदि । सम्पादन/ अनुवाद, ज्ञानमाला (भाग १–३ ने.सं. १०६३), पाली नेपाली नेपाल – भाषा शब्दकोश (ने.सं. ११२१) । पुरस्कार/सम्मान, गोरखा दक्षिणबाहु चौथा (प्रभात, २०७० ः ३७१)

भिक्षु अमृतानन्द नेपालको आकाशमा उदाएका चम्किला तारा हुन् । उनको कार्य तथा साहित्यिक कृतिको महत्व समयको अन्तरालमा झन् झन् बढ्दै गएको छ ।"वि.सं. २०४७ भाद्र ४ गतेका दिन बेलुकी ९ बजेसम्म आनन्दकुटीमा छलफल गरी सुत्न कोठामा गएका भिक्षु अमृतानन्दको हृदयघातका कारण राति मृत्यु भयो । यो कुरा अर्को दिन मात्र अर्थात ५ गते मात्र थाहा हुन सक्यो । यसरी नेपालका एकजना महान देश भक्त, प्रगतिशील तथा विद्वान भिक्षुले नेपाली धर्तीबाट सदाका लागि बिदा लिए । उनको मृत शरीरलाई भाद्र ५ गते अन्तिम श्रद्धाञ्जलीका लागि आनन्दकुटी विहारमै राखी ६ गतेका दिन हजारौं शुभ चिन्तकहरूको सहभागिता सहितको शवयात्रापछि उनका प्रमुख शिष्य भिक्षु अश्वघोषले दागवत्ती दिएर दाहसंस्कार गरिएको थियो (ज्ञवाली, २०५९ ः ३२) ।

### सन्दर्भसूची ः


देउराली, मदन (२०७६) : **तानसेनमा मनाइने जात्रा तथा चाडपर्वहरू :** पाल्पा : देउराली सांस्कृतिक अध्ययन प्रतिष्ठान ।

नेपाली, चित्तरञ्जन (२०६०) : **जनरल भीमसेन थापा र तत्कालीन नेपाल, काठमाडौँ :** रत्न पुस्तक भण्डार ।

प्रधान, मुक्ति (२०६४) : **नेवारी जाति (उत्पीडन र स्वशासन) :** काठमाडौँ : अर्थ प्रकाशन

प्रभात, विष्णु –सम्पादक (२०७०) : **साहित्यकार – कलाकार परिचय कोश**, काठमाडौँ : नेपाल प्रज्ञा – प्रतिष्ठान ।

रेग्मी, पुष्कर अथक (२०७२) : **अमृताञ्जली**, पाल्पा, पाल्पा साहित्य समाज ।

शर्मा, बुद्धिप्रसाद (२०६६) : *'पुस्तक पढ्ने दलान र धवल पुस्तकालय'* पाल्पा : **पथ–प्रदर्शक (धवल विशेषाङ्क)** धवल पुस्तकालय ।

शाक्य, छत्रराज (२०६६) : *'पाल्पाको गौरव धवल पुस्तकालय'* पाल्पा : **पथ–प्रदर्शक (धवल विशेषाङ्क)** धवल पुस्तकालय ।।

श्रेष्ठ, ईश्वरीमैयाँ (२०७३) : **अयोध्याप्रसाद प्रधान व्यक्तित्व व कृतित्व**, काठमाडौँ : भिक्षु सुदर्शन लुमन्ति पुचः ।

श्रेष्ठ, निर्मल (२०७४) : *'पाल्पामा नेवारहरूको आगमन'* काठमाडौँ : **चिनारी, तानसेन गुठी, वर्ष २५ अङ्क २३** ।

ज्ञवाली, वेदराज (२०५९) : **"भिक्षु अमृतानन्द र बुद्ध धर्ममा उनका योगदान"**, त्रि.वि. मानविकी तथा सामाजिकशास्त्र सङ्कायमा प्रस्तुत शोधपत्र (अप्रकाशित) ।


(यो लेख तयार पार्नको निम्ति मलाई मेरा स्नेही मित्रहरू – विमल शाक्य (७२), बुटवल, राजेन्द्र गोपाल सिंह (५६), तानसेन तथा राजेशकुमार अमात्य (५२), भैरहवाबाट अध्ययन सामग्रीहरू उपलब्ध भएकोमा म मित्रहरू प्रति कृतज्ञता अर्पण गर्दछु ।)



# ढाका (कपडा) को राजधानी: पाल्पा



शंकर मान सिंह

पाल्पा जिल्ला पाल्पाली ढाका (हातले बुनेको) को उत्पादन गर्ने जिल्ला हो। हालै ढाकाको राजधानी घोषणा गरिएको सुखद् अवसरको रूपमा सम्पूर्ण पाल्पालीले र उध्यमी व्यवसायीले लिएका छन्। अब पाल्पाली ढाका खोजी गर्ने स्वदेशी तथा विदेशीले पाल्पाली ढाका प्राप्त गरून्। औपचारिक/ अनौपचारिक कार्यक्रमहरूमा यही ढाका प्रचलनमा ल्याइयून्। उपहार पनि ढाका र करुवा दिइयून् | कम्तीमा पाल्पामा डुप्लिकेट ढाका बिक्रीमा राख्ने काम नगरियोस्, पाल्पाली भनेर बिक्री नगरियोस् भन्ने आवाज बुलन्द भएको छ।

ढाकामा जस्तै ढाकाटोपी वास्तवमा एक प्रकारको कपडा हो। यसरी यस कपडाबाट बनेको टोपीलाई ढाकाटोपी भनिन्छ। पश्चिम नेपालको पाल्पा जिल्लामा उत्पादन हुने भएकाले यसलाई पाल्पाली ढाकाटोपी पनि भनिन्छ। भादगाउँले टोपीको पनि अवस्थित छ, जसको नाम आधुनिक भक्तपुर हो। रंगीन ढाकाटोपीको विपरीत, यो कालो छ र लोकप्रियता प्राप्त गर्नु अघि नेवार समुदायमा प्रयोग गरिएको थियो। विगतमा बंगलादेशको राजधानी ढाकामा बनाइएको कपडा बनाउन प्रयोग हुने कपडाका कारण ढाका टोपीलाई यो नाम दिइएको हो। ढाकाटोपीलाई यसकारण भनिन्छ किनभने प्रिन्टको डिजाइन ढाका, बंगलादेशबाट सुरू भएको परम्परागत बुनाइ र डिजाइन शैलीमा पत्ता लगाउन सकिन्छ।

ढाका कपडाको उत्पत्तिको बारेमा धेरै जानकारी पाउन कठिन छ। यद्यपि यो कुनै न कुनै रूपमा ढाका, बंगलादेशसँग सम्बन्धित हुनुपर्दछ। मलमल, कपासबाट बनेको पौराणिक कपडालाई दिइएको नाम जुन ठूला सम्राट्हरूले लगाउने प्रसिध्द ढाका कपडासँग जोडिएको छ। ढाकाको मलमल, अहिले ढाकाको रूपमा प्रयोग गरिएको छ जहाँबाट यो संसारका टाढाका कुनाहरूमा पठाइने गर्दथ्यो। मलमल हामीले नेपालमा प्रयोग गर्ने ढाकालुगा (फ्याब्रिक) सँग मिल्दोजुल्दो छ। तपाईंको प्रश्नमा आउँदैछ ढाकाको नाम केवल टोपी (टोपी) बनाउन ढाका कपडाहरू प्रयोग हुने भएकाले राखिएको हो। तर टोपीको आकार नेपालको हिमालसँग मिल्दोजुल्दो अनुपम देखिन्छ। तसर्थ ढाका टोपीमा प्रयोग हुने कपडा ढाका, बंगलादेशसँग सम्बन्धित भए तापनि टोपीको वास्तुकला परम्परागत छ र अन्य देशहरूसँग खासै सरोकार छैन।

एक युग थियो जब महिलाहरूले जीविकोपार्जनका लागि काम गर्न नसक्ने कुरा थियो। त्यस बेला साना घरेलुमा अधिकारी भई काम गर्ने आफ्नो पतिसँगै पाल्पाकी पूर्णमाया महर्जनले बुनाई सिकेर सक्रिय रूपमा पाल्पाली ढाका कारखाना चलाइन्।

समाजमा लैङ्गिक भूमिका र जातिवाद गहिरो रूपमा गाडिएको समयमा, उनले आफ्नो र अन्य महिलाहरूको लागि सिक्ने सीप र कमाउनको लागि जीविकोपार्जनका अवरोधहरू तोडिन्।

सन् २०१९ मा 'सिप द्वारा उत्प्रेरित' परियोजना अन्तर्गत पाल्पाली ढाका संघका अध्यक्ष पूर्णमायाले पाल्पाली ढाका उद्योग निर्माण गर्न मद्दत मात्र गरेन; वर्षौंसम्म यसको अस्तित्व र पुनरुत्थान पनि सुनिश्चित गरे। पाल्पाली ढाकाको आविष्कारको श्रेय उनका श्रीमान् गणेशमान महर्जनलाई दिइन्छ भने पूर्णमायाले आफ्नो परिवारलाई चिनिने विरासत निर्माणमा समान शक्ति खर्चिएका थिए।

धेरैले **'जीवित इतिहास'** को रूपमा लिने र पाल्पाली ढाका कपडाको आमाको कारखाना, उनको अटल नेतृत्वका

कारण, दशक लामो द्वन्द र अन्य विकास अवरोधहरूबीच पनि बाँच्न सक्ने थोरैमध्ये एक थियो भन्नुमा अत्युक्ति नहोला ।

पाल्पाली ढाका निर्माताले आयातित उत्पादनको आक्रमणबाट स्वदेशमै उत्पादन हुने कपडालाई थाम्न नसक्ने चिन्ता समेत देखिन्छ । चम्किलो ढाँचाको हातले बुनेको कपडा पश्चिमी नेपालको पाल्पामा व्यापक रूपमा उत्पादन गरिन्छ, जसलाई सन् १९५८ मा जिल्लामा ल्याएका थिए। आज पाल्पाली ढाका जिल्लाको पर्यायवाची बनेको छ।

स्थानीय ढाका उद्योगलाई जोगाउन भइरहेका प्रयासमध्ये ब्राण्डिङ पनि एक हो इतिहासको संरक्षण गर्नु हामी सबैको दायित्व हो ।

पाल्पाली ढाका र आयातित ढाकालाई छुट्टाछुट्टै उत्पादनका रूपमा डिजाइन पेटेन्ट गरेर बिक्री गर्नुपर्ने देखिन्छ । पाल्पाली ढाका किन्न आउने ग्राहकले प्रायः विदेशी कपडालाई स्वदेशी उत्पादन भनेर गल्ती गर्ने कपडा उत्पादकहरू बताउँछन् ।

सम्भावित खरिददारहरूले ब्रान्ड जाँच गरेर बजारमा आएपछि गुणस्तरमा भिन्नता बताउन सक्षम हुनेछन् । पाल्पाली ढाका किन्दा ठगी हुने डर छैन।

ढाका कपडाले उचित मूल्य मात्र नभई स्वदेशी बजारमा आपूर्ति गरेर अन्तर्राष्ट्रिय बजारमा पनि निर्यात गर्न सम्भावना रहेको छ । पाल्पाली ढाकाको इतिहास ६३ वर्ष पुरानो भए पनि उचित व्यवस्थापन नहुँदा स्थानीय उद्योग बढ्न सकेको छैन । दुई वर्ष अघिसम्म ढाकाको कपडा उद्योग एकताबद्ध थिएन । ढाकामा १२ वटा नयाँ कारखाना भए पनि व्यवस्थित भएनन् । तीमध्ये केही बन्द भएका छन् । हाल ढाकामा ९ वटा कारखाना संघमा आबध्द छन् । ढाका निर्माताहरू मिलेर संघ स्थापना गरेको केही वर्ष मात्र भएको छ ।

स्किल प्रोजेक्ट, युकेएआईडी, प्रदेश सरकार र तानसेन नगरपालिकाको सहयोग पाएपछि मात्रै संघ दर्ता भएको देखिन्छ ।

पछिल्ला वर्षहरूमा पाल्पाली ढाकाको गुणस्तर र पहिचान लोप हुँदै गएको छ । चलिरहेका कारखानाहरू बन्द हुँदै गएका छन् । जसका कारण पाल्पा बाहिरबाट आयातित ढाकाको बिक्री बढेको छ । भारतमा मेसिनले बुनेको ढाकाको बिक्री ह्वात्तै बढेको छ । उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय र उद्योग विभागले समेत अनुगमन गरिरहेको छ । ब्राण्डको नाम पाल्पाली रहेको छ ।

यसबाट कम गुणस्तरको ढाका बिक्री गर्नेहरू निरुत्साहित हुने अपेक्षा रहेको छ । ग्राहकहरूले पनि मौलिक ढाका सजिलै चिन्न सक्नेछन् ।

तान बुन्ने र चर्खा कात्ने काम भारतबाट सिकेकी महिलाबाट त्यही सीपले नै बनेको पाल्पाली ढाका देशभित्र मात्रै होइन, विदेशमा समेत चर्चामा छ। आधुनिक कपडा भित्रिएपछि भने अहिले पाल्पाली पहिचान बोकेको ढाकामा बादल लागेजस्तो भएको छ । पाल्पामा ढाका भित्र्याएको कपडा उद्योगमा २०१७ सालमा ४वटा हाते तानमा कपडा बुन्न थालियो। ८ जना महिलाले उद्योगमा रोजगारी पाए ।२०१८ सालसम्म आइपुग्दा उद्योगले उत्पादन गरेको खद्दरको साडी बजारमा राम्रो बिक्री भयो। नेपालमा ढाकाटोपी र चोलोको महत्त्व बढ्दै गएकाले ढाकाटोपी र ढाकाको चोलो उत्पादन हुन थाले ।

इतिहासको सरसरी समीक्षा गर्दा ,पाल्पामा ढाका टोपी र चोलो उत्पादन हुँदा काठमाडौंमा बंगलादेशको राजधानी ढाकाबाट ढाका बुट्टेदार कपडा आउँथ्यो। सोही कपडाको टोपी बनाई धनी साहुमहाजनले लगाउने प्रचलन चलेको थियो । सोही समयमा एउटा टोपीको मूल्य १० रूपैयाँदेखि २५ रूपैयाँसम्म पर्दथ्यो ।

साथै टोपीको मूल्य महँगो भएका कारण सर्वसाधारणको पहुँचमा थिएन। ढाकाको जस्तै बुट्टा भएको कपडा पाल्पामा पनि उत्पादन हुने थालेपछि पाल्पाको कपडालाई आम रूपमा पाल्पाली ढाका भन्न थालिएको हो । बगंलादेशबाट उत्पादन भएको ढाका टोपी सर्वसाधारणको पहुँचमा नभएको अवस्थामा पाल्पाली ढाका



टोपीले सर्वसाधारणदेखि मध्यम परिवारको समेत मन जित्यो ।

उद्योगमा काम गरेका दक्ष ढाका कालिगडबाट जिल्लाभित्र र बाहिर ढाका कपडा उद्योग सञ्चालन भए । अहिले पाल्पामा २० भन्दा बढी ढाका कपडा उद्योग सञ्चालनमा छन् । प्रत्यक्ष रूपमा ५ सयभन्दा बढी महिलाले पाल्पाका ढाका उद्योगमा कपडा बुन्दै आएका छन् । उत्पादित ढाका कपडालाई विविधीकरण गरी ४ सयभन्दा बढी व्यक्तिले टाई, पर्स ब्याग, टोपी, दौरा सुरुवाल, आस्कोट, इस्टकोट जस्ता सरसमान बनाउने रोजगारी पाएका छन् । पाल्पाली ढाका कपडाको वार्षिक रूपमा ८ देखि १० करोड रूपैयाँको कारोबार हुँदै आएको छ ।

केहि समयदेखि पाल्पाली ढाका कपडाको ट्रेडमार्क प्रयोग गरी अन्य स्थानमा उत्पादन भएका ढाका कपडा बिक्री हुँदै आएकाले पाल्पाली ढाका उत्पादक निराश छन् । पाल्पाली ढाकाको ट्रेडमार्कको दुरूपयोग बढ्दै गएको छ ।

यसको प्रबर्धनका लागि, पाल्पाली ढाकाको पहिचान यथावत् राख्न सरकारी ड्रेसका रूपमा प्रयोग हुनुपर्ने उत्पादकको माग छ । अहिलेसम्म पाल्पाली ढाका कपडालाई अन्य कपडासँग प्रतिस्पर्धा गरी व्यापार गर्नुपरेको छैन । पाल्पाली ढाकाको उत्पादनमा विविधीकरण बढ्दै गएको र उपभोक्ता समेत बढ्दै गएकाले ढाका कपडा उद्योगको भविष्य उज्ज्वल देखिन्छ ।

अधिकांश पाल्पाली ढाका हाते तानबाट बुनेको गुणस्तरीय हुन्छ । त्यसैले धुँदा रङ नजाने भएकाले यसको व्यापार बढ्दै गएको कार्की ढाका उद्योगका कमलकृष्ण कार्कीले बताए । पाल्पा ढाका कपडाको उत्पादन जति धेरै भए पनि बजारका लागि कुनै समस्या छैन ।

केन्द्र, प्रदेश तथा स्थानीय सरकारबाट नीतिगत सहयोग नपाएको गुनासो छ । स्वदेशी उद्योगलाई बचाउने गरी नीतिनियम आएको छैन । लगानी मैत्री वातावरण छैन । दक्ष




कामदारको अभाव छ ।त्यसैले सञ्चालनमा रहेका घरेलु तान घट्दै गएका गुनासो उद्यमी को छ ।

विगतमा सरकारी स्तरबाटै दक्ष प्रशिक्षक उत्पादन गरिन्थ्यो । तर अहिले स्तरीय तालिमको अभाव रहेको ढाका उद्योगीहरूको भनाइ छ ।पाल्पाली उद्योगलाई भविष्यमा देशकै नमुना उद्योगका रूपमा सञ्चालन गर्न अहिले बजार क्षेत्रमा रहेका तानलाई स्थानीयतहबाट घरेलु औद्योगिक क्षेत्र स्थापना गरी स्थानान्तरण गर्नुपर्ने, प्रदेश ५भित्र विद्यालय तथा कलेजमा लगाउने टाई पाल्पाली ढाकाको हुनुपर्ने, कुनै संघसंस्था तथा सरकारी कार्यालयका कर्मचारीका लागि पाल्पाली ढाकाको पोसाक बनाउने गरी प्रदेश सरकार तथा स्थानीय सरकारले नीति लिएमा पाल्पाली ढाका उद्योग चार गुणा वृध्दि हुने भनिन्छ ।

स्मरणीय छ , पाल्पामा आउने पर्यटकको पहिलो रोजाइ नै पाल्पाली ढाका हुन्छ । पाल्पा आउने पर्यटकले कोसेलीको रूपमा ढाका कपडा तथा चोलो, खास्टो, टोपी, ब्याग, पछ्यौरा आदि लैजाने गर्छन् ।

पाल्पाली ढाका एसोसिएसन (PDA) सँग सीपकार्यक्रमको साझेदारी दिगो रोजगार/स्व-रोजगार सृजना र उद्यम वृध्दिको लागि पाल्पाली ढाका उद्योगको पुनरुत्थानलाई समर्थन गर्न डिजाइन गरिएको हो ।

नेपाली बुनकरहरूले सामान्यतया औपचारिक तालिम प्राप्त गर्दैनन् किनभने उनीहरूले काममा हुँदा साथीहरूबाट सिक्ने अपेक्षा गरिन्छ । तथापि, यसले गुणस्तर मापदण्ड, कार्य नैतिकता, र उत्पादकता स्तरहरूमा ज्ञान र क्षमताहरूलाई सीमित गर्दछ ।

यस क्षेत्रका लागि अन्य महत्त्वपूर्ण चुनौतीहरू उत्पादन डिजाइनमा नवीनताको कमी समावेश छन्; नेपालको उदीयमान बजारसँगको सीमित सम्बन्ध जब कि अन्तर्राष्ट्रिय बजार खोजी हुन सकेको छैन । स्टार्ट-अप र स्केल-अप पूँजीमा पहुँचको अभाव; र कमजोर ब्रान्डिङ र मार्केटिङ पनि विगतमा देखिए ।

खासगरी मौलिक ढाका कपडाको कमजोर ब्रान्डिङ र प्रवर्ध्दनका कारण आयातित ढाका प्रकारको कपडाले बजारकब्जा गरेको छ जसले उपभोक्ताहरूलाई पाल्पाली ढाका भनेर झूटो रूपमा प्रभावित पारेको छ । यी सबैले बुन्नेहरूको ज्यालालाई प्रत्यक्ष रूपमा असर गर्‍यो र फलस्वरूप उनीहरूले ढाका बुनाइलाई पेसाको रूपमा पछ्याउन उत्प्रेरित गरे ।

पाल्पाली ढाकाका लागि राष्ट्रिय अन्तर्राष्ट्रिय बजारका साथै ब्रान्डिङ र मार्केटिङ रणनीति विकसित गरिएको छ ।

सुनिश्चित गुणस्तरको लागि मानकीकरणको साथ कारखानाहरूमा प्राविधिक बुनाइ र सान्दर्भिक नरम सिपहरू र व्यावसायिक साक्षरता समावेश गर्ने एकीकृत पाठ्यक्रमको सह-विकास भएको छ । प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (CTEVT) को मनपर्ने उद्योगको नेतृत्वमा सुधारिएको पाठ्यक्रमको मान्यतालाई सहजीकरण र प्रोत्साहन गर्ने जरुरी छ ।

नयाँ उपकरणहरू थपेर, प्रशिक्षण ठाउँहरू बढाएर, र आवास प्रावधानहरू लैङ्गिक मैत्री बनाएर कारखानाहरूमा प्रशिक्षण पूर्वाधार सुधार गर्नु पनि आवश्यक छ। राम्रो तालिम बुनाउनेहरूलाई डेलिभरी क्षमता बढाउन कारखानाहरूमा प्रशिक्षकहरूको तालिम सञ्चालन गर्नुपर्छ ।

तानसेन नगरपालिका, स्थानीय रोजगार सेवा केन्द्रहरू र गैरसरकारी संस्थाहरूसँगको सहकार्य लगायत लक्षित, प्रभाव उन्मुख मार्केटिङ र सञ्चारमार्फत प्रशिक्षार्थीहरूलाई परिचालन गर्ने लक्ष परियोजनाले लिएको देखिन्छ। बुनकरहरू, प्राविधिकहरू, डिजाइनरहरू, र दर्जीहरूका लागि एकदेखि तीनमहिनाको अन-द-जब् तालिम सञ्चालनमा लागेका छन् । सफल प्रशिक्षण स्नातकहरूको लागि एसोसिएसनबाट प्रमाणीकरणको साथ रोजगार नियुक्तिहरू सहज भएको छ ।

भरपर्दो र प्राकृतिक धागोमा सुरक्षित पहुँच: नेपाली कपास र धागो उत्पादन गर्ने उद्योगहरूका आपूर्तिकर्ताहरूसँग ब्याकवर्ड मार्केट लिंकेज स्थापना गर्नु आवश्यक छ ।

वित्तमा सुधारिएको पहुँच:

आफ्नै बुनाइ कार्यशालाहरू स्थापना गर्न वा घरमा आधारित बुनाइका लागि इच्छुक स्नातकहरूलाई किफायती वित्तमा पहुँच सहज बनाउन बैंकसँग सम्झौता गरिएको छ ।

नेपालको लुम्बिनी प्रदेशको पाल्पा जिल्लाबाट उत्पत्ति भएको ढाका कपडाले नेपालीहरूमा विशेष महत्व राखेको छ। कुनै समय जीवन्त र फस्टाउँदै गएको उद्योगले कामदारहरूको बाहिर बसाइँसराइका कारण कालीगढहरूको गम्भीर अभावको सामना गर्न थाल्यो। बुनाइलाई निरन्तरता दिनेहरू ठूलो मात्रामा अंशकालिक आधारमा संलग्न छन्। मजदुरहरू अन्यत्र बढी ज्यालामा आकर्षित भएकाले दक्ष कालीगढको आधार निर्माण गरी उद्योग र यसका कपडालाई बुनकरहरू र उदीयमान राष्ट्रिय तथा विश्वव्यापी उपभोक्ताहरूका लागि आकर्षक बनाएर उद्योगको पुनरुत्थान गर्नुपर्ने आवश्यकता टड्कारो रूपमा लिइएको छ ।

साभारः 'साँघु' साप्ताहिक पत्रिकामा प्रकाशित


तानसेन गुठीले २९ वर्ष पार गरी ३० औं वर्ष प्रवेशको अवसरमा गुठीको उत्तरोत्तर प्रगतिको लागि हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

**प्रमी श्रेष्ठ**
**अध्यक्ष**

Hattiban Social Service Centre (HSSC)
हातीवन सामाजिक सेवा केन्द्र
Setidevi-4, Dakshinkali Municipality, Kathmandu

# उपत्यका बाहिर बसोबास गर्ने नेवारहरूमध्ये
# पाल्पाली नेवार



हिमाल कसजु

नेपाल एउटा बहुभाषिक, बहुसांस्कतिक र सदियौंदेखि विभिन्न जातजाति र धर्मावलम्बीहरू मिलेर बसेको एउटा अत्यन्तै सुन्दर देश हो । यसमध्ये नेवार एउटा भाषिक समूह हो, जसको आफ्नै भाषा, संस्कृति र परम्परा रहेको छ । यही नेवारहरूमध्ये पाल्पा, तानसेनका नेवारहरूका बारेमा मैले आज प्रकाश पार्ने प्रयास गर्दैछु । पाल्पा तानसेन मेरो जन्मस्थल, जहाँ मैले मेरो बाल्यकाल र युवा अवस्था बिताउने सौभाग्य पाएँ । आज हामी जस्ता कैयन पाल्पालीहरू विभिन्न कारणले जन्मथलो छाड्नु परेको छ । आफ्नो बाल्यकाल बितेको जन्मथलो छोड्नु पर्दाको पीडा कस्तो हुन्छ भन्ने अनुभव हामीले गरेका छौं । जन्मथलोको भाषा, संस्कृति, बाल्यकालको स्मरण र त्यहाँको भावनात्मक सम्बन्ध भुल्न गाह्रो हुँदो रहेछ । त्यसैले आजसम्म पनि ती स्मरणहरूलाई ताजा राख्ने प्रयत्न स्वरूप आक्कल(झुक्कल भए पनि यसबारे केही लेखेर पाल्पा तानसेनसँग जोडिन सदैव कोसिस गरिरहेका हुन्छौं । त्यसैको कडीको रूपमा हामी पाल्पा तानसेनबाट काठमाडौंमा आई बसोबास गर्ने पाल्पालीहरू मिलेर तानसेन गुठी स्थापना गरेका छौं । यसैको माध्यमबाट आफ्नो जन्मथलोप्रति अगाध स्नेहको कारणले पाल्पा तानसेनको भाषा, संस्कृति र ऐतिहासिक धरोहरको संरश्रणमा सहयोग पुर्याउन सदैव लालायित भएका हुन्छौं । आजको मेरो विषय पाल्पा तान्सेनमा बसोबास गर्ने नेवारहरू के कति कारणले काठमाडौं उपत्यकाबाट बसाइँ सरे भन्ने हो । तथापि यस विषयमा प्रवेश गर्नुभन्दा अगाडि नेवारहरूबारे केही प्रकाश पार्नु सान्दर्भिक ठान्दछु ।

नेवारहरूको मूलथलो नेपाल मण्डल (काठमाडौं उपत्यका) नै हो । तर आज नेपालभरि नेवारहरूको बसोबास रहेको पाइन्छ । विभिन्न कालखण्डमा ती नेवारहरू नेपाल मण्डलबाट कैयन कारणले बसाइँ सरेका हुन् भन्ने कुरामा दुविधा छैन । यसै क्रममा पाल्पा तानसेनका नेवारहरू पनि पर्दछन् । के कति कारणले र कहिले ती पाल्पा तानसेनका नेवारहरू त्यहाँ पुगे विश्वासका साथ भन्न गाह्रो छ । तर इतिहासमा उल्लेख गरिएको पातोलाई यहाँ केलाउने प्रयास गरिने छ । अबका नेवारहरूको बारे छोटो चर्चा गरौं । 'नेपालका नेवारहरूको पहिचान पृष्ठभूमि' भन्ने डा. तुल्सी नारायण श्रेष्ठको पुस्तकमा नेवारबारे यसरी वर्णन गरेको पाउँछौं । नेवारहरूको उद्गमस्थल मानिने नेपाल मण्डल (काठमाडौं उपत्यका) करिब ३ हजार वर्ष पहिला जलमग्न थियो । सो पानी चोभारको गल्छीबाट निकास भएपछि मात्र यहाँ मानव वस्तीको विकास भएको मानिन्छ । प्राचीन नेपाल मण्डलमा बसोबास गर्ने भनिएको गोपाल र महिषपालहरू (नेपालभाषामा क्रमशः सापु र मेःपु भनिने) नै नेपालहरूको आदिम पूर्खा हुन् भनी लेखिएको छ । यस्तै डा. श्रेष्ठ नेपालभाषाबारे यसरी उल्लेख गरेका छन् "गोपाली, महिलपाल र किराँतीहरूले बोल्ने भाषाको समिश्रणबाट बनेको भाषालाई नै नेपालभाषा (नेवारी) भनिएको हो" ।

यी त भए नेवारहरूको उद्गमस्थल, भाषा र पुर्खाबारे छोटो चर्चा । अब प्राचीन नेपालका नेवारहरू वर्तमान अवस्थासम्म आइपुग्दा तीनका भाषा, संस्कृतिको विकासबारे छोटो चर्चा नगरी यो विषय अगाडि बढाउँदा अपुरो हुने भएकोले छोटो चर्चा गरौं । मानिस एउटा गतिशील प्राणी हो । समय परिस्थितिले उनीहरूलाई एक ठाउँबाट अर्को ठाउँ पुर्याएको हुन्छ । जसलाई हामीले बसाइ सराइ भन्ने गर्दछौं । उतिबेला विभिन्न ठाउँबाट नेपाल मण्डलभित्र बसाइ सराइ गर्ने सिलसिला (नेपाल मण्डलबाट पनि बाहिर जाने) आज पर्यन्त यो चलेकै छ ।

ई.पू. ४६२ मा कपिलवस्तु ध्वस्त भएपछि शाक्यहरू उपत्यका प्रवेश गरेको भनिन्छ भने, ई.पू. ५३० तिर कोलिय राज्य (रामग्राम नवलपरासी) का कोलियहरू उपत्यका प्रवेश गरी हाल काठमाडौंका केलटोल उनीहरूले नै बसालेको भन्ने पनि उल्लेख भएको पाइन्छ । यसैगरी मल्लकालमा मैथली ब्राम्हण, कर्णातवंशी, मुसलमान र इसाईहरू पनि यहाँ प्रवेश गरेको पाइन्छ । विभिन्न कालखण्डमा उपत्यका प्रवेश गर्ने सबै जातजातिले यहींकै भाषा, संस्कृतिमा समाहित भएर नेवार कहलिए । त्यसैले नेवारभित्र मंगोल, आर्य, ड्रामिडिएन र आस्ट्रेन नश्लका मानिसहरू पाइन्छन् । जसको पुष्टी धार्मिक आधारले पनि गर्ने गर्दछ । नेवारभित्र शैव, बौद्ध, इस्लाम र

इसाई धर्म मान्नेहरू पनि पाइन्छ । त्यसैले नेवार एउटा जात मात्र नभएर यसभित्र ब्राम्हण, क्षेत्री, वैश्य र शुद्र सहितको चारै वर्ण रहेको एउटा समुदाय हो । यसको आफ्नै भाषा, संस्कृति र अलग्गै पहिचान रहेको छ । जसरी आज नेपाल(अधिराज्यभित्र बसोबास गर्ने सबै जातजातिलाई नेपाली भन्छौं, त्यसैगरी प्राचिन नेपाल (उपत्यका) भित्र बस्ने सबै जातजाति र धर्मालम्बीहरूलाई नेवार भनिएको हो ।

यही नेवार समुदायहरू विस्तारै उपत्यकाबाट बाहिर जाने सिलसिला कहिलेदेखि सुरु भयो भन्ने यकिनका साथ भन्न नसकिए तापनि लिच्छबीकालबाट नै नेवारहरू तिब्बत, भारत र नेपालका दूर दराज पुगेका हुन् भन्ने ऐतिहासिक आधारहरू भने छन् । पूर्वमध्यकालमा नेपाल मण्डलभित्र ललितकला, काष्ठकला, मूर्तिकला जस्ता विविध कला विकासको पराकाष्ठामा थियो भन्ने कुरा अहिले पनि उपत्यकाभित्र पाइने मठमन्दिर, मूर्ति आदिले स्पष्ट पार्दछ । आफ्नो कलाकारिताको कारणले नै नेपाली कलाकार (अरनिको) चिनमा गई प्रख्यात भएको कुरा इतिहासमा छँदै छ । उपत्यकाका नेवारहरूको कला, सिप र उद्यमशीलताको कारणले नेपालका अन्यत्र पुगे जस्तै तिब्बत, चिन र भारत जस्ता देशमा पुगेको मानिन्छ ।

पाल्पा तानसेनमा पुगेका नेवारहरूलाई पनि यही सन्दर्भसँग जोडेर हेर्न सकिन्छ । पाल्पा तानसेनका नेवार समुदायहरू विशेषगरी भक्तपुर, पाटन र काठमाडौंबाट विभिन्न कारणले बसाइँ सरेको पाइन्छ । यी कारणहरूलाई मुख्य चार समूहमा विभाजन गरेर हेर्न सकिन्छ ।

### १) सिप, कलाकारिता, व्यापार

प्राचीनकालदेखि नेपालको वैदेशिक व्यापारमा नेवारहरूको महत्वपूर्ण भूमिका रहेको मानिन्छ । लिच्छवीकालदेखि नै नेवारहरू आफ्नो सिप, कालिगढ र व्यापारको हिसाबले तिब्बतदेखि हिस्दुस्तानसम्म संलग्न थिए भन्ने कैयन ऐतिहासिक दस्तावेजहरूमा उल्लेख भएको पाइन्छ । आफ्नो सिप प्रदर्शन र व्यापारको लागि यिनीहरू जस्तोसुकै जोखिम मोल्न पनि तयार हुने कारणले गर्दा नै देशको दूर दराज र विदेशसम्म पुग्ने गर्दथे । यसरी आफ्नो सिप र व्यापारको लागि नयाँ नयाँ ठाउँ पुग्ने क्रममा उपत्यकाका नेवारहरू पाल्पा तानसेनमा समेत पुगेका हुन् । यसरी पुगेकाहरूलाई पहिलो समूहको रूपमा मान्न सकिन्छ ।

### २) सामाजिक तथा आर्थिक कारण

आफ्नो भाषा, संस्कृति र परम्परा धान्ने कुरामा यिनीहरू प्रख्यात नै मानिन्छन् । तथापि यो परम्परा धान्न दिनप्रतिदिन गाह्रो हुँदै गएको कुरालाई नकार्न भने सकिंदैन । परम्परा र संस्कृति जोगाउने नाममा चल्ने भोज, भतेर, जात्रा र पूजाआजा गर्ने क्रममा कतिपय नेवारहरू विस्थापित भएका कैयन दृष्टान्तहरू छन् । यही संस्कृति जोगाउन आर्थिक हिसाबले असमर्थ भएपछि उपत्यका बाहिर पलायन भएका नेवारहरू भनी यो दोश्रो समूहमा राख्न सक्छौं । यसरी दोश्रो समूहमा परेका नेवारहरू पनि पाल्पा तानसेनमा पुगेका छन् ।

### ३) राजनैतिक कारण

विशेष गरी उपत्यकामा मल्ल राजा र शाहवंशकालमा दरबारभित्र भएका शक्ति संघर्षमा परेर स्व(निर्वासन तथा देश निकालामा परेर उपत्यका छोड्ने तेश्रो समूहमा पर्दछन् । यसरी उपत्यकाबाट पलायन भएर तानसेन पुगेका तेश्रो समूहमा यस्ता नेवारहरू पनि रहेको छ ।

### ४) नोकरीको कारण

नेपाल एकीकरणभन्दा पहिले उपत्यकाबाट नेवारहरू महाजनको रूपमा अन्यत्र पुग्थे भने एकीकरण पश्चात कर्मचारीको रूपमा पनि पुग्न थाले । पाल्पाको सेन राज्य पतन भएपछि काठमाडौंबाट जाने तैनाथवालाले विभिन्न अड्डा, अदालतमा आफू साथै कर्मचारीको रूपमा लैजान थाले । उनीहरूले सरकारी काम बाहेक आफ्नो निजी कामको लागि पनि नेवारहरूलाई साथमा लगी पाल्पा पुगेका चौथो समूहमा पर्दछन् ।

यसरी तानसेनमा भएका नेवारहरू उपत्यकाबाट यिनै चार कारणले गर्दा यहाँ बसोबास गरेका हुन् । यिनीहरू पाल्पा तानसेनमा कहिलेदेखि आउन सुरु गरे भन्ने यकिन साथ भन्न भने सकिंदैन । तथापि इतिहासमा उल्लेख भएका केही आधारहरूलाई चर्चा गरौं ।

पाल्पा तानसेन बजार बन्नुभन्दा अगाडि पाल्पा (सामाकोठ) र रिडीमा नेवारहरू बसोबास गर्दथे । यो कुराको पुष्टी पाल्पामा सेन वंशीय राजा पृथ्वीपाल सेनले सन् १७९७ मा लेखेको एउटा राजाज्ञा 'इतिहास प्रकाश' को पृष्ठ ६०५ मा यसरी उल्लेख गरेका छन् । "पाल्पा सामाकोटस्थित टक्सारमा महाजनहरूको नाममा पट्टा बमोजिम रूपियाँ सरकारमा दाखिल गर्ने" भन्ने कुरा उल्लेख भएको छ । (पाल्पा एक परिचय प्रज्ञा प्रतिस्थान पाना नं. १३) ।

यसभन्दा अगाडिका इतिहासलाई हेर्ने हो भने यस भेगमा नेवारहरू १०औं शताब्दीमा नै आइसकेको भन्ने भनाइ इतिहासविद् धनबज्र बज्राचार्यले आफ्नो पुस्तक 'पूर्व मध्यकालका अभिलेख' मा राखेका छन् । उनले वर्णन

गरेअनुसार लिच्छवीकालमा नै माथि गण्डकीको तीर भएर तिब्बत जाने बाटो मुस्ताङदेखि रिडी र पाल्पा ज्यादै गुल्जार र चहलपहल भएको बस्ती भनेर उल्लेख गरेका छन् । यसै सन्दर्भमा उनले उल्लेख गरेका निम्न प्रसङ्गले त्यतिबेला नै पाल्पा भेगमा नेवारहरू पुगिसकेको आधार बन्दछ । यो प्रसङ्गलाई अझ बढी स्पष्ट गर्न ने.सं. २२१ (वि.सं. ११५७) मा लिच्छवी राजा शिवदेवको पालामा लेखिएको ताम्रपत्रमा तीनजना कोष संचालनको नाम उल्लेख गरिएको छ । जसमा ईदाभावनायक, धकन्पनायक, साहेव राना भनी उल्लेख गरेका छन् । भाव भने शब्दको नेपालभाषामा इज्जत दिने मानिन्छ । यो ताम्रपत्र माग्वर विषय (मगर बाहुल्य पाल्पा) मा लेखिएको भनी उनै धनबज्र बज्राचार्यले उल्लेख गर्नुभएको छ ।

यस्तै एउटा अर्को प्रसङ्गको पनि चर्चा गरौं, जसले पाल्पा भेगमा पुगेका नेवारहरूबारे थप खोज अनुसन्धान गर्न मद्दत मिल्नेछ । १०औं शताब्दीतिर पाल्पामा बौद्ध धर्मको निक्कै उन्नत अवस्था थियो भन्ने निम्न चर्चित प्रसङ्गले बुझिन्छ । नेपालमा बौद्ध धर्मावलम्बीहरू अधिकांश नेवारहरू नै भएकोले यो प्रसङ्ग यहाँ उल्लेख गरिएको हो । ने.सं. ११९ (वि.सं. १०५५) नरेन्द्रदेव र उदयदेवको राज्यकालमा गण्डकी गुल्म विषय (गण्डकी भेग) लेखिएको 'अष्टसहस्रिका प्रज्ञापारमिता', त्यस्तै ने.सं. २१३ (वि.सं. ११४९) राजा हर्षदेवका पालामा लेखिएको 'अष्टसहस्रिका प्रज्ञापारमिता पंजिका' जस्तो बौद्ध ग्रन्थ हाल तिब्बतको शाक्य गुम्बाको पुस्तकालयमा सुरक्षित रहेको छ ।

यस्तै इतिहासमा उल्लेख भएको एउटा अर्को प्रसङ्ग पनि यहाँ चर्चा गरौं । बौद्ध लामा अतिशादिपंकर विक्रमशिलाबाट तिब्बत जाने क्रममा पाल्पा भएर कालीगण्डकीको तीरबाट त्यहाँ पुगेको सिल्भालेमीले 'नेपाल एक हिन्दु राज्यमा' उल्लेख गरेका छन् । त्यस्तै उनी अतिशादिपंकर पाल्पाको होल्का भन्ने ठाउँमा आफ्नो बौद्ध सन्तलाई भेट गरी बुद्धत्व प्राप्तिका लागि मन्त्रमार्ग अत्यन्त महत्त्वपूर्ण र गहन 'पारमितायान' को उपदेश समेत दिइएको उल्लेख गरेका छन् । यस्तै अतिशादिपंकरले पाल्पामै 'चर्या संग्रहप्रदिप' भन्ने बौद्ध ग्रन्थसमेत लेखेको कुरा इतिहासमा उल्लेख गरेको पाइन्छ । यसरी विभिन्न कालखण्डमा उपत्यकाबाट पाल्पामा नेवारहरू आएको देखिन्छ । चार समूहमा परी बसाइ सरेका नेवारहरूको १०औं शताब्दीतिर नै पाल्पामा आएको हुन सक्ने केही आधारहरूको एउटा झिनो चर्चा मात्र गर्ने प्रयास गरिएको हो । यस विषयमा गहन अध्ययन र अनुसन्धानको आवश्यकता छ र यस विषयमा रुचि राख्ने विद्वान अनुसन्धानकर्ताहरू अगाडि बढेर हामीजस्ता साधारण जिज्ञासुहरूलाई सुसूचित गराउन आवशयक छ । पाल्पा तानसेनका नेवारहरू जस्तै पूर्वका इलाम, चैनपुर, खाँदवारी, धनकुटा, भोजपुर, ओखलढुंगा, चौतारा, दोलखा त्यस्तै बन्दीपुर, गोर्खा (आरुघाट), पोखरा, बागलुङ, स्याङ्जा (पुतलीबजार), तानसेन, रिडी, प्युठान, सल्यान, दैलेख, जुम्ला, डोटी जस्ता सबै पुराना बजारमा नेवारहरू पुगेका छन् । अझ भन्ने हो भने यी माथिका सबै बजारहरू नेवारले नै बसालेको बस्ती भने पनि हुन्छ । यहाँ भएका भाषा, संस्कृति जोगाउन अहिले निक्कै हम्मे परेको कुरा सर्वबिदितै छ र सबै मिलेर यो पुरानो बजारको संस्कृति जोगाएर राख्नु सबैको चुनौति र कर्तव्य हो ।

पाल्पा तानसेनमा आएका नेवारहरूले आफ्नो साथमा भाषा, संस्कृति, सिप, उद्यमशीलता र व्यवस्थापकीय क्षमता लिएर आए । बस्तीलाई बजारमा परिणत गरे । आफ्नो सिप र उद्यमशीलताको परिचय दिंदै आफ्नो ठाउँको विशिष्ठ पहिचान बनाउन समेत सफल भए । त्यसको फलस्वरूप पाल्पाली हुक्का, कचौरा, करुवा, काँसका भाँडा, ढाका कपडा प्रख्यात गराउन सफल भए । यो पाल्पाली नेवारहरूको उद्यमशीलताको सुन्दर नमुना हो ।

धन्यवाद ।

तानसेन गुठीले २९ वर्ष पार गरी
३० औं वर्षमा प्रवेश गरेको अवसरमा
गुठीको उत्तरोत्तर प्रगतिको लागि
हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

निर्मल प्रसाद लाकौल
अध्यक्ष

दासुराम पन्त
प्रिन्सिपल

न्यू होराईजन सेकेण्डरी स्कूल
तानसेन, पाल्पा

# संस्कृति र सांस्कृतिक जीवनचर्या



प्रा.डा. सावित्री कक्षपती

सभ्यताको प्रारम्भदेखि विकसित भएर वर्तमानसम्म आइपुग्दा मानिसले जेजति प्रतिष्ठा, मानसम्मान आर्जन गरेको छ, त्यसको कारक तत्व भनेको उनको चिन्तन, जीवन बाँच्ने कलाकौशल र सीपमूलक क्षमता हो। मानिस जहाँ छ, त्यहाँ समाज हुन्छ, अनि समाजभित्र संस्कृति आउने गर्दछ। समाजभित्रका मानिस बाँच्नका लागि गरिने जीवनयापनको तरिकाले उसलाई अन्य प्राणीभन्दा संस्कारी बनाएको हुन्छ। ऊ प्रकृतिसँग साक्षात्कार गर्दछ। त्यहाँको हावापानी प्रयोग गर्दछ। प्राकृतिक रूपमा प्राप्त भएका खानेकुरा खान्छ र प्रकृतिको सौन्दर्यपान गर्दछ। त्यसरी उसले प्रकृतिजगत्का समस्त वस्तुसँग सहसम्बन्ध राख्दै प्रकृतिको अभिन्न अङ्ग भएर जीवनलाई गतिवान बनाइरहेको हुन्छ। त्यही जगमा टेकेर जीवन बिताउने सन्दर्भमा त्यो सीपलाई आफूले सम्मानपूर्वक जीवन्त रूपमा प्रयोग गर्दै आफूभन्दा पछिल्लो पुस्तामा हस्तान्तरण हुँदै गएको हो। त्यसरी सांस्कृतिक व्यवहार सम्पन्न गर्दै जाँदा त्यसले संस्कारको स्वरूप प्राप्त गरेको हुन्छ। मानिसको संस्कारबाट तिनको समग्र शैलीगत व्यवहार र चिन्तनको परिचय समाज र समुदायमा प्रवाह भइरहेको हुन्छ। त्यो चिन्तन मानिसको मनमस्तिष्कको हिस्सा बन्न पुगेपछि त्यही अनुसारको व्यवहार तिनले आफ्नो परिवार र समुदायमा निरन्तर सम्पन्न गर्ने गर्दछ। सामूहिक अभ्यास गर्दै गएपछि कालान्तरमा त्यस कार्यले संस्कृतिको रूप धारण गरेको हुन्छ। त्यो निरन्तर प्रक्रियाले मानिसको सामूहिक अवचेतनमा आफ्नो स्थान बनाउन पुग्दछ। सामूहिक अवचेतनमा बसेको त्यही संस्कारको प्रकटीकरण हुँदा त्यसले संस्कृतिको स्वरूप प्राप्त गर्दछ। सामूहिक अवचेतनमा निर्माण भएका विभिन्न किसिमका सांस्कृतिक बिम्बले प्रतीकात्मक रूपमा परिवार र समाजको प्रायः ठूलो हिस्सालाई एकै किसिमले प्रभावित गरिरहेका हुन्छन्। नेपाली सन्दर्भमा हेर्दा गुठी, कुलपूजा, जन्मदेखि मृत्युसम्मका विविध अनुष्ठान, चाडपर्व आदि सांस्कृतिक व्यवहारमा स्पष्ट रूपमा निभाइएका कार्यले त्यसलाई प्रमाणित गरको छ।

संस्कृति कुनै पनि जनजीवनको सभ्यता त्यसको विकास र निरन्तरता बुझ्ने त्यस्तो ढोका हो, जसबाट तिनका पूर्वजको बारेमा थाहा पाउन सकिन्छ। संस्कृतिमा मानवशास्त्रीय कुराका साथै समाज मनोविज्ञानको कुरा पनि आउँछ। त्यसले जातीय पहिचान गराउँछ। त्यसबाट मानिस अलग हुन सक्दैन। मानिस जहाँजहाँ पुग्दछ, आफ्नो संस्कृति पनि सँगै लिएर गएको हुन्छ। मानिस जुन संस्कृतिमा हुर्केको हुन्छ, सोहीअनुसार निर्माण हुनेगरेको विचार र चिन्तन तिनको सामाजिक व्यवहारमा प्रक्षेपित हुने गर्दछ। त्यही प्रक्षेपण कालान्तरमा भएर संस्कार बन्दछ। त्यही संस्कारले निर्देशित भएर बिताउने जीवनले संस्कृतिको रूप धारण गरेको हुन्छ। संस्कृतिलाई बचाउन व्यक्ति र समुदायको सांस्कृतिक चेतनाले निर्णायक भूमिका खेल्ने गर्दछ। सांस्कृतिक चेतनाबाट उत्प्राणित तिनका जीवनशैली, सोच, रहनसहन, खानपान, वेशभूषा वा पहिरन, तिनले लगाउने आभुषण वा गरगहना, तिनले मनाउने चाडपर्व, जन्मदेखि मृत्युसम्म गरिने विभिन्न संस्कारगत अनुष्ठानिक कार्यहरू लगायत तिनले गर्ने मनोरञ्जनका तौरतरिकाको प्रक्रिया वा पद्धति, तिनका आस्थाका मठमन्दिर, देवीदेवता, कुलदेवताजस्ता विषय संस्कृतिभित्र पर्दछन्। सांस्कृतिक जीवनले प्रवाह गर्ने सूचना बुझ्नका लागि अथवा संस्कृतिभित्र पर्ने कला, नृत्य, सङ्गीत, गीतबारे थाहा पाउनका लागि सम्बन्धित समुदायको भाषा जान्नैपर्छ भन्ने आवश्यकता हुँदैन। तिनले निभाउने गरेको सांस्कृतिक जीवनका प्रदर्शनकारी प्रस्तुतिले सहजै रूपमा त्यससँग सम्बन्धित सूचना प्रवाह भइरहेको हुन्छ। विश्वका विभिन्न संस्कारमा हुर्केका र फरकफरक सांस्कृतिक जीवन बाँचेका कुनै पनि पर्यटकले कुनै पनि जनजीवनको संस्कृतिको प्रदर्शनकारी प्रस्तुति बुझेर रमाएका र सुसूचित भएका घटनाहरू यसका प्रमाण हुन्।

एउटा मानिस अर्को मानिसबाट फरक भएजस्तै एउटा समुदायले बाँचेको फरक जीवनशैली र व्यवहारको सांस्कृतिकताबाट अर्को समुदायलाई फरक पारेको हुन्छ। त्यही फरकपनाले समुदायमा रहेका मानिसका आआफ्ना पहिचान र अस्तित्वलाई स्थापित गर्दछ। एउटा परिवार र

उसको वंशजको एक प्रकारको संस्कार र संस्कृति हुन्छ भने अर्को परिवारको अर्कै खालको संस्कार र संस्कृति पनि हुन सक्दछ । अनि फेरि त्यो परिवारभन्दा व्यापक भई समूहमा जाँदा फेरि अर्कै खालको स्वरूप लिएर सांस्कृतिक व्यवहारमा उत्रेको हुन्छ । त्यसरी व्यवहार गर्दै जाँदा पुराना संस्कृतिका सबै कुराहरू समाप्त हुँदैनन्, बरु ती नयाँ संस्कृतिमा रूपान्तरित भएर अघि बढ्छन् । त्यस्तैत्यस्तै सामुहिक व्यवहार सम्पन्न हुँदै जाने क्रममा समाज बहुजातीय र बहुसांस्कृतिक बन्न पुग्दछ । तिनै बहुजातीय र बहुसांस्कृतिक चिन्तनको अन्तर्घुलनमा गतिशील र विकसित भएर प्रवाहित भएको व्यवहार कालान्तरमा सिङ्गो समाज र राष्ट्रको सांस्कृतिक सम्पदाको रूपमा स्थापित हुन पुग्दछ ।

संस्कृतिका अनेक सन्दर्भपरक अर्थ र आशय हुन सक्दछ, जसमा सत्यको प्रतीकात्मक अभिव्यक्ति भेटिन्छ । संस्कृतिको गति बहिमुर्खी वा प्रदर्शनकारी हुन्छ भने सांस्कृतिकताको गति प्रदर्शनकारी भएर पनि अन्तर्मुखी वा संवेदनात्मक हुन्छ । त्यो गतिले जन्मदेखि मृत्युसम्मका संस्कारको यात्रा तय गर्दछ । मानिसमानिसबीच वा एउटा जाति र अर्को जातिको सांस्कृतिक जीवन ठ्याक्कै मिल्दोजुल्दो भने हुँदैन । एउटै जातिभित्रको सांस्कृतिक जीवनमा पनि केही न केही प्रक्रियागत भिन्नता देखिन्छ । त्यही भिन्नताबाट कालान्तरमा गएर बेग्लै स्वरूप पनि निर्माण हुन सक्दछ । तर त्यो नयाँ स्वरूपमा पनि मौलिकताको अंश भने जीवन्त रूपमा प्रवाह भइरहेको हुन्छ । त्यसरी हेर्दा मानव जाति एक भए पनि उसको संस्कृति, भाषा, वेशभूषा, आभुषणले एकलाई अर्कोबाट पृथक पारेको हुन्छ । त्यस्तै एउटा भूगोल, देश वा क्षेत्रको र अर्को भूगोल, देश वा क्षेत्रका वासिन्दा फरक हुनुका साथै उनका व्यवहार र सोच पनि फरकफरक हुन्छन् । तर ती फरकफरक मानिस ऊ मात्र एक्लो हुँदैन । उनको उपस्थितिसँगै उनको संस्कार, संस्कृति र उनले बाँचेको सांस्कृतिक जीवनको अन्तर्घुलनबाट समग्रमा गहनताका साथ उनको परिचय स्थापित भइरहेको हुन्छ । जनजीवन बस्ने भूगोल वा मूर्त सम्पदाभित्र जीवन्त रूपमा प्रवाहित सांस्कृतिक जीवन हेर्नु पर्यटकको प्राथमिकतामा परेको हुन्छ चाहे ती आन्तरिक पर्यटक होस् वा विदेशी ।

नेपालीको सांस्कृतिक जीवनचर्या निकै आकर्षक देखिन्छ ः बहुजातीय, बहुभाषिक र बहुसांस्कृतिक । अद्भूत र आकर्षक प्राकृतिक सौन्दर्यले भरिएको देश नेपाल र त्यहाँका जनता नेपालीका लागि "चार वर्ण छत्तीस जातको फूलबारी" भन्ने अत्यन्त सुन्दर अभिव्यक्ति दिएका छन् पृथ्वीनारायण शाहले । विश्व मानचित्रको निकै सानो क्षेत्रफलमा रहेको अनि प्राकृतिक जैविक विविधताले भरिएको यो देशलाई यहाँको जातीय विविधता, तिनका जीवनशैली र विविध सांस्कृतिक व्यवहारले सुनमा सुगन्ध थपिदिएको छ । यहाँका जनताको जीवनशैली सांस्कृतिकताले भरिपूर्ण र गतिशील छ । यो देशमा भौतिक उन्नतिको उचाइ त्यत्ति सन्तोषजनक देखिँदैन, तापनि जस्तोसुकै प्रतिकूल परिस्थितिमा पनि यहाँका हरेक समुदायले प्रकृति र पर्यावरणसँग समन्वय गर्दै आआफ्नो मौलिक जीवनशैलीलाई तिख्खरताका साथ निभाउँदै आएका छन् । आफ्नो समस्यालाई सकेसम्म आफैले समाधान गर्न बानी परेका यहाँका जनजीवनले आफ्ना पितापुर्खाले जोगाउँदै निभाएर आएको सांस्कृतिक भूमिकालाई आआफ्ना गक्षले भ्याएसम्म जस्ताको तस्तै निभाएर जिम्मेवारी पूरा गरेको देखिएको छ । आआफ्नो सांस्कृतिक कार्य सम्पन्न गर्न कानूनी रूपमा राज्यले निषेध गरेको प्रतिकूल अवस्थामा पनि नेपालका विभिन्न समुदायले आआफ्नो सांस्कृतिक जीवनचर्या कुनै समयमा लुकेर अनि कुनै समयमा खुलेर सम्पन्न गरी त्यसलाई निरन्तरता दिई आजसम्म जीवन्त तुल्याएको पाइन्छ । त्यसले नेपाली जनजीवनको आआफ्नो संस्कृतिप्रति अगाध माया र विश्वास छ भन्ने कुरालाई पुष्टि गरिरहेको छ भन्ने कुरालाई प्रमाणित गर्दछ ।

संस्कृति मूर्त र अमूर्त हुन्छ । सांस्कृतिक जीवनमा मानिसको रहनसहन, खानपान, उनको वेशभूषा वा पहिरन, तिनले लगाउने गरगहना, तिनका बस्ने ठाउँ वा बस्ने घरको बनावट आदि भौतिक रूपमा देखिने कुरा हुन्, जो प्रदर्शनकारी हुन्छन् । त्यसलाई मूर्त सम्पदा (Tangible Heritage) भनिन्छ । त्यस्तो सम्पदा, जुनसुकै जातजातिको सांस्कृतिक जीवनमा आआफ्नै किसिमले अन्तरनिहित हुन्छन् । मूर्त सम्पदा एक्लैले सांस्कृतिकताको गहन अभिभारा बोक्न सक्दैन । यो मूर्त सम्पदा, त्यतिबेला जीवन्त र सम्पन्नशाली बन्दछ, जब त्यसलाई व्यवहारमा निभाउने र अपनाउने कुरामा भावना र विश्वासले केन्द्रीय भूमिका खेलेको हुन्छ । त्यो भूमिका त्यति शक्तिशाली हुन्छ, जसले वर्षौं वर्षसम्म पनि त्यस्ता व्यवहारलाई अलिखित रूपमा निरन्तर रूपमा निभाइरहेको हुन्छ । अलिखित रूपमै जीवन्त रूपमा उत्रने गरेको त्यस्तो सांस्कृतिक व्यवहारले स्थापित गरेको मान्यता र विधि यति बलियो हुन्छ कि त्यो बिस्तारैबिस्तारै अघिल्लो पुस्ताबाट पछिल्लो पुस्तामा हस्तान्तरण भइरहेको हुन्छ । त्यसरी स्वतस्फूर्त रूपमा हस्तान्तरित भएको कलाकौशल स्वाभाविक रूपमा गति लिँदै शताब्दी–शताब्दीसम्म जीवन्त रूपमा बचेको हुन्छ । त्यसरी व्यवहारमा उतार्ने कार्यलाई अमूर्त सांस्कृतिक सम्पदा (Intangible Heritage) भनिन्छ । त्यसलाई जनजीवनले प्रयोग गर्ने एकप्रकारको जीवन्त अभिव्यक्ति वा

व्यवहार भनेर पनि बुझिन्छ । त्यसलाई मौखिक परम्परामा सँधै प्रदर्शनकारी कलात्मक व्यवहारले विकसित गर्दै संरक्षण गरेको हुन्छ । त्यसरी मूर्त सम्पदालाई अमूर्त सम्पदाले सँधै जीवन्त र गतिशील बनाउने महत्वपूर्ण काम गरेको हुन्छ । जस्तै, रणउज्जेश्वरी भगवतीको मन्दिर भौतिक सम्पदा हो, जो आँखाले देख्न सकिन्छ, मूर्त छ । त्यसको वास्तुकला र स्थापित भएको स्थानले भौतिक अवस्थितिलाई बुझाउँछ । तर त्यहाँ भक्तहरू विश्वास र भावका साथ देवीमाताको दर्शनका लागि गएनन् भने त्यसको महत्व त्यति हुँदैन । त्यस्तो अवस्थामा त्यो मन्दिर सङ्ग्रहालय मात्र बन्न पुग्दछ । भक्तले देवीप्रति निभाउने भूमिका वा देवीमातालाई दर्शन गर्न जाने उनको आस्था र विश्वासले मन्दिरको महत्वलाई पुनजागृत गरेको हुन्छ। त्यसरी निर्माण हुने गरेको भक्तको भावनात्मक पदचापीय कार्यले त्यस मन्दिरको जीवन्ततालाई स्थापित गरेको हुन्छ । मन्दिरप्रति समुदाय र त्यहाँका जनजीवनबाट हुने गरेको त्यही भूमिकालाई सांस्कृतिक जीवनमा अमूर्त सम्पदाका रूपमा महत्वका साथ हेर्ने गरिन्छ ।

सामान्यतया सांस्कृतिक सम्पदा भन्नाले लोकजीवनले गर्ने त्यस्तो व्यवहार र प्रक्रिया हो, जसलाई जनजीवनले संरक्षण गर्दै एउटा पुस्ताबाट अर्को पुस्तामा हस्तान्तरण गरी बचाएको हुन्छ । पुस्तापुस्तामा हस्तान्तरण हुने क्रममा कतिपय सन्दर्भमा तिनका आआफ्ना प्रकृति, परिवेश र वातावरण अनुसार कतिपय त्यस्ता व्यवहारको पुनर्निर्माण र पुनसिर्जना भएको हुन्छ । तर त्योभित्र जन्मेदखि मृत्युसम्म गरिने विभिन्न अनुष्ठान, रीतिरिवाज, स्थान, वस्तु र तिनको सौन्दर्यात्मक अभिव्यक्ति र त्यसको मूल्य भने बिग्रेको हुँदैन । परिवर्तित व्यवहारभित्र ती समाहित भएका हुन्छन् । समुदाय वा सामाजिक जीवनको त्यो व्यवहारले अमूर्त सम्पदाको हैसियत प्राप्त गरी स्थापित भएको हुन्छ । त्यसरी हेर्दा सम्पदा भन्नाले सङ्ग्रहालयमा संरक्षित भएका वा आँखाले देखिने मठमन्दिरजस्ता भौतिक वस्तु मात्र सांस्कृतिक सम्पदा होइनन् । तिनलाई हेर्न वा अवलोकन गर्न जाने जनसमुदायको आस्था र तिनले संरक्षण गरेका जीवन्त व्यवहार अर्को महत्वपूर्ण सम्पदा हो, जसलाई अमूर्त सम्पदा भनिन्छ । त्यही अमूर्त सम्पदाले नै मूर्त सम्पदालाई स्थापित हुने आधार प्रदान गरेको हुन्छ ।

मानिसको आधारभूत स्वभावगत भिन्नताले गर्दा उसलाई ज्ञानविज्ञानले श्रेष्ठ प्राणीमा स्थापित गरेको छ । उसको भिन्न स्वभाव भनेको उसको चेतन मन, अवचेतन मन र सामूहिक अवचेतन मनको वरिपरि उसले गर्ने गरेको परिक्रमा हो । जानेर वा नजानेर गर्ने गरिएको लगातारको त्यस्तो परिक्रमाले समाज र समुदायलाई एक किसिमले प्रभावित पार्दै गएको हुन्छ । कालान्तरमा त्यस्ता परिक्रमाले परिवार र समुदायमा निर्देशकीय भूमिका खेल्न थाल्दछ र त्यो अलिखित नियम र आचारसंहिता बनेर परिवार र समाजमा स्थापित भइदिन्छ । त्यसले परिवार र समाजलाई व्यवस्थित र अनुशासित बनाउँदै लगेको हुन्छ । अग्रजले निरन्तर गर्दै गरेका यस्तैयस्तै व्यवहारलाई पछिल्ला पुस्ताले अनुसरण गर्दै जाँदा पछि गएर त्यो व्यवहार संस्कृतिमा परिणत हुन पुग्दछ ।

जीवनव्यवहारमा देखिने गरेको सांस्कृतिक गतिशीलताले कहिलेकाहीँ रूढी र स्थीर जीवनको यात्रालाई स्थापित गर्न तिर अग्रसर हुने गरेको देखिन्छ भने कहिले समय परिस्थिति अनुसार त्यसलाई सहज र सरल बनाउँदै केही सांस्कृतिक व्यवहारलाई नीतनवीनताको यात्रातिर पनि लिएर गएको देखिन्छ । अहिलेको समकालीन सांस्कृतिक व्यवहारलाई हेर्दा त्यस्ता परिवर्तित व्यवहारहरू सतहमा देखिन थालेको छ । जस्तै नेवार समुदायले छोरीको रजस्वला नहुँदै ११ दिनसम्म अँध्यारो कोठामा थुनेर गरिने अनुष्ठान "बारा राख्ने"(गुफा राख्ने) को दिन घटाउँदै लगेको अवस्था देखिएको छ । हिजो मनोरञ्जनको साधन नहुँदा ११ दिनसम्म थुनिएर रहनुपर्दा त्यो 'बाराकोठा'भित्र विभिन्न मनोरञ्जनका कार्यक्रम गर्ने गरिन्थ्यो । त्यसले गर्दा बारा राखिएका छोरीहरूले रमाउँदै ती ११ दिन सजिलै दिन काटिदिन्थे । तर आज त्यो समय छैन । अहिले बारा राख्ने उमेरका छोरीहरूको हातहातमा मोबाइल भएको अवस्था छ । बारा राखिने बालिकाले आफूसँग भएको मोबाइलबाट आफूले चाहेको जे कार्यक्रम पनि हेर्नसक्ने अवस्था छ । त्यस्तो परिस्थितिले गर्दा छोरीको बारा राख्ने अनुष्ठानको मान्यता र व्याकरणले नयाँ परिभाषा खोज्न थालेको देखिँदै गएको छ । परिणाम स्वरूप आफ्नो संस्कृतिलाई माया र सम्मान गर्दै त्यस अनुष्ठानलाई सहज र सरलीकरणतिर लैजाँदै अँध्यारो कोठामा थुनिनु पर्ने ११ दिनको विधि स्वात्तै घटाउँदै लगेको देखिएको छ । परिवार र समुदायले त्यही व्यवहारलाई त्यस अनुष्ठानको नवीन स्वरूपको मान्यता पनि प्रदान गर्दै आएको छ । त्यसले गर्दा त्यो सांस्कृतिक व्यवहार व्यापक र गतिशील हुँदै गएको देखिएको छ । त्यस्तो व्यवहार विशेष गरी नेपालभित्र भन्दा पनि नेपालबाहिर विदेशमा रहेको नेवार समुदायले गरेको देखिन्छ ।

कुनै पनि जनजीवनको सांस्कृतिक जीवन निरन्तर अगाडि बढेन वा त्यसलाई सम्पन्न गर्ने कार्यमा कुनै किसिमले अवरोध आउन थाल्यो भने घरको तला चढ्ने सिँढी अवरुद्ध भएको जस्तो हुन जान्छ । तर प्रायः यहाँको अवस्था त्यस्तो देखिँदैन । जनजीवनले जस्तोसुकै असहज अवस्थामा पनि संस्कृति र सांस्कृतिक जीवनप्रति निभाइरहेको भूमिका आकर्षक र स्तुत्य रहेको छ । समुदायले बचाएर राखेको त्यही सांस्कृतिक

पूर्वाधारमा टेकेर अब नेपालमा सांस्कृतिक पर्यटनलाई जीवन्त रूपमा अगाडि बढाउन सकिने अवस्था रहेको छ। जातीय हिसाबले नेवार सबकल्चरको रूपमा स्थापित भएर विकसित हुँदै जीवन्त रहेको नेवारी संस्कृति नेपाली सांस्कृतिक जीवनमा उदाहरणीय मानिन्छ। विशेष गरी नेवार समुदायमा मानिसको जन्म भएर मृत्यु नहुँदासम्मको समयमा उमेर बढ्दै जाँदा विभिन्न सांस्कारिक अनुष्ठान गर्ने गरिन्छ। जन्मपछि छैठी, न्वारान, नामाकरण, पास्नी, जन्मदिन, इही, बारा, व्रतबन्ध, विवाहलगायत विभिन्न रथारोहणका कार्य परिवारबाट सम्पन्न गर्ने परम्परा रहेको छ। त्यस्ता सांस्कृतिक विविध अनुष्ठान सम्पन्न गरिने व्यवहारले निरन्तरता पाइरहेको देखिन्छ। त्यस्ता अनुष्ठानमध्ये परिवारका जेष्ठनागरिकलाई गरिने रथारोहण कार्यलाई तिनका परिवारले निकै महत्वका साथ हेर्ने गरेको देखिन्छ। व्यक्तिलाई उमेरले साथ दिएको अवस्थामा विभिन्न उमेरमा प्रवेश गर्दा भीमरथारोहण, चन्द्ररथारोहण, महारथारोहण, देवमहारथारोहण, दिव्यमहारथारोहण आदि अनुष्ठान सम्पन्न गर्ने गरिन्छ। सङ्क्षिप्त रूपमा महारथारोहणको चर्चा यहाँ सान्दर्भिक हुनसक्दछ।

परिवारको जेष्ठसदस्यको उमेरले ८८ वर्ष, ८ महिना, ८ घडी, ८ पलामा टेकेको शुभ साइतमा उनको महारथारोहण गर्ने गरिन्छ। विशेषतः अष्टवसुको पूजा गरी नारायणको प्रतिमा, नारायणका बाहन मानिने गरुडको चित्ररथसहित उनलाई आगनबाट आकाशमार्ग हुँदै झ्यालबाट घरभित्र पसाएर विधिपूर्वक पूजाआजा सम्पन्न गर्ने गरिन्छ। त्यस अवसरमा मूलतः अघिल्लो भीमरथारोहणमा जस्तै उनलाई रथमा विराजमान गराई मूल पुरोहितबाट विधिपूर्वक पूजा गर्ने गरिन्छ। उनका छोरा, नाति, पनाति र नजिकका आफन्तबाट होशियारी र कुशलतापूर्वक उनलाई आकाशमार्ग हुँदै घरको पहिलो तलाको झ्यालबाट गृह प्रवेश गराइन्छ। उक्त महारथारोहण गरिएको व्यक्तिलाई देवभाषा "... अष्टचाष्टतिमेवर्षे गजनासे दिनाष्टके, महारथ इतिख्यातो मत्र्यानां परमं पदम् ..."मा पूजा गरी उनलाई देवताको स्वरूपमा स्थापित गर्ने गरिन्छ। कुनै पनि व्यक्तिले यो अवसर पाउनु निकै दुर्लभ कुरा हो। तर भाग्यले साथ दिएको अवस्थामा आफूलाई जन्म दिने आमाबुवालाई गरिने यो महारथारोहण उहाँहरूप्रति सन्तान र परिवारले गर्ने गरेको अत्यन्त उच्च सम्मान हो।

(स्रोत : नगेन्द्रराज राजोपाध्याय, रामकोट, डाँडापौवा)

निष्कर्षमा भन्नुपर्दा संस्कृति कुनै पनि परिवार, समुदाय, समाज वा राष्ट्रको त्यस्तो धरोहर हो, जसले तिनका सम्पन्नताको सूचनालाई प्रवाहित गरिरहेको हुन्छ। जनजीवनले प्रदर्शन गरेका सांस्कृतिक व्यवहारबाट संस्कृतिले सांस्कृतिकताको हैसियत प्राप्त गर्दछ। संस्कृति र सांस्कृतिकताबीच एकअर्कामा परिपूरक सम्बन्ध रहेको हुन्छ। त्यो परिपूरक सम्बन्धका बीचमा सांस्कृतिक जीवनचर्यालाई प्रस्तुत गर्दा समाज वा समुदायभित्रको एकअर्काबीचको अन्योन्याश्रित सम्बन्ध पनि प्रदर्शित भइरहेको हुन्छ। त्यसबाट स्थापित भएको विभिन्न समुदायको मौलिक परिचय दिने गरेका सांस्कृतिक क्रियाकलापले सङ्केतात्मक रूपमा आआफ्ना पुर्खाको अस्तित्व र तिनको महत्वलाई अझ बढी घनिभूत रूपमा जीवन्तता प्रदान गरिरहेको हुन्छ। प्रदर्शनकारी कलाका विभिन्न माध्यमबाट सञ्चार भइरहेका जनजीवनका आआफ्ना जीवनचर्यालाई विशिष्ट शैलीमा ढालेर तिनले अमूर्त संस्कृतिको महत्वलाई स्थापित गरिरहेका हुन्छन्। त्यसरी स्थापित भएको सांस्कृतिक जीवनयापनले मूर्त संस्कृतिलाई गतिशील र जीवन्तता प्रदान गर्न निर्णायक भूमिका खेलिरहेको हुन्छ। नेपालमा रहेका विभिन्न जनजीवनले सिर्जनशील भएर बचाएर राखेका र तिनलाई जीवन्त बनाएर गतिशीलता प्रदान



(भीमसेन टोल, तानसेन, पाल्पाका तीर्थनाथ गोङ्गलको महारथारोहणको झलक, ८९ वर्ष, २०१६ सालमा सरकारी सेवामा प्रवेश गरी भूमिसुधार विभागको निर्देशक पदबाट सेवानिवृत्त भएका, हाल आफ्नै खेतिपाती हेरिरहेका)

गरिएका सांस्कृतिक विविधतामूलक प्रदर्शनकारी व्यवहारले सम्पूर्ण नेपाली संस्कृतिलाई प्रवर्द्धन गर्ने काम गरेको देखिन्छ । त्यसबाट नेपाली समाजबीचको आपसी सौहार्दता बडो स्पष्टसँग देखिन्छ ।

मानिस एक ठाउँबाट अर्को ठाउँमा घुम्न मनपराउने यायावरीय स्वभावको प्राणी हो । आफू घुमेको ठाउँ यदि मन परेको खण्डमा तिनले आफ्नो अनुभव र अनुभूतिलाई लेखेर व्यापक बनाउने काम गर्ने गर्दछ । मानिसले एकअर्काको अनुभव र अनुभूति सुन्न र सुनाउन मन पराउँछन् । नेपाली लोकजीवनमा लोककथा वा दन्यकथालाई अलिखित रूपमा मौखिक परम्परामा आजसम्म बचाएर राखेको देखिन्छ । लोक वा दन्त्यकथा सुनाइसकेपछि कथाको अन्त्य गर्ने बेलामा भन्ने गरिएको “सुन्नेलाई सुनको माला ः भन्नेलाई फूलको माला” भन्ने थेगो लगाएर भन्ने गरिएको प्रसङ्ग त्यत्तिकै रोचक देखिन्छ । कथा भन्ने वा सुनाउनेलाई भन्दा पनि कथा सुन्नेलाई महत्व दिइएको कुरा त्यो वाक्यांशले पुष्टि गरेको छ । त्यस्ता कथा सुनेर प्रभावित भएकाले नै त्यो कथालाई सम्झेर त्यसलाई पुस्तौंपुस्तासम्म सुनाउँदै श्रुति परम्परामा बचाएर राखेको पाइन्छ । आफ्नो जीवन बाँच्ने शैलीमा प्रमुख हिस्सा बनाइएको त्यस्ता कार्यले सांस्कृतिक जीवनलाई रोचक र मनोरञ्जनपूर्ण बनाइदिएको देखिन्छ । त्यसरी मूर्त र अमूर्त सम्पदाको अन्तर्घुलनमा अडिएको नेपाली सांस्कृतिक जीवन यहाँको पर्यटनको मूल धरातल हो । पर्यटक चाहे त्यो आन्तरिक होस् वा विदेशी तिनले सांस्कृतिक पर्यटन गर्दा त्यही कुरालाई प्राथमिकतामा राख्ने गर्दछ । केही पर्यटकले आफ्नो संस्मरणमा त्यसलाई राख्ने गर्दछ भने केहीले आआफ्नो सीप र क्षमता अनुसार आफ्नो अनुभूतिमा उत्रेका कुरालाई साहित्यका विभिन्न विधामध्ये विशेष गरी नियात्रा विधा मार्फत् अक्षरमा लेखेर अभिलेखिकरण गर्ने गरेको छ । त्यस्तै चित्रकारले विभिन्न रङ्ग र रेखाको माध्यमबाट चित्र बनाएर क्यानभासमा त्यसलाई सुरक्षित गरिदिन्छ भने कसैले त्यसमाथि डकुमेन्ट्री र सिनेमा बनाएर अझै व्यापकता दिने काम गरेको हुन्छ । त्यस्ता अभिलेख मानवीय जीवनको प्राचीनता पढ्न र बुझ्नका लागि प्रमुख आधार बनेका हुन्छन् । त्यसरी मूर्त र अमूर्त सम्पदाको अन्तर्घुलनमय अनुभूति र अनुभवजन्य प्रभावले संस्कृति र सांस्कृतिक जीवनलाई बलियो बनाएको हुन्छ । त्यही जीवन्त र गतिशील सांस्कृतिक जीवनले ‘सांस्कृतिक पर्यटन’लाई स्पष्ट आधार बनाइदिएको हुन्छ । अबको नेपालको पर्यटन भनेको भूगोल मात्र होइन, समानान्तर रूपमा ‘सांस्कृतिक पर्यटन’ पनि हो भन्ने कुरा यसबाट प्रमाणित हुन्छ ।

तानसेन गुठीले २९ वर्ष पार गरी ३० औं वर्ष प्रवेशको अवसरमा गुठीको उत्तरोत्तर प्रगतिको लागि हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

Siddhi
Butwal

# उँभो लाग्न नसकेको तानसेनको पर्यटन



**मदन देउराली**
अध्यक्ष, देउराली सांस्कृतिक अध्ययन प्रतिष्ठान

धेरै पटक म आफैले पनि सुनेको छु तानसेन घुम्न आउने पर्यटकहरूले गरेका गुनासाहरू । **“तानसेन आज पनि उस्तै रहेछ खासै केही पनि फरक रहेनछ । राम्रो भनेको एउटा गोरख वाटिका रहेछ नत्र अरु त्यस्तै रहेछ पहिला जे थियो त्यस्तै जुन मैले १० वर्ष अगाडि देखेको थिएँ । त्यही फोहर देखिने मूल ढोका, अनि बिग्रे भत्केका दरबार परिसरका बाटाहरू । ओहो श्रीनगर त झन् खतम भएको रहेछ । कति फोहर हो जताततै पिकनिक खानेहरूले फालेर गएका फोहरको थुप्रो, वीयर र रक्सीका खाली सिसीहरू, किन सफा नगरेको होला । भ्यूटावर हेर्न गएको माथिबाट त चारैतिर राम्रै देखिने रहेछ तर फोहर सिंढीहरू प्लास्टर उप्केका भित्ताहरू देख्दा दिक्क लाग्यो । यस्ता संरचनाहरू किन वास्ता नगरिएका होला जस्तो लाग्यो ।”** झण्डै १० वर्ष पछि दाङ्गका एक स्थानीय तानसेन घुम्न आएका रहेछन् । उनले तानसेनको अहिलेको हालत देखेर भीमसेनटोलका एक जना भाइसँग गुनासो गरेका रहेछन त्यो भाईले मलाई सुनाउँदै थियो । शैक्षिक भ्रमणमा आएका विद्यार्थीहरूको गुनासो पनि यस्तै थियो **“श्रीनगर डाँडा खुब रमाइलो छ भन्थ्यो तर यहाँ त केही रहेनछ खाली जंगल मात्र रहेछ, केही बनाएको रहेनछ । यस्तो राम्रो ठाउँलाई किन नबनाएको होला”** । त्यस्तै गरी शैक्षिक भ्रमणमा आएका अर्को टोलीका विद्यार्थी भाईबहिनीहरूले पनि **“पाल्पा धेरै राम्रो छ, हेर्ने कुराहरू पनि धेरै रहेछ भनेर आएको खासै केही रहेनछ खाली गफै मात्र रहेछ ।** भन्ने पनि सुनेको छु । एकसाल डोटीतिरबाट आएका विद्यार्थीहरूको बगाल नै शितलपाटी, मूलढोका हेर्दै थिए । कोही त्यहाँ राखिएको मूलढोकाको विवरण पढदै थिए । अब कहाँ जाने भन्दै कोही मूलढोका छिर्दै दरबार तिर लागे । एकदुई जना विद्यार्थी भन्दै थिए अब कहाँ जाने हेर्ने ठाउँ त यति मात्र जस्तो छ । खासै केही रहेनछ । उनीहरूसँग आएका टीम लिडर हतार गर्दै थिए छिटो गर है केटा हो पोखरा पुग्न छ ढीलो नगरम है । यस्तो ताल छ तानसेनको पर्यटन । पहिला पहिला आएका केही आन्तरिक र केही बाह् पर्यटकहरू तानसेनको सौन्दर्यताले कसरी लोभ्याएका रहेछन भन्ने तथ्य त त्यसबेलाका पत्रपत्रिकामा कतिपय राष्ट्रिय, अन्तर्राष्ट्रिय पर्यटकहरूले व्यक्त गर्ने गरेका धारणाबाट पनि छर्लंग हुन्छ ।

No one who awakens in Tansen will forget the billows of white foam rolling over the deep hollow of the valley below the city . The man who watches the counterpoint of mist and sunlight an rolling whiteness will always remember that something different takes place in Tansen.

-Kieth de Folo

For the more actively inclined, Tansen offers many natural attractions. At 1400 metres the climate is wonderfully moderate with the freshness of a year round hill station.

J. Michale Luhan

Tansen is one of the most attractive hill resorts of Nepal. Despite possessing bountiful natural and cultural attraction as well as salubrious climate combined with the evergreen surroundings, paradoxically. Tansen happens to be tourstically least marketed. So it will be a traveler’s joy to discover the vir-

ginal charm of this peaceful and enchanting sylvan setting townscape in western Nepal .

Puru Shrestha

हो जाडोको मौसममा माडी फाँटमा जमिरहने कुहिरोको फाँकाहरूले सेतो ताल नै हो क्यारे भन्ने आभास नै दिलाउँछ भने सूर्यको किरण सँगै ती कुहिराका फाँकाहरू मन नलागी नलागी बिस्तारै बिस्तारै माथि उड्दै गरेको दृश्य अति नै मनमोहक हुन्छ। वर्षभरिको न्यानो, चिसो तथा शीतल मौसम, श्रीनगरको सल्लाघारीबाट बहने चिसो हावा निश्चय नै पर्यटकहरूको मन लोभ्याउने खालका हुन्थे तर आजकाल यी सबै किंवदन्ती जस्तो भैसकेको छ । आजकाल एकातिर विश्वव्यापी तापक्रम वृद्धिका कारण हावापानीमा फरकता आइसकेको छ भने र अर्कोतिर अनियन्त्रित जनसंख्या र भीरपाखा केही नभनी पूर्वदेखि पश्चिमसम्म बनेका कंक्रिटका घरहरूको लर्को तथा भएका रुखविरुवाहरू मासिदै जानाले तानसेन अहिले पहिले जस्तो छैन। आजकाल ती सबै एकादेशको कथा जस्तो लाग्छ ।

हुन पनि पर्यटनको क्षेत्रमा तानसेनले किन फड्को मार्न नसकेको होला भनेर कसैले सोध्यो भने यी विभिन्न कारणले तानसेनको पर्यटन उँभो नलागेको विश्लेषकहरू भन्छन्। पहिलो त सिद्धबाबाको बाटो जुन त्यो बाटो हिड्नेहरूको लागि अभिशाप जस्तै हो। कति सवारी साधनहरू ध्वस्त भैसके कतिले आफनो ज्यान गुमाइ सके, अंगभंग भैसके त्यसको कुनै रेकर्ड नै छैन। चिडियाखोलादेखि दोभान चौकी नपुग्दासम्म रामराम भन्दै हिड्नु पर्ने अवस्था छ। अब यो सिद्धबाबाको बाटो कहिले बन्ने हो सायद कसैलाई थाहा छैन । यसको विकल्पको रूपमा सुरुग मार्गलाई अघि सारिएको वर्षौं भैसक्यो। करिव २ किलोमिटरको सुरुग मार्ग बनाउने भन्ने हल्ला नेताहरूको चुनावी मसला भएको छ। हुन पनि यातायात विकासको मेरुदण्ड मानिन्छ। जुन ठाउँ पनि सजिलैसँग पुग्न सकियोस् तब न जताततै पर्यटकहरूको ओइरो लाग्छ। त्यसैले पर्यटनको विकास गर्ने हो भने सबै ठाउँमा पुग्ने यातायातको सुविधा हुन अपरिहार्य छ। हुनत हामीले एउटा कारण सिद्धबाबाको बाटो देखाउँछौं तर त्यही बाटो भएर खतराको परवाह नगरी सयौं भारतीय पर्यटकहरू सिधै पोखरा जाने गरेको देखिन्छ तर तिनीहरू तानसेन पस्दैनन्। त्यो सिद्धबाबाको बाटो उनीहरूलाई वाधक भएको छैन। यसको खास कारण नै यहाँ हेर्ने संरचनाहरूको कमी हो भन्नुमा कुनै अत्युक्ति नहोला ।

दोश्रो भनेको पर्यटकीय गन्तव्य। पाल्पामा हेर्ने ठाउँ घुम्ने ठाउँहरू प्रशस्त मात्रामा भएर पनि पहिचान र व्यापक प्रचार प्रसारको कमीले अझै कति गन्तव्य ओझेलमा छन्। प्रचार प्रसार भनेको पर्यटकीय गन्तव्य चिनाउने जानकारीमूलक ब्रसर, लिप्mलेट, पम्पलेट जस्ता पाल्पा आउने सबैको हात हातमा पुग्नु पर्छ जुन हुन सकेको छैन। पाल्पामा भएका सबै होटलहरूमा तथा नजिकैका अन्य जिल्लाहरूका होटलहरूमा समेत यस्ता ब्रसरहरू बाँडिनु पर्छ। त्यसरी बनाइएका ब्रसरहरूमा फोटोसहित पाल्पाका पर्यटकीय गन्तव्य स्थल, तानसेनबाट लाग्ने जम्मा दूरी, लाग्ने समय, हेर्ने कुराहरू, यातायातको सुविधा, पर्यटकहरूको चाहना अनुसार पाइने खानाका विभिन्न परिकार तथा होटलहरूको सुविधा आदि उल्लेख भएको हुनुपर्छ। अहिलेसम्म बाहिरबाट आउने सबैको सोचाइ नै पाल्पा भनेको तानसेन बजार मात्र हो। यसको सेरोफेरो पनि तानसेन नगरपालिका भित्र नै पर्दछ र त्यतातिर पनि त्यस्ता पर्यटकीय दृश्यावलोकन गर्ने ठाउँहरू पनि छन् है भन्ने थाहा छैन । त्यसैले पाल्पा घुम्न भनेर आउनेहरू तानसेन बजार घुम्छन् अनि फर्कन्छन्। तानसेन आइसके पछि पहिलो पाइला नै टुँडिखेल हुन्छ जहाँ उनीहरूले तानसेन नगरपालिका अगाडि राखिएको विशाल करुवा देख्छन् अनि यसको अगाडि फोटो सेसन गर्नेहरूको त ताँती नै लाग्छ । तर यत्रो करुवाको उचाइ कति छ कति तौलको छ कसले बनाएको हो कुनै जानकारी राखिएको छैन । उचाइ साढे १३ फूट तथा लम्बाई ६ फूटको तथा ४०० किलो तौल भएको यो करुवा पाल्पा उद्योग वाणिज्य संघले वि.सं. २०६४ सालमा आयोजना गरेको मेला महोत्सवको लागि न्यू बज्राचार्य वर्कसपका प्रोपराइटर दिनेश शेखर बज्राचार्यले बनाएका हुन्। तर यो कुरा पनि तानसेनबासीहरू धेरैलाई थाहा छैन ।

टुँडिखेलपछि भीमसेनटोल हुँदै अमर नारायण मन्दिर र ठाडो असनटोलको बाटो हुँदै तत्कालीन तैनाथवाला जनरल खड्ग शमसेरले निर्माण गरेको ऐतिहासिक शीतलपाटी, अगाडि जनरल बद्रिनरसिंह राणाले निर्माण प्रारम्भ गरेको तर जनरल खड्ग शम्सेरले पूरा गरेको नेपालमा नै सबैभन्दा ठूलो मूल ढोका, अहिले त झन् वर्षौ देखि सिंगारिन

नपाएकोले कुरूप भएको छ । भित्र निशान भगवती मन्दिर विशाल करुवा सहितको सुन्दर गोरख वाटिका, नेपाल अंग्रेज युद्धमा नेपालले विजय हासिल गरेको श्री रण उजीरेश्वरी भगवती मन्दिर र त्यसपछि पाल्पा दरवार । धन्न अहिले दरवारलाई पाल्पा संग्रहालय बनाइए पछि एकछिन भए पनि पर्यटकहरू आफनो समय त्यहाँ कटाउँदछन् । दरबार अगाडि बसेर आफुलाई क्यामेरामा उतार्छन् । कोही कोही श्रीनगर डाँडा चढ्छन तर त्यहाँ पनि केही हेर्ने कुराहरू पाउँदैनन् किनकी त्यस्ता डाँडाकाँडाहरू त देशमा जहाँ पनि छन यहाँ नै हेर्नु पर्ने भन्ने पनि छैन । भ्यूटावरबाट वरपर हेर्छन् त्यति हो । श्रीनगरलाई राम्रो बनाउने भनेर पूर्ववति सरकारले यसलाई लामो समयको लागि लिजमा दिएको छ तर उनीहरूको माष्टर प्लानमा पनि खासै नयाँ हेर्न लायकको नयाँ संरचनाहरू त्यहाँ केही बन्ने छैन केवल पिकनिक स्पट मात्र हुनेछ । सेरोफेरोमा अहिले प्रेमको प्रतीक रानीमहल नै अगाडि आउँछ । अहिले रानीमहल रंगरोगन, आकर्षक बगैचा, पानीका फोहरा, जताततै रंगीन बत्तीहरू, र दरवार भित्र कलाकार अशोकमान सिंहद्धारा तयार गरिएको जनरल खड्ग शम्सेर तथा रानी तेजकुमारीको ठूलाठूला फोटोहरू र केही पुराना सामाग्रीहरू राखिएका छन् । टाढा टाढाका पर्यटकहरूलाई जानकारी नभएकोले पनि त्यहाँ जाँदैनन् तर नजिक नजिकका जिल्लाका आन्तरिक पर्यटकहरू भने प्रशस्त मात्रामा त्यहाँ पुगेका छन् । जानकारीको अभावले नगरपालिका भित्र नै पर्ने भएता पनि ऋषिकेशव मन्दिर, अर्गली दरवार जान चाहदैँनन् भने त्यस्तै अलि टाढा पाल्पा भैरव, रम्भापानी अनि रामपुरको तालपोखरा जाने त झन् उनीहरूको भ्रमण सेड्यूलमा नै हुँदैन । यसरी विभिन्न भ्रमणको सिलसिलामा आउनेहरू कोही त एकरात पनि तानसेनमा बिताउँदैनन् । बिहान आइ पुग्नेहरू दिनभरि घुम्छन् अनि साँझपख अर्को गन्तव्य तिर लाग्छन् भने कहिलेकाही साँझ तिर आइ पुग्नेहरू मात्र एकरात तानसेनमा बिताउँछन् अर्को दिन बिहान सररर तानसेन बजार घुम्छन् अनि दिउँसो अर्को तिर लाग्छन् भने यहाँका व्यवसायीहरूले यत्रो लगानी गरेर के पाउने ? अब आजकाल बाह्य पर्यटकहरू त झन् शून्य जस्तै छ नगन्यरूपमा मात्र यदाकदा देखिन्छन् तानसेन बजारमा । उनीहरूले हेर्न चाहेको पाल्पा अब सायद छैन त्यसैले उनीहरूको सेड्यूलमा पाल्पा पर्दैन । घुम्न आउने जो कोहीले पनि हेर्न खोज्ने भनेको त्यहाँ भएका संरचनाहरू हुन् । आजकाल प्राकृतिक संरचनाहरू नभए तापनि धेरै जिल्लाहरूले कृतिम संरचनाहरू बनाएर भए पनि आन्तरिक पर्यटकहरूलाई आकर्षित गरिरहेका थुप्रै उदाहरणहरू हामीले देखिरहेका छौं । भगवान् शिवको, भगवान बुद्धको, संकटमोचन श्री बजरंगवलीका ठूला ठूला मूर्तिहरू बनाएर भए पनि पर्यटकहरूलाई एकपटक पुग्नै पर्ने बनाएका छन् ।

तानसेनको श्रीनगरडाँडामा पनि केही समय अगाडि फेसबुकमा श्रीनगरमा यस्तो संरचना बनाउन सकिन्छ भनेर डेकोर स्टुडियो प्रा.लि. काठमाडौंले ८० फुट अग्लो शाक्यमुनि भगवान बुद्धको मूर्तिका साथै ओम माने पेमेका प्रतीक राखिएको तथा पानीका फोहरा सहितका बगैँचा बनाएको डिजाइन यति राम्रो थियो । यदि त्यो बनेको भए श्रीनगर बौद्ध पर्यटकहरूका साथै थुप्रै थुप्रेर अन्य पर्यटकहरूको घुँइचो लाग्थ्यो होला । एकपटक भए पनि अवश्य श्रीनगर पुग्थे होला । एउटा खास पर्यटकीय गन्तव्य बन्थ्यो होला तर त्यो केवल एउटा डिजाइन मात्र भयो त्यसलाई कार्यान्वय गर्ने तिर कसैको ध्यान गएन । पर्यटन शून्य हुनुको कारण नै यहाँ हेर्ने संरचनाहरूको कमी ।

केही वर्ष अगाडि मैले यूरोपका करिव १० वटा देशहरू घुम्ने मौका पाएको थिएँ । त्यहाँ त जहाँ जान पनि यातायातको सहजता, पर्यटकीय गन्तव्य चिनाउने ब्रसर, पम्पलेट आदि हेरेर नभ्याइने संरचनाहरू, जहाँ गए पनि खानपानको सुविधा आदि आदि । जता गयो पर्यटकहरूको घुँइचो । तब न पर्यटन । यहाँ त हामीले केवल पर्यटन पर्यटन मात्र भनिरहेका छौं तर पर्यटकहरूले हेर्न चाहने संरचनाको निर्माणको वास्ता गर्दैनौ अनि के को पर्यटन ।

पूर्ववति स्थानीय सरकारले आप्mनो कार्यकाल केवल सभा, गोष्ठी, तालिममा बिताएको तर नयाँ संरचना थप्ने तिर, बनाउने तिर ध्यान नदिएको कतिपयले गुनासा गरेको पनि देखियो । हुनत त्यो पनि आवश्यक थियो होला तर त्यसको साथसाथमा नयाँ संरचनाहरू थप्नेमा पनि ध्यान दिएको भए सायद यस्ता गुनासाहरू आउँदैनन् थियो कि । जहोस् अबको स्थानीय सरकारले पनि उही पूर्ववति सरकारको बाटो पछ्याउने हो नयाँ संरचनाहरू नबनाउने हो भने जुन जोगी आए पनि कानै चिरेको उखान चरितार्थ हुनेछ अनि तानसेनको पर्यटन कहिले उँभो लाग्ने छैन यो निश्चित छ । अस्तु ।

# बिर्सेको प्रेम र गण्डकीका छालहरू



भागवत खनाल

आज हरिसुन्दर श्रेष्ठ छोरी नित्यप्रभासँग सेन राज्यको राजधानी पाल्पाको भग्नावशेष हेर्न आएका छन्। तेह्र चौध पुस्ताअघि पाल्पालीराजा मुकुन्द सेनले हरिसुन्दरका पुर्खालाई काठमाडौंबाट बोलाएर पाल्पामा बसालेका थिए। हरिसुन्दरको छ पुस्ताअघि पाल्पाको राजधानी 'पाल्पा' बाट तानसेन सारिएको थियो। त्यसको करिब बीस वर्षपछि पाल्पा राज्य बृहत् नेपाल अधिराज्यमा गाभियो। तीनसय वर्षसम्म हिमालयको काखमा रहेकामध्ये सबैभन्दा बृहत् र वैभवशाली राज्यको राजधानी रहेको त्यो सुन्दर भूमि पाल्पा हेर्दाहेर्दै उजाड भयो। पाल्पामा जीवन निर्वाह गर्न कठिन भएपछि हरिसुन्दरका पूर्वजहरू तानसेनतिर लागे। हरिसुन्दर साहित्यकार हुन्। श्रुति परम्पराबाट आफ्नो परिवारमा पुस्तान्तर हुँदै आएको यो कथा पाल्पाको त्यही खन्डहरमा बसेर आफ्नी छोरी नित्यप्रभालाई सुनाउँदै छन् उनी। इतिहास विषयमा स्नातक गरिरहेकी छोरी नित्यप्रभातर्फ हेर्दै उनी भन्दै छन् ,'इतिहास क्रूर हुन्छ छोरी। इतिहासले कसैलाई दया गर्दैन। यहाँ कतिपय कुरा भूमिको गर्भमा त्यसै पुरिएर गए। अब त श्रुति परम्परा पनि हराउँदै गयो। उनी धौलागिरीतर्फ उन्मुख हुँदै छोरीलाई कथा सुनाउन सुरु गर्दछन्।

पाल्पा राज्यको राजधानी। हजारौं जनता राजा मुकुन्द सेनको स्वागत गर्न व्यग्र थिए। एक जना घोडचढी आएर चार घडीमा राजाको आगमन हुने सूचना दिएर फर्क्यो। पाल्पा राज्यका सारा उच्चपदस्थ अधिकारी, भाइभारदार, पुरोहित, कर्मचारी र हजारौं सर्वसाधारण प्रजा राजाको शुभ आगमनको व्यग्र प्रतीक्षामा थिए। राजधानी पाल्पाको पश्चिमतर्फको समथल अधित्यका कोत्रे डाँडा दुलही जस्तै सुन्दर र आकर्षक देखिएको थियो। पुरोहितहरूले विष्णुका अवतार गिग्विजयी राजाको अभिनन्दनमा समवेत गाउँदै थिए ;

अच्युतं केशवं सत्यभामाधवं<br>
माधवं श्रीधरं राधिकाराधितम्<br>
इन्दिरामन्दिरं चेतसा सुन्दरं<br>
देवकीनन्दनं नन्दजं सन्दधे

विष्णवे जिष्णवे शाङ्खिने चक्रिणे<br>
रुक्मिणिरागिणे जानकीजानये<br>
बल्लवीवल्लभायार्चितायात्मने<br>
कंसविध्वंसिने वंशिने ते नमः

राजाको सवारी भयो। राजाको प्रथम स्वागत गर्न पाँच जना कन्याहरू लहरै उभिएका थिए। सबैभन्दा सानी शान्तिप्रिया अगाडि र क्रमशः उमेर अनुसार राधिका, रुक्मिणी, मेनका र सबैभन्दा पछाडि सुवर्णप्रभा। राजा सिर निहुराउँदै कन्याहरूको हातबाट माला थाप्दै अघि बढे। सुवर्णप्रभा झण्डै राजा जत्तिकै अग्ली थिइन्। अरू कन्याहरूभन्दा छिप्पिएकी र अनिन्द्य सुन्दरी। राजा सुवर्णप्रभाको अगाडि आएर उभिए। माला थाप्दा उनले सिर झुकाउनु परेन। सुवर्णप्रभाले झट्ट कोखिलामा लुकाएर राखेको भीमसेनपातीको फूल झिकेर राजाको हातमा दिइन्। राजाले फूल लिंदै सोधेका थिए, 'तिम्रो घर कहाँ हो ?' सुवर्णप्रभाको सातो गयो। राजा उभिएर उनको उत्तरको प्रतीक्षा गरिरहेका थिए। उपस्थित जनसमूह स्तब्ध भयो। राजाको सवारीमा पूर्वनिर्धारित कुराभन्दा ज्यादा कुनै कार्य गर्न बन्देज थियो। सुवर्णप्रभाले राजालाई फूल दिनु प्रचलित मर्यादाको विरुद्ध थियो।

राजाले कसैको घर ठेगाना सोध्नु मामुली कुरा थिएन। अत्यन्तै भाग्यशाली या दशा लागेकालाई मात्र यस्तो अवसर प्राप्त हुन्थ्यो। सुवर्णप्रभाको अनुहार रातोपीरो भयो। उनले कुनै उत्तर दिन सकिनन्। राजाले फेरि सोधे, 'तिम्रो घर कहाँ हो ?' सुवर्णप्रभाले थोरै शिर ठाडो पारिन्। उनका आँखा सिधै राजाका आँखासँग जुधिरहेका थिए। शरीरमा रोमाञ्च पैदा भयो। कपोलबाट रगतै झर्ला झैं भयो। उनले कम्पित स्वरमा भनेकी थिइन्, 'यहीं तल खस्यौली।' राजाले फेरि सोधे , 'बुबाको नाम के हो ?' सुवर्णप्रभाको सङ्कोच केही कम भयो। उनले भनिन् 'सरदार इन्द्रजित, इन्द्रजित बस्नेत।' सुवर्णप्रभाले विस्तारै टाउको उठाएर राजातर्फ हेरिन्। लामो महडा, चौडा निधार, गहुँगोरो वर्ण र उन्नत शरीर। सुवर्णप्रभाको शरीरमा फेरि रोमाञ्च पैदा भयो। राजाको अनुहारमा पनि सुन्दर लालिमा

छाएको प्रस्ट देखिन्थ्यो । अरुका नजरमा त्यो लालिमामा क्रोधको झल्को थियो, किन्तु सुवर्णप्रभाले त्यसमा प्रेम र असीम अनुराग देखिन् । राजाले फेरि सोधे,'तिम्रो नाम के नि ?' उनले अस्फुट आवाजमा भनिन्, 'सुवर्णप्रभा ।' अघि बढ्दै राजाले भनेका थिए, 'पर्सि बुबासँग दरबारमा आउनू ।'

राजा मुकुन्द सेन आफ्ना सवालाख फौजको सहयोगमा काठमाडौं हानेर फर्केका थिए । दिग्विजयी राजाको स्वागतमा ब्राह्मणहरूले पुनः यो शान्तिपाठ गाए ; 'ॐ द्यौः शान्तिरन्तरिक्षं शान्तिःपृथिवी शान्तिरापः शान्तिरोषधयः शान्तिः ।वनस्पतयः शान्तिर्विश्वेदेवाः शान्तिर्ब्रह्म शान्तिःसर्वं शान्तिः, शान्तिरेव शान्तिः सा मा शान्तिरेधि ॥ॐ शान्तिः शान्तिः शान्तिः ॥'

सुवर्णप्रभाका पिता इन्द्रजित बस्नेत पाल्पा दरबारका सर्वाधिक योग्य र लोकप्रिय अधिकारी थिए । आफ्नो विजय अभियान अघि राजा मुकुन्द सेनले उनै इन्द्रजितलाई जोगीको भेषमा काठमाडौं पठाएका थिए । उनी महिनौं जोगीको भेषमा पशुपतिनाथ मन्दिरको पाटीमा बसेर जासुसी गरे । इन्द्रजित अवधी भाषामा समेत पारङ्गत भएको हुँदा उनलाई सबैले काशीबाट आएका साधु सम्झेका थिए । नारायणस्थान र स्वयम्भूको भ्रमणका साथै कतिपय भारदार र सैन्य अधिकारीहरूको घरमा समेत पुगेर प्रशस्त कुरा धुतेका थिए उनले । उनले काठमाडौंमै एक जना सिद्ध योगीबाट सुनेका थिए, राजाको सेवा गर्न पाउनु अहोभाग्य हो भने राजाबाट सम्मानित हुन पाउनु अमृत पाए समान । भनेको पनि छ, 'अमृतं शिशिरे वह्निर् अमृतं प्रियदर्शनम् । अमृतं राजसंमानम् अमृतं क्षीरभोजनम् ।' किन्तु राजाहरू बडो लहडी र अस्थिर स्वभावका हुन्छन् । कुन बेलामा कस्तो मति आउँछ र के निर्णय गर्छन् भन्ने पत्तो नै हुँदैन । राजाको नजिक पुग्न सजिलो छ, परन्तु दीर्घकालसम्म थामिन अत्यन्तै कठिन ।

भरे बेलुका इन्द्रजितको घरमा बत्ती बलेन । राजाप्रति छोरीको मर्यादाहीन व्यवहार देखेर उनी मर्माहत भएका थिए । उनले दिएको सूचनाकै आधारमा काठमाडौंमा विजय हासिल भएको हुँदा राजाबाट विशेष धन्यवादको सन्देश प्राप्त भएको थियो । राजधानी फिर्ने बित्तिकै विजय अभियानलाई सफल पार्ने सबैलाई सम्मान गर्ने योजना बनाएका थिए राजाले । उनी सानो परिश्रमले मामुली इन्द्रे बस्न्यातबाट सरदार इन्द्रजित भएका होइनन् । राजालाई खुसी पार्न उनले कयौं पटक ज्यान जोखिममा पारेका थिए । राज्यको हितमा गुप्तचरी गर्दै कास्की राजदरबारमा पुगेकै बखतमा प्रसव पीडाको बिचमा पत्नी ताम्रप्रभाको मृत्यु भएको थियो । इन्द्रजित चार वर्षको उमेरमा आमा गुमाएकी छोरी सुवर्णप्रभालाई पालेर बसे । छोरीको विवाहपछि मात्र आफूले अर्को विवाह गर्ने प्रतिज्ञा गरेका थिए उनले । आज त्यही छोरी उत्ताउली भइदिँदा राजकोपमा परिने भयो भनेर चिन्तातुर थिए उनी ।

उता सुवर्णप्रभालाई कत्ति पनि डर लागिरहेको थिएन । उनी शङ्करलाई भेटेकी पार्वती झैँ उत्फुल्ल थिइन् । लज्जाहीन छोरीको चालढाल देखेर इन्द्रजित झन दुःखी भए । उनी समयमै छोरीको कन्यादान नगरेर चुकेका थिए । रजस्वला नहुँदै छोरीको विवाह गरिदिने परम्पराको उल्लङ्घन गरेका थिए उनले । इन्द्रजितले छोरीको हात माग्न भनी जो आए पनि 'काँध नमिल्ने' भनेर तिरस्कार गरिरहे । राजाको निगाह पाएका र शासकीय कार्यमा पहुँच भएका उनको प्रकट रूपमा कुरा काट्ने कोही थिएन । किन्तु भित्रभित्र रिस गर्ने र द्वेष राख्नेहरू प्रशस्त थिए । आज इन्द्रजितले सहसा आफ्नै अहङ्कारको भारीले आफै थिचिएको महसुस गरे ।

पर्सिपल्ट उनी छोरीलाई लिएर राजाकहाँ गए । अनुमान विपरीत भरिपूर्ण राजसभामा राजाले इन्द्रजितको प्रशंसा गरे । उनलाई 'पाल्पा गौरव प्रवर्द्धक' विभूषण प्रदान गरियो । पाल्पामा स्वर्गीय राजा चन्द्र सेनको पालादेखि नै राज्यको तर्फबाट विभूषण प्राप्त गर्ने महानुभावले राजाप्रति कृतज्ञता व्यक्त गर्दै मन्तव्य व्यक्त गर्ने परम्परा थियो । केही बेर अघिसम्म डरले कुस्तुर भएका इन्द्रजितको हिम्मत राजसम्मान प्राप्त गर्नासाथ शिखरमा पुग्यो । उनी कृतज्ञताका केही शब्द व्यक्त गर्न उठे । उनको व्यक्तित्व महादेवको सभामा वीरभद्रको झैँ फक्रेको देखियो । ईर्ष्या राख्ने भारदारहरूले आफ्नो मानमर्दन र इन्द्रजितको अनावश्यक सम्मान भएको महसुस गरे । किन्तु राजाको अगाडि हँसिलो र रसिलो देखिनु जरुरी थियो ।

इन्द्रजितले आफ्नो मन्तव्य राख्दै भनेका थिए, 'शास्त्रमा भनिएको छ, जुन राजालाई धर्म, अर्थ र कामको सम्यक ज्ञान हुन्छ उनै पूज्य हुन्छन् । हामीले ती त्रिगुणले युक्त प्रतापी राजा पाएका छौं । राज्यमा जुन रैतीको भरणपोषण गर्ने कोही हुँदैन, उसको पालनपोषण गर्ने कर्तव्य राजाको हो । हाम्रा महाराजबाट यो शास्त्रोक्त वचनको पूर्णतः पालना भएको छ । हाम्रा महाराज न्याय गर्नमा यमराज र धन सञ्चयमा कुबेर समान हुनुहुन्छ । उहाँ युद्ध गर्नमा त्रिपुर संहारक महादेव, कूटनीतिमा वासुदेव कृष्ण र सत्य वचनमा धर्मराज युधिष्ठिर समान हुनुहुन्छ । उहाँ भाइ भारदारप्रति दया गर्नमा राजा दशरथ र ज्ञानमा विदेह राजा जनक समान हुनुहुन्छ । अब हामी रिब्दीकोट राजधानी भएको सानो राज्यका प्रजा होइनौं । आज हाम्रो पाल्पा हिमालय

पर्वतको काखमा अवस्थित सबैभन्दा उन्नत र समृद्ध राज्यमा परिणत भएको छ । हाम्रा महाराजको प्रतापले हाम्रो अजेय सेनाको अगाडि कान्तिपुर र ललितपुरका सेनाको भागाभाग भयो । हाम्रो सेना रातो मच्छिन्द्रनाथको जात्रामा निकालेको कालभैरवको मूर्ति झिकेर ल्याउन सफल भएको छ । अब हामीलाई भगवान ऋषिकेशवको असीम अनुकम्पाले शान्ति र समृद्धि एवं शत्रुसंहारक कालभैरवको प्रतापले सुरक्षा प्राप्त भइरहने छ ।'

सबै भारदार निस्केर गएपछि राजाले सुवर्णप्रभालाई एकान्तमा बोलाए । उनी राजाको अगाडि लज्जावती भएर उभिइरहिन् । सत्र वर्ष उमेर पूरा भएकी, इन्द्रजित सरदारका सुसारेहरूबाट पालित र पोषित अक्षतयोनी युवती । जसरी शकुन्तलालाई देखेर राजा दुष्यन्त कामोत्तेजनाले उन्मादी भएका थिए, त्यस्तै भए राजा मुकुन्द । उनले आफ्ना एक से एक चारजना रानीहरूको अनुहार, जिउडाल र हाउभाउ सम्झे । गुल्मेली पुष्पमाला, प्युठानी महिमावती, पार्कोटे मगर कुमारी सुवर्णमाला र स्थानीय मायावती कोही पनि सुवर्णप्रभाको टक्करका थिएनन् । राजाले एक एक गरेर आफ्ना अन्य भित्रिनीहरूलाई सम्झे । अहँ ! कोही पनि सुवर्णप्रभा समानका थिएनन् । सुवर्णप्रभा उभिइरहेकै थिइन् । राजाले आत्मीय शब्दमा भने 'बस न सुन्दरी ।' सुन्दरी ? सुवर्णप्रभाको अनुहार लज्जा र सङ्कोचले रक्ताम्य भयो । उनको हृदयमा राजाप्रति श्रद्धा मात्र होइन प्रेम पनि जागरण भयो । हृदय बेतहासा धड्किरहेको थियो । भरखरै तीस नाघेका राजामा पनि असीम प्रणयभाव पैदा भयो । दुई हृदयहरू एकले अर्कोलाई आह्वान गर्दै धड्किरहेका थिए । सुवर्णप्रभा लज्जानत हुँदै राजाको सामुन्नेमा टुसुक्क बसिन् । उनले मादक पलक उठाएर राजालाई पुलुक्क हेरिन् । राजा मधुर भावमा मुस्कुराइरहेका थिए । उनले सुवर्णप्रभाको हात समातेर चुमे । राजाले भनेका थिए , 'अहिले म राजकाजको काममा अत्यन्त व्यस्त छु । फुर्सद भएपछि तिमीलाई रानी बनाएर भित्र्याउनेछु । मेरो प्रतीक्षा गरिरहनू है सुन्दरी !' सुवर्णप्रभाले राजाले भनेको कुराबारे बाबुलाई केही पनि भनिनन् । बाबुले 'राजाले के भने ?' भनेर सोध्दा 'मलाई शनिबार नित्य सिरूपातेकी भगवतीको टीका प्रसाद ल्याइदिनू ।' भनेका छन् भनेर झूटो बोलिन् । उनको उद्देश्य मौका मिले टाढैबाट भए तापनि हप्तामा एक दिन राजाको दर्शन गर्ने थियो । अब उनलाई कुनै पुरुष पनि राम्रो लाग्न छाड्यो । पहिले बाबुलाई कुनै केटा मन परेन । अब छोरीलाई जति नै सुन्दर युवक पनि राम्रो लाग्न छाड्यो ।

राजा मुकुन्द सेन राजकाजमा व्यस्त हुँदै गए । राज्यको भूगोल विस्तृत हुँदै जाँदा कार्यव्यस्तता र झमेला पनि थपिँदै गयो । सुवर्णप्रभा राजा राजधानीमा भए पनि र नभए पनि सिरूपाते भगवतीको टीका र प्रसाद लिएर दरबारको नजिकै गइरहिन् । उनलाई कुनै हतार थिएन । कुनै गुनासो थिएन । कुनै पश्चात्ताप थिएन । आफ्नो प्रेम प्रसङ्गबारे कसैलाई सुनाउनुको पनि प्रयोजन थिएन । उनलाई उमेरसँगै सौन्दर्यमा खिया लाग्न थालेकोमा कुनै पर्वाह थिएन । शरीर भारी र असुन्दर हुँदै गएकोमा कुनै सिकायत थिएन । गोरो अनुहारमा चायाँ पर्यो । कतैबाट विवाहको प्रस्ताव पनि आउन छाड्यो । किन्तु सुवर्णप्रभालाई कुनै मतलब थिएन । उनले मनमनै राजालाई प्रेम गरिरहिन् र राजाले पनि प्रेम गर्छन् भनेर सोचिरहिन् । उनलाई विश्वास थियो, जुन दिन राजा राजकार्यको झमेलाबाट मुक्त हुनेछन्, सोही दिन रानी बनेर पाल्पा दरबारको कान्छा महारानीका लागि तयार गरिएको मादकतापूर्ण खोपीभित्र पस्नेछन् ।

शनिबारको दिन । सुवर्णप्रभा भगवतीको टीका र प्रसाद लिएर दरबारमा गएकी थिइन् । उनी यसै गरी प्रत्येक शनिबार टीका र प्रसाद लिएर आउन थालेको चौध वर्ष पूरा भयो । यसरी सात सय अट्ठाइस शनिबार बिते तर कहिल्यै राजाको दर्शन प्राप्त भएन । त्यो चौध वर्षमा उनले कम्तीमा एक हजारपल्ट काली गण्डकीमा स्नान र ऋषिकेशवको दर्शन गरिन् । दुई हजारपल्ट काल भैरवको दर्शन गरिन् । परन्तु उनले कहिल्यै पनि आफ्नो लागि केही मागिनन् । बरु सधैंभरि राजाको सुस्वास्थ्य र समृद्धिको कामना गरिरहिन् । त्यसैबिचमा सुवर्णप्रभाले पाल्पा दरबारको सानो चौर भन्ने ठाउँमा एउटा चिटिक्क परेको महल बन्दै गरेको देखिन् । त्यो निर्माणाधीन सानो भवन देखेर फेरि उनमा रोमाञ्च पैदा भयो । अत्यन्त सुखानुभूतिले गर्दा आँखाबाट आँसुका बलिन्द्र धारा झरे । उनले टाढैबाट केही मानिसहरू निर्माणाधीन भवनभित्र पसेको देखिन् । फेरि एक जना द्वारपाल चिच्यायो, 'प्रतापी राजा मुकुन्द सेनको जय !' राजाको सवारी भयो । सुवर्णप्रभा आफू जान पाउने सीमासम्म गएर राजालाई हेरिन् । राजाले भवन निर्माणको काम छिटो सक्न निर्देशन दिइरहेका थिए । सुवर्णप्रभाको शरीरका सम्पूर्ण रोमहरू पुलकित भएर ठाडा भए । उनले मनमनै सोचिन्, अवश्य पनि यो भवन उनकै लागि बन्दैछ । भित्र कतै प्रमाद छाए जस्तो भयो । शरीरमा सहसा उन्माद पैदा भए झैं महसुस भयो । मनमनै राजासँग प्रणयमा लीन भएको अनुभूतिले गर्दा उनी भुइँमा पछारिन पुगिन् ।

सरदार इन्द्रजित बस्नेतको इज्जत ठूलो थियो ।

धनधान्यको कुनै कमी थिएन । तर मनमा चयन थिएन । भित्रभित्रै जताततै 'बुढीकन्याको बाबु' भनेर कुरा काट्थे । उता छोरी भने आफैमा मगनमस्त । त्यसै समयमा हिन्दुस्तानमा मेवाड राजघरानाकी बुहारी मीरा विधवा भएर पनि सधवाको पहिरनमा आफूलाई कृष्ण कन्हैयामा सुम्पेर उनकै भजनमा निमग्न थिइन् । यता पाल्पामा राजा मुकुन्द सेनकी प्रिया सुवर्णप्रभा आफैले रचेका गीत गाउँदै एक्लै छमछमी नाच्थिन् । समय एउटै थियो, परिवेश फरक । प्रवृत्ति एउटै थियो पात्र फरक । उता मीराले स्थापित संस्कृतिका पर्खाल भत्काउँदै थिइन्, यता सुवर्णप्रभाले । छोरीको ताल देखेर बाबु हैरान हुन्थे । छोरीकै मुख हेरेर सारा जवानी एक्लै बिताए उनले । छोरीको विवाह गरिदिएर आफ्नो विवाह गर्ने योजना पनि त्यसै तुहेर गयो । आज इन्द्रजित सरदारलाई आफ्नै प्रतिष्ठा बोक्न नसक्ने भारी भयो । न कतै दु:ख देखाउने ठाउँ थियो न त कुनै मनको बह बिसाउने पात्र । उता छोरी भने प्रेमलहरी गाउनमै व्यस्त थिइन् । सधै निश्चिन्त, मदमस्त र प्रफुल्ल ।

छोरीलाई समयमै अन्माएर पठाउन नसक्ने लाछी पितालाई सहानुभूति प्रकट गर्ने कोही थिएन पाल्पामा । इन्द्रजित बेलाबेलामा मनुस्मृतिको 'कालेऽदाता पिता वाच्यो वाच्यश्चानुपयन्पतिः । मृते भर्तरि पुत्रस्तु वाच्यो मातुररक्षिता ।' उचित समयमा कन्यादान नगर्ने कन्याको पिता, रजोदर्शनपश्चातको ऋतुकालमा पत्नीसँग समागम नगर्ने पति र विधवा आमाको रक्षा र हेरचाह नगर्ने पुत्र पापी कहलिन्छन् भन्ने शास्त्रोक्त उक्ति सम्झेर मर्माहत हुन्थे सरदार इन्द्रजित । विरहका दुई आँसु देखाउने ठाउँ थिएन । लामो विधुर जीवनको पीडा पोख्ने पात्र थिएन । दुखेको दिलमा लगाउन शीतल मलम दिने कोही दाता थिएन । रुखो राजकीय जीवन औपचारिक समारोह, मानसम्मान र शासकीय प्रतिस्पर्धा एवं आपसी द्वन्द्वमै बित्दै थियो जिन्दगी ।

केही सीप नलागेपछि इन्द्रजितले श्रीमद्भागवत महापुराण सुन्ने विचार गरे । पण्डित रामकृष्णले भनेका थिए, 'श्रीमद्भागवत सुन्न चाहने व्यक्ति राज्यशक्तिको मदबाट मुक्त हुनुपर्छ । संसारी सुख, ईर्ष्या, द्वेष, प्रतिस्पर्धा र शासकीय कोलाहलबीच भागवत सुन्नुको कुनै अर्थ छैन । भागवत सुन्ने व्यक्ति नितान्त निष्काम र निश्चल हुनुपर्छ । मतिलाई स्थिर बनाउन नसक्ने व्यक्तिले भागवत सुन्नु भनेको भुस कुट्नु जस्तै हो । भागवत सुन्ने हो भने निष्काम भावले केवल प्रभुमा चित्त लगाएर सुन्नुहोस् ।' परन्तु सरदार इन्द्रजितले सकाम भावले भागवत सुने । भगवानसँग उनको एक मात्र पुकारा थियो, जसरी हुन्छ छोरीको पार लगाइदेऊ प्रभु ! इन्द्रजितको आँगन भागवतमय भयो । 'निगमकल्परोर्गलितं फलं शुकमुखादमृतद्रवसंयुतम् । पिबत भागवतं रसमालयं मुहुरहो रसिका भुवि भावुकाः ।'

'हे ईश्वर, हे करुणानिधान ! मेरो आवाज सुन्नुहोस् । मेरी छोरीको एक असल वरसँग विवाह हुने परिपन्च मिलाइदिनुहोस् ।' छोरीलाई बाबुले कुन प्रयोजनका लागि भागवत सुन्दै छन् भन्ने थाहा थियो । उनले भनेकी थिइन्, 'राजा मुकुन्द, भगवान ऋषिकेशव र कालभैरवले सुन्ने गरी चिच्याउनुहोस् र भन्नुहोस्, 'हे वासुदेव मेरी छोरीलाई पनि रुक्मिणीलाई जस्तै हरण गरेर लैजाऊ ।' इन्द्रजित छोरीको त्यो अनुशासनहीनता देखेर साह्रै दुखी र भयभीत भएका थिए ।

एक दिन सरदार इन्द्रजित पाल्पा दरबारका पण्डित रामकृष्ण उपाध्याय खनालको घरमा पुगे । दरबारमा सर्वाधिक सम्मान पाएका सरदारलाई आफ्नो घरमा पाउँदा पण्डित निकै खुसी भए । आज सरदारको अनुहारमा कुनै चमक थिएन । वाणीमा शासकीय गरिमा र ओज थिएन । शारीरिक अभिव्यक्तिमा सरदारी रौनकको सर्वथा अभाव देखिन्थ्यो । खनाल पण्डित (राजा मुकुन्द सेनको शब्दमा) ले सरदारलाई न्यानो स्वागत गर्दै भने, 'आज मेरो दैलो पवित्र भयो ।' विपद्को बेलामा सिंह पनि निन्याउरो हुन्छ । आज सरदार इन्द्रजित आफ्नो पीडा पोखेर हलुङ्गो हुन चाहन्थे । घडी दुई घडी नै किन नहोस् , सरदारी अभिमान र दर्पलाई बिर्सेर साधारण मनुष्य बन्न चाहन्थे । उनले भनेका थिए , 'पण्डितजी ! मलाई ज्ञान र गुनका कुरा सुनाउनुहोस् । मेरो बाँकी जीवन के गरे सहज बन्ला ? उपाय बताउनुहोस् ।'

पण्डित रामकृष्णले भने 'सरदारजी ! शान्ति, शान्ति, शान्ति ! पाल्पा राज्यमा धेरै अहङ्कार फैलियो । पाल्पाली राजा सज्जन, वीर र विद्वान हुन् । परन्तु दिग्विजयको अहङ्कार र सबै कुरा मेरो नियन्त्रणमा छ भन्ने सोचले गर्दा परिस्थिति विपरीत बन्दै गएको छ । तपाईं जस्ता गुप्तचरीमा निपुर्ण अधिकारी पनि राजकोपको भयले अघिल्लो समयमा जस्तो सच्चा प्रतिवेदन नदिएर के गरे राजा खुसी पार्न सकिएला भन्नेतर्फ लाग्नुभयो । ठाउँ ठाउँमा तैनाथी लिएर बसेका भाइ भारदार र राजाका छोराहरूले आआफ्ना थुम्कामा आधिपत्य जमाइसके । यहाँ म जस्तो ब्राह्मणको कुरो सुन्ने कोही छैन सरदारजी । भर्तृहरिको नीति शतकमा भनिएको छ, बोद्धारो मत्सरग्रस्ताः प्रभवः स्मयदूषिताः । अबोधोपहताश्चान्ये जीर्णमंगे सुभाषितम् । जो विद्वान् छन् , ती द्वेषले भरिपूर्ण छन् । जो धनवान् छन्, तिनलाई धनको अभिमान छ । बाँकी जति छन् , ती सबै अज्ञानी छन् । अतः विद्वतापूर्ण सुन्दर सारगर्भित विचार र उत्तम वचनहरू

जीर्ण भएर त्यसै खेर जान्छन् ।'

सरदार पण्डितले गरेको रहस्योद्घाटनबाट विस्मित भए । उनले बल्ल बुझे, उनले खटाएका गुप्तचरहरू त अर्कै भइसकेछन् । उनलाई घर परिवारको कारण विकट समस्यामा परेको कर्मचारीले राज्यको सच्चा सेवा गर्न सक्दैन भन्ने महसुस भयो । सरदारलाई आफ्नो पद , मान र इज्जतप्रति लज्जाबोध भयो । तथापि उनले सहज रहेको अभिनय गर्दै भने, 'म दरबारको होइन, घरबारको कुरा गर्न आएको हुँ गुरु । छोरीको कारण मेरो बिजोग भयो ।' सरदारका आँखा रसाइरहेका थिए । आज पाल्पा साम्राज्यको प्रमुख राजदरबार अधिकारी विवश भएर एउटा बाहुनको सामुन्नेमा आँखा भिजाउँदै थियो । पण्डितले मनमनै सोचे, छोराछोरीको कारण कस्ता कस्ता जब्बर मानिस पनि लाचार हुनुपर्छ यो जगतमा । अटेरी सन्तानले मनुष्यलाई जीवनभरि चिन्ता मात्र दिन्छ । भनिएको पनि छ, 'मूर्खश्चिरायुर्जातोऽपि तस्माज्जातमृतो वरः । मृतः स चाल्पदुःखाय यावज्जीवं जडो दहेत् ।'

पण्डित रामकृष्णले भने, 'छोरीको विवाह गरिदिनुहोस् सरदारजी ।

इन्द्रजित - सुरु सुरुमा मलाई कुनै केटो मन परेन । अलि ठूली भएपछि छोरीलाई कुनै केटो मन परेन । अझै पछि गएर विवाह नै गर्दिन भन्न थाली । झनै पछि गएर माग्ने आउन छाडे ।

पण्डित - मैले चिनेको एक जना युवक छ , केहरसिंह गोदार थापा । पाल्पाली फौजको बहादुर सिपाही हो । राज्य विस्तारको सिलसिलामा धेरै ठाउँमा गएर पराक्रम देखाएको वीर योद्धा हो । विवाह नै गर्दिन भनेर बसेको थियो । अहिले रहर गरिरहेको छ ।

इन्द्रजित - हजुर आफै गएर छोरीलाई सम्झाइदिनु पर्यो ।

पण्डित रामकृष्ण सरदारको घरमा गए । छोरी सुवर्णप्रभाले पण्डितलाई स्वागत गरेर तातो दूध र फलफूल खान दिइन् ।

पण्डित - छोरी सुवर्णप्रभा ! म तिम्रो विवाहको कुरा गर्न आएको हुँ । राम्रो वर खोजेको छु ।

इन्द्रजित - अब पण्डितजी नै लागेपछि राम्रो वर नपाइने त कुरै भएन नि ।

सुवर्णप्रभा - म विवाह गर्दिन ।

इन्द्रजित - किन ?

सुवर्णप्रभा - सबै किनको जवाफ हुँदैन बा ।

इन्द्रजित आफ्नै टाउकोमा मुड्की बजार्दै थचक्क बसे । हा ऋषिकेशव ! हा कालीगण्डकी माता ! हा कालभैरव ! मलाई कुन पापको दण्ड दिंदै छौ ?

सुवर्णप्रभा - यसमा हजुरको कुनै दोष छैन बा । म यसै खुसी छु ।

पण्डित - छोराछोरीको कर्म चलाइदिनु बाबुको कर्तव्य हो । नत्र पुत्र /पुत्री दण्डको भागी हुनुपर्छ ।

सुवर्णप्रभा - मेरो विवाह कि राजासँग हुन्छ कि कसैसँग हुँदैन ।

पण्डित - को राजा ?

सुवर्णप्रभा - पाल्पाली राजा मुकुन्द सेन ।

सरदार र पण्डितले मुखामुख गरे । पण्डितले भने , 'तिमी होसमा त छौ छोरी ? तिमी यो के भन्दैछौ ?'

सुवर्णप्रभा - म बहुलाएकी छैन । मेरो उमेर छिप्पिदै गएको कुरा मलाई थाहा छ । बालाई मेरो चिन्ताले खाइरहेको छ भन्ने कुरा पनि थाहा छ । किन्तु म विवश छु । म राजालाई प्रेम गर्छु र राजा मलाई प्रेम गर्छन् ।

पण्डित रामकृष्ण - राजासँग कतिपल्ट भेट भयो ?

सुवर्णप्रभा - पहिलोपल्ट दिग्विजय गरेर आउँदा र अर्कोपल्ट बालाई सम्मान गरेको दिन ।

पण्डित रामकृष्ण - राजाले तिमीजस्ता असंख्य युवतीलाई भेटे होलान् । राजाहरू लहडी हुन्छन् । उनीहरूले गुमाउनुपर्ने केही हुँदैन । राजाको प्रेम गण्डकीको छाल जस्तै हो सुवर्णप्रभा ! कहिले कुन किनारामाथि चढेर निथ्रुक्क भिजाउँछ । अनि फेरि अर्को किनारालाई प्रेम गरेको भ्रान्ति दिन्छ । राजा दुष्यन्तले शकुन्तलासँग प्रेम मात्र होइन, समागम समेत गरेका थिए । तर सहजै बिर्सिदिए । शकुन्तलासँग त प्रमाणको रूपमा औंठी थियो । के तिमीसँग राजाको प्रेमको केही प्रमाण छ ?

सुवर्णप्रभा - शकुन्तलाको त छोरो थियो । उनले छोरालाई बाबु चिनाइदिनु आवश्यक भएको हुँदा प्रमाणको महत्त्व थियो । मलाई किन चाहियो प्रमाण ? राजाले मेरो हात समातेर रानी बनाउने प्रण गर्दै चुमेका छन् । म ती हातमा अर्को पुरुषको चुम्बनको कसरी कल्पना गरूँ ? मलाई मेरो राजामा विश्वास छ । उनले मलाई बिर्सेका छैनन् ।

पण्डित रामकृष्णले सरदार इन्द्रजिततर्फ हेर्दै भने, 'यो छोरीको अन्तस्करणले राजालाई पतिको रूपमा वरण

गरिसकेको छ । अब कसैसँग विवाह गरिदिनु भनेको यिनका लागि दोस्रो विवाह सरह हुन्छ । यदि प्रेम साँचो रहेछ भने राजाले रानी बनाउलान् । अन्यथा पिताको सेवा गरेर बस्लिन् । अब चिन्ता गरेर केही हुनेवाला छैन काजी । सबै निर्णय समयले गर्नेछ ।'

एक दिनको कुरा हो । राजधानीमा राजा मुकुन्द सेनले भोलिपल्ट नै कुनै महत्त्वपूर्ण घोषणा गर्दैछन् भन्ने हल्ला चल्यो । सबैले आआफ्नो सुविधा अनुसार शाहीघोषणाबारे अनुमान गर्न थाले । सुवर्णप्रभाको अनुमानमा राजा उनीसँग विवाह गर्ने समारोहको तयारी गर्दै थिए । दरबारमा यत्रतत्र दौडादौड थियो । राजधानीका खस्यौली, ढ्याकुलडाँडा, ठूलो हटिया, सिलङ्गीथोक, खस्यौली, सिरुखर्क आदि टोलहरूमा सुरक्षार्थ सैनिकहरू खटिए । के हुँदै छ भन्ने कसैलाई थाहा थिएन, थियो त केवल उत्कण्ठा र जिज्ञासा मात्र । इन्द्रजित साँझ अबेरसम्म घर आएका थिएनन् । सुवर्णप्रभाले आफ्ना सारा लत्ताकपडा मिलाएर राखिन् । राजाको लागि भनेर बुनेका गलबन्दी, जुराफ र रुमालको छुट्टै पोको पारिन् । उनले बाहिर निस्केर सानीकाफ्लीको नेटोतर्फ हेरिन् । केही मानिसहरू चम्किलो दियालो बालेर उनको घरतर्फ आउँदै थिए । सुवर्णप्रभाको हृदयको स्पन्दन बढ्दै गयो । कतै राजा पो आउँदै छन् कि । उज्यालो जति नजिक आउँदै थियो, उनको शरीर पनि उति नै उन्मादी हुँदै थियो । अन्त्यमा आँगनै उज्यालो भयो । उनी लाजले बाहिर निस्कन पनि सकिनन् । अन्त्यमा एउटा परिचित आवाज आयो, सुवर्णप्रभा बाहिर आऊ । उनी बाहिर निस्किन् । एक जना सिपाहीले भन्यो, सरदारले राम्रोसँग ढोका बन्द गरेर सुत्न भन्नुभएको छ । सुवर्णप्रभा निराश भइन् ।

सुवर्णप्रभालाई रातभरि निद लागेन । आधा रातमा पारी वरडाँडातिर स्याल कराएको सुनियो । फेरि गाई करायो । उनले सुनेकी थिइन्, आधारातमा गाई कराउनु कुलक्षण हो । उनी ढोका उघारेर बाहिर आँगनमा निस्किन् । आकाश कालो बादलले ढाकिएको थियो । फेरि बतास चल्यो । उनले बतासको रङ्ग पनि कालै देखिन् । बिहानपख बल्ल निद्रा लागेछ । उनले सपनामा देखिन्, उनी रातो रेसमी पोशाक पहिरेर सिलङ्गीको रुखको बाटो पाल्पा दरबारको नवनिर्मित भवनतर्फ प्रस्थान गरिरहेकी थिइन् ।

सुवर्णप्रभा सबेरै नुहाइधुवाइ गरेर निस्किन् । हरियो केराको पातमा बसेर पिङ खेल्दै कौवा करायो,' का का का!' सुवर्णप्रभा साइत पर्यो भनेर मनमनै प्रफुल्ल भइन् । सिलङ्गीको चौपारीको ठूलो चउरमा मानिसहरू जम्मा भइसकेका थिए । माथिबाट राजाको सवारी हुँदै थियो । उनले हेरिन् , राजाको अनुहार झन दिव्य भएछ । फेरि शरीरमा रोमाञ्च पैदा भयो । राजा तल आइपुग्ने बित्तिकै उनी यन्त्रवत राजाको नजिकै गएर भनिन्, 'म सुवर्णप्रभा !' राजाले हतप्रभ जस्तो सुवर्णप्रभालाई हेरिरहे । राजाले अकस्मात भनेका थिए, 'ए हो त ! मैले त बिर्सेको । पहिल्यै सम्झाउनु पर्दैन ?'

राजाले तुरुन्त एउटा कागज लेख्न लगाए । सुवर्णप्रभा सर्वाङ्ग काँपिरहेकी थिइन् । फेरि राजा उनको नजिकै गए । राजाले भने, 'यो पैसाले आफ्नो खर्च चलाउनू । यो सुनको गहना पहिरेर बस्नू । यो कागजमा लेखिए बमोजिमको लघुवा फाँटको आयस्ता खानू र त्यहीँका रैतीको सेवा लिनू । म आज राजपाट त्याग गरेर आमरण तपस्या गर्न देवघाट तीर्थतर्फ जाँदैछु । अबदेखि मलाई राजा मुकुन्द सेन नभनेर मुनि भन्नू ।' उपस्थित सारा प्रजा रोए, तर सुवर्णप्रभा रोइनन् ।

राजा योगी भेषमा पूर्वतर्फ लागे । सुवर्णप्रभा दुलहीको भेषमा कालीगण्डकीतर्फ लागिन् । उनले रिडी पुगेर एउटा परिचित सिद्धलाई भेटिन् । सुवर्णप्रभाले सबै सुन, पैसा र राजाले दिएको कागज सिद्धबाबालाई दिदै भनिन्, 'बाबा ! मेरा पिता अवश्य मलाई खोज्दै आउनेछन् । यो सबै सामान उनैलाई दिनुहोला । अब सुवर्णप्रभालाई खोज्नु पर्दैन । छोरीको अस्याट लागे गण्डकीका छालहरूलाई हेर्नू भनेकी छ भनिदिनुहोला ।' सुवर्णप्रभा ऋषिकेशवको दर्शन गरेर कालीगण्डकीतर्फ लागिन् । गण्डकीमा अपूर्व छालहरू उठिरहेका थिए । कहिले यो किनारा त कहिले त्यो । कहिले यो ढुङ्गालाई नुहाइदिंदै त कहिले त्यो ढुङ्गालाई । सिद्धबाबाले गण्डकीतर्फ जाँदै गरेकी सुवर्णप्रभालाई हेरिरहे । उनी सहसा चिच्याए, 'ए राज मुकुन्द सेन ! एउटा उत्सर्ग प्रेमको मूल्य खेत, सुन र पैसा होइन । तपस्या गर्न जाने बखतमा पनि राजसी अभिमान ? हे यस जगतका अहङ्कारी धनाढ्यहरू हो ! पैसाले वासनापूर्ति गर्न सक्छौ , धनले यौन किन्न सक्छौ, वैभवले शरीर किन्न सक्छौ, परन्तु साँचो प्रेम किन्न सक्दैनौ ।' सिद्धले आफ्ना समकालीन सन्त कबीरको दोहा गाइरहे

बड़ा भया तो क्या भया, जैसे पेड़ खजूर ।

पंथी को छाया नहीं फल लागे अति दूर ।

### नेपालभाषा म्वाकेनु (माभासं खं ल्हायनु, मा भाषं च्वयेनु)

# भुयुचति हाःगु चाः



ज्ञानकाजी शाक्य

खँ पुलांगु जक मखु तस्सकं हे पुलांगु । जि अमेरीकाय २०२८ साले बनागुया खँ । कर्मचारी प्रशासन सम्बन्धी प्रशिक्षण कायेत खुला न्ह्यलाया लागि जित उब्ले सरकारं अमेरीकाय छ्वगु । जिगु प्रशिक्षण स्थल कनेक्टीकट राज्यया राजधानी हार्टफोर्ड । तर अन-ड-जब ट्रेनिंग (ज्या याना सयेकेगु) धका जित हार्टफोर्ड एटलान्टाय (Atlanta) वनेमाल लच्छिया लागि । एटलान्टाय रोवर्ट च्याथम व ग्लोरिया स्टारनेस थे ज्यापिं कर्मचारी पासापिनि सहयोगं वेस्टमिनिस्टर ड्राइभ (West minister Drive) धाथाय, जि बालं च्वं वया।

घरपतिया ना अन्ना हर्ज (Anna Hirsch) - जि उबले नीच्यादं (२८ वर्ष) क्योंम्ह खःसा अन्नाहर्ज पीन्यादं (४५ वर्ष) सिवे उप्वया उमेर खने दुम्ह, जर्मन मूल याम्ह अमेरीकन ।

छन्हु बालं च्वनायु १ हप्ता मदुबले हे जित सन्ध्याई छेंया दक्व ताचा प्वांय लल्हाना अन्नां घाल, " जि न्ह्यन्हुया लागि प्याहाँ वनेमाल। बालाक छें स्व न्हें! "जिला अक्क न बक्क । व च्वनिगु थाय धनाध्य मनुतय बस्ति खः । अकिं वया छें टी. भी. व मेमेगु वहुमुल्य सामानत जा दइगु हे जुल । भान्छाय् जक वहया देमा, बाच्चा, काँटाचम्चा, गिलास अले मेमेगु यक्व सामानत दु । थुलि मछि सामानतया जिम्मा जि थें जाम्ह बाँलाक म्ह मस्यूनिम्ह अजनवियात छु विश्वास ब्यूगु ज्वी ध्याथें जुल । अले व गजागु वस्ति धाःसा हाकुपिन्त सह मयाइगु थाय । उलिजक मखु इमित ला मनू हे गने मयाइगु जुया च्वन । जिन मनु ला हाकु हाकु हे धाम्ह । जि डेराय च्वं वयाबले रोवर्ट च्याथमयात छिमेकी छम्हेसिनं न्यो हे न्यन," मनू हाकुचा (Black) ला मखुला ? अथे खःसा थन इमित बाय मदु ।"

रोवर्टं घाल," मखु, मखु । मनू हाकुचा मखु, नेपालयाम्ह का।" थथे घाःसें लि व छिमेकीं छुं नमवा । जि च्वनागु छें याक छें धाःसांज्यू, छिमेकीत गाक्कं तापाः । छें छतजा (Ground floor), बेसमेन्ट (जमिनमा क्वय्या कोठा) छकु न दु । बेसमेन्ट गब्ले गब्ले जक ज्या ख्यले दुगु सामानत तया तगु खने दु। छतजा धका झीथाय थें अप्पां सिया तः गु कोठा मखु, ततफिगु ख्वातुगु शिशां (Glass) बारे याना तगु कोठा । दुने अथे हे ख्वातुगु पर्दा तया तगु जुया पिनं दुनेया छुंन खने मदु ।

अन्नायात "क! जिं छें छ्खां थुलिमछी सामानत दुगु गय याना जिम्मा काय फइ?" धका धाये न्ह्यो हे, " Bye Shakya | See you later ( का जि वन, लिपा नाप लाय)।" धका अन्ना थःगु कारे च्वना प्याहाँ वन । जि मू लुखाया ताचा तिना नयनि याना व दिन खुन्हु याउंक ध्यना ।

स्वन्छु लिया मुलुखाया ताचा चा:थें ताल। चान्हेया मामला । जि कोठां काचाक्क पिहाँ वयेगु हिम्मत न याये मफुत। अन्ना हर्ज ला खइ हे मखु,न्ह्यन्हु लिपा तिनि वये धाम्ह । पक्कां खुं दुहाँ वल । थन धाःसा न्याम्हेसिके न हतियार (बन्दुक / पिस्तोल) दइगु थाय् । जि हतियार चले न याये मसम्ह, हतियार न मदुम्ह। गय याये क्या ? कोठाँ पिहां वया खुं ज्वं वने धाःसा व हे अखतं जित सिधयका विइ। कोठाया लुखाय न्हायपं दिइका खुंया गतिविधि न्यनेगु हे वेश ताल। पिने ला धुकुधुकु हे सः वयेक मनू जुगु तायदत । का! का! भान्छा कोठाया खापा न चायेक थें च्वं । बैठक कोठाया टी.भी. व मेमेगु सामानत ल्ह्यया यंकिगु जुल । आ छु याये ? जिगु कोठाय फोन ला दु । पुलिसयात फोन याये मालि । तर जिगु सः तायवं खुं तयसं जित बाकि तइला? जिमु गप ज्वना थाथा मथा मयाइला जित ? अहो! क्या मखुगु फसादे लात। अन्ना हर्जया सम्पत्ति खुया यंकल घाःसा जिं छु यायेगु, छु धायेगु ? विचा: यायां हे जिगु म्ह छम्हं भुयुयति हाल । थपायसकं ग्याफरा थःत जिं गुब्लें हे मताः । विदेशे वया थ्व जिं छु भुगते याये मागु ? हानं थनया अफिसे खँ ज्वीवले थनया हाकुचात साप हे ग्यानापु, थुमिसं लुटमार याइगु, ख्वीगु ज्या याइगु धका जित न्यंका च्वंगु जुया खः न खः छें हाकुचात दुहाँ वल, थुपि नाम जिगु छुं जोर चले मज्वीगु जुल धका जिगु मन हे गोलमान जुल । गुहार, गुहार धका मनुतयके मदत फ्वनेत छैं न तातापाः । जि चिनम्ह खाः थें जुल।

१५, २० मिनट लिपा हाः सः मन्त । खुंतला प्याहाँ वन ज्वी धैगु मति तथा विस्तारं कोठाया लुखा चायका थुके उखे पालापुलु स्वया। जि प्याहां वया। प्याहाँ वये साथ हे बैठक

कोठा दु। बैठके दकले न्हापा टी. भी. दुला मदु धका स्वया, दु । बैठकया छुं न सामान यंका तगु मदु । जिगु मतिइ गज्यापिं खुंत खनि थजागु सामानत मयंकुगु, पक्का भान्छाया वहया सामानत यंकल ज्वी धका भान्छा कोठाया ताचा चायका। थलवल छुंन थिया तगु मदु, वहया सामानत न जिं न्हापा गथे खना अथे हे दु ।

क्या गजब ! बेसमेन्ट जक थुपिं सुला च्वन ला? जि तिसकं बेसमेन्टे क्वाहाँ वना, मत च्याका। थन ला झन् छु हे याना तगु मदु । थ्व छु जूगु ? मनुत ला थन धात्थें हे दुहां वगु खः । मू लुखा स्ववना । व न तालं ग्वया तल ।

आ: जित निश्चित रूपं शंका जुल अन्ना हर्जया कोठाय हे थुपिं सुला च्वन । वया कोठा चायेके ला मचायेके - जितस्सकं अन्तरद्वन्दे लात। चायेके थुपि जि माथि जाइ लागे जूसा (जित हे दा वसा) जिं छु याये फइ ? " तर छें छखां स्वया न थिपि मखसेंलि थन दुने हे दइ । यग्गु थ:जु कोठाया खापा च्याका हे स्वये ।" थथे मति तथा जिं व कोठाया ताचा च्याका। धत्तेरी का! कोठाया दृश्य खना जिगु मिखाला इतिमिति हे कन छ्पु सिलखे दुने अन्नाहर्ज छम्ह बाइयों वम्ह मिजनाप ध्यना च्वंगु ।

"I am sorry (जित क्षमा या:।)" धका जि खापा तिइत सनाबले अन्नां धाल, Shakya ! I am sorry not to inform you about my early returning. (शाक्य ! न्ह्याव हे लिहां वये धका छन्त घाय मफुत । माफी फ्वने।) "

'थुइक्क नक्कचरी' भात त्वता मेम्ह ल्यव कायत गथे मछा मजूगु धका जित धायेमास्ते वगु खः । अन्ना: भात त्वता च्वंगु स्यू, ल्यायम्हम्ह काय व ल्यासेन्ह म्ह्याय होस्टले च्वना ब्वना च्वन धका न स्यू । थ्व वम्ह मिज हे वया मिजं ला धका मति वया जिं, "It's alright (न्ह्याग्गुसां म्वाल)" धका थ:गु कोठाय दुहाँ वया । भुयु चति हा:गु शरीर जिगु ठण्डा जुल । छ्खेंला जित न्हिले न मास्ते वल - छु सोचे यानागु छु खना क्या !

कन्हे खुन्हु जिं ब्रेकफास्ट याना च्वनावले अन्ना भान्छाय वया धाल, "म्ह्य जिं ब्वायफ्रेन्ड (Boyfriend) ब्वना हयागु । थौं व त्यल्लं वन । चान्हे छन्त डिस्टर्व जुगुलिं सरी (Sorry) - न्हा !"

सिधल |

(भुयु चति हा:गु चाः = पसिनाले निथ्रुक्कै भिजेको रात)

२०७९ श्रावण २५,२६



# हुलाक टिकटमा पाल्पा र पाल्पाली व्यक्तित्व



नवीन गोविन्द श्रेष्ठ

हुलाक वस्तुमा लाग्ने हुलाक महसुल वा अरु कुनै दस्तुर वा रकम असुल गर्न सरकारले प्रचलनमा ल्याएको टिकटलाई नै हुलाक टिकट भनिन्छ । हुलाक टिकटमा राष्ट्रको सांस्कृतिक, प्राकृतिक, राजनैतिक, भौगोलिक, आर्थिक तथा ऐतिहासिक विषयवस्तुहरू चित्रण हुने भएकोले यसलाई देश चिनाउने सानो राजदूत ( Tiny Ambassador) पनि भनिन्छ ।

संसारको पहिलो हुलाक टिकट सन् १८४० मे १ तारिखका दिन बेलायतमा महारानी भिक्टोरियाको १८ वर्षको चित्र अंकित १ पेनी मूल्यको टिकट प्रकाशित भएको करिव ४१ वर्ष पछि राजा सुरेन्द्र वीर विक्रम शाह देवको पालामा सन् १८८१ अप्रिल (वि. सं. १९३८ वैशाख) देखि नेपालमा यसको प्रचलन शुरू गरिएको हो । पहिलो पटक प्रकाशित एक आना, दुई आना र चार आनाका टिकटहरूमा राष्ट्रिय हतियार खुकुरी (जोर खुकुरी) माथि श्रीपेच अंकित गरेको पाइन्छ । नेपालले हुलाक टिकटको आफ्नो १४० वर्षको इतिहासमा १३३० भन्दा बढी हुलाक टिकट प्रकाशनमा ल्याई सकेको छ । शुरुका वर्षमा प्रकाशन गरिएका अधिकांश टिकटहरू राजपरिवार सम्बन्धित भएता पनि पछिल्लो समय धार्मिक तथा पर्यटक स्थल, सांस्कृतिक तथा व्यक्तित्वले बढी स्थान प्राप्त गरेका छन् । यसरी देशका अधिकांश जिल्लाका प्रख्यात स्थान तथा विषयहरूले नेपाली हुलाक टिकटमा आफ्नो नाम राख्न सफल भएको छ र पाल्पा जिल्ला पनि यसबाट अछुतो रहने कुरै भएन । हालसम्म पाल्पा जिल्लाका तीन धार्मिक स्थल, एक ऐतिहासिक स्थल तथा दुई व्यक्तित्व गरी जम्मा ६ वटा हुलाक टिकटमा पाल्पा जिल्लाले आफ्नो उपस्थिति जनाउन सकेको छ । यी ६ हुलाक टिकट प्रकाशनका दिन प्रथम दिवसीय आवरणहरू पनि प्रकाशित गरिएका छन् जसका साथ टिकटको परिचयात्मक साहित्य तथा प्राविधिक विवरण पनि संलग्न रहेको हुन्छ । टिकटमा प्रकाशनको पहिलो दिनको टाँचा लगाइएको आवरण (खाम) लाई प्रथम दिवसीय आवरण



हालसम्म प्रकाशित तानसेन पाल्पा सम्बन्धी हुलाक टिकटहरू

भनिन्छ ।

पाल्पा तानसेनमा जन्मेका महास्थविर भिक्षु अमृतानन्दको मुहार चित्र अंकित रू. पाँचको संस्मरणात्मक हुलाक टिकट वि. सं. २०६७ मङ्सिर २१ गते (07/12/2010) प्रकाशनमा आएपछि पाल्पा जिल्लाले विधिवत् रूपमा पहिलो पटक नेपाली हुलाक टिकटमा आफ्नो नाम राख्न शुरु गर्‍यो ।

## महास्थविर भिक्षु अमृतानन्द
**(वि सं १९७५ - २०४७)**

नेपालमा स्थविरवाद बुध्दधर्म पुनर्स्थान गर्नमा अग्रणी भूमिका निभाएका स्व. भिक्षु अमृतानन्द महास्थविरको जन्म १९७५ सालमा लुम्बिनी अञ्चलको पाल्पा, तानसेनस्थित भिमसेन टोलमा भएको थियो। पिता हिराकाजी शाक्य र माता टीकामाया शाक्यका ज्येष्ठ सुपुत्र भिक्षु अमृतानन्दको बाल्यकालको नाम लालकाजी शाक्य थियो। १० वर्षको कलिलो उमेरमा नै मातापिता गुमाएका स्व भिक्षु अमृतानन्दमा बाल्य अवस्थादेखि नै विरक्त भाव आएको थियो ।

सानै उमेरदेखि वैराग्य जीवन व्यतित गरिरहेको उनको अवस्थालाई दृष्टिगत गरी काका मोतीकाजी शाक्यले वि.सं. १९९२ मा हरिमायासित उनको विवाह गरिदिएका थिए। वैवाहिक जीवनमा पनि उनको स्वभावमा कुनै परिवर्तन नआएपछि सन् १९३६ मा उनी चन्द्रमणि महास्थविरको आचार्यत्वमा उनी बौध्दधर्ममा प्रव्रजित (दीक्षित) भएका थिए। बौध्दधर्ममा प्रव्रजित भएपछि उनले आजीवन बौध्दधर्मको माध्यमबाट नेपाली समाजमा शिक्षा, स्वास्थ्य, धर्म र संस्कृतिको क्षेत्रमा महत्त्वपूर्ण योगदान दिएका थिए / तत्कालीन राणा शासक जुध्द शमशेरले नेपालका बौध्द भिक्षुहरूलाई देश निकाला गरेपछि निस्काशित भिक्षुहरूलाई स्वदेश फर्काउनुमा उनले उल्लेख्य प्रयास गरेका थिए । उनकै योगदान र समन्वयमा राजा त्रिभुवनले बौध्द भिक्षुहरूलाई उच्च महत्त्व दिएका थिए । सं १९५६ मा नेपालमा चतुर्थ विश्व बौध्द सम्मेलन सम्पन्न गर्नमा उनले उल्लेख्य भूमिका निर्वाह गरेका थिए। उनले सं १९५२ मा आनन्दकुटी विध्यापीठ नामक स्कुलको स्थापना गरेका थिए। उनले बुध्दकालीन ब्राम्हण-३ भाग, गृहस्थीहरू - ३ भाग, ब्रम्हादिदेव - ३ भाग, प्रेतकथा लगायतका विविध ग्रन्थहरूको रचना गरेका थिए । बौध्दधर्मको प्रचार-प्रसार गर्ने क्रममा चीन, रुस, मंगोलिया, अष्ट्रेलिया, जर्मनी, इजिप्ट, श्रीलंका आदि मुलुकहरूमा उनले भ्रमण गरेका थिए ।

नेपाललाई विश्वमा चिनाउन उल्लेख्य योगदान दिएका स्व भिक्षु अमृतानन्द नेपाल शासन सोभष श्री धर्मरक्षित वंशालकार सं १९५५ , गार्डेन सं १९५६, गोरखा दक्षिणवाहु सं १९६८, साहित्य चक्रवर्ती सं १९७६, विध्यावारिधि सं १९७९ र त्रिपिटक विशारद शासन जोतक सं १९८४ बाट विभूषित भएका उहाँको २०४७ सालमा देहावसान भएको थियो ।

स्व भिक्षु अमृतानन्दको व्यक्तित्व, कृत्रित्व र धार्मिक योगदानको उच्च सम्मान गर्दै हुलाक सेवा विभागले उनको मुहार चित्र अंकित गरिएको संस्मरणात्मक हुलाक टिकट प्रकाशनमा ल्याएको छ ।




प्रथम दिवसीय आवरण

## हृषिकेश शाह मानव अधिकारवादी
## (वि. सं. १९८२-२०५९)

तानसेनमा जन्मेका मानव अधिकारवादी हृषिकेश शाहको मुहार अंकित रु. ५ को हुलाक टिकट २०६८/०८/२३ गते (09/12/2011) प्रकाशित गरिएको थियो ।

मानव अधिकारवादी हृषिकेश शाहको जन्म वि. सं. १९८२ जेठ ३ गते पाल्पा जिल्लाको तानसेनमा स्याङ्जा जिल्ला भिरकोटका राजा तारक बहादुर शाह र रानी दिव्यश्वरी राणाको सुपुत्रको रूपमा भएको थियो । उनले वि. सं. २००२ मा पटना विश्वविध्यालयबाट अंग्रेजी साहित्य र वि. सं. २०१० मा इलाहाबाद विश्वविध्यालयबाट राजनीति शास्त्रमा स्नातकोत्तर गरेका थिए ।

बहुआयामिक व्यक्तित्वका धनी हृषिकेश शाहले अध्यापन, राजनीति, र राजनीतिक नियुक्तिका उच्च प्रशासनिक पदमा रही कार्य गर्नुका साथै जीवनको पछिल्लो कालखण्डमा सक्रिय मानव अधिकारकर्मीका रूपमा आफूलाई स्थापित गरेका थिए । उनले वि.सं. २००२ देखि २००५ सालसम्म त्रिचन्द्र कलेजमा नेपाली र अंग्रेजी विषयमा अध्यापन गरेका थिए । वि.सं. २००५ सालमा नेपाल प्रजातन्त्र काँग्रेसको संस्थापक बनेका उनी २००९ देखि २०१२ सालसम्म नेपाली काँग्रेसको महामन्त्री भएका थिए । वि. सं. २०१२ देखि २०१७ सालसम्म संयुक्त राष्ट्र संघका लागि नेपालको स्थायी प्रतिनिधि हुनुका साथै पछि गएर संयुक्त राज्य अमेरिकाका लागि नेपाली राजदुत भएका थिए । उनले संयुक्त राष्ट्रसंघको पहिलो, दोस्रो, तेस्रो र चौथो आपतकालीन विशेष सत्र र सन् १९५८ मा भूपरिवेष्ठित देशहरूको अनौपचारिक सम्मेलनका साथै Law of Sea विषय बारेको U.N. सम्मेलनमा नेपाली प्रतिनिधि मण्डलको नेतृत्वको भूमिका निर्वाह गरेका थिए ।उनी सन् १९६१ मा UN महासचिव Dag Hammerskjoeld को निधन पश्चात् उक्त विषयमा महासभाबाट गठित छानबिन आयोगको निर्वाचित अध्यक्ष भएका थिए । त्यस्तै गरी उनी नेपालको विदेशमन्त्री, राजपरिषदको अध्यक्ष, सं १९७१ मा "JNU" नयाँ दिल्ली (भारत) मा आगन्तुक प्राध्यापक, सन् १९७२ मा क्यालिफोर्निया विश्वविध्यालयमा प्राध्यापन, १९७८ मा एमनेष्टि इण्टरनेशनल, नेपाल शाखाको सभापति हुनुका साथै सं १९८८ मा नेपाल मानव अधिकार संगठनको संस्थापक अध्यक्ष भएका थिए । उनी वि. सं. २०४६ सालको जनआन्दोलनमा प्रजातन्त्रको पक्षमा अन्तर्राष्ट्रिय समर्थन जुटाउन क्रियाशील रहेका थिए । उनले युरोप, रुस, दक्षिण कोरिया, भारत, जापान लगायत थुप्रै अफ्रीकी राष्ट्रहरूको भ्रमण गरेका थिए ।

स्व.हृषिकेश शाहको नाममा नेपाल र विश्व १९५४,नेपालका नायक र निर्माताहरू १९६५, नेपाली राजनीति सम्भावना र अवलोकन १९७५, नेपाल परिचय १९७६, आधुनिक नेपाल १९७९, पार्टीविहिन राजतन्त्र १९९२ लगायतका विविध पुस्तक तथा लेख रचनाहरू प्रकाशित छन् । मानव अधिकारवादी एवं अन्तर्राष्ट्रिय स्तरका विद्वत व्यक्तित्व हृषिकेश शाहको निधन वि. सं. २०५९ सालमा भएको थियो ।

मानव अधिकारवादी हृषिकेश शाहले राष्ट्र सेवामा गरेको अतुलनीय योगदानको कदर स्वरूप हुलाक सेवा विभागले उनको मुहार चित्र अंकित संस्मरनात्मक हुलाक टिकट प्रकाशनमा ल्याएको छ ।




प्रथम दिवसीय आवरण

## भगवती मन्दिर तानसेन, पाल्पा

वि सं २०६८ पुष १६ गते (31/12/2011) तानसेन पाल्पा स्थित भगवती मन्दिर अंकित रु २ को हुलाक टिकट प्रकाशित भएको थियो /

भगवती मन्दिर तत्कालीन पाल्पा राज्यका गभर्नर उजिर सिंह थापाबाट सं १८१५ मा ब्रिटिस इण्डिया फौजमाथि विजय प्राप्त गरेको सम्झना स्वरूप भगवती मन्दिरको पुनः निर्माण गरेको भनी उल्लेख भएको पाइन्छ । कलात्मक र पगौडा शैलीमा निर्मित यो मन्दिर सहरको बीच मुटुमा अवस्थित छ । मन्दिरको बनावट सानो भएतापनि यसले धार्मिक एवं पुरातात्त्विक महत्त्व बोकेको छ । प्रत्येक भाद्रकृष्ण नवमीमा सुरू हुने धार्मिक मेलामा विभिन्न देवी-देवताहरू मन्दिरमा प्रवेश गर्ने र मध्ये सहर हुँदै बाहिरिन्छन् भन्ने किंवदन्ती रहेको छ ।



प्रथम दिवसीय आवरण

## हृषिकेश मन्दिर, रिडी पाल्पा

२०७१ असोज २३ गते (09/10/2014) हृषिकेश मन्दिर अंकित रु. ५ को हुलाक टिकट प्रकाशित भएको थियो ।

हृषिकेश भगवान्को मन्दिर नेपालका प्रसिध्द चार धाममध्ये एक रूरू क्षेत्र धाम (रिडी क्षेत्र) मा रहेको छ । भगवान् विष्णुका शालीग्रामी अवतार हृषिकेशको मूर्ति यस क्षेत्रमा स्वयम् उत्पत्ति भएको पौराणिक कथन रहेको छ । यस रूरू क्षेत्रमा परम योगी देवदत्त ऋषिले कठोर तपस्या गर्नुभएका कारण स्वर्गका राजा इन्द्रको आशन डगमगायो । त्यसबाट इन्द्रको राजपाठमै खल्बली हुने अवस्था आएपछि इन्द्रले देवदत्त ऋषिको तपस्या भंग गराउन अति सुन्दरी परमलोचा अप्सरा तपस्यास्थल पठाए । ती अप्सराले ऋषि देवदत्तको तपस्या भँग गराइन र ऋषिबाट गर्भिणी भएकी अप्सराले एक कन्याको जन्म दिइन् । ती कन्या रूरू मृगबाट पालित भएकाले उनको नाम पनि रूरू नै रहन गयो ।

ती कन्याले भगवान् विष्णुको कठोर तपस्या गरिन् । सो तपस्याबाट खुसी हुनुभएका भगवान् विष्णुले वैकुण्ठ लोकबाट आई कन्यालाई साक्षात दर्शन दिनुभयो । यसरी आफ़ना सामु साक्षात हुनुभएका विष्णुलाई शालीग्रामी रूपमा यसै क्षेत्रमा विराजमान गराई मानवजातिको कल्याण गर्ने सदिक्षा रूरू कन्याले राखिन् । रूरू कन्याको सोही सदीक्षालाई पूरा गराउन भगवान् विष्णुले आफ़नो शालीग्रामी स्वरूपलाई प्रकट गराई यो स्थानमा रहनुभएको जनविश्वास रही आएको छ । तपस्याका कारण शिथिल बनेका रूरू कन्याका इन्द्रियहरूलाई आफ़नो स्पर्शले सक्रिय बनाएका कारण भगवानको नाम हृषिकेश रहन गएको कुरा बराह पुराणमा विशेष रूपमा उल्लेख छ ।

ऐतिहासिक आधारमा हेर्दा सेनवंशी राजा मणिमुकुन्द सेन कालीगण्डकी नदीमा स्नान गर्न जाँदा उक्त मूर्तिसँग ठोकिएको र राजालाई स्वप्नमा उक्त मूर्तिको दर्शनसमेत भएकोले उनले भगवान् हृषिकेशलाई त्यसै स्थानमा स्थापना गर्न निर्देशन दिए । सो निर्देशन अनुसार वि. सं. १६१५ मा हृषिकेश भगवानको मन्दिर यस रूरू क्षेत्रमा स्थापना गरी दैनिक र पर्वपूजाका लागि गुठीको समेत बन्दोबस्त गरिएको थियो । यो ऐतिहासिक र पौराणिक तथ्यले भगवान् हृषिकेशको मूर्ति भएको यो धाम संसारभरका हिन्दु धर्मावलम्बीहरूको पवित्र तीर्थस्थलको रूपमा रहेको छ । यसलाई संसारभरका हिन्दुहरूको पर्यटन स्थलका रूपमा विकास गर्न सकिन्छ ।




प्रथम दिवसीय आवरण

## रानी महल, पाल्पा



प्रथम दिवसीय आवरण

२०७२ श्रावण २६ गते (11/08/2015) ऐतिहासिक स्थल रानीमहल अंकित रु. २५ को हुलाक टिकट प्रकाशित भएको थियो ।

रानी महल राणाक़ालीन इतिहासको कालखण्डमा विकास भएको वास्तुकला, प्रविधि, भूपरिदृष्यको अनुपम नमूना बोकेर पाल्पा जिल्लाको बौघागुम्बा गा. वि.स. वडा नं २ रानीघाटमा रहेको छ । कालीगण्डकीको किनारामा अवस्थित रानी महल वि. सं. १९५४ मा तत्कालीन पश्चिमाञ्चल गौडाका कमाण्डर इन चीफ़ खड्ग शमशेरले आफ्नी रानी तेजकुमारीको स्वर्गारोहण पश्चात् उनको स्मृतिमा बेलायतबाट इन्जिनियर झिकाई निर्माण गरेका थिए । राणाक़ालीन neo-classical वास्तुशैलीबाट प्रभावित यो महल र महलको आसपासमा रहेका संरचनाहरू राष्ट्रकै एउटा महत्त्वपूर्ण स्थलका रूपमा परिचित रहेका छन् । कालीगण्डकी नदीको किनाराबाट पश्चिमतर्फ तह तह गरेर बनेका सिंढी चढ्दै मूल दरबारमा पुग्न सकिन्छ र सिंढीको दाँया बाँया विभिन्न तहमा बुर्जाहरू र समथर छाना भएको विभिन्न आकृतिहरूले सुसज्जित कोठासहितका भवनहरू रहेका छन । ती कोठाहरू कतिपय घोड़ा तबेलाको रूपमा प्रयोग गर्न तथा कतिपय नोकर चाकरहरूको बसोवासको लागि बनाइएको पाइन्छ । कतिपय कोठाहरू अर्ध गोलाकार छन् । मूल दरबारको मुख्य प्रवेशद्वार रहेको भाग अलिकति बाहिर निस्केको खुल्ला बरण्डाको रूपमा रहेको छ भने उत्तर दक्षिणतर्फ सानो खुल्ला बरण्डाहरू रहेका छन् । लामो लामो झ्याल र ढोका रहेको यस दरबारमा चारपाखे भिरालो जस्ताको छाना रहेको छ । यस दरबारको उत्तर पूर्व कालीगण्डकी किनारसँगै शिवलिंगसहितको मन्दिरसमेत रहेको छ । जुन कालीगण्डकीको भेलले गर्दा जीर्ण हुँदै गएको पाइन्छ । यस क्षेत्रको संरक्षण, सुव्यवस्थापन तथा आवश्यक पूर्वाधारहरू तयार गरी राष्ट्रिय तथा अन्तरराष्ट्रिय स्तरमा प्रचार प्रसार गर्न सकेमा आन्तरिक एवं बाह्य पर्यटनका थप संभाव्य स्थलको लागि आकर्षण बन्न सक्ने संभावना देखिन्छ । यो महललाई नेपालको ताजमहलको रूपमा लिइन्छ ।

## पाल्पा भैरव

२०७४ श्रावण २६ गते (10/08/2017) तानसेन भैरव अंकित रु. ५ को हुलाक टिकट प्रकाशित भएको थियो ।

पाल्पा जिल्लाको सदरमुक़ाम तानसेनबाट ९ कि. मि. उत्तर पश्चिम डाँडामा पर्ने भैरवको मन्दिर पाल्पाकै प्रमुख धार्मिक स्थल हो । काठमाडौंको कालभैरवको जस्तै डर लाग्दो स्वरूपको भैरवको मूर्ति रहेको छ यस मन्दिरमा । डरलाग्दो स्वरूपकै कारण सर्वसाधारणलाई प्रत्यक्ष रूपमा मूर्तिको दर्शन गर्न दिइदैन । पुजारीले पूजा गर्दा समेत पर्दा पछाड़िबाट गर्ने प्रचलन रहेको छ । एशियाकै ठूलो मानिने त्रिशूल यहाँको अर्को आकर्षण हो ।

शनिबार तथा मङ्गलबार भैरवको दर्शन गर्न भक्तजनको घुइँचो लाग्दछ । चामलको रोटी तथा बली दिएर भक्तजनले भैरवप्रति श्रध्दा व्यक्त गर्दछन् ।

प्राकृतिक सुन्दरताको अवलोकनका लागि समेत यस क्षेत्र परिचित छ । धौलागिरी, अन्नपूर्ण तथा माछापूछ्रे जस्ता हिमालहरू यहाँबाट प्रष्ट देखिन्छन् ।



प्रथम दिवसीय आवरण

## प्राविधिक विवरण

| Subject | Bhikkchu Amritananda | Hrishikesh Shah | Bhagawati Temple, Tansen | Rishikesh Temple, Ridi, Palpa | Ranimahal, Palpa | Palpa Bhairabh |
|---|---|---|---|---|---|---|
| Denomination | Rs. 5 | Rs. 5 | Rs. 10 | Rs. 5 | Rs. 25 | Rs. 2 |
| Color | 4 Colors with Phosphor Print | 4 colors with Phosphor Print | 4 colors with Phosphor | 5 colors with phosphor print | 5 colors with phosphor print | 5 colors with phosphor print |
| Sheet Composition / each sheet | 50 stamps | 50 stamps | 20 stamps | 40 stamps | 20 stamps | 40 stamps |
| Size in mm | 31.5 X 42.5 | 42.5 X 31.5 | 42.5 X 31.5 | 42.5 X 31.5 | 42.5 X 31.5 | 45 X 35 |
| Process | Offset Lithography | Offset Lithography | Offset Lithography | Offset Lithography | Offset Lithography / Photogravure | Offset Lithography / Photogravure |
| Quantity | 0.5 million | 0.5 million | 2 million | 1 million | 0.5 million | 0.5 million |
| Format | Horizontal | Vertical | Horizontal | Horizontal | Horizontal | Vertical |
| Paper | Security Stamp Paper with Fibre | Security Stamp Paper with Fibre | 102 gsm & security stamp paper with Silk Threaded Fibre | Security Stamps Paper with special gumming | Security Stamps Paper with special gumming | Security Stamps Paper with special gumming |
| Designer | Mohan N. Rana | Mohan N. Rana | Mohan N. Rana | Purna Kala Limbu Bista | Purna Kala Limbu Bista | Purna Kala Limbu |
| Printer | Cartor Security | SIA Baltijas Banknote / Latvia | SIA Baltijias Banknote Latvia | Gopsons Printers Pvt. Ltd / Noida, India | Joh Enschede Stamps B.V., The Netherlands | Perum Peruri, Indonesia |
| Issue Year (AD) | 2010 | 2011 | 2011 | 2014 | 2015 | 2017 |

अन्त्यमा धार्मिक तथा पर्यटकीय स्थलको धनी भएको नाताले पाल्पा जिल्लाले भविष्यमा हुलाक टिकटमा थप स्थान पाउने आशा गर्न सकिन्छ ।

स्रोत: विवरण तथा प्राविधिक विवरण नेपाल फिलाटेलिक ब्यूरो

# नेतृत्व तहमा महिलाको निरन्तरता



**उषा मल्ल सिंह**
कार्यसमिति सदस्य, तानसेन गुठी
लाईफ कोच, उत्प्रेरक, नेतृत्व विकास प्रशिक्षक NILD

### नेतृत्व तहमा महिला किन ?

'२१सौं सताब्दी महिलाहरूको सताब्दी' भनेर आध्यात्मिक गुरु ओसो रजनीसले भन्नुभएको थियो । अहिलेको अवस्थालाई हेर्ने हो भने विभिन्न देशहरूको इतिहासले पनि स्पष्ट पारेका छन् । जस्तै युरोपको एउटा राष्ट्र फिनलैन्डमा १०३ वर्षसम्मको संघर्षमय जीवनपछि आज राजनीतिलगायत अधिकांश निकायहरूमा महिलाहरूले नेतृत्व लिरहेका पाइन्छन् । त्यहाँ विकासको आधारमा, लैंगिक समानताको आधारमा पनि निकै विकसित भएको देखिन्छ । नेपालको इतिहासलाई हेर्ने हो भने महिलाहरूले सामाजिक, शैक्षिक, आर्थिक तथा अन्य क्षेत्रहरू लगायत राजनीतिक क्षेत्रमा पनि उत्तिकै ठूलो योगदान दिएका पाइन्छन् । म जन्मिएको थलो मेरो प्यारो तानसेनको कुरा गर्ने हो भने पनि हाम्रा अग्रज समाजसेवी आदरणीय दिदी शोभा शाक्यज्यूले २०२७ सालमा संस्थापक सदस्यकै रूपमा रेडक्रसमा प्रवेश गरी सामाजिक स्वास्थ्य क्षेत्रमा उत्तिकै प्रशंसनीय भूमिका निर्वाह गर्नुभएको थियो । यति मात्र काहाँ हो र नेपाल क्षयरोग संघ पाल्पाकी संस्थापक अध्यक्षको रूपमा रही नेतृत्व लिन सफल भएकी, ती साहसिक महिला प्रजानन्त्र हाम्रो नैसर्गिक अधिकार हो भन्ने ध्येयले प्रजातन्त्रलाई जोगाउनका लागि २०२७ सालमा नेपल महिला संघ पाल्पाका संस्थापक अध्यक्षको भूमिका निर्वाह गर्नुभएको थियो । यसैगरी शिक्षा क्षेत्रमा महिलाहरू अग्रपंक्तिमा आउनुपर्छ भन्ने प्रेरणा दिनुहुने आदरणीय दिदीहरू शोभा श्रेष्ठ जसले Archaeology मा Post Graduate गर्नुहुने नेपालकै पहिलो महिला बन्न सफल हुनुभयो । डा. पुष्पा श्रेष्ठ जसले मोहन कन्या स्कुलका प्राध्यापक तथा राष्ट्रिय योजना आयोगको पहिलो महिला सदस्य भई हाम्रो प्रेरणाको श्रोत बन्न सफल हुनुभयो । यस्ता थुप्रै अगुवा महिलाहरूमध्ये सिंगो राष्ट्रकै लागि योगदान दिनुहुने हाम्रा आदरणीय अग्रज योगमाया न्यौपाने जसले महिला नेतृत्व विकासका विभिन्न पाटाहरूका लागि दबाबपूर्ण राष्ट्रिय कृयाकलापहरू गर्ने क्रममा सामूहिक जल समाधि दिएर महिला अधिकारका लागि ठूलो योगदान दिनुभएको थियो । २००७ सालको आन्दोलनपछि सबै राजनीतिक पार्टीहरू भूमिगत हुन बाध्य भए । त्यति बेला प्रजातान्त्रलाई जिउँदो राख्न मंगला देवी लगायत वहाँका सहकर्मीहरूले महिला संघको रूपमा जिउँदो राखे जसबाट आज विभिन्न राजनीतिक पार्टीहरू जन्मिन सफल भए । यसरी विभिन्न क्षेत्रमा योगदान दिनुभएका कुराहरू आज इतिहासले हामीलाई अवगत गराएकै छ । यस्ता थुप्रै हाम्रा अग्रज महिला अगुवाहरूको योगदानको परिणाम स्वरूप आज हामीले राष्ट्रमा पनि पहिलो महिला मन्त्री द्वारिका देवी ठकुरानी, पहिलो महिला राष्ट्र प्रमुख विद्या देवी भण्डारी, पहिलो महिला सभामुख ओनसरी घर्ती, न्यायको क्षेत्रमा पहिलो महिला प्रधान न्यायधीश सुशीला कार्की, बैंकिङ्ग क्षेत्रमा पहिलो महिला कार्यकारिणी अधिकृत अनुपमा खुन्जेली, उद्योग वाणिज्य महासंघमा पहिलो महिला प्रमुख भवानी सिंह राणा र सामाजिक तथा अन्य क्षेत्रहरूमा शोभा जोशी, अम्बिका श्रेष्ठ, लिली थापा, अनुराधा कोइराला जस्ता प्रभावशाली महिलाहरूलाई पाउन सफल भएका छौं । थुप्रै महिलाहरू नेतृत्व पंक्तिमा आउन आतुर भएका पनि पाइन्छन् । यद्यपि समग्रमा हेर्ने हो भने विश्वकै अधिकांश देशहरूको नेतृत्व पंक्तिमा महिलाहरू निकै कम देखिन्छन् । हालै सम्पन्न भएको २०७९ सालको स्थानीय चुनावको परिणामलाई हेर्दा पनि २९१ पलिकाहरूमध्ये २५ पालिकाहरूमा मात्र महिला प्रमुखका रूपमा पाउन सफल भयौं । यति मात्र काहाँ हो र, विश्वकै शक्तिशाली मानिने राष्ट्र अमेरिकाको राजनीतिक चुनाव नतिजाका कारणले पनि हाम्रो भावनालाई नडग्मगाएको हैन । हिलेरी क्लिन्टनको यति धेरै क्षमता, अनुभव, दक्षता हुँदाहुँदै पनि नेतृत्व पंक्तिमा आउन असफल भइनन् , किन ? के महिलासँग त्यो दक्षता, क्षमता, अनुभवको कमी हो त ? एक पल्ट प्रश्न गरौं । हाम्रो राष्ट्रको कुरा गर्ने हो भने ५१.५ प्रतिशतको संख्यामा रहेका महिलाहरू अनुउत्पादक (un-productive) क्षेत्रमा बढी देखिन्छन् । त्यसैले आज राष्ट्र निर्माणको लागि उत्पादक (productive) क्षेत्र तथा नेतृत्व पंक्तिमा आउन अति आवश्यक देखिन्छ ।

यद्यपि विलम्ब नगरौं नेतृत्वमा महिला आउन सम्भव छ । त्यसैले एकपल्ट मनन् गरौं र यसको संख्यात्मक तथा गुणात्मक वृद्धि गर्न तिर अगाडि बढौं ।

### महिला नेतृतवमा निरन्तरता कसरी गराउने ?

यसै सन्दर्भमा गौतम वुद्धले भन्नुभएको छ बाहिर कुनै पनि विकास चाहनु हुन्छ भने सबैभन्दा पहिला आफूलाई प्रेम गर (Love Yourself First) । जो व्यक्तिले आफूलाई प्रेम तथा स्वीकार गर्न सक्दछन् उनले नै अरूलाई स्वीकार तथा प्रेम गर्न सक्दछ । प्रेम त जीवनरूपी गाडी चलाउने इन्धन हो । त्यसैले विकास राष्ट्रको होस् या अन्य कुनैको होस्, पहिला विकास स्वयमको हुनु जरुरी छ ।

आज महिला नेतृत्वमा निरन्तरता हुनुपर्छ भन्ने कथनले उत्प्रेरित हुँदै म पनि विभिन्न खोजीहरू गर्ने क्रममा मैले एउटा अनुसन्धानात्मक पुस्तक पढ्ने अवसर पाएँ जुन पुस्तकको नाम Ten Secrets of Successful Men That Women Want to Know "सफल पुरुषका दशवटा रहस्यहरू जुन आज महिलाहरूले जान्न चाहन्छन्" रहेको थियो । जुन पुस्तक डोना बुक्स् र लिन बुक्स् भन्ने दुई अमेरिकन महिलाले लेखेकी थिइन् । जुन पुस्तकले मेरो पनि आँखा खोलिदियो जसले मेरो जीवनमा पनि परिवर्तन ल्यायो । यो पुस्तकमा चार मुख्य कारणहरूले गर्दा आज महिलाहरू नेतृत्वमा निरन्तरता दिन सकेका छैनन् भन्ने कुरा उल्लेख गरिएको छ ।

**पहिलोः** महिलाहरू संरचनामा नै छैनन् । भन्नुको तात्पर्य घरमा घरमुली, संगठन तथा राज्यमा प्रमुख पदमा सुनिश्चित नगरिएको ।

**दोस्रोः** महिला मैत्री नीति तथा कार्यक्रम नभएको । भन्नुको तात्पर्य आउनुपर्छ भन्ने तर वातावरण नबनाउने ।

**तेस्रोः** पर्याप्त मात्रामा ज्ञान तथा सीपको कमी । भन्नुको तात्पर्य पदमा पुगिसकेपछि पनि आफ्नो विकास नगर्ने अर्थात उदाहरणका लागि महिलाहरूका नाममा सम्पत्ति भएता पनि कुन सम्पत्ति कति कित्ता नम्बरको छ भन्ने पनि जानकारी नहुनु ।

**चौथोः** दृष्टिकोण तथा लिमिटिङ्ग विलिफ भन्नुको तात्पर्य परिवार, समाज, राज्य तथा हामीले हामीलाई हेर्ने नजरिया हो । जस्तै– महिलाहरू नरम स्वभावका हुन्छन्, उनीहरूलाई समय निकाल्न गाह्रो हुन्छ त्यसैले उनीहरूले गर्न सक्दैनन् भन्ने सोंचहरूले हामी केही महिलाहरू नेतृत्वमा आए तापनि अरु महिलाहरू आउनबाट वञ्चित हुन्छन् जसका कारण नेतृत्वमा निरन्तरता हुन सकेका छैनन् ।

जुन चार कुराहरू मैले पनि आफ्नो घर तथा कार्यक्षेत्रमा छ कि छैन भनी खोजी गरी हेरैं जहाँबाट स्पष्ट भएँ कि मेरो पनि संस्थागत संरचनामा कमी भेट्टाएँ त्यसका लागि पहल गरी तत्काल साधारणसभा राखी संरचनामा महिलाको स्थानलाई सुरक्षित गराएँ । अब आउनु मात्र ठूलो कुरा होइन तेस्रो नम्बरमा पर्ने क्षमता विकास महत्वपूर्ण थियो त्यो भनेको ती दशवटा रहस्यहरू हुन् । जुन मैले पनि विकास गर्नुपर्छ भनी अभ्यासमा ल्याउन थाले । परिणामस्वरूप धेरै परिवर्तनहरूमध्ये हाम्रो संस्थाको संरचना र कार्यक्रम महिलामैत्री बनाउनुका साथै मेरो व्यक्तिगत ब्राण्ड उत्प्रेरक तथा नेतृत्व विकास प्रशिक्षक भनी विभिन्न शैक्षिक, व्यावसायिक तथा राजनीतिक क्षेत्रमा चिनाउन सफल भएँ । यस्ता धेरै उदाहणहरूबाट म आफै पनि उत्प्रेरित हुँदै यी फाइदाजनक अभ्यासहरू प्रशिक्षणको माध्यमबाट नेतृत्व पंक्तीमा जान चाहने व्यावसायिक, राजनीतिक तथा अन्य क्षेत्रका महिलाहरूमा सम्प्रेशन गराउन थालें ।

त्यसैले आदरणीय महिला दिदीबहिनीहरू म विनम्र अनुरोध गर्दछु, यदि आफूलाई विकास गरी प्रभावकारी नेतृत्व लिन चाहनु हुन्छ भने तल उल्लेखित यी दशवटा रहस्यलाई मनन् गर्नुहोस् । जुनमध्ये एउटा रहस्यको गहिराइमा हामी जान्छौं अरू बाँकी अर्को श्रृङ्खलामा ल्याउने छौं ।

(१) तपाईंको व्यक्तिगत ब्राण्डको विकास गर्नुहोस् । (Develop Your Personal Brand)
(२) तपाईंको आफ्नो पहिचान तथा शैली सृजना गर्नुहोस् । (Create Your Own Image & Style)
(३) समूहमा तपाईंको भूमिका अगुवाको छ या सहभागीको छ पत्ता लगाउनुस् । (Identify your role leadership or participant in your team)
(४) आफ्नो क्षमता विकासका लागि दक्ष र बुद्धिजीवीहरूको समूह तयार गर्नुहोस् । (Developmentoring team)
(५) प्रभावकारी संजाल तयार पार्नुहोस् । (Develop the network)
(६) आफूलाई प्रभावशाली बनाउन विश्वका ज्ञानहरू पनि लिनुहोस् । (Take the global knowledge)
(७) आफ्नो भविस्यको पहिचानका लागी आजै कदम उठाउनुहोस् । (Take charge in your career)
(८) विजयी हुनका लागि औपचारिक संचार सीपको विकास गर्नुहोस् । (Develop your winning communication)
(९) मुख्य नेतृत्व सीपको विकास गर्नुहोस् । (Develop key leadership skill)
(१०) भविष्यका लागि अर्को नयाँ अगुवाहरू पनि तयार पार्दै जानुहोस् । (Develop new generation of leader)

### तपाईको व्यक्तिगत ब्राण्डको विकास गर्नुहोस् । Develop Your Personal Brand)

हरेक व्यक्तिसँग आ–आफ्नो अन्तरनिहित व्यक्तिगत

क्षमताहरू हुन्छन् जसलाई पहिचान गर्नुहोस् र त्यसैमा केन्द्रित भई उक्त क्षमताको विकास गर्दै त्यो दक्षता र क्षमतालाई अरु समक्ष प्रस्तुत तथा देखाउनुहोस् ।

अन्तरनिहित क्षमतालाई पहिचान गर्नको लागि तल उल्लेखित कामहरू गर्नुहोस् ।

१. तपाईंलाई मन पर्ने तथा झुकाव भएका कुरालाई कम्तीमा १० वटा लेख्नुहोस् ।
२. ती लेखिएका कुराहरूलाई प्राथमीकरण गर्नुस् र त्यसलाई १ देखि १० नम्बर दिनुहोस् ।
३. तीमध्ये प्राथमीकरण गर्दा १ नम्बरमा पर्ने तपाई झुकाव तथा मन पर्ने पक्ष नै तपाईको मुख्य दक्षता तथा क्षमता हो । यसरी आफ्नो मुख्य दक्षता तथा क्षमता पहिचान गरी त्यसको विकास गर्नुहोस् ।

**विकास गर्नको लागि फेरि चार तहमा तल उल्लेखित अभ्यास गर्नुहोस् ।**

१. पहिलो अभ्यासः सबैभन्दा पहिलो तपाईंलाई समाजले के के भनेर चिन्दछ लेख्नुहोस् र त्यसलाई निरन्तरता दिनुहोस् ।
२. दोस्रो अभ्यासः तपाईको सुधार गर्नुपर्ने पक्षहरू जो तपाईंलाई थाहा भएको तर अरुलाई थाहा नभएको कुराहरू अरुसँग सुझाव लिनुहोस् ।
३. तेस्रो अभ्यासः तपाईंको विकास गर्नको लागि तपाईको सुधार गर्नुपर्ने पक्षहरू के के छन् भनी सोध्नुहोस् र त्यसको विकासको लागि पृष्ठपोषण लिनुहोस् ।
४. चौथो अभ्यासः तपाईं योभन्दा पनि छलाङ्ग मार्न चाहनुहुन्छ तर तपाईंले के गर्ने भन्ने थाहा भएन भने लाइफकोच, काउन्सलर, तथा विज्ञसँग सुझाव तथा पृष्ठपोषण लिनुहोस् ।

आदि कार्य गर्दै त्यसलाई विभिन्न संचार (visiting card, face book, website, email, paper or tv and radio interview etc) को माध्यमबाट आफूलाई visible बनाउनुहोस् । जसले तपाईंको व्यक्तिगत ब्राण्ड बन्दछ ।

यसरी हाम्रो व्यक्तिगत ब्राण्ड बनाउनुहोस् र अरु बाँकी रहस्य जान्नको लागि अर्को श्रृंखला अध्ययन गर्नुहोस् ।

धन्यवाद ।



### अतितको पानाबाट

# डा. कोकिला बैध्य

## तानसेनको सरकारी अस्पतालमा पहिलो महिला डाक्टर



प्रस्तोता- जयन्ती श्रेष्ठ

करिब दुईमहिना अगाडी फेसबुकबाट तानसेन गुठीका आजीवन सदस्य श्री रामचन्द्र मान सिंहज्यूको **'तानसेन, पाल्पा प्रतिको स्नेह First Lady Doctor in Palpa Hospital'** लेख पढ्न पाएको थिएँ जसमा एउटा नामले मलाई आकर्षित गर्‍यो- डा. कोकिला वैध्य। सरकारी अस्पताल, तानसेनको पहिलो महिला डाक्टर- डा. कोकिला वैध्य।

म सानो छँदा कता कता चिनेको सुनेको नाम व्यक्तित्वको बारेमा मलाई जान्न साह्रै उत्सुकता लाग्यो। परिवारमा छलफल गरियो, सोधखोज गरें। संयोगले उहाँलाई नजिकैबाट चिन्ने मेरो साथी किरण रावललाई भेटैं र हामीलाई एकपटक उहाँसँग भेट गराईदिने वचन दिनुभयो। एकदिन कार्यक्रम बन्यो र भेटन हिँडिहाल्यौं हामी दुई दिदी बहिनी प्रमी र साथी किरणसँग डा. कोकिला वैद्यको घर लाजिम्पाटमा।

धैरै अगाडिको कुरा भएकोले अहिले उहाँ कस्तो होला, शारीरिक अवस्था कस्तो होला, हिंडन बोल्न सक्ने नसक्ने, कुरा गर्न सक्ने-नसक्ने आदि इत्यादीले घोत्लिंदै लाजिम्पाट पुग्यौं। 'माथि नै आउ किरण' एकजना भलाद्मीले माथीबाटै बोलाउनुभयो, माथि पुगियो भव्य बैठकमा। हामीलाई माथी बोलाउने भद्र-भलाद्मी डा. कोकिलाको श्रीमान् डाक्टर त्रैलोक्य नन्द वैद्य हुनुहुँदो रहेछ।

त्यतिबेलै भित्रबाट आउनुभयो मैले कल्पना गरेको भेटन आतुर व्यक्तित्व डा. कोकिला। एकदमै साधारण गृहिणी जस्तो देखिनुहुने उहाँ हाँस्दै 'नमस्कार' भन्दै आउनुभयो। चिनापर्ची भयो। हामीलाई त उहाँले के चिन्नु र ! टुँडिखेल निरको अमृतमान श्रेष्ठको छोरीहरू भनेपछि चिन्नुभयो कुराकानीको क्रममा जानकारी भयो। उहाँको जन्म काठमाडौंस्थित असन कमलाक्षीमा माता मोतीनानी तुलाधर तथा पिता चक्र बहादुर तुलाधरको कोखबाट भएको थियो। उहाँले भारतको मैसूरबाट सन् १९६४ मा एम.बि.बि.एस. गर्नुभएपछि मैसूरमै एक वर्ष इन्टर्नशीप गरेर सन् १९६५ मा पढाइ सकेपछि जागिरको सिलसिलामा उहाँलाई काठमाडौं बाहिर जानुपर्ने भयो। कहाँ जाने भनेर ३-४ वटा ठाउँको नाम विकल्पको रूपमा दिइएको थियो। त्यसमध्ये पाल्पा, तानसेनको बारेमा केही जाने-सुनेको, त्यहाँ अलि पढे-लेखेको मानिसहरू बस्ने सहर भन्ने सुनेकोले पाल्पा तानसेन नै जाने निर्णय गरी वीर हस्पिटलमा छ महिना सेवा गरेपछि तानसेनको कर्मयात्रा सुरू गर्नुभएको थियो। २०२३ सालमा आफ्नी आमा र दाईसँग भैरहवासम्म प्लेनमा र त्यसपछि बुटवलबाट तानसेन जाने क्रममा मस्यामे डाँडाको ठाडो उकालो ओह्रालो पैदल हिँडेर मध्यरातमा तानसेन आइपुग्न लाग्दा अस्पतालका अहेव कर्मचारीले लिन आएको कुरा सम्झिँदा उहाँ रोमाञ्चित हुनुभयो।

मैले उहाँको कुरा ध्यानपूर्वक सुनिरहें, एकछिन त्यहीं अडिएँ। मेरो एकाग्रता भङ्ग भयो र फर्किएर त्यतिबेलाको तानसेनको कल्पना गर्न थालें। त्यहाँ न त बिजुली बत्ती थियो न त बाटोघाटो नै राम्रो न कोहीसँग चिनजान, एकादेशको कथा जस्तो, भर्खर की कलिलो उमेरकी युवती, राजधानी काठमाडौंमा जन्मी हुर्केर दक्षिण भारतको मैसूरमा पढेर डाक्टर डिग्री हासिल गरी

पश्चिम नेपालको दुर्गम ठाउँ तानसेनका जनताको स्वास्थ्य सेवा गर्न आउनु कम चानचुने कुरा थिएन ।

तानसेनको सिल्खान टोलमा रहेको नेपालको सबैभन्दा पुरानो सरकारी अस्पताल मध्ये एक त्यसबेलाको पृथ्वी-चन्द्र अस्पताल हाल पाल्पा सरकारी अस्पतालको नामले परिचित छ । त्यतिबेला अस्पतालमा डक्टर नभएकोले अहेवबाट नै अस्पताल सञ्चालन भइरहेको थियो । १५ बेडको उक्त अस्पताल नाजुक अवस्थामा चलिरहेको थियो भने डक्टरको नियुक्ति भएतापनि पुरूष डाक्टरमात्र सेवाको लागि आउने हुँदा महिला बिरामीहरू सँकोच मान्ने कारणले उक्त अस्पतालमा जँचाउन विरलै आउने गर्दथे । जब यस अस्पतालमा पहिलो पटक महिला डक्टर बिरामीलाई सेवा प्रदान गर्न आउनुभएको छ भन्ने सर्वत्र चर्चा भयो तब महिला बिरामीहरूको भिड नै लाग्न थाल्यो । यसरी महिला बिरामीहरू त चेक-जाँचकोलागि आए भने अरू सर्वसाधारणहरू महिला डक्टरलाई हेर्नको लागि मात्र भएपनि आउने गरेको रमाईको सन्दर्भ कोट्याउनु भयो ।

महिला डक्टरको अति आवश्यकता महसुस गरिएको पाल्पामा उहाँको उपस्थिति, उहाँको नरम, मायाँलु स्वभाव र मिलनसार व्यवहारले स्थानिय महिलाहरूलाई अस्पताल जान अझ बढी हौसला प्रदान गर्‍यो । सामान्य देखि असामान्य अवस्थाका बिरामीहरू जस्तै धेरै रगत बग्ने, सुत्केरी हुन नसकेकाहरू आउँथे, ल्याइन्थ्ये ।

सरकारी अस्पताल निःशुल्क भएता पनि औषधि किन्न पर्ने हुन्थ्यो । त्यस अवस्थामा उहाँले कतिपयलाई आफैले औषधि किनिदिएर पनि उपचारमा सहयोग गरिदिनु हुन्थ्यो । अस्पतालमा दिने सेवा त भैहाल्यो कहिले काही रात-विरात इमर्जेन्सी परेको वा असक्त, अस्पतालसम्म आउन नसक्ने बिरामीहरूको लागि लालटिन, पेट्रोमेक्स बालेर बोलाउन आउथ्यो । त्यतिबेला टोल, शहरमा मात्र नभइ गाउँसम्म गएर पनि सेवा दिएर बिरामी बचाउन सफल हुनु भएकोमा उहाँलाई आत्मसन्तोष लागेको अनुभव सुनाउनु भयो ।

शुरु शुरुमा यस अस्पतालमा जम्मा १५ बेडको व्यवस्था थियो । बिरामीको चाप धेरै नै हुने भएकोले भुईमा राखेर पनि उपचार गर्नुपर्ने बाध्यता हुन्थ्यो । हुरी बतास आउँदा अस्पतालको छाना उडाएर लैजान्थ्यो जसले गर्दा बिरामीको उपचारमा समस्या आउँथ्यो । यसैसँग सम्बन्धित एउटा रमाइलो प्रसङ्ग सुनाउँदै उहाँले भन्नुभयो- 'तत्कालीन राजा महेन्द्र र रानी रत्नको पाल्पामा सवारी भएको अवसरमा तानसेनका समाजसेवी भूयुमान लिगलले "सरकार ! सरकारी अस्पतालको छाना उडाएर माछा पाल्ने पोखरी जस्तो बनेको छ" भनि विन्ति चढाउँदा राजा महेन्द्रबाट डा. कोकिलासँग विस्तृत जानकारी लिनुभई उक्त अस्पताल भवन बनाउने व्यवस्था भएको थियो । जस अनुरूप भवन निर्माण गर्दा लेडिज् र जेन्ट्स डाक्टर क्वाटर पनि बनाउन डा. कोकिलाको महत्त्वपूर्ण भूमिका रहेको थियो ।

तत्कालीन युवराज वीरेन्द्र पाल्पा भ्रमणको अवसरमा उक्त अस्पतालमा पनि निरीक्षण भ्रमण गर्नुभएको थियो । त्यसबेलामा उहाँको सुरक्षामा तैनाथ एकजना सैनिक ए.डी.सी. अचानक बेहोस् भएर ढलेको अवस्थामा सही समयमा सही आकस्मिक सेवा दिन सकेको महत्त्वपूर्ण क्षणको सम्झना गर्नुहुन्छ । त्यसरी नै एकपटक तानसेन पाल्पाका प्रसिध्द कविराज वैद्य सबैको विश्वासपात्र, 'उहाँले छोएमात्र पनि निको हुन्छ' भनेर चिनिनु भएका श्रध्देय दशरथ मान सिंहकी धर्मपत्नी बिरामी भएर बोलाउन पठाएकोले उहाँको घरमै गएर उपचार गर्नुभएको क्षण सम्झनुहुन्छ ।

उहाँले यस अस्पतालमा सेवा दिन शुरू गर्नुभए पछि भूसलडाँडामा अवस्थित मिसन हस्पिटलका डक्टरहरू आएर 'किन हाम्रो हस्पिटलमा बिरामीको चाप कम भयो?' भनेर हेर्न आउनुभएको रमाइलो प्रसङ्ग सुनाउनु भयो । मिसन हस्पिटलमा कार्यरत डा. इवामुरा यस हस्पिटलमा आएर यहाँका टि.बि.का बिरामीहरूको उपचारमा मद्दत गर्नु हुन्थ्यो । साथै कुनै सिरियस केसहरू आयो भने मिसन हस्पिटलमा रिफर गर्नुहुन्थ्यो । यसरी आफुले सक्दो सेवा दिन सकेकोमा आत्मसन्तोष मिलेको सुनाउनु भयो ।




**डा. कोकिला तथा उहाँको श्रीमान डा. त्रैलोक्य नन्द वैध्य उहिले र अहिले**

साधारणतया अरू डक्टरहरू तानसेनमा एक वर्ष मात्र बसेर फर्किने गर्नुहुन्थ्यो भने काठमाडौं जस्तो सुबिधा सम्पन्न ठाउँमा जन्मिनु भएका डा. कोकिला नितान्त अपरिचित र चुनौतिपूर्ण तानसेनको वातावरणमा रमेर घुलमिल भई बस्न त्यहाँका स्थानियहरूको आत्मियता, सहयोग, सद्भाव र सहकार्यले प्रेरणा मिलेको बताउनु हुन्छ । साथै पाल्पाली ढाका उध्योगका गणेशमान महर्जन र श्रीमती पूर्णमाया महर्जन सदा उहाँको स्मरणमा रहन सक्नुभएको छ । विशेष गरी मेहलधारा निवासी मोहन प्रसाद श्रेष्ठ, उहाँको परिवारसँगको चिनजान, घनिष्ठ सम्बन्ध, उहाँहरूको मायाँ र आत्मियताले गर्दा गर्वका साथ 'पाल्पा मेरो दोश्रो घर' भन्नुहुन्छ । पाल्पा बसाई भरी उहाँलाई स्थानियको सहयोग थियो त्यो नै उहाँलाई सबभन्दा मन परेको पक्ष । पाल्पामा उहाँले उपचार गरेर निको भएका धेरै बिरामीहरू पछि काठमाडौं आएको मौकामा उहाँलाई सम्झेर भेटन आउनुहुँदा खुसि लागेको बताउनु हुन्छ ।

परिवार नियोजन, मातृशिशु स्वास्थ्य तथा प्रजनन् स्वास्थ्यमा वरिष्ठ जनस्वास्थ्य विशेषज्ञको रूपमा ४० वर्ष भन्दा बढी अनुभव प्राप्त डा. कोकिला वैद्यले सुरूका वर्षहरूमा पाल्पा, कलैया, भिमफेदी तथा भक्तपुरका अस्पतालहरूमा मेडिकल अफिसरका रूपमा कार्य गर्नुभएको थियो ।

**EDUCATION AND TRAININGS:**

- 1964: MBBS Degree from Mysore Medical College, South India
- 1971: Masters in Public Health in MCH/FP, University of California Berkeley, USA
- 1978: Training in Population Planning for 6months in University of Michigan, Ann Arbor, USA
- 1983 – 1984: PG training for 9 months in Obstetrics/Gynecology (OB/GYN) at Kasturba Hospital, New Delhi and Wadia Maternity Hospital, Bombay



**डा. कोकिलाको साथमा प्रमी श्रेष्ठ, जयन्ती श्रेष्ठ र किरण रावल**



**तानसेन श्रीनगर गणेश मन्दिरमा डा. कोकिला वैध्यको जेठो छोरा नवराजको पास्नी गर्ने क्रममा मोहन प्रसाद श्रेष्ठको परिवारका साथमा**

- विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्वास्थ्य सम्बन्धि संस्थाहरूमा नेतृत्व तहमा संलग्न भई कार्य गर्नुभएका उहाँले विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सभा सम्मेलनहरूमा सक्रियरूपमा भाग लिनुका साथै राष्ट्रिय तथा अन्तर्राष्ट्रियतहका अनुसन्धान कृति तथा जर्नलहरूमा लेख रचनाहरू प्रकाशित गर्नुभएको छ । साथै विभिन्न संघसंस्थाहरूमा आवध्द हुनुभएका डा. कोकिला 'गोर्खा दक्षिणबाहु चौथो', 'त्रिशक्ति पट्ट', 'जनपद सेवा पदक' २०४५, 'सेवा पदक' २०३४, 'महेन्द्र विद्या भूषण' आदि पदकहरूबाट विभूषित हुनुहुन्छ ।

पाँचवर्षको पाल्पा बसाइमा उहाँले मन वचन कर्म र धनले समेत पाल्पाली जनताको सेवा गर्नु भयो। पाल्पाले उहाँको योगदानको सदा सम्मान गरिरहने छ। साथै पाल्पाबाट उहाँले जीवनमा केही अमूल्य उपहार पनि पाउनु भएको छ। २०२२ सालमा पाल्पामा नियुक्ति भएर जानुभएका भेटेनरी डक्टर डा. त्रैलोक्य नन्द वैध्यसँग उहाँको चिनापर्ची भएपछि त्यो भेट २०२४ सालमा विवाहमा परिणत भयो । हाल उहाँहरूको दुई छोरा, दुई छोरी (सबै डक्टर) छन्, नाति नातिनीहरूसँग पूर्ण परिवारका साथ आनन्दमय जीवन यापन गरिरहनु भएको छ ।

उहाँले पाल्पा बसाईको सेवा अवधिमा जुन अनुभव बटुल्नुभयो यसले जीवनमा ठूलो आँट कमाउन सक्नुभयो जसले गर्दा जीवनमा आइपरेका कुनै पनि समस्यालाई समाधान गरी सकारात्मक सोँच सहित अगाडी बढ्न सिक्नुभयो । उहाँ विभिन्न समयमा देश विदेशका विभिन्न स्थानहरूमा उच्च ओहदामा बसेर आफ्नो जिम्मेवारी सफलता पूर्वक बहन गर्न सक्षम हुनुभयो । यसलाई उहाँले आफ्नो अमूल्य कमाई सम्झेर गौरव गर्नुहुन्छ ।

**जन्मथलोको समाचार**

# सिद्धबाबा सुरुङमार्ग बनाउन चिनियाँ कम्पनी छनोट, सात अर्ब ३४ करोड लागत

## फागुनभित्र ठेक्का सम्झौता गरिने, आगामी भदौदेखि सुरुङ निर्माण थाल्ने योजना



खरिद प्रक्रिया थालेको करिब नौ महिनापछि सिद्धबाबा सुरुङमार्ग निर्माणको ठेकेदार कम्पनी छनोट भएको छ । सडक विभाग, गुणस्तर, अनुसन्धान तथा विकास केन्द्रका निर्देशक प्रभातकुमार झाका अनुसार खरिद प्रक्रियामा प्राविधिक रूपमा सक्षम देखिएका चार कम्पनीमध्ये चाइना स्टेट कन्स्ट्रक्सन इन्जिनियरिङ कम्पनी छनोट गरिएको छ । 'सबैभन्दा न्यून सात अर्ब ३४ करोड २१ लाख चार हजार रूपैयाँ प्रस्ताव गर्ने चिनियाँ कम्पनीलाई ठेक्का दिने आशयको सूचना जारी गरिएको छ,' उनले भने । सडक विभागले आयोजनाको लागत करिब साढे आठ अर्ब लाग्ने अनुमान गरेको थियो । केन्द्रले फागुन महिनाभित्रै ठेक्का सम्झौता गरिसक्ने तयारी गरेको छ ।

प्राविधिक रूपमा सक्षम अन्य तीन प्रतिस्पर्धी कम्पनीमा कोभेक–सिआरइजिसी जेभी, चीनकै सिसिइसिसी र १४ सियुआन चाइना जेभी र फस्ट हाइवे इन्जिनियरिङ थिए । यी कम्पनीहरूले क्रमशः सात अर्ब ७९ करोड ९७ लाख, नौ अर्ब ८० करोड १६ लाख र ११ अर्ब ७३ करोड ६५ लाख रूपैयाँको आर्थिक प्रस्ताव गरेका थिए । खरिद प्रक्रियामा ६ वटा चिनियाँ कम्पनी, दुईवटा नेपाली र चिनियाँ कम्पनीको संयुक्त उपक्रम तथा एउटा नेपाली र भारतीय कम्पनीको उपक्रम गरी कुल नौवटाले प्रतिस्पर्धामा भाग लिएका थिए । सिद्धार्थ राजमार्गको बुटवल–तानसेन सडकखण्डमा पर्ने ११ सय २६ मिटर लम्बाइको सुरुङसहितको आयोजना निर्माणका लागि खरिद प्रक्रिया ९ जेठ ०७८ मा थालिएको हो ।

### ठेक्का सम्झौतापछि निर्माण कम्पनीलाई ६ महिनाको तयारी अवधि

ठेक्का सम्झौतापछि निर्माण कम्पनीलाई ६ महिनाको तयारी अवधि दिइनेछ । त्यस अवधिमा आयोजना स्थलसम्म पुग्ने पहुँचमार्ग निर्माण, मेसिन आयात र कार्यस्थलमा पुर्‍याउने काम, कामदार र दक्ष प्राविधिक तयार गर्ने, सुरुङको डिजाइन र ड्रइङलाई पूरा गर्नेलगायतका काम गर्नेछ । त्यसपछि मात्र औपचारिक रूपमा निर्माण थालिनेछ । यसअनुसार असोज ०७८ देखि सुरुङ निर्माण थालिने सम्भावना छ ।

निर्माण थालिएको पाँच वर्षमा आयोजना सम्पन्न गरी नेपाल सरकारलाई बुझाउनुपर्नेछ ।

**चिनियाँ भाषाका कारण खरिद प्रक्रियामा ढिलाइ ?**

सामान्यतया अन्तर्राष्ट्रिय खरिद प्रतिस्पर्धा (आइबिसी) प्रक्रिया थालिएको ६ महिनामा सम्पन्न गरिन्छ । तर, नौ महिना पुग्दा बल्ल कम्पनी छनोटको अवस्थामा पुग्नुमा चिनियाँ भाषा प्रमुख कारण भएको केन्द्रका निर्देशक प्रभातकुमार झाले जानकारी दिए । 'प्रतिस्पर्धामा सहभागी अधिकांश चिनियाँ कम्पनी थिए, उनीहरूले अंग्रेजीमा अनुवाद गरेर दिए पनि त्यसलाई पुनः पुष्टि गर्नुपर्दा ढिलाइ भयो,' उनले भने । यसबाहेक सुरुङमार्ग निर्माणको ठेक्का नयाँ भएको र इपिसी (इन्जिनियरिङ, प्रोक्योमेन्ट र कन्स्ट्रक्सन)मा आधारित भएकाले पनि केही थप समय लागेको हो ।

**निर्माण सकेको पाँच वर्षसम्म ठेकेदारको जिम्मामा**

इपिसी मोडलमा निर्माण गर्न लागिएको आयोजनाको डिजाइन, खरिद र निर्माणको काम ठेकेदार कम्पनीले गर्नुपर्छ । निर्माण सकेको पाँच वर्षसम्म सञ्चालन र मर्मतको जिम्मा निर्माण कम्पनीले लिनुपर्नेछ । यस आयोजनालाई १ मंसिर ०७६ मा अर्थ मन्त्रालयले बहुवर्षीय स्रोत सुनिश्चितता गरिसकेको थियो । त्यही वर्ष ठेक्का लगाउने भनिएको भए पनि झन्डै १८ महिनापछि जेठमा ठेक्का प्रक्रिया अघि बढेको थियो । अर्थले १० अर्ब १५ करोड रूपैयाँको बहुवर्षीय ठेक्काका लागि स्रोत सुनिश्चित गरेको छ । यो आयोजना आर्थिक वर्ष ०७३/७४ को बजेटमा नै अध्ययनका लागि अघि बढाउने घोषणा गरिएको थियो ।

सिद्धबाबा सुरुङ निर्माण गर्नुपर्ने मुख्य कारण पहिरो र त्यसबाट हुने जनधनको क्षति हो । यस क्षेत्रमा गएको पहिरोबाट सयौँजनाको मृत्यु भइसकेको सडक विभागका अधिकारीहरूको भनाइ छ । पहिरोबाट ठूलो मात्रामा भौतिक सम्पत्तिको पनि नाश भएको छ । त्यसलाई नियन्त्रण गर्न रोकथामबाट पार नलागेपछि सुरुङ निर्माण गरेर समस्या समाधान गर्ने योजनाअनुसार प्रक्रिया अघि बढाएको हो । सडकलाई अन्यत्र सार्ने विकल्प नभएपछि पनि सुरुङ निर्माण गरेर समाधान गर्न खोजिएको छ ।

यसअघि सुरुङमार्गको पूर्वसम्भाव्यता (प्रारम्भिक रेखांकन) गर्ने काम स्विस एजेन्सी फर डेभलपमेन्ट एन्ड कर्पोरेसन (एसडिसी)ले गरिसकेको छ । नेपाल सरकारको अनुरोधमा स्विस अध्ययन टोलीले अघिल्लो (२०७७) वर्ष सुरुङको प्रारम्भिक रेखांकन गरेर सडक विभागलाई बुझाएको थियो । भूगर्भशास्त्रीहरूका अनुसार बुटवल–तानसेन सडकखण्डमा पर्ने पहाड कमजोर माटो र ढुंगा मिसिएर बनेको छ । त्यसैले, पानी परेपछि माटो बग्छ र त्यससँगै ढुंगा झर्ने गर्छ । सिद्धबाबा सुरुङ आयोजनाको पहिलोपटक ४५ दिनको म्याद राखेर सडक विभागले ९ जेठमा बोलपत्र आह्वान गरेको थियो । तर, बोलपत्रको म्याद दुईपटक थप गर्दा ठेक्का प्रक्रियामा समय बढेर ८५ दिन पुगेको थियो । यसबीचमा दुईपटक म्याद थपिएको थियो । पछिल्लोपटक ३२ साउनसम्म ठेक्कामा भाग लिन सकिने अन्तिम समयसीमा तोकिएको थियो ।

जीवन बस्नेत
२०७८ फाल्गुण २ सोमबार
https://www.nayapatrikadaily.com/news-details/80535/2022-02-14

# बुटवल-पाल्पा जोड्ने गरी ४ अर्ब लगानीमा केबलकार बन्दै, पाँचतारे होटल पनि खुल्ने

सुरेन्द्र पौडेल, काठमाडौं। नेपालमा पछिल्लो समय विभिन्न पर्यटकीय तथा धार्मिक गन्तव्य जोड्ने गरी केबलकार निर्माणले तिब्रता पाएको छ। यसैक्रममा लुम्बिनी प्रदेशको केन्द्र बुटवलबाट पाल्पा जोड्ने गरी केबलकारको निर्माण हुने भएको छ। निर्माण क्षेत्रमा अग्रणी पहिचान बनाएको शर्मा एण्ड कम्पनी र प्रतिष्ठित व्यावसायिक घराना आइएमई ग्रूपको अगुवाईमा केबलकार निर्माण हुन लागेको हो। नेपाल उद्योग वाणिज्य महासंघका वरिष्ठ उपाध्यक्ष एवं आइएमई ग्रूपका अध्यक्ष चन्द्रप्रसाद ढकाल लुम्बिनी केबलकारको अध्यक्ष छन्।

बुटवलको गोलपार्कमा बटम स्टेसन र पाल्पाको वसन्तपुर डाँडामा टप स्टेसन रहने गरी लुम्बिनी केबलकार



परियोजनाको काम भइरहेको छ । लुम्बिनी केबलकारको गत वर्ष तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीले उद्‌घाटन गरेका थिए । अहिले उक्त परियोजनामा इन्जिनियरिङ अन्तर्गतको काम भइरहेको शर्मा एण्ड कम्पनीका प्रवन्ध निर्देशक एवं लुम्बिनी केबलकारका सञ्चालक रमेश शर्माले जानकारी दिए । 'फिल्डको काम भन्दा अगाडि सम्पन्न गर्नुपर्ने प्राय सबै काम सकिएको छ,' उनले भने, 'अब हामी माघ १ गतेबाट फिल्डको काम तिब्र गतिमा अगाडि बढाउनेछौं ।'

बुटवलदेखि पाल्पासम्म ३ किलोमिटर दुरीमा अन्तर्राष्ट्रिय तथा आधुनिक प्रविधिसहित केबलकार सञ्चालनमा आउने शर्माले बताए । 'संसारमै स्थापित आधुनिक प्रविधि प्रयोग गर्नेछौं,' उनले भने ।

२०७९ चैतसम्ममा केबलकार सञ्चालनको लक्ष्य लगानीकर्ताहरूको छ । केबलकारमा २४ वटा डिम्बा रहनेछन् । केबलकारको यात्रु क्षमता दैनिक ६ हजारसम्म हुनेछ । परियोजना सम्पन्न गर्दासम्म झण्डै ४ अर्ब लगानी हुने बताइएको छ । केबलकारको बटम स्टेसनमा पार्कसहित सुविधासम्पन्न रेष्टुरेन्ट सञ्चालनमा आउनेछ भने टप स्टेसनमा पाँचतारे होटल सञ्चालनमा आउनेछ । होटलमा स्विट, सुपर डिलक्स र डिलक्स गरी १ सय ५० वटा रुम हुनेछन् । टप स्टेसनमा होटलसहित मनोरञ्जन पार्क तथा मन्दिरसमेत निर्माण हुनेछ ।

केबलकार निर्माणको समयमा ५ सय जनाले प्रत्यक्ष रोजगारी पाउने बताइएको छ । परियोजना सम्पन्न भएर सञ्चालनमा आएपछि एक हजार भन्दा बढीले प्रत्यक्ष रोजगारी पाउने शर्माले जानकारी दिए । बुटवल तथा पाल्पा क्षेत्रको पर्यटन तथा आर्थिक विकासमा लुम्बिनी केबलकार परियोजनाले प्रत्यक्ष सकारात्मक प्रभाव पार्ने बताउँछन् शर्मा । 'बुटवल–वसन्तपुर क्षेत्रलाई नेपालको एक ऐतिहासिक तथा पर्यटकीय संगमस्थल सहितको गन्तव्यका रूपमा विकास गर्न यो परियोजनाले सहयोग पुर्याउनेछ,' उनले भने ।

२०७८ पुष २३ गते शुक्रबार
https://arthikawaj.com/lumbini-cable-car/

# गुठी गतिविधि
















www.yetiairlines.com
Yeti Airlines along with Tara Air offers the widest network in Nepal.
YETI AIRLINES
TARA AIR
SIMIKOT
RARA
SANFEBAGAR
BAJURA
JUMLA
DOLPA
CHAURJAHARI
JOMSOM
MANANG
SURKHET
RUKUM
ANNAPURNA EXPRESS
NEPALGUNJ
POKHARA
KATHMANDU
EVEREST EXPRESS
LUKLA
PHAPLU
TAPLEJUNG
TUMLINGTAR
RAMECHHAP
BHOJPUR
DHANGADHI
BHAIRAHAWA
BHARATPUR
MEGHAULY
SIMARA
JANAKPUR
BHADRAPUR
BIRATNAGAR
Yeti Airlines
You come first
Yeti Airlines Pvt. Ltd., Tilganga, Kathmandu, Nepal
Tel: +977-1-4465888, Email: reservations@yetiairlines.com
CARBON NEUTRAL
Tara Air
Tara Air, Tilganga, Kathmandu, Nepal, GPO box 20011
Tel: +977-1-4488788, Email:info@taraair.com



AIR DYNASTY
HELI SERVICES
9N-ALA
Helicopter Charter in Nepal
Kathmandu to EBC
Kathmandu to ABC
Pokhara to ABC
www.airdynastyheli.com
+977 9801 089 842
24/7 Assistance


Tribhuwan University Affiliated
AADIM
NATIONAL COLLEGE
आदिम नेशनल कलेज
EXPERIENCE AADIM
CALL US NOW
014480609,9801138078
Chabahil, Chuchepati
Kathmandu
BCA
BBS|BSW
+2
Science
Management
Law


गोरखा सेभिङ्ग एण्ड क्रेडिट सहकारी संस्था लि.बाट उपलब्ध सेवाहरु :
prabhu
Money Transfer
IME
SAMSARA REMIT
himal remit
WESTERN UNION
गोरखा सेभिङ्ग एण्ड क्रेडिट सहकारी संस्था लि.
GORKHA SAVING & CREDIT
CO-OPERATIVE LTD.
Head Office: Satdobato, Lalitpur, Tel.: 977-1-5152404, 5152360, Fax: 977-1-5152366
Branch Office: Sundhara, Ktm, Tel.: 977-1-4258842, 4256955, Fax: 977-1-4262429
Service Centre: Samakhushi, Kathmandu, Tel.: 977-1-4389479, Fax: 977-1-4359620
Service Centre: Nilbarahi-9, Radhe Radhe, Bhaktapur, Tel.: 977-1-6633506, 6633589
Web: www.gorkhasaving.com.np, E-mail: gorkhasaving@wlink.com.np
Facebook: Gorkha Saving & Credit Co-operative

# आजीवन सदस्यहरूले पाउने सहुलियतको विवरण

आजीवन सदस्यहरूले गुठीले उपलब्ध गराएको परिचय-पत्र प्रयोग गरी निम्न वस्तु तथा सेवा प्रदायकहरूबाट विशेष सहुलियत (Special Discount) प्राप्त गर्न सक्नु हुनेछ ।

| क्र.सं. | वस्तु तथा सेवा प्रदायकको नाम | सेवा | दर(%) | सम्पर्क व्यक्ति |
|---|---|---|---|---|
| १) | नगरकोट हिलसाइड रिसोर्ट | रिसोर्टका सेवाहरू | २५% | हेमन्त राज कोलक्षपती ६६८००४४/६६८०००४ |
| २) | सुखी परिवार क्लिनिक, कालीमाटी | प्रजनन् स्वास्थ्य, स्त्री रोग, बाँझोपन (हाड जोर्नी तथा नशा रोग समेत) | १०% | डा. तुम्ला लाकौल शाह ९८५१०३००२४ फोन नं ४२७४१५३ डा. भानु चन्द्र शाह |
| ३) | ईआरएमसि इण्टरनेशनल, पुल्चोक, ल.पु. | वास्तु परीक्षण र दोष निवारण तथा इन्जिनियरिङ डिजाइन, प्लानिङ, निरीक्षण | १०% | ई. विधान चन्द्र राजभण्डारी फोन नं. ५५४८५५१ मोबाइल नं. ९८४१३०३३७४ |
| ४) | पूजा कम्प्युटर कन्सल्ट, तानसेन, पाल्पा | कम्प्युटर तालिम प्रिपरेशन कक्षा भाषा कक्षा तथा अन्य | १०% | विष्णुमान बज्राचार्य ९८५७०६०१८० |
| ५) | हिमाल नर्सिङ होम, नक्साल | आँखा चिकित्सा (७५ वर्ष भन्दा माथिका गुठियार सदस्यहरूलाई निःशुल्क उपचार) | १०% | डा. ओम कृष्ण मल्ल ९८४१२५०९२० |
| ६) | प्यूठानी बस्त्रालय, मखन, तानसेन | लत्ता कपडाहरू | १५% | राजेन्द्र कक्षपती (प्यूठाने) ९८४७०२९५१५ |
| ७) | पाल्पा मनी ट्रान्सफर, तानसेन | पाल्पाबाट काठमाडौ मनी ट्रान्सफर | निःशुल्क | ९८४१२३८३४४ जीवन बज्राचार्य सर्जु लाल बज्राचार्य ९८४७०२९५९९ |
| ८) | आशास हेल्थ केयर प्रा.लि. | फिजियो र डेन्टल सेवामा | १०% | डा. अमिर नेपाउने (PT) ९८५१२३८५५५ |
| ९) | जय मारुती फर्निचर्स, सामाखुशी | विभिन्न स्वदेशी तथा विदेशी फर्निचर्सहरू | १०% | रमेश नारायण श्रेष्ठ ९८४१२८१०३८ |
| १०) | न्यू तानसेन करुवा उद्योग टक्सार | करुवा बिक्रीमा | १०% | मंगल प्रसाद वज्राचार्य ९८४७११००२० |
| ११) | होटल लाकौल, बुटवल | सेवाहरूमा | २०% | हेमन्त लाल कोलक्षपती |
| १२) | दर्शन फेन्सी हाउस, तानसेन | सामानमा | १०% | किशोर दर्शन बज्राचार्य ९८४७०२९१५९ |
| १३) | सिद्धि कलर ल्याब, बसपार्क, तानसेन | फोटो र फ्लेक्स | १०% | सुनिल गोविन्द श्रेष्ठ ९८५७०६०८१० |
| १४) | पाल्पाली चिनो पसल | ढाकाको सामानमा | १०% | मधु दयाल सैंजू ९८४७०२९४२२ |
| १५) | होटल इन्द्रेणी एण्ड रेष्टुरेण्ट | लजिङ तथा रेष्टुरेण्टमा | १०% | मोहन प्रसाद श्रेष्ठ ९८५७०६०११२ |
| १६) | एलाईट मल्टी कूजिन रेष्टूरां, नयां वानेश्वर | खानामा १५% /पेय पदार्थमा १०% छुट । | १०-१५% | श्री समिट राज शाक्य ४७८१५९१ |
| १७) | मनमोहन मेमोरियल हस्पिटल स्वयम्भू, सुभेक्षा हस्पिष्टल सितापाइला, नेपाल नेशनल हस्पिटल कलंकी, मनमोहनल हस्टिल, ठमेल | आजीवन सदस्यलाई कन्सल्ट फी निःशुल्क, अन्य सदस्यलाई आधा फी | | डा. उस्पल बहादुर बज्राचार्य, कन्सल्ट यूरोलोजिष्ट ९८५१२११७०१ |
| १८) | मिलन स्टोर | फेन्सी कपडाहरू | १०% | सविन मल्ल, तानसेन पाल्पा |
| १९) | श्रीया फेन्सी स्टोर | फेन्सी कपडाहरू | १०% | सुरज मलेकु, तानसेन पाल्पा |
| २०) | बिग स्माइल डेन्टल क्लिनिक, गणेश वस्ती, महाराजगञ्ज | फ्री डेन्टल चेकअप एण्ड कन्सल्टेसन, डेन्टल ट्रिटमेन्ट | १५-२०% | ९७४५६६६६२०, ९८२३७४९९०२ |

नोट : उपरोक्त सहुलियतहरू उपभोग गर्न अनिवार्य रूपमा तानसेन गुठीबाट जारी आजीवन सदस्यको परिचय-पत्र पेस गर्नु पर्नेछ । उपरोक्त सुविधाहरू सम्बन्धित सेवा प्रदायक तथा यस तानसेन गुठीबिच भएको करार बमोजिम सम्झौता अवधिसम्म मात्र उपलब्ध हुनेछ ।

PP PRADHAN & CO
CHARTERED ACCOUNTANTS

PP Pradhan & Co
Sanepa, Lalitpur, PO Box: 3242
Kathmandu, Nepal
T: +977 1 5551126 E: info@pppradhan.com

श्री सदस्य महानुभावहरु,
तानसेन गुठी

<u>वित्तीय विवरण उपर प्रतिवेदन</u>

१. हामीले यसैसाथ संलग्न तानसेन गुठीको आषाढ ३१, २०७८ को वासलात, सोही मितिमा समाप्त भएको वर्षको आम्दानी खर्चको विवरणलगायत तत्सम्बन्धी महत्वपूर्ण लेखानीति तथा अभिलेखित वित्तीय विवरणहरुको लेखापरीक्षण गरेका छौं ।

*वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी*

२. नेपाल लेखामान तथा प्रचलित ऐन अनुरुप वित्तीय विवरण तयार एवं समुचित प्रस्तुतीकरण गर्ने जिम्मेवारी व्यवस्थापनको रहेको छ । साथै, वित्तीय विवरण जालसाजी वा त्रुटिबाट हुने सारभूत गलत प्रस्तुतीकरणबाट मुक्त हुनेगरी तयार गर्न आवश्यक आन्तरिक नियन्त्रण प्रणाली छनौट तथा सोको प्रभावकारी कार्यान्वयन गर्ने जिम्मेवारीसमेत व्यवस्थापनको रहेको छ ।

*लेखापरीक्षकको जिम्मेवारी*

३. हाम्रो जिम्मेवारी लेखापरीक्षणको आधारमा प्रस्तुत वित्तीय विवरणहरु उपर राय व्यक्त गर्नु हो । हामीले हाम्रो लेखापरीक्षणकार्य नेपाल लेखापरीक्षणमानको आधारमा गरेका छौं । ती लेखापरीक्षणमान अनुरुप व्यावसायिक नैतिक मूल्यमान्यताको पालना गरी वित्तीय विवरणहरु सारभूत रुपमा त्रुटिपूर्ण प्रस्तुतिबाट मुक्त छन् भन्ने मनासिब आश्वस्तता प्राप्त गर्न लेखापरीक्षण योजना तर्जुमा एवं कार्यान्वयन गरेका छौं ।

४. लेखापरीक्षण कार्यमा वित्तीय विवरणमा प्रस्तुत गरिएका रकम तथा अन्य विवरणका बारेमा यथोचित तथा यथेष्ट लेखापरीक्षण प्रमाण प्राप्त गर्ने कार्य सामेल हुन्छ । यसरी अवलम्बन गर्ने लेखापरीक्षण कार्यविधि हामीले गरेको वित्तीय विवरणमा जालसाजी वा त्रुटिबाट सारभूत रुपमा गलत प्रस्तुती हुन सक्ने जोखिम मूल्यांकन सहित हाम्रो व्यावसायिक विवेकमा निर्भर हुन्छ । जोखिम मूल्यांकन गर्ने क्रममा हामीले परिस्थिति अनुकुल लेखापरीक्षण कार्यविधि तर्जुमा गर्ने उद्देश्यले संस्थाको वित्तीय विवरण तयारी र उचित प्रस्तुतीकरण गर्न आवश्यक आन्तरिक नियन्त्रण प्रणालीको मूल्यांकन गरेका छौं न कि सोको प्रभावकारीता माथि राय व्यक्त गर्ने । लेखापरीक्षण अन्तर्गत वित्तीय विवरण तयार गर्दा प्रयोग भएका लेखा नीतिको औचित्यको विश्लेषण र व्यवस्थापनले गरेका लेखा अनुमानको मनासिबपना साथै वित्तीय विवरणहरुको समग्र प्रस्तुतिको विश्लेषण समेत समावेश छन् ।

५. हामीले प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधार उपलब्ध गराउन पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा हामी विश्वस्त छौं ।

<u>*कैफियत सहितको राय व्यक्त गर्ने आधार*</u>

६. कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधारका रुपमा वित्तीय विवरणहरुमा महत्व असर पर्ने व्यहोरा निम्न अनुसार छ :

